

# स्वतन्त्र समाजका विचारहरू

## एक संग्रह

प्रकाशक

समृद्धि, द प्रोस्पेरीटी फाउण्डेसन

# स्वतन्त्र समाजका विचारहरू

## एक संग्रह

मे, २०१३

प्रकाशक

**समृद्धि, द प्रोस्पेरिटी फाउन्डेसन**

**प्रकाशक**
समृद्धि, द प्रोस्पेरिटी फाउन्डेसन
पोष्ट बक्स नं: ८९७३, एन पि सि ६७८
४१६, भिम्सेनगोला मार्ग, मिनभवन खरीबोट
काठमाण्डौ, नेपाल

फोनः (९७७)-१-४४६-४६१६, ४४८-४०१६
फयाक्सः (९७७)-१-४४८-५३९१

ईमेलः info@samriddhi.org
वेवसाईटः www.samriddhi.org

कभर फोटो : अनिल पराजुली
डिजाइन र लेआउट : प्रभात श्रेष्ठ

© समृद्धि, द प्रोस्पेरिटी फाउन्डेसन

यस संग्रहमा समावेश गरिएका सबै लेखहरु प्रतिलिपि अधिकारअन्तर्गत संरक्षित छन् । अँग्रेजीमा लेखिएका यी लेखहरुलाई नेपालीमा अनुवाद गरी यस सँग्रहमा प्रकाशित गर्न आवश्यक सम्पूर्ण प्रतिलिपि अधिकार समृद्धि फाउन्डेसनले सम्बन्धित व्यक्ति तथा संस्थाहरुबाट प्राप्त गरेको छ । समृद्धि फाउन्डेसनको पूर्व अनुमतिविना यस पुस्तकको आंशिक वा पूर्ण रुपमा छापा अथवा इलेक्ट्रोनिक माध्यममा प्रतिलिपि निकाल्न वा पुनः प्रकाशन गर्न पाइने छैन ।

ISBN: 978-9937-8680-5-1

पहिलो संस्करण : मे, २०१३
मुल्य : रु २०० मात्र

# विषयसूची


कृतज्ञता ५

परिचय ७

**असल सार्वजनिक नीतिका सात सिद्धान्तहरू** १३
लरेन्स डब्लू रिड

**सरकारको प्रकृति** २७
आयन र्‍यान्ड

**आर्थिक वृद्धि – गरिबी निवारणको एक मात्र उपाय** ४१
रोर्बट एन्डरसन

**रोजगार सिर्जना कि सम्पत्ति निर्माण् ?** ५९
ड्वाइट आर्. ली

**सम्पत्तिका अधिकारहरु** ६५
आरमेन ए. आलचिएन

**स्वतन्त्र बजार** ७३
मुर्रे एन. रोथवर्ड

**बजारका बारेमा बीस भ्रमहरु** ७९
टम पाल्मर

**भष्टचार रोकौँः गरिबीलाई इतिहासमा सीमित बनाऔं** १११५

वल्फ्ग्याङ्ग क्यास्पर

**विकासोन्मुख देशहरुमा सरकारी विद्यालयको असफल्ता र सर्वसाधारणको प्रतिक्रिया** १४१

जेम्स टुली र पाउलीन डिक्सन

**जति बढी जनसङ्ख्या त्यति नै धेरै सम्पत्ति, जति धेरै स्रोत त्यति नै स्वास्थकर वातावरण** १६५

जुलियन एल. साइमन

समृद्धि, द प्रोस्पेरीटी फाउन्डेसनः एक परिचय

# कृतज्ञता

“स्वतन्त्र समाजका विचारहरु : एक संग्रह”ले स्वतन्त्र समाज निर्माणका क्रममा विश्वका धेरै परिप्रेक्ष्यहरुमा विकास भएका केही महत्वपूर्ण सिद्धान्तहरु, दर्शन र विचारहरुलाई एकै ठाँउमा ल्याउने प्रयास गर्छ । यो प्रयास सफल पार्न विश्वका विभिन्न कुनामा रहेका स्वतन्त्रताप्रेमी व्यक्ति तथा संस्थाहरुको महत्वपूर्ण योगदानप्रति आभार व्यक्त नगरी हामी रहन सक्दैनौं । सर्वप्रथम यस संग्रहमा भएका प्रतिलिपि अधिकार अन्तर्गतका लेखहरु अनुवाद गरी प्रकाशित गर्ने अनुमति हासिल गर्न तथा यस संग्रहको पहिलो संस्करणको प्रकाशनमा अन्य सहयोग गर्नुहुने लिन्डा व्हेट्स्टोन र वहाँको संस्था नेटवर्क फर अ फ्री सोसाइटीप्रति हामी निकै आभारी छौं । त्यसै गरी यस पुस्तकमा भएका लेखहरु अनुवादित रुपमा प्रकाशित गर्न अनुमति प्रदान गर्नुहुने ती लेखहरुका प्रतिलिपि अधिकार निहित भएका संस्थाहरु र व्यक्तिहरुलाई पनि धन्यवाद दिन चाहन्छौं । यसका साथै यी दश लेखहरुलाई अँग्रेजीबाट नेपालीमा अनुवाद गर्नुहुने सुरथ गिरी, सरिता सापकोटा, कोशिस आचार्य, प्रमोद रिजाल र सुरेश सापकोटा लगायत सम्पादनमा सहयोग गर्नुहुने मनोज रिजालप्रति पनि हामी निकै आभारी छौं ।

**समृद्धि फाउन्डेसन**

मे, २०१३

# परिचय

मानव सभ्यताको इतिहासमा परापूर्वकालदेखि भइआएको विकास भन्दा विगतको दुई सय वर्षमा भएको प्रगति निकै तेज रफ्तारले अघि बढेको छ । सत्रौं शताब्दीमा प्रत्येक तीन व्यक्तिमध्ये एक व्यक्तिको एक वर्षभन्दा कम उमेरमा मृत्यु हने गर्दथ्यो भने बाँच्नेहरु दासत्व, गरिबि, रोग, युद्ध आदिको चपेटामा पर्दथे । यहाँसम्मकी धनी भन्दा धनी व्यक्तिहरु पनि आजको युगमा साधारण मानिने रोगहरु लागेर मर्न बाध्य हुन्थे । विगतको दुई सय वर्ष र विशेष गरी पछिल्ला केही दशकहरुमा मानिसहरुले विज्ञान, प्रविधि लगायत समाजको संगठन, संरचना र व्यवस्थापनमा पनि यति प्रगति गरेकी आज नेपाल जस्तो अल्पविकसित भनिएको देशका मध्यमवर्गीय परिवार पनि पन्ध्र वा सत्रौं शताब्दीका राजा र अत्याधिक धनवानहरु सरह वा त्यसभन्दा पनि बढी सुधारिएको र सुविधायुक्त जीवन बिताउन सक्छन् । यसो भन्नुको अर्थ संसारमा गरिबि लगायत अरु कुनै गहन समस्याहरु बाँकी नै छैनन् भन्नु होइन । यद्यपि, अनेक समस्याहरुका बाबजुद पनि आजको विश्वमा मानिसहरु लगभग दुई सय पचास वर्ष अघिको विश्वमा भन्दा धेरै उच्च जीवनस्तरमा जीवनयापन गर्दै आएको अवस्था रहेको छ ।

मानव सभ्यतामा भएको यस्तो प्रभावशाली विकास वास्तवमै आश्चर्यचकित पार्ने खालको छ । यो कसरी सम्भव भयो होला ? यो विकास हाम्रै मस्तिष्कमा जन्म लिने विचारहरुकै प्रतिफल होइन त ? विश्वमा स्वतन्त्रता जुन अनुपातमा फस्टाँउदै गयो, श्रृजनशील हुने र नविन प्रविधिहरु आविष्कार गर्ने यी विचारहरु पनि त्यही अनुपातमा फस्टाए । अनि यससँगसँगै मानव जीवनको मूल्य पनि बढ्दै गयो ।

तसर्थ, स्वतन्त्र समाज आजको विश्वको प्रमुख आधारशिला हो र स्वतन्त्र समाजको मूलाधार भनेको यसलाई जीवित राख्ने विचारहरु हुन् । "स्वतन्त्र समाजका विचारहरु" तिनै विचारहरु समेट्ने त्यस्ता दश अनुवादित लेखहरुको संग्रह हो । अँग्रेजीमा लेखिएर "आइडियास फर अ फ्रि सोसाइटी नामक" सिडीमा संग्रहगत गरिएका लेखहरुमध्येका यी १० लेखहरुले मानव श्रृजनशीलता उजागर गरी संसारमा नौलो आयाम थप्न सम्भव गराउने खालका राजनीतिक र आर्थिक व्यवस्थाहरुको चर्चा गर्दछ ।

लियोनार्ड डब्ल्यु रिडको "असल सार्वजनिक नीतिका सात सिद्धान्तहरु"ले स्वतन्त्रता, समानता र समृद्धि ल्याउने सार्वजनिक नीतिहरुका बारेमा चर्चा गर्छ र यी मूलभूत सात सिद्धान्तले आजको आधुनिक राजनीतिक परिवेशमा सार्वजनिक नीति निर्माणमा भइरहेको कमजोरी र गल्तीहरुलाई औंल्याउन र बुझ्न निकै मद्दत गर्दछ । लेखकले यस लेखमा असफल सार्वजनिक नीतिका कारक तत्वहरु औंल्याएका छन् जसमध्ये नीतिहरुले सीमित व्यक्तिहरूमा पर्ने अल्पकालीन प्रभावलाई बढी महत्व दिनु, सरकारी सम्पत्ति र सेवाहरु भन्ने बित्तिकै यिनको प्रयोगमा कसैले पनि जिम्मेवारीको आभाष नगर्नु र आफ्नो पैसाजस्तो ध्यान दिएर अरूको पैसा कसैले पनि खर्च नगर्ने जस्ता तथ्यहरु पर्दछन् । आधुनिक व्यवस्थित समाजको स्वरुपमा सरकारको परिधि बढ्दै गएको अवस्थामा रिड एकदमै मर्मस्पर्शी ढंगमा आफ्नो छैठौं सिद्धान्तमा भन्छन् : "अरू कसैसँग लिएको बाहेक सरकारसँग कसैलाई दिने केही हुँदैन । जुन सरकारले तपाईंलाई सबैकुरा दिन सक्छ, त्यो सरकारले तपाईंको सर्वस्व हरण पनि गर्न सक्छ ।"

"सरकारको प्रकृति"मा आयन र्‍यान्डले सरकार जस्तो एउटा निश्चित भौगोलिक क्षेत्रभित्र सामाजिक आचरणका नीतिनियमहरू लागू गर्ने शक्ति भएको संस्थाको आवश्यकता व्यक्तिलाई किन पर्छ भन्ने विषयमा तर्क दिन्छीन् र कस्तो शर्तमा सरकार स्वतन्त्र समाजको आधारशिलाको रुपमा रहन्छ भनेर बयान गर्छिन् ।  जवाफी कारवाहीका लागि मात्र बल प्रयोग न्यायोचित भएको भनी ठहराउँदै र्‍यान्ड समाजमा दुई वा बढी पक्षबीच हुने विवादहरुमा बलप्रयोग रोक्न, यस्तो भई अन्याय भएको खण्डमा न्याय स्थापना गर्न, दुई वा बढी पक्षहरुबीचको करार लागु गर्न र विधिको शासन लागु गर्न सरकारको शक्ति अपरिहार्य हुने बताँउछिन् । यद्यपि, सरकारले आफ्ना यी भूमिकाहरुलाई विस्तृत पार्दै जाने क्रममा यिनै आधारभूत जिम्मेवारीहरु सफलतापूर्वक सम्पन्न गर्न नसकिरहेको अवस्था पनि उनी औंलाउँछिन् । धेरै अवस्थाहरुमा स्वतन्त्रताको रक्षा गर्नुका साटो सरकारले दासता स्थापित गरिरहेको र शारीरिक बल प्रयोग गर्नेहरूबाट व्यक्तिको रक्षा गर्नुको साटो सरकारले आफ्नो मर्जीको मामिलामा कुनै पनि तरिकाले शारीरिक बल र बलजफ्तीको प्रयोग गरिरहेको कुरालाई पनि उनी आफ्नो लेखमा प्रस्ट्याँउदछिन् ।

अहिलेको संसारमा ठूलो संख्यामा मानिसहरु गरिबीको चपेटामा बाँचिरहनु मानव सभ्यताको अहिलेको सबैभन्दा ठूला चूनौतीहरुमध्ये एक हो । यस्तो अवस्थामा आर्थिक वृद्धि गरिबी निवारणको एक मात्र उपाय हो भनी रबर्ट एन्डरसन् आफ्नो लेखमा बयान गर्दछन् । संसारमा अति गरिबि उन्मूलन गर्ने लक्ष्य लिएको सहस्राब्दी विकास लक्ष्य जस्तो योजना सफल पार्न केवल अनुदानले मात्र नहुने र आर्थिक वृद्धि तथा निजी क्षेत्रको सहभागिताविना गरिबि निवारण सम्भव नहुने तर्क प्रस्तुत गर्दै आफ्नो लेखमा एन्डरसन् भारतको उदाहरण धेरै पटक प्रयोग गर्छन् ।

ठूला ठूला मेसिनहरु प्रयोग गर्नाले संसारमा मानिसहरुले रोजगारी गुमाँउदै गएको तर्क गर्नेहरुका निम्ति पहाड खन्ने काम भएका बेला साबेल वा कोदालोको सट्टा चम्चाले खनेमा झन् धेरै रोजगारी श्रृजना हुने वितर्कका बारेमा सोच्न बाध्य तुल्याउने लेख हो ड्वाइट आर्. लीको “रोजगार  सिर्जना कि सम्पत्ति निर्माण ?” । रोजगारीलाई सम्पत्ति निर्माणको साधन भन्दा पनि आँफैमा एउटा साध्य ठान्ने मान्यताले मानव विकासमा पार्ने असरलाई लिको लेखले निकै राम्ररी बयान गर्दछ ।

मानव अधिकारको अवधारणामा निजी सम्पत्तिमाथिको अधिकार र मानव अधिकार बीच द्वन्द छैन भन्ने तर्क आरमेन ए. आलचिएन “सम्पत्तिको अधिकार” नामक लेखमा गर्छन् । सम्पत्तिमाथिको अधिकार राम्ररी सुरक्षित भएका खण्डमा मानिसहरू विध्वंसात्मक नभई शान्तिपूर्ण रुपमा प्रतिस्पर्धा गर्दछन् । उनका अनुसार निजी सम्पत्तिमाथिको अधिकारमा अवरोध भयो भने शक्तिको सन्तुलन व्यक्तिगतबाट अव्यक्तिगत हुँदै गई कुनै पनि कार्य गर्न राजनैतिक सहमति लिनुपर्ने हुन्छ । यस कारण सम्पत्तिमाथिको सशक्त वैयक्तिक अधिकार भएको व्यवस्था संसारभर रुचाइएको हो र सम्पत्तिमाथिको वैयक्तिक अधिकार स्थापित भएपछि नै मानिसको व्यक्तिगत स्वतन्त्रताको रक्षा हुन्छ भन्ने भनाइ उनको रहेको छ ।

पसलमा कुनै सामान खरिद गर्दा किन पसले र .खरिदकर्ता दूवैले एक अर्कालाई धन्यवाद भन्छन् भन्ने कुराको बयान अमेरिकी अर्थशास्त्री र प्राध्यापक मुर्रे एन. रोथवर्ड आफ्नो लेख “स्वतन्त्र बजारमा” अत्यन्तै कुशलतापूर्वक गर्दछन् । बजारमा माग र आपूर्ति जस्ता संकेतहरु बुझेर मुद्रालाई विनियमको साधन बनाई मानिसहरु कसरी आफूसँग नभएको स्रोत, साधन, वस्तु वा सेवा अर्को व्यक्तिसँग शान्ति र स्वेच्छामा आधारित भएर लेनदेन गर्छन् भन्ने कुराको विस्तार उनी सरल ढंगमा गर्दछन् । स्वतन्त्र बजारको यस्तो प्रकियाले उत्पादकत्व बढाई नविन प्रविधि र समृद्धि श्रृजना गर्छ । तर यस्तो अवस्थाको विपरीत स्वतन्त्र बजार नहुँदाको सम्भावित नजिताहरुका बारेमा पनि यस लेखले स्पष्ट हुन मद्दत गर्दछ ।

स्वतन्त्र बजार र बजार प्रकियाले समाजमा निम्त्याउने परिणामहरुका बारेमा चर्चा गर्दा पक्कै पनि निकै धेरै नैतिक, आर्थिक र मिश्रित आलोचनाहरु आउने गरेको र सैद्धान्तिक रुपमै बजारका विषयमा गरिने उग्र प्रतिरोधहरूलाई टम पाल्मरले आफ्नो लेख “बजारका बारेमा बीस भ्रमहरु”मा सम्बोधन गर्छन् । बजार सम्बन्धी व्याप्त बीस प्रमुख भ्रमहरुलाई लिएर उनी एक एक गर्दै बजारको नैतिकता, प्रकृति, क्षमता र असरहरु बयान गर्छन् र यस कममा बजारकाबारेमा मानिसहरुमा व्याप्त सोचलाई पुनः विचार गर्न सहयोग गर्ने उदाहरणहरु अघि सार्छन् ।

रोबर्ट एन्डरसन्ले आर्थिक वृद्धिलाई गरिबी निवारणको प्रमुख साधन मानेझैं वल्फ्ग्याङ्ग क्यास्पर भ्रष्टाचार रोक्नुलाई गरिबीलाई इतिहासमा सीमित पार्ने साधनका रुपमा लिन्छन् । गरिब देशहरू विकसित र धनी राष्ट्रहरूभन्दा बढी भ्रष्ट भएको पाइने सन्दर्भलाई जोड्दै "भ्रष्टाचार रोकौं : गरिबीलाई इतिहासमा सीमित बनाऔं"मा वैदेशिक सहायताले पनि भ्रष्टाचार बढाउन सहयोग पुऱ्याउने गरेको तथ्यलाई उनी प्रकाशमा ल्याँउछन् । सिङ्गापुर र इस्टोनिया जस्ता देशले भ्रष्टाचारलाई न्यूनीकरण गरी आर्थिक समृद्धिको बाटो पहिल्याएर गरिबी निवारण गरेका उदाहरण दिँदै क्यास्पर शासक वर्गले आफूलाई प्राप्त हुने विशेष लाभ कायम राख्न र खुलापन एवम् पारदर्शितालाई रोक्नका लागि उनीहरुले प्रायः राष्ट्रवादी र समाजवादी विचार/भावना प्रयोग गरेको पनि उल्लेख गर्छन् ।

गरिबि, भ्रष्टाचार, आर्थिक वृद्धि जति नै चर्चा हुने र महत्वपूर्ण विषय शिक्षा पनि रहेको परिप्रेक्ष्यमा लेखकद्वय जेम्स टुली र पाउलीन डिक्सनले विकासोन्मुख देशहरुमा सरकारी विद्यालयहरुको गुणस्तर दिनानुदिन घट्दो क्रममा रहेको अवस्थामा कस्ता विकल्पहरुले गरिब परिवारहरुलाई पनि थोरै खर्चमा आफ्ना छोराछोरीहरुलाई तुलनात्मक रुपमा बढी गुणस्तरीय शिक्षा प्रदान गराउने मौका दिइरहेका छन् भनी अध्ययन र अनुसन्धानमा आधारित तथ्यहरुद्वारा पाठकहरुलाई अवगत गराँउछन् । सरकारी विद्यालयहरुलाई गुणस्तरीय बनाउन गरिने लगानीलाई प्रभावकारी बनाउने विफल प्रयासहरु भन्दा गरिब विद्यार्थीहरुलाई गुणस्तरीय शिक्षा सुलभ र सस्तो रुपमा प्रदान गर्ने विकल्प निजी क्षेत्रसँग  रहेको छ भन्ने तथ्यलाई डिक्सन र टुलीले उचित तथ्याङ्कसहित प्रस्तुत गर्छन् ।

अन्त्यमा, जुलियन एल. साइमनले माल्थसको जनसङ्ख्यासम्बन्धी सिद्धान्तले औंल्याएअनुसार सीमित स्रोतहरु भएको संसारमा जनसंख्या बढ्दै जाँदा खाद्य देखि लिएर अन्य आधारभूत वस्तुको उपभोगमा संकट आई भोकमरी जस्तो अवस्था श्रृजना हुन्छ भनेको खण्डमा आजको संसारमा किन त्यसको ठीक विपरीत भइरहेको छ भनेर बयान गर्दछन् । जनसङ्ख्या समस्या नभई स्रोत भएको उल्लेख गर्दै वृद्धिले आर्थिक विकासमा अवरोध गर्दैन भन्ने कुरा साइमनले स्पष्ट पार्दछन् । त्यस्तै लामो समयदेखि संसारमा प्राकृतिक स्रोतको कमी हुँदै जानेछ भन्ने परम्परागत सोचमा पनि प्रश्न चिन्ह लगाउँदै उनी वास्तवमा प्राकृतिक स्रोतको चाँहि अभाव घट्दै गई मानिसहरूबाट प्राप्त हुने सेवाको बढ्दो मूल्यलाई तर्क मानी मानिसको सङ्ख्या बढे तापनि मानवस्रोत झन् दुर्लभ हुँदै गइरहेको तर्क गर्दछन् ।

यसरी धेरै व्यक्तिहरुले विभिन्न दृष्टिकोणबाट स्वतन्त्र समाजका विभिन्न पक्षहरुलाई सम्बोधन गर्दै यी क्षेत्रमा कस्तो व्यवस्थाले समाजमा स्वतन्त्रता प्रवर्द्धन गर्छन् र कस्तो व्यवस्थाले

स्वतन्त्रतामा ह्रास ल्याउँछन् भनेर यस संग्रहमा बयान गर्दछन् । समृद्धि फाउन्डेसनले विगतको पाँच वर्षदेखि नेपालको आर्थिक सम्मुनतीका लागि सहयोग पुर्‍याउन सक्ने विभिन्न विचारहरु अघि सार्दै आएको छ । यसै सन्दर्भमा विभिन्न क्षेत्रबाट स्वतन्त्रताको आवाज उठीरहेको नेपाली परिप्रेक्ष्यमा संवाद र छलफललाई थप गहकिलो बनाउन यस प्रकारको प्रकाशनले सहयोग पुऱ्याउने र स्वतन्त्र समाज निर्माणका विभिन्न पक्षहरुमा अझ अध्ययन गर्न प्रेरित गर्ने आशा हामीले लिएका छौं ।

**समृद्धि फाउन्डेसन**
मे, २०१३

अध्याय १

# असल सार्वजनिक नीतिका सात सिद्धान्तहरू

## लरेन्स डब्लू रिड

म्याकिन्याक सेन्टर फर पब्लिक पोलिसीमा हाम्रो विशेषता आजका नीतिगत सवालहरूमा अनुसन्धान गर्नु र समाधानका लागि विस्तृत विधिको सुझाव दिनु भएकाले आज मैले यहाँ पनि त्यही गर्ने सोच बनाएँ । तर अझै सोचेर हेर्दा, मैले के निर्णय लिएँ भने कुनैपनि मुद्दाको सुक्ष्मतामा जानुको सट्टा म तपाईंलाई सबै खालका मुद्दामा लागु हुनेसक्ने विचारहरु दिन चाहन्छु । हामी सबै केही सुक्ष्म आधारभूत धारणाहरुका बारेमा सोचौं जुन धेरै शताब्दीको अनुभव र आर्थिक ज्ञानसँगै निर्माण भएका छन् । मेरो विचारमा यस्ता अमूर्त सिद्धान्तहरू सरकार बाहिर वा भित्र भएका सबै नीति निर्माताहरूको कामको बौद्धिक पृष्ठभूमिका रूपमा रहेको हुनुपर्छ ।

हाम्रो बौद्धिक व्यवसायको क्षेत्रमा कुनै पनि व्यक्तिले जनताका सामु आफूले सबै प्रश्नहरुलाई खुल्ला दिमाग राखी बुझ्ने प्रयास गर्छु भन्नु सामान्य चलन नै भएको छ । तपाईंका लागि यसले जे अर्थ राखे तापनि मेरा लागि चाहिँ त्यसको अर्थ बोधो वा खाली दिमाग सरहको भन्ने हुँदैन । विगतका शताब्दीहरूमा हामीले केही कुरा सिकेका छौं । सूर्य पूर्वबाट उदाउँछ भन्ने कुरा हामीले आफूमा ज्ञानको कमी भएका कारणले कुनै पनि तर्क वितर्क विना स्वीकार गरेका होइनौं । प्रतिनिधित्वमा

आधारित गणतन्त्र अधिनायकवाद वा राजतन्त्रभन्दा उत्कृष्ट हुन्छ भन्ने कुरा कुनै अन्धो विचारधाराको उपज मात्र होइन । जब हामी म्याकिन्याक सेन्टरमा कुनै पनि मुद्दाको अध्ययन गर्छौं, हामी निजी सम्पत्ति र स्वतन्त्र बजार व्यवस्था राज्य नियन्त्रित व्यवस्था र केन्द्रीकृत योजनाभन्दा उत्कृष्ट हुन्छ भन्ने मूल धारणाका साथ सुरुवात गर्छौं । यो केवल एउटा व्यक्तिको कच्चा विचार नभएर कान र आँखा खुल्ला राख्ने र कारण, तर्क, तथ्य, प्रमाण, अर्थतन्त्र र अनुभवलाई महत्व दिने मानिसहरूमाझ रहेको स्थापित यथार्थ हो ।

मैले तपाईंमाझ व्यक्त गर्न खोजेको “असल सार्वजनिक नीतिका सात सिद्धान्तहरू” स्वतन्त्र अर्थतन्त्रका खम्बा हुन् । यी सिद्धान्तहरू आजका मुद्दाहरूमा कसरी लागू हुन्छन् भन्ने कुरामा हामी बीच भिन्नता भए तापनि म के मान्छु भने यी सिद्धान्तहरू स्थापित यथार्थ नै हुन् । यी सिद्धान्तहरू मैले आफैंले बनाएको पनि होइन, मैले केवल यिनीहरूलाई एक ठाउँमा सङ्कलन गरेको मात्र हुँ । यी मात्र अर्थतन्त्रका खम्बाहरू वा स्थापित यथार्थ हुन् भन्ने पनि होइन तर यी सबैले अवश्य नै एउटा बलियो सोच भने बनाउँछन् । मेरा विचारमा यदि यी सिद्धान्तहरू हरेक राज्य र हरेक सङ्घीय भवनको हरेक कुनामा रहेमा र विशेष गरेर हरेक व्यवस्थापकले यिनलाई बुझेर सही उपयोग गरेमा हामी अझै बलियो, अझै स्वतन्त्र, अझै समृद्ध र निकै राम्ररी शासित जनता हुने थियौं ।

## सिद्धान्त एकः स्वतन्त्र मानिस समान हुँदैनन् र समान मानिस स्वतन्त्र हुँदैनन् ।

सर्वप्रथम त मैले यस आलेखमा कुन प्रकारको समानताको कुरा गर्दैछु भनेर स्पष्ट पार्नुपर्छ । मैले यहाँ कानूनको अगाडि सबै व्यक्तिको समानताको कुरा गरिरहेको होइन । जाति, लिङ्ग, धन, आस्था वा धर्मका आधारमा कानूनको अगाडि कसैलाई पक्षपात गर्नु हुँदैन भन्ने सिद्धान्त त पश्चिमी सभ्यताको आधार नै हो । कतिपय अवस्थामा हामी यस सिद्धान्तमा खरो नउत्रियपनि यस सिद्धान्तमाथि कसैको पनि फरक मत आउलाजस्तो मलाई लाग्दैन ।

मैले यहाँ कुरा गरिरहेको समानता उद्योग, वाणिज्य, बजार, काम र विनिमयमार्फत् गर्ने कमाइबाट हुने आम्दानी तथा भौतिक सम्पत्तिको “समानता”का बारेमा हो । म आर्थिक समानताका बारेमा कुरा गर्देछु । यस पहिलो सिद्धान्तलाई दुई भागमा विभाजन गरेर हेरौँ ।

स्वतन्त्र मानिस समान हुँदैनन् । जब मानिसहरू आफैँमा स्वतन्त्र हुन्छन्, उनीहरु आफ्नो भाग्यको मालिक आफैँ हुन्छन् । उनीहरू आफ्नो तथा परिवारको उन्नतिका लागि प्रयास गर्न स्वतन्त्र हुन्छन्, बजारले प्रदान गर्ने परिणामहरू एकैनासका हुँदैनन् । मानिसहरूले अत्यन्त फरकफरक स्तरमा आयआर्जन गर्छन् र फरकफरक मात्रामा धनको उपार्जन पनि गर्दछन् । केही मानिसहरू यस तथ्यबारे नै खेद प्रकट गरिरहेका हुन्छन् र “धनी र गरिबबीचको खाडल बढ्यो” भनेर दुःखमनाउ पनि गरिरहेका हुन्छन् । तर मलाई के लाग्दछ भने एउटा स्वतन्त्र समाजमा मान्छेहरू फरकफरक हुनु अत्यन्त गजबको कुरा हो । हामी सबैजना अद्वितीय छौँ, एकअर्काभन्दा वा कुनै जीवित वा मृत व्यक्तिभन्दा अनगिन्ती रूपमा फरक छौँ । यस्तो अवस्थाबारे ज्ञात हुँदाहुँदै पनि बजारमा गरेको अन्तरक्रियाबाट समान परिणाम आओस् भनेर आशा चाहिँ हामी किन गर्छौं ?

हामी हाम्रो प्रतिभाको स्तरमा फरक छौँ । समाजमा रहेका अनेक सदस्यहरूमा कोहीसँग अन्यभन्दा बढी वा अन्यका भन्दा भिन्न र मूल्यवान प्रतिभा हुन्छ । केही मानिसले आफ्नो सर्वोच्च प्रतिभा जीवनको उत्तरार्धसम्म पनि थाहा पाउँदैनन् र कतिले त थाहा नै पाउँदैनन् पनि । टाइगर वुड्स एक प्रतिभावान गल्फ खेलाडी हुन् । उनले गल्फ खेलेर मैलेभन्दा अत्यन्त धेरै पैसा कमाउँछन् भन्ने कुरामा कसैलाई केही आपत्ति हुनु जरुरी छ र ? विल केलगले आफू ४६ वर्षको हुँदासम्म पनि आफूमा भएको अद्भूत उद्यमशिलता तथा विज्ञापन गर्न सक्ने प्रतिभाबारे थाहा पाएका थिएनन् । आफ्नो केलग कम्पनी शुरु गरेर नास्ताको उत्पादन बेच्नुभन्दा अगाडिसम्म उनी आफ्नो दाजुको ब्याटल क्रिक स्यानिटरियममा हप्ताको २५ डलरका लागि सानोतिनो काम गरेर गुजारा गरिरहेका थिए ।

हामी केवल प्रतिभामा मात्र नभएर मेहनतीपन, काम गर्ने इच्छा र लगनशिलताका आधारमा पनि एकअर्काभन्दा भिन्न छौँ । केही मानिस अन्यले भन्दा बढी मेहनतसाथ बढी समयसम्म र बढी चलाखीपूर्ण तरिकाले काम गर्छन् । यसले हामीले गर्ने कामलाई अरूले कतिको महत्व दिन्छन् र हाम्रो सेवालाई कति शुल्क तिर्न तयार हुन्छन् भन्ने कुरामा ठूलो फरक पार्दछ ।

हामी हाम्रो बचत गर्ने बानीका आधारमा पनि फरक छौँ । यदि हाम्रा राष्ट्रपतिले जादुको छडी घुमाएर रातारात हामी सबैलाई आम्दानी र सम्पत्तिका आधारमा बराबर बनाइदिए भने पनि भोलिको यसै समयसम्ममा हामी पुनः असमान भइसक्छौँ किनकि हामीमध्ये कसैले आफ्नो पैसा बचत गरौँला भने कसैले खर्च गरौँला । स्वतन्त्र मानिसहरू कहिल्यै पनि समान नहुने यी तीन कारणहरू हुन् तर कारणहरू यति मात्र छैनन् ।

समान मान्छे स्वतन्त्र हुँदैनन् - मेरो पहिलो सिद्धान्तको दोस्रो भाग । मलाई संसारको कुनै पनि कुनामा भएका आर्थिक रूपमा समान मानिसहरू देखाइदिनुस्, म तपाईंलाई एकदम अस्वतन्त्र मानिसहरू देखाइदिन्छु । किन ? समाजभर सबैलाई समान आम्दानी सुनिश्चित गर्ने र धनको वितरण गर्ने एउटै मात्र उपाय सबैको शिरमा बन्दुक तेर्स्याउनु हो । बल प्रयोग नगरी तपाईले मानिसहरूलाई समान बनाउन सक्नुहुन्न । यसका लागि तपाईले आदेश दिनुपर्ने हुन्छ र यसको समर्थनका लागि फाँसीको फन्दा, गोली, जिलोटिन[१] वा विद्युतीय कुर्सी[२] राख्नुपर्ने हुन्छ । यसका लागि नागरिकहरूलाई दिइने आदेशहरू पनि निम्नलिखित प्रकारका हुन आवश्यक पर्छ : “उन्नति नगर् । अरूभन्दा चलाख नबन् । अरूले भन्दा बढी बुद्धिमतार्पवक बचत नगर् । नवीन उत्पादन लिएर अगाडि नआइज । ग्राहकले तेरो प्रतिस्पर्धीको उत्पादनभन्दा बढी रुचाउने सम्भावना भएको सामान वा सेवा उपलब्ध नगरा ।”

१ जिलोटिन घाँटी छिनाएर मृत्यृदण्ड दिने एक यन्त्र हो जुन विषेशतः अठारौं शताब्दीको अन्त्यतिर भएको फ्रान्सेली क्रान्तिमा प्रयोग भएको थियो ।

२ संयुक्त राज्य अमेरिकामा विद्युतीय कुर्सीको प्रयोगद्वारा विद्युतीय झट्काको प्रयोग गरी मृत्युदण्ड दिइन्छ ।

मेरो विश्वास गर्नुस् - जुन समाजमा यस्ता नीतिगत रूपमा बाध्यात्मक उर्दीहरू रहेका हुन्छन् त्यस्तो समाजमा तपाइँले जीवन चलाउन रुचाउनु हुने छैन । साम्यवादी खमेररुजको[३] शासनका बेला सन् १९७० को उत्तरार्धमा कम्बोडिया झन्डैझन्डै यस्तै अवस्थाको नजिक आइपुगेको थियो । यसको परिणामस्वरूप चार वर्षको अन्तरालमा ८० लाख जनतामध्ये २० लाख जनता मारिए । प्रभुत्व वर्गमा भएका केही शक्तिशाली व्यक्तिहरूबाहेक त्यस पीडित देशमा भएका सबै जनताले त्यस अन्तरालमा ढुङ्गे युगमा जस्तो जीवन व्यतीत गरेका थिए । पहिलो सिद्धान्तको सन्देश के हो भने मानिसहरूको आफ्नै कारणले गर्दा आउने आम्दानीको भिन्नतालाई लिएर धेरै नअल्झौँ । यदि ती भिन्नताहरू कुनै कृत्रिम राजनैतिक बाधाका कारणले भएका हुन् भने त्यस्ता बाधाबाट छुट्कारा पाऊँ । तर असमान मान्छेलाई ल्याएर, पेलेर एकनासको थुप्रो बनाउने प्रयास नगरौं । त्यसमा कहिल्यै सफलता हासिल गर्न सकिँदैन । बरु त्यस्तो प्रयास गर्दा थुप्रै हानी र क्षति भने अवश्य हुन्छ ।

उदाहरणका लागि बलजफतीपूर्ण करको दरले कहिल्यै पनि मानिसहरूलाई समान बनाउँदैन । यस कार्यले केवल मेहनती र उद्यमशील व्यक्तिहरुलाई अन्य स्थानमा सर्न वा अन्य प्रकारको काम गर्न प्रेरित मात्र गर्छ, जसका कारण ती व्यक्तिहरूबाट लाभान्वित हुने ठूलो जनसाधारणको हिस्सा गरिबीमा पिल्सन बाध्य हुन्छन् । अब्राहम लिङ्कनले भनेका थिए, “कुनै एक व्यक्तिलाई तल तानेर तपाईले कुनै अर्को व्यक्तिलाई माथि उठाउन सक्नुहुन्न ।”

## सिद्धान्त दुईः जुन कुरा तपाईंको हो, त्यसको तपाई हेरचाह गर्नुहुन्छ, जुन कुरा कसैको होइन वा सबैको हो, त्यसको बेस्याहार हुन्छ ।

यस सिद्धान्तले मुख्यतः निजी सम्पत्तिको जादुमाथि प्रकाश पार्दछ । यसले संसारभरका समाजवादी अर्थतन्त्रको असफलताबारे पनि व्याख्या गर्दछ ।

३ खमेरुज एक कम्बोडियाली गुरिला शक्ति तथा साम्यावादी राजनीतिक आन्दोलन थियो र सन् १९७५ देखि सन् १९७९ सम्म कम्बोडियाको सत्ताधारी पार्टी रहेको थियो ।

पुरानो सोभियत साम्राज्यमा सरकारले केन्द्रीय योजना र राष्ट्रिय स्वामित्वको विशिष्ठताको खुब गुणगान गाउँदथ्यो । उनीहरू निजी सम्पत्तिको निराकरण वा कम्तीमा न्यूनीकरण गर्न चाहन्थे किनकि उनीहरूको सोचाइमा निजी स्वामित्व स्वार्थी र अनुत्पादक थियो । राज्यका सम्पूर्ण स्रोतहरू सरकारी स्वामित्वमा भएमा सबैको हितका लागि सदुपयोग हुन्छ भन्ने उनीहरूको तर्क थियो । यसै कारण पहिले जुन खाद्यान्न किसानको खाद्यान्न थियो, त्यो "जनताको खाद्यान्न" हुन पुग्यो र मानिसहरू भोकै पर्न थाले । जुन कारखाना कुनैबेला उद्यमीको कारखाना थियो, त्यो "जनताको कारखाना" बन्न पुग्यो र त्यसबाट यति गुणस्तरहीन सामान उत्पादन हुन थाल्यो कि ती सामानका लागि राज्यको सीमाभन्दा पारी कुनै बजार नै थिएन ।

हामीलाई अहिले थाहा छ, पुरानो सोभियत साम्राज्यले एकपछि अर्को आर्थिक र पर्यावरणीय गल्ती गर्‍यो । एकपछि अर्को भयावह सपना लिएर आयो । यो प्रत्येक समाजवादी प्रयोगले सिकाएको पाठ पनि हो । हुन त समाजवादीहरू अम्लेट बनाउन लागि केही अन्डाहरू त फुटाउनै पर्छ भन्न खुब रुचाउँछन् तर सत्य के हो भने उनीहरू जहिले पनि अन्डा मात्र फुटाउने कार्य गर्दछन् तर अम्लेट कहिल्यै बनाउँदैनन् ।

तपाइँ आफू सम्पत्तिको ख्याल राख्नमा राम्रो छु जस्तो लाग्छ भने गएर अरू कसैको घरमा एक महिनाको लागि बसि हेर्नुहोस् वा उनीहरूको गाडी केही समय चलाएर हेर्नुस । म वचन दिन्छु, सोही समयवधिमा न त उनीहरूको घर, न त गाडी नै तपाइँको जस्तो देखिनेछ वा रहिरहनेछ ।

यदि तपाइँलाई समाजमा रहेका उत्पादनका सीमित स्रोतहरू लिएर रद्दीमा परिणत गर्नु छ भने तपाईले केवल ती स्रोत सिर्जना गर्ने वा कमाउने व्यक्तिको हातबाट खोसेर कुनै केन्द्रीय अख्तियारलाई व्यवस्थापन गर्नका लागि दिए पुग्छ । तपाईले एकै झट्कामा सबै कुरा तहसनहस पार्न सक्नुहुन्छ । दुःखको कुरा त के छ भने, सबै तहका सरकारले सँधैजसो त्यस्ता ऐन वा कानून बनाइराखेका हुन्छन्,

जुन निजी सम्पत्तिको अधिकार हनन गरेर सम्पत्तिको राष्ट्रियकरण गर्नतर्फ उन्मुख हुन्छन् ।

## सिद्धान्त तीनः असल सार्वजनिक नीतिले अल्पकालीन प्रभाव र सीमित व्यक्तिहरूलाई मात्र नभएर दीर्घकालिन प्रभाव र सबै व्यक्तिहरूलाई ध्यानमा राख्नुपर्छ ।

हुन त बेलायती अर्थशास्त्री जोन मेनार्ड केन्सले कुनै समयमा घोषणा गरेको, "दीर्घकालमा त हामी सबै मर्छौं" भन्ने कुरा सही होला तर यसलाई भोलिको समयमा थुप्रै मानिसहरूलाई असर पार्ने गरी वर्तमानमा केही मानिसको खुसीका लागि नीतिहरु बनाउने छुटका रुपमा प्रयोग गर्नु ठीक होइन ।

म त्यस्ता थुप्रै नीतिहरूलाई उदाहरणका रुपमा प्रस्तुत गर्न सक्दछु । लिन्डन जोन्सनले १९६० को दशकमा "महान समाज" को अवधरणा निकालेका बेलाको सोच भने केही व्यक्तिहरू कल्याणकारी चेकबाट लाभान्वित हुनेछन् भन्ने थियो । अहिले हामीलाई थाहा छ, दीर्घकालमा उक्त कार्यक्रमले अल्छिपनलाई बढावा दिने, परिवारहरू विखन्डन गर्ने, अन्तरपुस्तागत परनिर्भरता सिर्जना गर्ने र कर तिर्ने व्यक्तिहरूको कमाइको ठूलो अंश खोस्ने काम गर्नुका साथै अन्य सांस्कृतिक रोगहरू सिर्जना गर्‍यो । यसको नकारात्मक प्रभावको निवारण गर्नका लागि केही पुस्ता नै लाग्न सक्छ । त्यसैगरी सरकारी घाटा र सरकारको आकार विस्तार गर्ने नीतिले गर्दा आरम्भमा केही सीमित व्यक्तिलाई फाइदा भए तापनि यसले पछि आएर राष्ट्रको अर्थतन्त्र र नैतिकताको बन्धनलाई दशकौंदेखि रोगी बनाइरहेको छ ।

यो सिद्धान्त हाम्रा सोचहरूलाई गहन बनाउनका लागि एउटा अनुरोध पनि हो । यसले हामी हाम्रो फैसलामा खोक्रो हुनुहुँदैन भन्छ । यदि कुनै एउटा चोरले एकपछि अर्को बैंकबाट सामर्थ्यले भ्याएसम्मको नगद चोर्छ र सबै पैसा स्थानीय पसलहरुमा खर्च गर्छ र पसलेहरूमाझ सर्वेक्षण गरेर उक्त चोरले अर्थतन्त्रलाई

बढावा दिइराखेको छ भन्ने निष्कर्षमा तपाइँ पुग्नुहुन्छ भने तपाइँको फैसलालाई गहन भन्न मिल्दैन ।

हामीले सधैं याद राख्नुपर्छ कि विगतका नीतिकर्ताहरूले वास्ता नगरे हुन्छ भनेको भोलिको कुरा नै आजको हाम्रो वर्तमान हो । यदि हामी उत्तरदायी वयस्क बन्न चाहन्छौँ भने हामीले शिशुको जस्तो व्यवहार गर्नु हुँदैन, जो केवल आफ्नो र वर्तमानको इच्छामा मात्र केन्द्रित रहन्छ ।

## सिद्धान्त चारः कुनै कुरालाई उत्साहित गरे बढी पाउनुहुन्छ, निरूत्साहित गरे कम पाउनुहुन्छ ।

तपाइँ र म मानव भएका नाताले कुनै पनि काम गर्नुका पछाडि त्यसमा उत्प्रेरणाको भूमिका र त्यसको महत्वबाट अछुतो रहन सक्दैनौँ । ती उत्प्रेरणा अनुसार नै हामी सधैं प्रतिक्रिया जनाइरहेका हुन्छौँ । कतिपय अवस्थामा अत्यन्त शक्तिशाली तवरमा ती उत्प्रेरणाले हाम्रो व्यवहारलाई प्रभावित गरिरहेका हुन्छन् । यस पक्षलाई बिर्सने नीति निर्माताहरूले मुर्खतापूर्ण काम गरिरहेका हुन्छन् । जस्तै, कुनै वस्तु वा सेवामा करको दर बढाए पनि मानिसहरूले उक्त वस्तु वा सेवा उत्तिकै मात्रामा प्रयोग गरिहाल्छन् नि भनेर सोच्ने प्रवृत्ति जनताहरू ऊन कटाउनका लागि लामबद्ध भएर बसेका भेँडाहरू हुन् भनेर सोचे जस्तै हो ।

अमेरिकामा जर्ज बुश (प्रथम) ले दबावमा आएर सन् १९८८ को “नयाँ कर” लगाउँदिन भनेर गरेको वाचा तोडेको स्मरण गर्नुस् । सन् १९९० को ग्रीष्ममा करको दरमा ठूलो मात्रामा वृद्धि भयो । अरू सँगसँगै डुंगा, हवाइजहाज तथा गहनामा नाटकीय ढङ्गले सदनले कर बढायो । कानून निर्माताहरूले यी वस्तुहरू धनीहरूले मात्रै त उपभोग गर्छन् भनेर सोचेर उक्त कर लागू गरे । यी तीन वस्तुहरुबाट उनीहरूले ३ करोड १० लाख अमेरिकी डलर पहिलो वर्षको राजस्वका रूपमा उठ्ने अनुमान गरेका थिए तर अपेक्षा गरिएभन्दा ठीक उल्टो भइदियो । वृद्धि गरिएको करको दरले राजस्व केवल १ करोड ६० लाख अमेरिकी डलर मात्र

उठाउन सक्यो । यसका साथै उच्च दरको करले गर्दा यी उद्योगहरूमा आएको मन्दीका कारण बेरोजगार भएका व्यक्तिहरूलाई दिने बेरोजगारी भत्ता स्वरूप अर्को १ करोड ६० लाख अमेरिकी डलर बराबरको रकम खर्च भयो । केवल वाशिङ्टन डी. सी. मा मात्रै होला जहाँ कानून निर्माताहरू प्रायः उत्प्रेरणाको महत्व बिर्सिएर ३१ को लक्ष्य राख्दा केवल १६ मात्र हासिल गर्छन् र त्यसका लागि २४ खर्च गर्छन् तर पनि ठीकै भएको छ भनेर सोच्छन् ।

परिवार टुक्र्याउन चाहनुहुन्छ, परिवार टुक्रिएमा अझ मोटो कल्याणकारी चेक पाइने व्यवस्था गरिदिनुस् । बचत तथा लगानी घटोस् भन्ने चाहनुहुन्छ, दोहोरो कर लगाइदिनुहोस् र त्यसमाथि अझ पूँजीगत नाफा कर पनि लगाइदिनुहोस् । मानिसहरूले कम काम गरुन् भन्ने चाहनुहुन्छ भने उच्च कर लगाइदिनुहोस् ताकि मानिसहरूले बढी काम गर्नु नै बेकार हो भन्ने सोचुन् ।

अहिले अमेरिकाको राज्य सरकार र सङ्घीय सरकार दुवैको ध्यान घट्दो राजस्व र आर्थिक मन्दीका कारण आएको घाटाको अवस्थासँग कसरी जुझ्ने भन्ने प्रश्नमा आएर अल्झेको छ । म्याकिन्याक केन्द्रमा हामी के विश्वास गर्छौं भने यस्तो परिस्थितिको समाधान सरकारले त्यसैगरी गर्नुपर्छ जसरी हामी जस्ता परिवारहरुले देशभरि गर्छन् - खर्च कम गरेर । कमजोर अर्थतन्त्रलाई सुचारु गर्ने उपाय नै त्यही हो ताकि यसले बढी रोजगारी र राजस्व सिर्जना गरोस् । बिरामी सिकिस्त भएको बेला डाक्टरले अझ थप रगत निकाल्दैनन् ।

## सिद्धान्त पाँचः आफ्नो पैसाजस्तो ध्यान दिएर अरूको पैसा कसैले पनि खर्च गर्दैन ।

तपाईंले कहिलेकाँही सरकारले ६०० डलर पर्ने हथौडा र ८०० डलर पर्ने ट्वाइलेट सिट खरिद गरेको सुन्दा कहिल्यै अचम्म मान्नु भएको छ ? तपाईले यो देशको कुना कुना वा दुरदराजमा गएर खोज्नुभयो भने पनि त्यस्तो व्यक्ति पाउनुहुँदैन जसले आफ्नो पैसा त्यसरी खर्च गरेको होस् । तर यस्ता फजूल खर्च सरकारी तथा कहिलेकाँही जीवनका अन्य अवस्थामा पनि भइरहेका हुन्छन् । किन

? किनकि ती सबै अवस्थामा खर्च गर्ने व्यक्तिहरुले अरू कसैको पैसा खर्चिरहेको हुन्छन् ।

अर्थशास्त्री मिल्टन फ्रिडम्यानले यस कुरालाई विस्तृत रूपमा व्याख्या गरेका छन् । उनले औंल्याएअनुसार पैसा खर्च गर्ने चार तरिका हुन्छन् । जब तपाइँ आफ्नो पैसा आफूमाथि खर्चिनु हुन्छ तपाइँले कमै मात्र गल्ती गर्नुहुन्छ । पैसा कमाउने, खर्च गर्ने र त्यसबाट लाभ हुने व्यक्तिबीचको सम्बन्ध दरिलो, प्रत्यक्ष र तत्कालको हुन्छ । जब तपाई आफ्नो पैसा अरू कसैलाई उपहार किनिदिनका लागि प्रयोग गर्नुहुन्छ, तपाइँलाई आफ्नो पैसाको सही मूल्य पाउने प्रेरणा त हुन्छ तर तपाइँले प्रापकले चाहेजस्तै वा उसलाई आवश्यक परेकै चीज किन्नुहुन्छ भन्ने ग्यारेन्टी हुँदैन । जब तपाइँ अरू कसैको पैसा आफ्ना लागि केही किन्नका लागि प्रयोग गर्नुहुन्छ, जस्तै अर्कैको खर्चको खाताबाट आफ्ना लागि खाजा खाने खालको कुरा भयो भने तपाइँलाई सही वस्तु पाउने प्रेरणा हुन्छ तर मितव्ययी बन्ने कुनै प्रेरणा हुँदैन । अन्त्यमा जब तपाई अन्य व्यक्तिको पैसा अरू कसैका लागि केही किनिदिन प्रयोग गर्नुहुन्छ भने उक्त अवस्थामा कमाउने, खर्च गर्ने र लाभ पाउने व्यक्तिबीच कुनै सम्बन्ध हुँदैन जसले गर्दा फजुल खर्च हुने वा स्रोतको हिनामिना हुने सम्भावना सबैभन्दा धेरै हुन्छ । यी चारवटा तरिकालाई ध्यानमा राख्दै अब सोच्नुहोस् त कुनै व्यक्ति अरू कसैको पैसा अरू नै कोहीको लागि खर्च गरिराखेको छ । सरकारले आजसम्म सधैं गरिआएको कार्य नै त्यही मात्र हो । यसै कारणले गर्दा सरकारी स्तरमा धेरै फजुल खर्च भइरहेको हुन्छ ।

## सिद्धान्त छः अरू कसैसँग लिएको बाहेक सरकारसँग कसैलाई दिने केही हुँदैन । जुन सरकार तपाईलाई सबैकुरा दिन सक्ने गरी ठूलो हुन्छ त्यो सरकार तपाईको सबैकुरा खोस्न सक्ने गरी नै ठूलो हुन्छ ।

यो कुनै अतिवादी, सिद्धान्तवादी, सरकारविरोधी अभिव्यक्ति होइन । यो सत्य कुरा हो । यस अभिव्यक्तिले सरकारको प्रकृतिका बारेमा धेरै कुरा दर्शाउँछ । अमेरिकाका प्रवर्तकहरूको सोचाइ र सल्लाह पनि यसै अनुसारको रहेको थियो ।

जर्ज वासिङ्टनले एक पटक भनेका थिए, "सरकार तर्क वा बोलीको भरमा चल्ने संयन्त्र होइन । सरकार आगो सरह हो - खतरनाक नोकर वा भयावह मालिक ।" यसबारे गहिरिएर सोचिहेर्नुस त । जर्ज वासिङ्टनले चाहेभन्दा ठूलो नभई साँच्चै सरकारले जनताको सेवक नै भन्न मिल्ने गरि सबै काम गरेतापनि उनको भनाइमा सरकार अझै खतरनाक नै हुन्छ । ग्राउचो मार्क्सले एकचोटि आफ्नो भाइ हार्पोलाई भनेका थिए "ऊ इमान्दार छ तर उसमा निगरानी राख्न चाहिँ जरुरी छ ।" एकदमै सानो र असल सरकारको पनि निगरानी गर्नु जरुरी छ किनकि जेफर्सनले भनेझैं सरकारको प्रकृति नै विस्तार हुने किसिमको हुन्छ तर स्वतन्त्रता भने खुम्चिने प्रकृतिको हुन्छ । यस अनुच्छेदमा अर्को भनाइ थप्दा, ऐलक्जन्डर ह्यामिलटनले भनेका थिए, "मानिसको अस्तित्वको नियन्त्रण भनेको उसको इच्छाको नियन्त्रण हो । "

कथित "कल्याणकारी राज्य" भनेको खर्चालु र भ्रष्ट कर्मचारीतन्त्र मार्फत् रामसँग रहेको सम्पत्ति लुटेर विनाश गरिसकेपछि श्यामलाई दिने प्रपन्चबाहेक केही होइन । एक प्रकारले कल्याणकारी राज्य भनेको घोडालाई दाना खुवाउँदा बाटोमा भँगेराले पनि चारो खान पाँउछन् भन्नु जस्तै हो । यसलाई अर्को तरिकाले हेरौं- कल्याणकारी राज्य भनेको हामी सबैजना एउटा ठूलो घेरा बनाएर उभिइरहेका छौं र हामी सबैको हात आफूभन्दा अगाडि उभिने मान्छेको खल्तीमा छ । कसैले एकचोटि भनेको थियो नेताहरूको कल्याण हुने र बाँकी जनताले चैं कर तिर्ने भएको भएर यसको नाम कल्याणकारी भएको हो ।

स्वतन्त्र र स्वाधीन मानिसहरूले आफ्नो जीविकोपार्जनका लागि सरकारको मुख ताक्दैनन् । उनीहरू सरकारलाई सित्तैमा भनेको जस्तै चीज फल्ने कल्पवृक्षका रूपमा नहेरेर आफ्नो स्वतन्त्रताको रक्षकका रूपमा हेर्छन् जसले शान्ति कायम गर्ने, सबैजनालाई अवसर वृद्धि हुने काम तथा नियम कानूनको व्यवस्थापन गर्ने आदि जस्ता आधारभूत कामहरू गर्छ र यसबाहेक अन्य अवस्थामा हामीलाई एक्लै छोडिदिन्छ । सरकारमा धेरै भर पर्नु एकदम खतरनाक हुन्छ भन्ने कुरा प्राचीन रोमदेखिकै हरेक सभ्यताहरूले पीडादायी तरिकाले सिक्दै आएका छन् ।

जब तपाईका प्रतिनिधि तपाईँकहाँ आएर “हेर्नुस मैले तपाईलाई के-के ल्याइदिएको छु” भन्छन् तपाईले सोध्नुहोला ती वस्तुको मूल्यचाहिँ कसले चुकायो । यदि उनी इमान्दार रहेछन् भने उनले तपाईँका लागि केही कुरा ल्याउन सक्नुको कारण अरू कसैबाट लिएर नै हो भन्ने छन् । यसैगरि अन्य प्रतिनिधिहरूले आफ्ना जनतामा लिएर जाने चीजहरूको मूल्य पनि तपाईले चुकाइराख्नु भएको छ ।

## सिद्धान्त सातः स्वतन्त्रताले नै संसारमा सबै भन्दा बढी महत्व राख्छ ।

मैले माथिका छ सिद्धान्तमार्फत् पनि अझै आफ्नो कुरालाई प्रष्ट पारेर बुझाउन सकिनकी जस्तो लागेर यो सातौं र अन्तिम सिद्धान्त थपेको छु ।

स्वतन्त्रता कुनै एउटा राम्रो वा आरामदायी विचार मात्रै होइन । न त यो कुनै सुखद परिस्थिति वा आत्मरक्षाको कुनै साधारण अवधारणा मात्रै नै हो । स्वतन्त्रता त्यस्तो कुरा हो जसले अरू सम्पूर्ण कुरा हुनमा अहम् भूमिका खेल्छ । स्वतन्त्रता विना जीवन वाक्क लाग्दो हुन्छ र अन्त्यमा यस विना जीवन नै रहँदैन ।

जुन सार्वजनिक नीतिले स्वतन्त्रता हटाउँछ वा स्वतन्त्रतालाई संरक्षण वा सुदृढीकरण गर्ने काम गर्दैन, त्यस्ता सार्वजनिक नीतिप्रति स्वतन्त्रताप्रेमीहरू सजग र सशङ्कित हुनु जरुरी छ । हामीले हाम्रो स्वतन्त्रता गुमाएबापत के पाइराखेका छौँ त ? भनेर उनीहरुले सोध्नुपर्छ आशा गरौँ यो कुनै अल्पकालिन र मूल्यहीन लाभ नहोस् । अझ बेन फ्र्याङ्कलिनले त हामीलाई सल्लाह नै दिएका छन् “जो अस्थायी सुरक्षा किन्नका लागि आफ्नो आधारभूत स्वतन्त्रता नै अरूलाई सुम्पन तयार हुन्छन्, उनीहरू न त सुरक्षाका हकदार हुन्छन् न त स्वतन्त्रताको नै ।”

आजकल प्रायः नीति निर्माताहरू नीति बनाउँदा स्वतन्त्रतालाई के असर पर्छ भन्ने विचार नगरिकन नै नयाँ नीति बनाउँछन् । आफूलाई राम्रो महशुस भयो भने वा बाहिर राम्रो सुनियो भने वा आफूलाई निर्वाचित गराउन मद्दत गर्ने

किसिमको नीति देखे भने उनीहरूले त्यसलाई नीतिगत तहमा अपनाउँदछन् । यस प्रक्रियामा स्वतन्त्रताका आधारलाई लिएर ती नीतिहरूउपर प्रश्न उठाउनेहरुलाई हास्यास्पद बनाउने वा टार्ने कोशिस गरिन्छ । आज सबै तहका सरकारले हामीले गरेको सम्पूर्ण उत्पादनको ४२ प्रतिशत लिएर जान्छ र उपभोग गर्छ जबकि १९०० सम्ममा सरकारले केवल लगभग ६ देखि ७ प्रतिशत मात्र जनताको उत्पादन उपभोग गर्थ्यो । तर पनि थोरै मात्र मान्छेहरू ठूलो सरकारका समर्थकहरूलाई प्रश्न गर्छन "४२ प्रतिशतले किन पुग्दैन ? अझै कति चाहिँ चाहिन्छ ?" वा "कतिसम्म चाहिँ मानिसले आफ्नो श्रमको फल पाउनुपर्छ ?"

*(लरेन्स डब्लू रिड म्याकिन्यक सेन्टर फर पब्लिक पोलिसिका अध्यक्ष हुनुहुन्छ ।)*

अध्याय २

# सरकारको प्रकृति

## आयन न्यान्ड

सरकार एउटा संस्था हो, जोसँग निश्चित भौगोलिक क्षेत्रभित्र सामाजिक आचरणका नीतिनियमहरू लागू गर्ने शक्ति हुन्छ ।

के व्यक्तिलाई यस्तो संस्थाको आवश्यकता पर्छ ? यदि पर्छ भने किन ? व्यक्तिको मस्तिष्क उसलाई जीवित रहन चाहिने आधारभूत साधन हो । यसका माध्यमबाट व्यक्तिले ज्ञान प्राप्त गर्दछ, यसैका माध्यमबाट व्यक्तिका सबै कार्य निर्देशित हुन्छन् । तर यसका लागि आधारभूत शर्त भनेको व्यक्तिले स्वतन्त्र रूपमा सोच्न सक्नु र आफ्नो विवेकपूर्ण निर्णयशक्तिअनुसार काम गर्न सक्नु हो । यद्यपि, यसको अर्थ व्यक्ति एकदम एक्लो रहनु पर्छ र उसका आवश्यकताका लागि सुहाँदो स्थान सबै भन्दा अलग रहेको एकान्त ठाउँ नै हो भन्ने होइन । मानिसले एक अर्काबाट थुप्रै लाभ लिन सक्दछ । राम्ररी बाँच्नका लागि सामाजिक वातावरण नै व्यक्तिका लागि सबैभन्दा उत्तम हुन्छ - *तर केही निश्चित शर्तहरु भएको खण्डमा मात्र* ।

समाजमा रहेर मानिसले दुई महत्वपूर्ण मूल्यहरू सिक्दछ । ती हुन् - ज्ञान र लेनदेन । मानिस मात्रै त्यस्तो प्राणी हो जो पुस्तौंपुस्तासम्म आफ्नो ज्ञानको भण्डार आदानप्रदान गरेरै त्यसमा वृद्धि गर्न सक्दछ । प्रत्येक मानिस अर्को मानिसद्वारा अनुसन्धान गरिएको ज्ञानबाट असीमित लाभ लिन सक्दछ । कुनै पनि व्यक्ति आफ्नो

जीवन अवधिभर जति पनि कुरा शुरुदेखि सिक्ने कोशिस गर्दछ, त्यसभन्दा धेरै ज्ञान उसका लागि पहिलेदेखि नै उपलब्ध रहेको हुन्छ। समाजमा बस्नुको दोस्रो महत्वपूर्ण लाभ हो - श्रमको विभाजन । यसले प्रत्येक व्यक्तिलाई कुनै निर्धारित क्षेत्रमा लगनशील भई अन्य क्षेत्रमा ग्राहयता हासिल गरेका अरु मानिसहरूसँग आदानप्रदान गर्न सक्ने अवस्थाको श्रृजना गर्दछ । यस्तो प्रकारको सहयोगबाट व्यक्ति आफ्ना प्रत्येक आवश्यकताका लागि आफू एक्लैले एकान्त स्थानमा रहेर सबै काम गर्दा भन्दा अत्यन्त धेरै ज्ञान र कौशल आर्जन गर्दछ । "तर यी फाइदाहरुले कस्ता प्रकारका मानिस कस्तो प्रकारको समाजमा एक अर्काका लागि मूल्यवान् र मह्त्वपूर्ण हुन सक्छन् भन्ने कुरा पनि निर्धारण गर्दछ : यो कार्य केवल विवेकपूर्ण, क्रियाशील एवम् स्वतन्त्र समाजमा विवेकपूर्ण, क्रियाशील एवम् स्वतन्त्र सदस्यहरूबीचमा मात्र हुन्छ ।" ("द अब्जेक्टिभिस्ट इथिक्स", *द भर्चु अफ सेल्फिसनेस*)

व्यक्तिको आफ्नो प्रयासबाट आर्जिएको सबै कुरा लिने, उसलाई दास बनाएर राख्ने, उसको मस्तिष्कको स्वतन्त्रतामा प्रतिबन्ध लगाउने, व्यक्तिलाई उसको विवेकपूर्ण निर्णय शक्तिको विरुद्ध काम गर्नका लागि उसलाई बाध्य बनाउने र व्यक्तिका आवश्यकता र आफ्नो आदेशबीच सङ्घर्ष सिर्जना गराउने समाजलाई केलाएर हेर्दा यो समाजको स्वरूपमा नरहेर गुण्डागर्दीलाई संस्थागत गरी चलाइएको अव्यवस्थित जनसमूह/भीडका रूपमा स्थापित हुन्छ। त्यस्तो समाजले मानिसको सहअस्तित्वका सबै मूल्यमान्यतालाई नष्ट गरिदिन्छ, यसको न त कुनै औचित्य हुन्छ न त मानिसको भलाईको कुनै साधन । यस्ता समाजहरू मनुष्य जातिका लागि ठूला दुश्मन नै हुन्छन्। सोभियत रुस वा नाजी जर्मनीमा भन्दा त बिरानो ठाउँमा नै जिन्दगी ज्यादा सुरक्षित हुन्छ ।

यदि व्यक्ति शन्तिपूर्ण, क्रियाशील र विवेकपूर्ण समाजमा आपसी हितका लागि समुहमा बस्न चाहन्छ भने उसले केही आधारभूत सामाजिक नियमहरू अवश्य स्वीकार्नु पर्दछ, जसविना कुनै नैतिक वा सभ्य समाजको कल्पना पनि गर्न सकिँदैन : व्यक्तिगत स्वतन्त्रताका अधिकारका सिद्धान्तहरु ।

व्यक्तिगत अधिकारलाई मान्यता दिनुको अर्थ व्यक्तिलाई जीवित रहनका लागि चाहिने समाजिक आवश्यकतालाई मान्यता दिनु र स्वीकार गर्नु हो ।

व्यक्तिका अधिकारहरूको उल्लङ्घन केवल शारीरिक बल प्रयोगद्वारा मात्रै गर्न सकिन्छ । शारीरिक बलको प्रयोगले नै एउटा व्यक्तिले अर्को व्यक्तिको जीवन समाप्त गर्न सक्छ, उसलाई दास बनाउन सक्छ, लुट्न सक्छ, उसलाई आफ्नो लक्ष्यसम्म पुग्नबाट रोक्न सक्छ, उसको विवेकपूर्ण निर्णयशक्तिको विरुद्धमा काम गर्न बाध्य तुल्याउन सक्छ ।

एउटा सभ्य समाजको अनिवार्य पूर्वावस्था यो हो कि समाजिक सम्बन्धमा शारीरिक बल नभई विवेकको प्रयोग गरी केवल *तर्क,* विचारविमर्श, स्वेच्छा, राजीखुशी र इच्छापूर्ण सहमतिबाट एकअर्कासँग सम्बन्ध राख्न सकियोस् ।

व्यक्तिलाई आफ्नो जीवनमाथिको अधिकारमार्फत् प्राप्त हुने सबैभन्दा महत्वपूर्ण अधिकार भनेको आत्मरक्षाको अधिकार हो । सभ्य समाजमा केवल जवाफी कारवाहीका लागि बल प्रयोग गरिन्छ । सुरुमा जसले बलको प्रयोग गर्छ, त्यसको विरोधमा मात्र यसको प्रयोग गरिन्छ । यस्ता सबैकारण जसका आधारमा शारीरिक बलको प्रयोगको शुरुवात हुन्छ, ती गलत हुन्छन् र यिनै कारणहरुले गर्दा प्रतिकारस्वरुप शारीरिक बलको प्रयोग नैतिक अनिवार्यता बन्न जान्छ ।

यदि कुनै शान्तिप्रिय समाजले कसैद्वारा बलको प्रयोग गरिँदा पनि त्यसका विरुद्धमा केही कारवाही गर्दैन भने उक्त समाज अनैतिक कार्य गर्नेहरूको त्रासमा बाँचिरहेको हुन्छ । यस प्रकारको समाजले खराब कुराहरूलाई अन्त्य गर्नुका साटो प्रोत्साहन गरिरहेको हुन्छ । यस्तो कार्यले खराब प्रवृत्तिलाई बढावा र समर्थन गरिरहेको हुन्छ । यदि कुनै समाज कुनै बलका विरुद्धमा नागरिकहरूलाई सङ्गठित सुरक्षा प्रदान गरिरहेको छैन भने यसको अर्थ यो हो कि त्यो समाजले प्रत्येक नागरिकलाई शस्त्र उठाउन, घरलाई मोर्चाबन्द गर्न, कुनै अपरिचित व्यक्ति

ढोकामा आइपुग्छ भने मारिदिन वा बदला लिनका लागि बनेका नागरिकहरूको संरक्षक समूहमा सामेल हुन बाध्य तुल्याइरहेको हुन्छ । यसको नतिजास्वरूप समाजको पतन भई अपराधीहरूको शासन शुरु हुन गई युद्धको स्थिति आइपुग्छ ।

शारीरिक बलको प्रयोग - जवाफी कार्वाहीकै लागि भएपनि - व्यक्ति विशेषको विवेकका भरमा छोड्न सकिन्न । यदि लगातार त्रासदीपूर्ण समाजमा बसिरहेको व्यक्तिका विरुद्ध उसको छिमेकीले कुनै पनि समयमा बल प्रयोग गर्न सक्छ भने त्यस्तो अवस्थामा शान्तिपूर्ण सहयोग असम्भव हुन्छ । चाहे छिमेकीको उद्देश्य असल होस् या खराब, उसको निर्णय विवेकपूर्ण होस् या अविवेकपूर्ण, चाहे ऊ न्यायले प्रेरित होस् या अज्ञानताबाट, चाहे ऊ पूर्वाग्रहबाट ग्रसित होस् या अन्य कुनै कारण, कुनै व्यक्तिको विरुद्धमा बलको प्रयोग अर्को व्यक्तिको इच्छाका भरमा छोड्न मिल्दैन ।

कल्पना गर्नुहोस्, एउटा यस्तो स्थिति जसमा कुनै व्यक्तिको पर्स हराउँदा ऊ चोरी भएको निश्कर्षमा पुग्छ अनि एकएक गर्दै छिमेकीहरूको घरमा पसेर पर्स खोज्छ र बेइमान देखिने पहिलो व्यक्तिलाई गोली ठोकिदिन्छ किनकि उसलाई त्यो व्यक्ति दोषी लाग्छ । जवाफी कारवाहीका लागि बलको प्रयोगमा पनि पहिले वस्तुगत मानाङ्क अनुरूप अपराध कसले गरेको हो भन्ने कुरा त्यसका साक्षीहरूबाट पुष्टि र प्रमाणित हुनुपर्छ । यसका अतिरिक्त सजायलाई परिभाषित गर्नुका साथै यसको प्रवर्तनका नियमहरू हुनु पनि जरुरी हुन्छन् । यदि कुनै व्यक्ति निर्धारित तरिका अन्तर्गतका नियमविना नै अपराध निर्धारण गर्ने प्रयास गर्छ भने यो साबित नभइकनै अपराध मान्ने काम  भयो । यदि कुनै समाज बदला लिनका लागि बलको प्रयोग गर्ने छुट एक्लो व्यक्तिको हातमा दिन्छ भने उक्त समाज आपराधिक शासन तथा रक्तपातपूर्ण दुश्मनीमा रूपान्तरित हुन्छ ।

सामाजिक सम्बन्धहरूमा शारीरिक बल प्रयोगलाई समाप्त गर्नुछ भने व्यक्तिलाई एउटा त्यस्तो संस्थाको आवश्यकता पर्दछ जोसँग वस्तुगत मानाङ्क एवम् नियमहरूका आधारमा व्यक्तिहरूको अधिकार रक्षा गर्ने जिम्मेवारी र दायित्व रहेको होस् ।

यो नै सरकारको मूल र न्यूनतम कर्तव्य हो । व्यक्तिलाई सरकारको आवश्यकता किन पर्छ भन्ने सवालको जवाफका रूपमा यी कारण र नैतिकता नै औचित्यका रूपमा देखा पर्दछन् ।

शारीरिक बलको प्रयोगमा बदलाको भावना नराखी निष्पक्ष कारवाही गर्ने साधन सरकारका रूपमा रहेको हुन्छ । यो कार्य सरकारले वस्तुगत तरिकाबाट पारिभाषित नियमहरूका आधारमा मात्र गर्दछ । निजी कारवाही र सरकारी कारवाहीबीचको प्रमुख भिन्नतालाई आजकल बेवास्ता गरी पन्छाउने गरिन्छ। राज्यभित्र शारीरिक बलको प्रयोगमा सरकारको एकाधिकार हुन्छ । सरकारका लागि यस प्रकारको एकाधिकार अनिवार्य पनि छ, किनकि बलको प्रयोग रोक्न र यसका विरुद्ध कारवाही गर्नका लागि सरकार नै आधिकारिक संस्था हो । यिनै कारणहरूले गर्दा सरकारी कारवाही पूर्ण तवरले पारिभाषित, सीमाबद्ध एवम् नियन्त्रित हुनुपर्छ । सरकारलाई आफ्नो काममा मनोमानी गर्ने छुट हुनुहुँदैन । ऊ शक्तिले पूर्ण यन्त्रमानवसरह हुनुपर्छ । यदि स्वतन्त्र समाज चाहिन्छ भने यसका लागि सरकार लाई नियन्त्रित गर्नु आवश्यक छ ।

उचित सामाजिक व्यवस्थाभित्र एउटा व्यक्तिको इच्छाअनुसार कानूनको सीमाभित्र ऊ जस्तोसुकै कार्य गर्नका लागि  स्वतन्त्र हुन्छ । जबकि सरकारी अधिकारीले गर्ने प्रत्येक काम कानूनी दायराभित्र हुनुपर्छ । एउटा व्यक्ति ती सबै कुरा गर्नसक्छ, जुन कानूनी रूपमा प्रतिबन्धित छैन । एउटा सरकारी अधिकारीले ती कार्यहरूबाहेक अरू केही पनि गर्न सक्दैन, जसका लागि कानूनी रूपमा अनुमति रहँदैन ।

यो अधिकारलाई सामर्थ्यको दाँजोमा बढी महत्वपूर्ण बनाउने तरिका हो । यो “व्यक्तिको नभइ कानूनको सरकार” भन्ने अमेरिकी अवधारणा पनि हो ।

स्वतन्त्र समाजका लागि उपयुक्त कानूनको स्वरूप र सरकारलाई यी कानूनहरूले दिएका अधिकारहरूको स्रोत, दुवैको उत्पत्ति उपयुक्त सरकारको

प्रकृति र उद्देश्यबाट नै हुन्छ । दुवैको आधारभूत सिद्धान्तलाई “स्वतन्त्रताको घोषणापत्र[१]” मा निर्देशित गरिएको छ। यिनै अधिकारको रक्षाका लागि व्यक्तिहरूबीच सरकारको गठन गरिन्छ र सरकारको अधिकार त्यसअन्तर्गत शासित हुनेहरूको आपसी सहमति र अनुमतिबाट नै आउँछ।

केवल व्यक्तिगत अधिकारहरूको रक्षा गर्नु नै सरकारको सही उद्देश्य हो र कानूनको उचित विषय पनि यही हो । यसैले सबै कानून व्यक्तिका अधिकार र तिनको रक्षा गर्ने उद्देश्य राखेर बनाइनु पर्दछ । सबै कानून अनिवार्य रूपमा निष्पक्ष र वस्तुगत रूपमा सही ठहऱ्याउन योग्य हुनुपर्दछ। कानूनले उनीहरूलाई के गर्नबाट रोक्छ र उक्त कार्य गरेमा उनीहरूलाई के सजाय हुनसक्छ भनेर कुनै कारवाही गर्नुभन्दा पहिले नै व्यक्तिलाई यस कुराको स्पष्ट रूपमा जानकारी हुनुपर्दछ।

सरकारको आधिकारिकताको स्रोत, शासित हुनेहरूको अनुमति हो। यसको अर्थ यो हो कि सरकार शासक हैन बरु नागरिकहरूको रक्षक वा अभिकर्ता हो । यसको अर्थ यो हो कि सरकारलाई एउटा विशेष उद्देश्यका लागि नागरिकहरूले दिएको अधिकारबाहेक अन्य कुनै अधिकार नै हुँदैन।

व्यक्ति स्वतन्त्र एवम् सभ्य समाजमा रहन चाहन्छ भन्ने त्यसका लागि एउटै आधारभूत सिद्धान्तमा उसको सहमति हुनु अनिवार्य छ : सुव्यवस्थित, निष्पक्ष एवम् कानूनी तरिकाबाट पारिभाषित कार्यान्वयन सुनिश्चित गर्नका लागि शारिरीक बल प्रयोगलाई गलत मान्ने र आत्मरक्षाको अधिकारको प्रयोग सरकारलाई सुम्पने। यसलाई अर्को तरिकाबाट भन्दा व्यक्तिले त्यस्तो बलको प्रयोग र सम्भावित मनोमानीबीच फरक स्वीकार गर्नुपर्छ पनि भन्न सकिन्छ (यो कुनै पनि तरिकाको मनोमानी हुनसक्छ, जसमा ऊ स्वयम्को मनोमानी पनि पर्न सक्छ)।

मानौं दुई व्यक्तिहरूका बीचमा हुने कारोबार, जसमा दुवैको संलग्नता छ, त्यसमा असहमति सिर्जना भए के हुन्छ त ?

---

१ यहाँ स्वतन्त्रताको घोषणपत्र भन्नाले संयुक्त राज्य अमेरिकाले सन् १७७६मा स्वतन्त्रता हासिल गरे पछि घोषणा गरेको स्वतन्त्रताको घोषणपत्र (डेक्लरेशन अफ इन्डीपेन्डेन्सलाई भनिएको हो ।)

एउटा स्वतन्त्र समाजमा दुई व्यक्तिलाई एकअर्कासँग सम्झौता गर्नका लागि बाध्य पारिँदैन । व्यक्ति व्यक्तिबीचका सम्झौताहरू स्वेच्छिक सहमतिका आधारमा वा अनुबन्धमार्फत् मात्र गरिन्छ । यदि एउटा व्यक्ति मनोमानी तरिकाले अनुबन्ध तोड्छ भने यसबाट अर्को व्यक्तिलाई वित्तिय हानी हुनसक्छ र क्षतिपूर्तिस्वरूप दोषी पक्षको सम्पत्ति जफत गर्नुको कुनै विकल्प रहँदैन । तर फेरि पनि यहाँ बल प्रयोगको निर्णय कुनै व्यक्तिको स्वविवेकका भरमा छोड्न मिल्दैन । यहाँ एउटा मध्यस्तकर्ताका रूपमा सरकारको अत्यन्त महत्वपूर्ण एवम् जटिल भूमिका रहन्छ, जसले निष्पक्ष रही कानूनअनुसार दुवै व्यक्तिहरूबीच रहेको झगडा समाधान गर्दछ ।

कुनै पनि सभ्य समाजमा अपराधी अत्यन्त कम संख्यामा हुन्छन् तर शान्तिपूर्ण समाजका लागि कानूनी अदालतद्वारा अनुबन्धको संरक्षण र प्रवर्तन सबै भन्दा महत्वपूर्ण आवश्यकताका रूपमा रहेको हुन्छ । यस तरिकाको संरक्षणबिना कुनै पनि सामाजिक सभ्यता विकसित हुन वा कायम रहिरहन सम्भव नै हुँदैन ।

मानिस पशुसरह आफ्ना तत्कालका आवश्यकताका लागि काम गरेर मात्र जीवित रहन सक्दैन । उसलाई विभिन्न समयावधिमा आफ्नो उद्देश्यलाई निर्धारित गर्न र तिनलाई प्राप्त गर्नका लागि काम गर्नुपर्छ । व्यक्तिलाई आफ्नो पूरै जीवनका लागि आफ्ना कार्य र योजनाहरूको लेखाजोखा तयार गर्नुपर्छ । व्यक्तिको मस्तिष्क र ज्ञान जति असल र उत्कृष्ट हुन्छ, उसका योजनाका शृङ्खलाहरू त्यति नै लामो हुन्छ । कुनै सभ्यता जति कुलीन र जति जटिल छ, त्यसमा त्यति नै लामो गतिविधिको शृङ्खला हुन्छ । यसरी हेर्दा समाजमा रहेका व्यक्तिहरूबीच अनुबन्धका सम्झौता जति धेरै हुन्छन् ती अनुबन्धको सुरक्षा र संरक्षणको आवश्यकता पनि त्यति नै हुन्छ ।

यहाँसम्म कि कुनै अपरिष्कृत समाज पनि यसरी सञ्चालन हुन सक्दैन । मानौं कुनै व्यक्ति केही अण्डाको सट्टामा आलु दिने लेनदेन गर्न सहमत त हुन्छ तर उसले अण्डा लिएपछि आलु दिन अस्वीकार गरिदिन्छ । यसै तरिकाको

मनोमानी यदि व्यक्तिहरूबीच खरबौं डलरको सामान उधारोमा या अनुबन्धनका आधारमा लेनदेन गरिने औद्योगिक समाजमा वा करोडौं डलर पर्ने संरचना खडा गर्नका लागि वा ९९ वर्षका लागि करारमा सम्पत्ति दिइने वा लिइने हुने भएको अवस्थामा यसको अर्थ के रहला भनी कल्पना गर्नुहोस् ।

यी अनुबन्धनहरूको एकतर्फी उल्लङ्घनमा शारीरिक बलको अप्रत्यक्ष प्रयोग भइराखेको हुन्छ । यदि कुनै व्यक्तिबाट सामान लिइन्छ र त्यसको सट्टामा पैसा दिन अस्वीकार गरिन्छ भने त्यस सामानमाथिको दावा शारीरिक दावाका रूपमा रहेको हुन्छ, जुन कुरामा सामानको वास्तविक मालिकको सहमति हुँदैन । धोखाधडीमा यसै प्रकारको बलको अप्रत्यक्ष प्रयोग हुन्छ । यसमा मालिकको सहमतीविना व्यक्तिले झुठो आश्वासन र धम्कीरूपी अप्रत्यक्ष बल प्रयोग गरी सामान लिन्छ । यसमा एक सामानको बदलामा केही पनि दिइँदैन बरु धम्की र जबरजस्ती गरेर मात्र सामान लिइन्छ ।

यसप्रकारका  केही कार्यहरु निश्चित रूपमा आपराधिक नै हुन् । यद्यपि, अनुबन्धनको एकतर्फी उल्लङ्घन कहिलेकाँही अपराधिक ध्येयबाट प्रेरित नभई गैरजिम्मेदारीपूर्ण वा अविवेकी व्यवहारका कारणले पनि हुन सक्दछ । केही यस्ता मामिला पनि हुन्छन् जहाँ दुवै पक्ष न्यायको गुहार मागी राखेका हुन्छन् । कुरा जसकै होस्, यस तरिकाका सबै मुद्दा निष्पक्ष रूपमा परिभाषित कानूनको विषय हुनुपर्छ । यिनको समाधान निष्पक्ष मध्यस्थकर्ता र कानूनी प्रशासकहरू वा न्यायधीशहरूमध्ये जोबाट उचित हुन्छ, उसैद्वारा गरिनुपर्दछ ।

यी सबै मामिलामा न्यायलाई निर्देशित गर्ने आधारभूत सिद्धान्तमाथि दृष्टि दिने हो भने कुनै पनि व्यक्तिले अर्को व्यक्तिबाट उसबाट प्राप्त हुने कुनै पनि मूल्य उसको सहमतिविना प्रयोग गर्न सक्दैन - र यसैको उपसिद्धान्त स्वरुप एउटा व्यक्तिको अधिकार अर्को व्यक्तिको एकतर्फी निर्णय वा अविवेकी मनोमानी र स्वेच्छाचारिताका भरमा छोड्न सकिँदैन ।

समग्रमा सरकारको उपयुक्त उद्देश्य व्यक्तिको सामाजिक अस्तित्वलाई सम्भव बनाउने, उसको हितको रक्षा गर्ने र ती गल्तीहरूलाई नियन्त्रण गर्ने हो जसद्वारा एक व्यक्तिले अर्कोलाई हानी पुऱ्याउन सक्छ । सरकारका महत्वपूर्ण कार्यलाई तीन श्रेणीमा बाँड्न सकिन्छ, जसमा शारीरिक बल र व्यक्तिका अधिकारहरूको रक्षाका सबै मामिला सम्मिलित हुन्छन् : पहिलो – प्रहरीको सहयोगमा व्यक्तिहरूलाई अपराधीहरूबाट रक्षा गर्नु, दोस्रो – सशस्त्र सेवाको प्रयोग गरि विदेशी आक्रमणकारीहरूबाट राज्यको रक्षा गर्नु र तेस्रो – कानूनी अदालतका माध्यमबाट व्यक्तिहरूको आपसी झगडालाई निरपेक्ष कानूनद्वारा सुल्झाउनु । राज्यका यी तीन कार्यहरूभित्र अरू पनि केही पक्षहरू जोडिएका हुन्छन्, जुन लागू गर्ने समयमा हुने व्यवहारिक समस्याहरू र कुनै विशेष कानून लागू गर्दाका जटिलतासँग सम्बन्धित हुन्छन् । यो विशेष विज्ञानको क्षेत्रसँग सम्बन्धित हुन्छ, जसलाई कानूनको दर्शन पनि भन्दछन् । कानून कार्यान्वयन गर्ने समयमा थुप्रै गल्ती र असहमतिको सम्भावना रहन्छ । कानून एवम् सरकारको उद्देश्य व्यक्तिका अधिकारहरूको रक्षा गर्ने भएको हुँदा यो लागू गर्नैपर्ने अनिवार्य सिद्धान्त पनि हो ।

विश्वको वर्तमान अवस्थाले आजकल यो सिद्धान्तलाई बिर्सिएको छ, यसको अवहेलना भइरहेको छ र यसबाट बच्ने कोसिस गरिन्छ । राज्यमा रहेका क्रुर शक्तिहरूद्वारा बर्बरतापूर्ण तरिकाबाट कानूनहरू लागू गरिँदैछ । मानवताको अवनति यस हदसम्म भईसकेको छ कि कानूनको शासन समाप्त भइरहेको र तानाशाहीको अवस्था उत्पन्न भइरहेको छ ।

यस्तो अवस्थामा यस प्रवृत्तिको विचारशून्य ढंगले विरोध गर्नेहरुले यदि सरकार यति नै खराब प्रकृतिको हो भने बरु विना सरकारको अराजकता अथवा *एनार्की* नै सबभन्दा उत्तम सामाजिक व्यवस्था हो भनेर प्रश्न पनि उठाइरहेका छन् । माथि बयान गरिएका सबै कारणहरुले विना सरकारको अराजकताको स्थिति, एक राजनीतिक अवधारणाका रुपमा अनुभवहीन, अमूर्त र बहावमा आउने अवधारणा हो भनेर प्रस्ट्याँउदछन् । व्यवस्थित सरकारविनाको यस्तो सामाजिक व्यवस्था भएको खण्डमा समाज त्यहाँ आउने पहिलो अपराधीको दयामा रहनेछ र

समाज गुण्डाराजमा परिणत हुनेछ । तर मानवीय अनैतिकताको सम्भावना मात्र पनि सरकार विनाको अराजक सामाजिक व्यवस्थाको एउटै मात्र आपत्तिजनक पक्ष होइन : सबै मान्छे विवेकी र बिल्कुलै नैतिक भएको समाजमा पनि यो व्यवस्था व्यवहारिक हुन सक्दैनथ्यो । मानिसहरु इमानदार भएकै अवस्थामा आउने वास्तविक असहमतिको लागि वस्तुगत कानून र मध्यस्तकर्ताको आवश्यकताले सरकारको स्थापनालाई जरुरी बनाँउछ ।

सरकारविनाको अराजक सामाजिक व्यवस्थाको सिद्धान्तकै अर्को स्वरुपका रुपमा आएको एक अवधारणा, जसले स्वतन्त्रताका बारेमा वकालत गर्ने युवाहरुलाई अन्योलमा राखिरहेको छ, उक्त अवधारणाले "प्रतिस्पर्धी सरकारहरु" जस्तो बिल्कुलै मूर्खतापूर्ण कुरालाई अगाडि ल्याएको छ । सरकार र उद्योगको काम तथा जबरजस्ती बल प्रयोग र उत्पादनमा फरक नदेख्ने र व्यवसायको सरकारी स्वामित्वको वकालत गर्ने आधुनिक राज्यवादीहरुकै कुरालाई आधार मान्दा, प्रतिस्पर्धी सरकारहरुको अवधारणाका अधिवक्ताहरु सिक्काको अर्को पाटोलाई अँगाल्दै यदि प्रतिस्पर्धा व्यवसायका लागि त्यस्तो फाइदाजनक छ भने, यो सरकारमा पनि लागू हुनुपर्छ भनेर भन्दछन् । उनीहरु एक्लो एकाधिकारवादी सरकार भन्दा एउटै भौगोलिक सिमामा थुप्रै सरकारहरु रही व्यक्तिहरुलाई आफूले चाहेको सरकार छानी त्यसमा आबद्धता जनाउने स्वतन्त्रता दिनुपर्छ भन्छन् ।

स्मरण रहोस्, व्यक्तिमाथि बलपूर्वक नियन्त्रण नै एकमात्र सेवा हो जुन सरकारले दिन्छ । आफैँलाई सोधिहेर्नुहोस्, बलपूर्वक नियन्त्रण गर्ने कुरामा हुने प्रतिस्पर्धाको के अर्थ हुन्छ ?

"यस सिद्धान्तलाई विरोधभाषी शब्दहरुको सिद्धान्त पनि भन्न सकिँदैन किनकि यसमा 'प्रतिस्पर्धा' र 'सरकार' जस्तो शब्दको बुझाइ नै झल्किदैन । निश्चित स्वरूपको वास्तविकताबारेको ज्ञान नराखीकनै यसलाई कुनै अमूर्त बहाव भन्न पनि सकिँदैन । यसलाई एउटा उदाहरणबाट प्रष्ट पार्न सकिन्छ । मानौं 'सरकार क'का उपभोक्ता राम हुन्, उनलाई 'सरकार ख'का उपभोक्ता श्यामले

उनीकहाँ चोरी गरेको शङ्का लाग्यो । प्रहरीको समूह जब 'सरकार ख'का उपभोक्ता श्यामको घरमा जान्छन्, उनीहरू 'सरकार ख'का प्रहरी समूहलाई उनको ढोकामा पाउँछन् । उनीहरूले त्यहाँ रामको उजुरीलाई नै वैध मान्नबाट अस्वीकार गरिदिन्छन र 'सरकार क' को प्रशासनलाई मान्यता दिँदैनन् । तब के हुन सक्छ ? तपाईं आफैं अनुमान लगाउन सक्नुहुन्छ ।

सरकारसम्बन्धी अवधारणा उत्पत्तिको अत्यन्त लामो एवम् जटिल इतिहास छ । सबै सभ्य समाजमा सरकारद्वारा सही तरिकाले काम गरेका केही उदाहरणहरू छन् । सरकार आफूले आफूलाई सरकार र लुटेराहरूको समूहबीचमा केही अन्तरहरूको मान्यताको परिघटनाका रूपमा व्यक्त गर्छ । यही कारण सरकार लाई "कानून एवम् व्यवस्थाको रक्षक" का रूपमा सम्मान र नैतिक अधिकार सुनिश्चित गरिएको हुन्छ । यहाँसम्म कि अनैतिक सरकार पनि केही हदसम्म न्याय एवम् व्यवस्था कायम राखिराख्न अनिवार्य सम्झन्छ । ऊ आफूले गरेको अधिकार प्रयोगलाई केही हदसम्म नैतिक र औचित्यपूर्ण ठहऱ्याउनका लागि स्वभाव वा परम्परागत न्यायको ढोंग गर्छ । जस्तैः फ्रान्सका सम्राटले ईश्वरीय अधिकारको स्तुति गरेका थिए भने सोभियत रुसका आधुनिक तानाशाहहरूले पनि आफ्नो शासनलाई आफ्ना अधिनस्थहरूको नजरमा उचित ठहऱ्याउनका लागि धन खर्च गरेका थिए ।

मानव जातिको इतिहासमा सरकारको उचित कार्यप्रणालीको ज्ञान हालैको उपलब्धी हो । यो केवल दुई सय वर्षमात्र पुरानो छ । यसको आरम्भ भने अमेरिकी क्रान्तिको समयबाट मात्र भयो । अमेरिकाका संस्थापकहरूले समाजको आवश्यकता र स्वरूपको पहिचान मात्र गरेनन् बरु ती साधनहरूको पनि खोजी गरे जसबाट यसलाई व्यवहारिक रूप दिन सकियोस् । एउटा स्वतन्त्र समाज अन्य कुनै मानवीय उत्पादन जस्तो जुनै पनि साधनहरूबाट वा केवल इच्छामार्फत् वा असल मनसाय भएका नेताहरूबाट प्राप्त गर्न सकिँदैन । स्वतन्त्र समाज बनाउन र यसलाई स्वतन्त्र बनाइराख्नका लागि वैध सिद्धान्तहरूमाथि आधारित जटिल न्याय व्यवस्थाको आवश्यकता पर्दछ । यस्तो व्यवस्था जो प्रेरणा, नैतिक चरित्र वा कुनै

निश्चित अधिकारीको इच्छामा मात्र निर्भर नहोस् र जसमा निरंकुशता फस्टाउन सक्ने खालको कुनै कानूनी कमीकमजोरी नरहोस् ।

अमेरिकी सरकारको नियन्त्रण एवम् सन्तुलन व्यवस्था त्यस्तै एउटा उपलब्धी थियो । यद्यपि संविधानका केही विरोधाभासले आधुनिक राज्यवादी राजनीतिक व्यवस्थालाई फस्टाउने केही मौका दियो । सरकारका अधिकारहरू सीमित एवम् नियन्त्रित गर्ने साधनका रूपमा संविधानको अवधारणा यस समयको विलक्षण उपलब्धी थियो ।

यस उपलब्धीलाई समाप्त गर्ने सामूहिक प्रयास गरिँदा संविधानले व्यक्तिलाई नभएर सरकारलाई मात्र सीमित गर्छ भनेर प्रष्ट रूपमा भन्न भने सकिएको पाइँदैन । संविधानले निजी व्यक्तिको आचरणहरूलाई निर्धारित गर्दैन, केवल सरकारको आचरणलाई मात्र निर्धारण गर्दछ । यो सरकारी अधिकारहरूको चार्टर होइन बरु सरकार विरुद्ध नागरिकका लागि नागरिक संरक्षणको पक्षको चार्टर हो ।

अब सरकारका प्रचलित विचारहरूमा नैतिक र राजनैतिक अवनतिको अधिकतम सीमामाथि विचार गरौं । व्यक्तिका अधिकारहरूको रक्षक हुनुका साटो सरकार तिनको सबैभन्दा खतरनाक उल्लङ्घनकारी बनिरहेको छ । स्वतन्त्रताको रक्षा गर्नुका साटो सरकारले दासत्त स्थापित गरिरहेको छ । शारीरिक बल प्रयोग गर्नेहरूबाट व्यक्तिको रक्षा गर्नुको साटो सरकार आफ्नो मर्जीको मामिलामा कुनै पनि तरिकाले शारीरिक बल र बलजफ्तीको प्रयोग गरिरहेको छ । मानव सम्बन्धहरूमा निष्पक्षताको उपकरणका रूपमा काम गर्नुको साटो सरकार अनिश्चितता र घातक शासकका रूपमा काम गरिरहेको छ । यसका लागि उसले ती अस्पष्ट कानूनहरूको प्रयोग गरिरहेको छ, जसको व्याख्या अधिकारीहरूको स्वेच्छामा छोडिएको छ । व्यक्तिको उच्छृङ्खलताले गर्दा हुने अन्यायबाट व्यक्तिको रक्षा गर्नुको साटो सरकार स्वयम् पनि अन्यायपूर्ण तरिकाले अधिकार प्रयोग गरिरहेको छ । यसप्रकारले हामी तीव्र गतिमा उच्चतम अवनतितिर पुग्दैछौं – त्यस्तो अवस्था जहाँ सरकार आफ्नो इच्छाले जे पनि गर्न स्वतन्त्र हुन्छ, जबकि व्यक्तिले भने जुनसुकै कार्य गर्नका लागि

पनि सरकारको अनुमति लिनुपर्दछ । जहाँ बर्बर शक्तिको शासन हुन्छ, त्यहाँ मानव इतिहासको सबैभन्दा अन्धकारको समय रहेको हुन्छ ।

भौतिक प्रगतिका तुलनामा मानिसले नैतिक प्रगति गर्न सकेको छैन भन्ने प्रकारको टिप्पणी प्रायः गरिएको पाइन्छ । यसप्रकारका टिप्पणीमा मानव प्रकृतिको बारेमा केही निराशावादी निष्कर्ष निकालिन्छन् । यो साँचो हो कि मानवजातिको नैतिक अवस्था लज्जास्पद स्तरमा तल पुगिसकेको छ । तर सरकारहरूको (परोपकारी र सामूहिकतावादी नैतिकताद्वारा स्थापित गरी सम्भव बनाइएको) विकराल नैतिक पतनको अवस्था, जसमा मानवजातिले आफ्नो प्रायः इतिहास गुजारेका छन्, यसका बाबजुद पनि मानिसले आफ्नो सभ्यताका केही गुणहरुलाई कसरी बचाइराख्यो र सही  दिशामा कदम बढाउने काम जारी राख्न सक्यो भन्ने कुरा हेर्दा  आश्चर्य नै हुन्छ ।

व्यक्तिको बौद्धिक पुनर्जागरणको सङ्घर्षको हिस्साको रूपमा, यसले स्वीकार र वकालत गरिनुपर्ने राजनीतिक सिद्धान्तहरूको स्वरूपलाई पनि अझ स्पष्ट रूपमा हेर्न मद्दत गर्दछ ।

*(अमेरिकी सहित्यकार र दार्शनिक आयन र्‍यान्ड 'एटल्स स्रग्ड' र 'द फाउन्टेनहेड' जस्ता विश्व प्रसिद्ध पुस्तककी लेखिका हुन् र अब्जेकटिभिजम दर्शनकी शुरूवातकर्ता हुन् ।)*

अध्याय ३

# आर्थिक वृद्धि – गरिबी निवारणको एक मात्र उपाय

**रोबर्ट एन्डरसन**

संसारमा रहेको गरिबी घटाउने एकमात्र उपाय आर्थिक वृद्धिदर हो । आर्थिक वृद्धिदर बढाउने एकमात्र उपाय भनेको सरकारले निजी क्षेत्रलाई बढाउन धेरैभन्दा धेरै उत्पादनशील र गुणात्मक बनाउने नीतिहरूलाई प्रोत्साहन गर्नु हो । यसरी निजी क्षेत्रले उत्पादन वृद्धि, रोजगारीको सिर्जना र तलब तथा ज्यालामा वृद्धि गर्छ । धनी देशहरूले आफ्ना अधिकांश नागरिकको आम्दानी उत्पादनमा वृद्धि, रोजगारीको सिर्जना र तलब तथा ज्यालामा वृद्धि गरेर बढाएका हुन् । योबाहेक अरू कुनै उपायबाट विद्यमान गरिब राष्ट्रहरूले आफ्नो गरिबी घटाउन सक्छन् भन्नेमा म एकदम कम विश्वास गर्छु ।

म के कुरामा विश्वास गर्छु भने निजी क्षेत्रको विकास र गरिबी निवारणबीचको सम्बन्ध स्वाभाविक र अविच्छेद्य खालको छ । यद्यपि गरिबहरूलाई कसरी सघाउने भनेर अहिले हुने गरेको बहसहरूमा भने यस्तो सम्बन्धलाई ख्याल गरिएको पाँइदैन ।

## सहस्राब्दी विकासका लक्ष्यहरू

आर्थिक विकास र निजी क्षेत्रको भूमिकाको महत्व घटाउने एक उदाहरण

हालैको संयुक्त राष्ट्रसङ्घको सहस्राब्दी विकास लक्ष्यसम्बन्धी प्रतिज्ञापत्र हो जसलाई राष्ट्रसङ्घको साधारणसभाले सन् २००० मा पास गरेको थियो । सचिवालयले सामान्यकृत गरेर उपलब्ध गराएको प्रतिलिपिमा सहस्राब्दी विकासका निम्नलिखित ८ लक्ष्यहरू रहेका छन् :

१. अति गरिबी र भोकमरीको अन्त्य गर्ने
२. विश्वव्यापी प्राथमिक शिक्षा हासिल गर्ने
३. समानता र महिला सशक्तिकरणलाई बढावा दिने
४. बालमृत्युदर घटाउने
५. मातृस्वास्थ्यमा सुधार गर्ने
६. एड्स, मलेरिया र अन्य रोगविरुद्ध लड्ने
७. वातावरणीय दिगोपन सुनिश्चित गर्ने
८. विकासका लागि विश्वव्यापीकृत सहकार्य गर्ने

सन् २०१५ लाई माथिका लक्ष्यहरू हासिल गर्ने समयसीमाका रूपमा तोकिएको छ । ती लक्ष्यहरूलाई अन्य धेरै अन्तर्राष्ट्रिय संस्थाहरूले समेत भविष्यका क्रियाकलापका रूपमा स्वीकार गरेका छन्, जसमा विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्राकोष पनि पर्दछन् ।

तीव्र आर्थिक वृद्धिले ल्याउने अधिक आयले निश्चय नै ती लक्ष्यहरू पूरा गर्न सहयोग गर्छ । वातावरणीय दिगोपनको लक्ष्यसमेत उच्च आयको सहयोगले मात्र प्राप्त हुन्छ किनभने उच्च आय हुने नागरिकले मात्र स्वच्छ र सुरक्षित वातावरणको माग गर्न सक्दछन्, अति गरिबहरूले महँगो वस्तु तथा सेवा खरिद गर्न सक्दैनन् ।

साधारण सभाको प्रतिज्ञापत्रमा ती लक्ष्यहरू पूरा गर्नका लागि आर्थिक वृद्धि वा निजीक्षेत्रको भूमिकालाई स्वीकार गरिएको छैन । निजीक्षेत्रलाई उक्त शब्दावलीमा अपमानजनक रूपमा लिइएको छ, "*अहिलेको केन्द्रीय चुनौती भनेको भूमण्डलीकरण संसारका सबै जनताका लागि सकारात्मक प्रवाह हो भन्ने*

*कुरा निश्चित गर्नु हो । भूमण्डलीकरणले ठूला अवसरहरु प्रदान गरेता पनि हाल यसका फाइदाहरू असमान रूपमा वितरण भएका छन् भने यसका हानीहरू पनि असमान रूपमा बाँडिएको छ ।"* यो शब्दावलीले आर्थिक वृद्धिले गरिबहरूलाई सहयोग गरेको छैन, बरु धनी देश र अन्तर्राष्ट्रिय कम्पनीहरूलाई मात्र फाइदा पुऱ्याएको छ भनेर तर्क गर्दै अन्तर्राष्ट्रिय व्यापार, आर्थिक उदारवाद र वैदेशिक लगानीका विरोधीहरूलाई सहयोग पुग्ने देखिन्छ ।

संयुक्त राष्ट्र सङ्घका महासचिवले ती लक्ष्यहरू प्राप्त गर्ने योजना साधारण सभामा प्रस्तुत गर्दा उनले छोटकरीमा भने, "गरिबीलाई उल्लेख्य रूपमा घटाउन र विकासलाई बढावा दिन दिगो र वृहत् आर्थिक वृद्धि आवश्यक पर्छ ।" उनले यस्तो वृद्धिका लागि निजी क्षेत्रको भूमिका उल्लेख गरेतापनि वैदेशिक पूँजीले कसरी आन्तरिक स्रोतहरूको ठाउँ लिन्छ र यो कति खतरा, छोटो अवधिको र परिवर्तनशील हुन्छ भन्ने कुरामा जोड दिए । अर्को उदाहरण विश्व बैंकको सहस्राब्दी विकास लक्ष्य प्राप्ति सम्बन्धी वेबसाइटमा पनि छ । यसले पनि आर्थिक वृद्धि र निजी क्षेत्रको भूमिकालाई बेवास्ता गरेको छ । आर्थिक वृद्धिलाई अति गरिबी निवारणको पहिलो लक्ष्य र भूमण्डलीय सहकार्यको आठौं लक्ष्यमा मात्र बहस गरे को छ तर अन्य लक्ष्यहरुमा भने यसको उल्लेख गरिएको छैन ।

## अधिक आर्थिक सहयोग समाधान हो त ?

सहस्राब्दी विकास लक्ष्यको आधारभूत जोड धनी देशहरूले गरिब देशलाई दिने अनुदान थप्नुपर्छ भन्ने कुरामा रहेको छ । उदाहरणका लागि विश्व बैंकका अनुसार सन् २०१५ सम्म ती लक्ष्यहरू प्राप्त गर्न वार्षिक ४० विलियन देखि ६० विलियन अमेरिकी डलरसम्म अनुदान बढाइनुपर्छ ।

यस्तो अनुदान कसरी प्रयोग हुन्छ भन्ने खाका चाहिँ प्रष्ट छैन । के यस्ता अनुदान धनी देशहरूले अति गरिबहरूको शिक्षा र स्वास्थ्यसम्बन्धी काम गर्ने अन्तर्राष्ट्रिय कल्याण कार्यक्रमलाई वित्तिय सहयोग प्रदान गर्न खर्च हुन्छ ?

के निम्न आय भई कम आर्थिक वृद्धि भएका कारण यस्तो अनुदान सँधै रहिरहन्छ त ? वा वैकल्पिक रूपमा यस्तो अनुदान गरिबहरूले धेरै खाना, राम्रो शिक्षा तथा स्वास्थ्य, कम प्रदूषण जस्ता कुरा उपभोग गर्न सक्ने आर्थिक वृद्धि ल्याउन प्रयोग गरिन्छ ? के यस्तो अनुदान दिँदै गर्दा आय बढेपछि धनी देशहरूले अनुदान घटाउन वा हटाउन सक्छन् ?

अनुदानमा आवश्यक वृद्धिको अनुमान गर्ने विश्व बैंकको अध्ययनले अनुदानको प्रयोगका विष्यमा प्रतिद्वन्दात्मक तथ्यहरु अगाडि सार्छ । पहिलो, उक्त अध्ययनले यो सबै अनुदान आन्तरिक लगानी बढाएर आर्थिक वृद्धि हासिल गर्नका लागि आवश्यक हुन्छ भनेर बताउँछ । दोस्रो, उक्त अध्ययनले राम्रो शिक्षा, स्वास्थ्य र वातावरण संरक्षणका लागि यो सबै अनुदान आवश्यक हुन्छ भनेर जोड दिन्छ ।

यदि धनी देशले दिने अनुदान आर्थिक वृद्धिका लागि प्रभावकारी रूपमा प्रयोग गरिन्छ भने त्यसमा मेरो खास आपत्ति छैन । धनी देशहरू सजिलै ४० विलियन देखि ६० विलियन अमेरिकी डलरसम्म अनुदान बढाउन सक्दछन् । यस्तो अनुदान धनी देशका औसत नागरिकको आयको ०.२% वा वार्षिक ६ अमेरिकी डलर मात्र हो । धनी देशका नागरिक चढ्ने कार जत्रो गरिब देशका जनताको घर हुने अवस्थामा उक्त अनुदान सजिलै प्रदान गर्न सकिन्छ ।

तर यस्तो अनुदानले उच्च आर्थिक वृद्धि ल्याउँछ कि ल्याउँदैन भन्नेमा प्रशस्त असहमतिहरू छन् । धनी देशहरूले गरिब देशलाई दिने अनुदानको इतिहास खासै उत्साहजनक छैन । दशकौँसम्म ठूलो रकम अनुदानमा पाउने देशहरू आर्थिक रूपमा असफल भएका छन् । केही विज्ञहरूका अनुसार अनुदानले वास्तवमा गरिब देशहरूको वृद्धिदर घटाउन मद्दत गर्दछ । विश्व बैंकजस्तो अनुदानको ठूलो आपूर्तिकर्ता पनि अनुदानले राम्रो संस्थागत व्यवस्था र नीति भएको देशमा मात्र सहयोग पुऱ्याउने बताउँछ । त्यसैले सरकारले आर्थिक वृद्धि गर्ने नीतिहरू तर्जुमा गरे मात्र धेरै भन्दा धेरै अन्तर्राष्ट्रिय विकास संस्थाहरूले अनुदान प्रदान गर्दै आइरहेका छन् । यो लेखको मर्म सरकारले यस्ता नीतिहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गरेर

निजी क्षेत्रलाई सहयोग पुऱ्याउन सरकार असमर्थ छ र अन्य नीतिहरु यो भन्दा उत्कृष्ट छन् भन्ने हो ।

यदि विश्व बैंकको अध्ययन सही छ र थप ४० देखि ६० विलियन अमेरिकी डलरले आर्थिक वृद्धि बढाउँछ अनि त्यति नै पैसा स्वास्थ्य उपचार र शिक्षाको न्यूनतम तहका लागि चाहिन्छ भने म खुसीसाथ उक्त अनुदानलाई दोब्बर बनाउनुपर्ने तर्कको समर्थन गर्छु । मेरो सरोकार भने यस्तो बहसमा गरिबी निवारणमा आर्थिक वृद्धि र निजी क्षेत्रको भूमिकालाई कम महत्व दिइएको र यस्तो अनुदानको प्रयोगका विषयमा हो ।

जबसम्म यस्तो अनुदानले गरिबहरूको प्रत्यक्ष भलाई हुने कुरा कसैले प्रमाणित गर्दैन (उदाहरणका लागि खाना उपलब्ध गराएर वा स्वास्थ्य र शिक्षाका लागि नगद अनुदान दिएर), धेरैले अनुदानले वास्तवमै गरिबहरूको सहयोग गर्दैन भन्नेमा विश्वास गर्छन् । हुन त आर्थिक वृद्धिदर बढाउनु गरिबहरूलाई अप्रत्यक्ष सहयोग गर्नु हो । यसबाट को लाभान्वित भयो भनेर पहिचान गर्न गाह्रो हुने भए तापनि यसको फाइदा भने वृहत् र स्थायी हुन्छ ।

केही अन्तर्राष्ट्रिय संस्थाहरू गरिबी निवारणमा किन आर्थिक वृद्धिको भूमिकालाई बेवास्ता गरेर प्रत्यक्ष सहयोग गर्छन् ? सायद उनीहरू मानिसरूले आर्थिक वृद्धि र गरिबी घटाउनुबीचको सम्बन्ध बुझ्दैनन् भन्ने भन्ठान्छन् होला । सहयोगको माग गर्नेहरूले सुकुम्बासी बस्तीको कुनै गरिब बच्चा देखाएर उक्त बच्चालाई अनुदानको रकम जान्छ भन्नु कुनै अनौठो घटना होइन । अर्को शब्दमा भन्नुपर्दा आर्थिक वृद्धिको साटो गरिबलाई प्रत्यक्ष सहयोग गर्नु राम्रो विज्ञापन गर्ने र जनसम्पर्क बढाउने उपाय पनि हो ।

यसका साथै, भूमण्डलीकरण र आर्थिक उदारीकरणका बारेमा गुनासाहरु व्याप्त भएका बेला निजी क्षेत्रको विकासबाट हुने आर्थिक वृद्धिमा जोड दिनु भनेको गरिबको शोषण गरी ठूला कम्पनी, धनीहरू र शक्तिशालीको सर्मथन गरेको

देखिन सक्छ। कम्पनीहरूले कामदारहरूको सङ्ख्यामा कटौती समेत गर्ने अवस्थाहरु आएका बेला ठूला कम्पनीहरूले उत्पादकत्व बढाएर कसरी गरिबहरूको सहयोग गर्छन् भन्ने कुरा बुझ्न भने गाह्रो छ।

## भारत : एक उदाहरण

अति गरिब देशहरूमा आर्थिक वृद्धिविना गरिबी घटाउने प्रयासहरू असफल भएका छन् । भूमण्डलीकरणको विरोध गर्नेहरूसँग यस कुराले मेल खाँदैन । हुन त भूमण्डलीकरणका विरोधीहरूका पनि फरकफरक विचार छन् । एउटा चाहिँ आर्थिक वृद्धिले धनीहरूलाई मात्र सहयोग पुऱ्याउँछ र गरिबलाई अझ गरिब बनाउँछ भन्ने नै हो ।

आर्थिक वृद्धिको अनुपस्थितिमा गरिबी घटाउने उपाय भनेको गरिबी निवारणको रविनहुड् योजनाका रूपमा रहने समाजका तुलनात्मक धनीहरूको आय गरिबहरूलाई बाँड्नु हो । तर यो योजनाले अति गरिब देशहरूको गरिबी घटाउन कम मात्र सहयोग पुऱ्याउँछ, किनभने देशको जम्मा आम्दानी यदि बराबर बाँड्न सम्भव भए पनि पूरै गरिबी घटाउन पर्याप्त हुँदैन । जहाँ रोटीको आकार सानो छ र धेरैजना भोका छन्, त्यहाँ रोटीलाई बराबरका स–साना टुक्रामा बाँडेर वितरण गरे तापनि सबैजना भोकै रहन्छन् ।

दशौं लाख गरिबहरूको बीचमा केही मान्छे मात्र धनी हुँदा मान्छेहरूमा रहेको अन्याय र रोषको भावना म बुझ्छु । तर केही कम गरिबहरूको पैसा सबै गरिबमा बाँड्ने कार्यले समाधान निस्कँदैन । उदाहरणका लागि भारत सय करोडभन्दा बढी जनसङ्ख्या भएको देश हो र धनीहरूको सङ्ख्या धेरै भए पनि प्रतिशतमा कम छ । धनीमा ठूला जमिन्दारहरू, व्यापारी, निजी कम्पनीका मालिक, भ्रष्ट राजनीतिज्ञ र सरकारी कर्मचारी पर्छन् । तथापि भारत एकदम बढी जनसङ्ख्या भएको देश भएकाले धनीको पैसा गरिबहरूलाई बाँड्न भने पुग्दैन ।

धेरैजसो भारतीयहरू अहिले पनि चरम गरिबीमा छन् । लगभग ८०% जति जनसङ्ख्या प्रतिदिन २ अमेरिकी डलर वा वार्षिक ७३० अमेरिकी डलर भन्दा कममा गुजारा गर्छन् (क्रयशक्तिका आधारमा भा.रु. लाई अमेरिकी डलरमा परि वर्तन गर्दा) । त्यस माथि ३५% त १ अमेरिकी डलर वा वार्षिक ३६५ अमेरिकी डलर भन्दा पनि कम कमाउँछन् (तालिका २.१ हेर्नुहोस्) । १ अमेरिकी डलरको मापदण्ड गरिब देशहरूमा अति गरिब छुट्याउन अङ्गिकार गरिएको अन्तर्राष्ट्रिय मापदण्डका रुपमा साधारणतया स्वीकार गरिएको मापदण्ड हो । आय वर्णनको अर्को तर्फ सबभन्दा अन्त्यमा बढी आय हुने १०% जनसंख्याले औसतमा वार्षिक ६,२१३ अमेरिकी डलर उपभोग गर्दछन् । (तालिका २.१ र २.२ मा मैले आय र उपभोगलाई एउटै मानेको छु, यो गरिबका लागि सत्य भए तापनि धनीहरूले आयको केही भाग बचत गर्ने हुँदा सही नहुन पनि सक्दछ) ।

भारतजस्तो गरिब देशको सरकारले आयको पुनर्वितरणमा ध्यान दिनुपर्छ भन्ने कुरामा म सहमत छु तर सरकारले यस क्षेत्रमा धेरै काम गर्न सक्छ भन्ने कुरामा भने म त्यति आशावादी पनि छैन । गरिब देशमा सरकारको आय कम हुने हुँदा गरिबलाई सहयोग गर्न पैसा पुग्दैन । त्यसमा पनि भ्रष्ट राजनीतिज्ञ र सरकारी कर्मचारीहरूका कारण त्यस्तो कार्यमा उपयोग हुने सीमित पैसा पनि दुरूपयोग भएर जान्छ । सरकारले निजी क्षेत्रलाई गर्नसक्ने सहयोगको तल छलफल गरिएको छ ।

**तालिका** २.१

**सन् २००१ म भारतमा धनी र गरिब**

**(क्रयशक्ति अनुरूपता)**[1]

| | |
|---|---|
| जनसङ्ख्या (दश लाखमा) | १,०३२ |
| कुल राष्ट्रिय आय (अरब अमेरिकी डलर) | २,९१३ |
| घरायसी उपभोग (अरब अमेरिकी डलर) | १,९१४ |
| सरकारी खर्च (अरब अमेरिकी डलर) | ५०७ |
| | |

| | |
|---|---|
| **गरिब (प्रतिदिन एक अमेरिकी डलर मापदण्ड)** | |
| एक अमेरिकी डलरभन्दा कम आय हुने जनसङ्ख्याको प्रतिशत | ३४.७% |
| गरिबी छिद्रता (Poverty gap)[२] | ८.२% |
| जम्मा गरिबी छिद्रता (अरब अमेरिकी डलर)[३] | ३१ |
| सरकारी खर्चका आधारमा जम्मा गरिबी छिद्रता | ६.१% |
| औसत गरिबी छिद्रता प्रति गरिब (अमेरिकी डलरमा) | ८६ |
| | |
| **गरिब (प्रतिदिन दुई अमेरिकी डलर मापदण्ड)** | |
| दुई अमेरिकी डलरभन्दा कम आय हुने जनसङ्ख्या | ७९.९% |
| गरिबी छिद्रता (Poverty gap)[२] | ३५.३% |
| जम्मा गरिबी छिद्रता (विलियन अमेरिकी डलर)[४] | २६६ |
| सरकारी खर्चका आधारमा जम्मा गरिबी छिद्रता | ५२.५% |
| औसत गरिबी छिद्रता प्रति गरिब (अमेरिकी डलरमा) | ३२३ |
| | |
| **औसत (सबै नागरिक)** | |
| औसत उपभोग प्रतिबर्ष (अमेरिकी डलरमा) | १,८५५ |
| | |
| **धनी (अधिक आय हुने १०% जनसङ्ख्या)** | |
| सङ्ख्या (दश लाखमा) | १०३ |
| उपभोग | ३३.५% |
| जम्मा उपभोग (अरब अमेरिकी डलर) | ६४१ |
| औसत वार्षिक उपभोग (अमेरिकी डलरमा) | ६,२१३ |

स्रोत : विश्व बैंक, अन्तर्राष्ट्रिय विकास सूचक र अन्तर्राष्ट्रिय मुद्रा कोष, अन्तर्राष्ट्रिय वित्तिय तथ्याङ्क

१. क्रयशक्ति अनुरूप हिसाब गर्दा प्रयोग गरिएको विनिमय दर ७.८ भा. रु प्रति अमेरिकी डलर,

२. परिभाषाका लागि विश्व विकास सूचकको तालिका २.६ हेर्नुहोस्

३. गरिबलाई एक अमेरिकी डलर मापदण्डमा पुर्‍याउनका लागि गरिबको उपभोगमा आवश्यक वृद्धि । ८.२% × ३६५ अमेरिकी डलर × १०३२० लाख बराबर
४.गरिबलाई दुई अमेरिकी डलर मापदण्डमा पुर्‍याउनका लागि गरिबको उपभोगमा आवश्यक वृद्धि । ३५.३% × ७३० अमेरिकी डलर × १०३२० लाख बराबर

अति गरिब जनसंख्याको आय प्रतिदिन कम्तीमा एक अमेरिकी डलरमा पुर्‍याएर गरिबहरूको अवस्था बिस्तारै सुधार गर्न भारत सरकारलाई कति पैसा चाहिन्छ त ? भारतको सवालमा यस कार्यका लागि भारत सरकारलाई प्रतिबर्ष करिब ३१ अरब अमेरिकी डलर आवश्यक पर्दछ (क्रयशक्ति अनुपातमा मापन गरिएको), जसले गरिब जनताको आय मापदण्डअनुसार बढाओस् (हेर्नुहोस् तालिका २.१) । मैले यसलाई जम्मा गरिबी छिद्रता भनेको छु । यो परिभाषा अनुसार एक अमेरिकी डलरभन्दा कम कमाउने एक औसत गरिबलाई गरिबीबाट माथि उठाउन ८६ अमेरिकी डलर प्रतिबर्ष चाहिन्छ । ३१ विलियन अमेरिकी डलर ठूलो रकम भए पनि यो भारतको जम्मा राष्ट्रिय आयको १% मात्र हो ।

गरिबहरूलाई गर्न खोजिएको यस्तो थप सहयोग सम्भव छ कि छैन भन्ने कुराको निर्धारणका लागि सरकारी खर्चको वर्तमान अवस्था र कर वृद्धिको सम्भावनामाथि ध्यान दिनुपर्छ । अर्को शब्दमा धनीहरूबाट केही रकम कर उठाएर गरिबमाझ बाँड्न अरुहरुबाट कति कर उठाउनुपर्छ त ? यस थप खर्चका लागि सरकारले आफ्नो चालू खर्चमा ६% ले वृद्धि गर्नुपर्ने हुन्छ र धनीहरूबाट पनि त्यही अनुपातमा नै कर बढाएर उठाउनुपर्ने हुन्छ ।

यस्तै हिसाब २ अमेरिकी डलर वा वार्षिक ७३० अमेरिकी डलर मापदण्डका लागि पनि गर्न सकिन्छ । यस्तो अवस्थामा २ अमेरिकी डलरभन्दा कम कमाउनेका लागि गरिबीको यस मापदण्डबाट माथि उठाउन प्रतिबर्ष ३२३ अमेरिकी डलर दिनुपर्छ । धेरै जनसङ्ख्या (कुल जनसंख्याको ८०%) यसमा पर्ने हुनाले जम्मा आवश्यक पैसा २६६ अरब अमेरिकी डलर हुन पुग्छ । यो अहिलेको सरकारी खर्चको आधाभन्दा बढी हो ।

त्यसैले पहिलो अवस्थामा यदि सरकारसँग राजनैतिक ईच्छाशक्ति छ भने भारतमा १ अमेरिकी डलर मापदण्डअनुसार अति गरिबी हटाउन आय पुनर्वितरण गर्न सम्भव देखिन्छ, किनभने यस कार्यमा ६% मात्र सरकारी खर्च बढ्छ । तर २ अमेरिकी डलरको मापदण्डअनुसार गरिबी निवारण गर्न सरकारी खर्च र करमा ५०% ले वृद्धि गर्नुपर्छ ।

अर्को उपाय भनेको धनी देशहरूलाई अनुदानका लागि राजी बनाउनु हो । यस्तो वैदेशिक अनुदान अप्रत्यक्ष सहयोगका लागि स्कुल र अस्पताल बनाउने भन्दा पनि प्रत्यक्ष बाँड्न प्रयोग हुन्छ । यस्तो अवस्थामा अहिलेको जम्मा वैदेशिक अनुदान अपुग हुन्छ । अहिले यस्तो अनुदान जम्मा ५० अरब अमेरिकी डलर छ (संयुक्त राष्ट्र सङ्घका महासचिव कोफि अन्नान र विश्व बैंकका अध्यक्ष जेम्स वल्फेन्सन्सका अनुसार यस्तो अनुदान दोब्बर गरी बढाएर १०० विलियन अमेरिकी डलर बनाउन आवश्यक छ) । यसरी ५० अरब अमेरिकी डलर अनुदानले अति गरिब एक राष्ट्र, भारतलाई मात्र १ अमेरिकी डलर मापदण्ड भन्दा माथि ल्याउन पुग्छ ( माथिको उदाहरण अनुसार भारतलाई ३१ अरब अमेरिकी डलर चाहिन्छ) । संसारका सबै गरिब राष्ट्रहरूका सन्दर्भमा यो रकम पर्याप्त छैन ।

## गरिबकेन्द्रित सहयोग

यस साधारण हिसाबलाई हेर्दा आयको पूर्ण पुनर्वितरण वा कल्याण दोषहीन रुपमा सम्भव छैन भन्ने तथ्यलाई ध्यानमा लिइएको छैन । यस हिसाबले सरकारी कर्मचारीहरूलाई गरिबीको वास्तविक अवस्था र आवश्यक थप रकम कति हो भनेर थाहा छ भन्ने मान्यता राख्छ । औसतमा एक गरिबलाई १ डलरको मापदण्डबाट उठ्न प्रतिबर्ष ८६ अमेरिकी डलर चाहिने भए पनि एक अमेरिकी डलरको मान्यता अनुसार वास्तविक रकम परिस्थिति अनुसार १ अमेरिकी डलरदेखि ३६५ अमेरिकी डलरसम्म फरक हुन सक्दछ । आय पुनर्वितरण कार्यक्रम पूर्णरूपमा सफल पार्नका लागि कसैले पनि १ अमेरिकी डलरभन्दा कम वा बढी पाउनु हुँदैन ।

१ अमेरिकी डलरभन्दा कममा बाँच्ने ३५ करोड जनताको प्रतिदिन आयको बारेमा विस्तृत जानकारी भारत सरकारलाई भएकै अवस्थामा पनि पनि पैसा बाँड्ने उपायले उनीहरूको कमाउने ईच्छामा नराम्रो असर पार्छ। यदि कुनै गरिबले १ अमेरिकी डलर बढी कमायो भने अनुदान कार्यक्रमअनुसार उसले अब त्यतिकै रकम कम पाउने भयो। यो भनेको थप आयमा १००% कर लगाए जस्तै हो। यदि यस्तो अवस्था हो भने एकजना गरिबले काम किन गर्नुपर्‍यो र ?

त्यसैले कामप्रतिको ईच्छालाई नमार्नका निम्ति सरकारले दिने पैसाको कमी ऊ आफैँले कृषि वा ज्यालादारी गरेर कमाएको भन्दा कम हुनुपर्‍यो । उदाहरणको लागि यदि कसैले थप एक अमेरिकी डलर कमायो भने उसलाई दिने रकम मात्र ५० सेन्टले घट्नुपर्‍यो । यसको मतलब सहयोगका रूपमा ती मान्छेहरूलाई मात्र पैसा दिनुपर्‍यो जसको आय प्रतिदिन १ अमेरिकी डलरभन्दा बढी छ। त्यसैले जतिसुकै सावधानीका साथ अनुदान कार्यक्रमको रचना गरे पनि ३१ अरब अमेरिकी डलरभन्दा बढी चाहियो, होइन भने आयको पुनर्वितरण कार्यक्रम गरिबीको मापदण्ड अनुसार असफल हुन्छ।

## गरिबका नाममा खेर गएको सहयोग

विगतको अनुभवअनुसार, आय पुनर्वितरण गर्ने सरकारी कार्यक्रमहरू अन्य विभिन्न समस्याहरूबाट ग्रस्त हुन्छन् । धेरैजसो गरिबहरूका लागि तयार गरिएका त्यस्ता कार्यक्रम र नीतिहरूले मध्यम र माथिल्लो वर्गका मानिसहरूलाई नै फाइदा हुन्छ। यसको एक कारण भ्रष्टाचार हो। नेहरूका नाती तथा पूर्वप्रधानमन्त्री राजीव गान्धीले पहिला सुनाएको भनिएको एउटा कथा मलाई एकजना गरिब गाउँलेले सुनाएका थिए । कथाअनुसार सरकारले गरिबहरूको सहयोगका लागि नयाँ दिल्लीबाट एउटा हात्ती गाउँमा पठाएछ । त्यो हात्ती गाउँमा पुग्दा पुच्छर बाहेक केही बाँकी रहेन। भ्रष्ट नेताहरू र सरकारी कामदारहरू यस्तो कार्यक्रमबाट बढी फाइदा लिन्छन् । यो कथाले भारतमा सरकारले गर्ने सहयोगसम्बन्धी आम विश्वासलाई दर्शाउँछ ।

अर्को भारतीय गाउँलेले उनको गाउँको परालको छानो भएको माटोको घर भत्काएर पक्की घर बनाउने सरकारी कार्यक्रमका बारेमा बताए । घर बनाइसकेपछि गाउँलेहरूले पक्की घरको निम्न गुणस्तरका बारेमा टिप्पणी गरे किनकि घर बनाउने बित्तिकै चर्किसकेको थियो । उक्त घर बनाउने निजी निर्माण कम्पनी भने इमान्दार थियो । तर उक्त कम्पनीले टेन्डर पाउनका लागि सरकारी कर्मचारीहरूलाई घुस दिएको थियो, जसले गर्दा नाफाका लागि कम्पनी कम गुणस्तरको सामान प्रयोग गर्न बाध्य भयो ।

यदि भ्रष्टाचार समस्या हुँदैनथ्यो भने तापनि यस्ता गरिबलाई सहयोग गर्ने नीति र कार्यक्रमहरू प्रायः मध्यम र उच्चवर्गका मानिसहरूप्रति मोडिन्छन् । अर्को शब्दमा भन्दा, तुलनात्मक रूपमा हुनेखानेले नै अनुदान पाउँछन् । यो कुनै अनौठो कुरा होइन किनभने बढी आय हुनेहरू प्रायः शिक्षित हुन्छन्, राजधानी वा अन्य शहरमा बस्दछन्, नीतिनिर्माणमा सरकारलाई प्रभाव पार्न सक्ने हुन्छन् । राजनीतिकर्मी र सरकारी अधिकृतहरू यस्तो कार्यक्रमबाट फाइदा लिन्छन् र आफ्नो लोकप्रियता संसद्मा समेत बढाउँछन् ।

गरिब राष्ट्रका धेरैजसो सरकारी कर्मचारीहरूले आफूहरूले वस्तु र सेवाको मूल्यमा गरिबहरूलाई छुट दिएर सहयोग गर्न खोजेको बताउँछन् । धेरै जसो व्यवहारिक नतिजामा भने मध्यम र उच्च वर्गले त्यस्तो सुविधा उपभोग गर्नाले त्यो सुविधा तल्लो वर्गसम्म जान पाएको हुँदैन । यस्तो काममा लाग्ने सरकारी खर्च बढी हुन्छ तर यसले लक्षित वर्गलाई सहयोग भने पुऱ्याउँदैन ।

केही उदाहरण दिनुपर्दा, गरिबहरूलाई खाना पकाउन र उज्यालोका लागि चाहिने भनेर मट्टितेलमा प्रायः छुट दिइन्छ, तर वास्तवमा अति गरिबहरू मट्टितेल पनि किन्न सक्दैनन् वा दुर्गम ठाउँमा सरकारले छुट सहितको मट्टितेल पुऱ्याउनै सक्दैन र उनीहरू दाउरा, गुइँठाहरू प्रयोग गर्दछन् । यस्तो छुट दिइएको मट्टितेल धेरैजसो मध्यम र उच्चवर्गका मान्छेहरूले किन्छन् ।

सरकारले धेरै अनुदान दिने क्षेत्र स्वास्थ्य हो, तर धेरैजसो अनुदान दिएका अस्पतालहरू शहरमा हुन्छन् । त्यस्ता संस्थाहरूले प्राय मध्यम र उच्च वर्गका मानिसहरूलाई मात्र सेवा पुऱ्याउँछन् । धेरैजसो गरिबहरू बस्ने दुर्गम गाँउका पुराना स्वास्थ्यचौकीमा यसको कम अंशमात्र पुग्छ । यसैगरी फोन र विद्युत्मा पनि उपदान दिइन्छ, तर ठूलो जनसङ्ख्या गाउँमा बस्छन्, जहाँ त्यस्ता सुविधाहरू हुँदैनन् । शहरमा पनि गरिबहरू सरकारी सुविधा नपुगेका ठाउँमा बस्दछन् ।

विद्यालयलाई दिइने अनुदानको महत्वपूर्ण भाग पनि गाउँका विद्यालयहरूले भन्दा तुलनात्मक रूपमा धनीहरूले नै पाउँछन् । उदाहरणका लागि चित्र २.१ मा विभिन्न देशहरूमा प्राथमिक र माध्यमिक शिक्षामा सबभन्दा गरिब २०% र सबभन्दा धनी २०% ले पाउने अनुदान देखाइएको छ । २ वटा देशहरू (रोमानिया र दक्षिण अफ्रिका) मा मात्र २०% गरिबले २०% भन्दा धेरै सहयोग पाउँछन् । धेरै जसो देशहरूमा गरिबले २०% भन्दा निकै कम सहयोग पाउँछन् जबकि धनीहरुले २०% भन्दा बढी प्राप्त गर्छन् । यदि उच्च शिक्षामा गरिने खर्च पनि जोड्ने हो भने यस्तो असन्तुलन अझ बढ्दछ ।

## के समान गरिबी ठिक छ त ?

आय पुनर्वितरणले गरिबलाई गर्ने सहयोगको सम्भावनाबारे मेरा तर्क पूरै गलत भए पनि, अझै पनि एउटा आर्थिक वृद्धिसम्बन्धी विवादरहित तर्क बाँकी नै रहन्छ । फेरि भारतकै उदाहरण, मानौं, आय पुनर्वितरणका सबैजसो समस्या हटे, करमा वृद्धि गरेर सरकारले आवश्यक आय पनि जुटायो र लक्षित गरिबहरूलाई उनुदान पुऱ्यायो, भ्रष्टाचार र तुलनात्मक धनीहरूमा सहयोग मोडिने क्रम पनि रोकियो ।

आयलाई बराबर बाँडे पनि भारतीयहरूको औसत उपभोग प्रतिव्यक्ति १८५५ अमेरिकी डलर प्रतिबर्ष जति मात्र हुन्छ (तालिका २.१ हेर्नुहोस्) । यो तह अमेरिकी डलर १ वा २ को मापदण्डभन्दा बढी भए पनि औसत भारतीय अझ

गरिब हुन्छन् । आर्थिक वृद्धिविना नै औसत मान्छेको अवस्था अर्को बर्ष राम्रो हुन्छ भन्न सकिन्न । भारतमा समानरूपमा आय बाँडिए पनि नतिजामा भने सबैजना उत्तिकै गरिब हुन्छन् । म भारतीयहरूलाई उनीहरु कहिल्यै पनि आजको भन्दा समृद्ध भविष्य पाउन सक्दैनन् भन्ने व्यक्ति हुन चाहन्न ।

## के आर्थिक वृद्धिले गरिबलाई सहयोग गर्छ ?

गरिबी निवारणमा आर्थिक वृद्धिको भूमिकालाई कम महत्व दिनेहरू आर्थिक वृद्धिले गरिबलाई भन्दा धनीलाई बढी फाइदा पुऱ्याउँछ भन्ने ठान्दछन् । मैले विश्वास नगरे पनि, यदि यो सत्य नै हो भने तापनि आय पुनर्वितरणमा विश्वास राख्नेहरूले यसको समर्थन गर्नुपर्छ, किनभने यस प्रक्रियाका कारण आयको पुनर्वितरणका लागि आवश्यक पर्ने जम्मा आय पनि त बढ्दछ ।

आर्थिक वृद्धिले गरिबलाई सहयोग गर्छ कि गर्दैन भन्ने बहसमा कसैले गरिबलाई सहयोग गर्नुलाई कसरी लिन्छ भन्नेमा भर पर्छ । फेरि भारतकै उदाहरणमा, तालिका २.२ ले कसरी तीन प्रकारका व्यक्तिहरुका लागि आय र उपभोगमा अनुमानित रुपमा वृद्धि गराउछ भनेर देखाउदछ । यी तीन व्यक्तिहरुमा सबभन्दा धनी १० प्रतिशत जनसंख्यामा पर्ने औसत व्यक्ति, देशको औसत उपभोगस्तरमा उपभोग गर्ने व्यक्ति र दिनको १ अमेरिकी डलरमा गुजारा गर्ने एक गरिब व्यक्ति पर्दछन् ।

**तालिका २.२**

**आर्थिक वृद्धिले आय/उपभोग कसरी बढाउँछ भन्ने अनुमानित उदाहरण**

**(आय/उपभोग रकम अमेरिकी डलरमा)**

| व्यक्ति | पूरानो | नयाँ | बढेको |
|---|---|---|---|
| धनी | ६,२१३ | ७,४५६ | १,२४३ |
| औसत | १,८५५ | २,२२६ | ३७१ |
| गरिब | ३६५ | ४३८ | ७३ |

गणितको सामान्य सुझबुझ भएको कसैले पनि तालिका २.२ बाट के जान्न सक्छ भने रकममा घटबढ भए पनि तीनै जनाको आय २०% ले बढेको छ ।

यही उदाहरणलाई आर्थिक वृद्धिका आलोचकहरूले वृद्धिले धनीलाई बढी र गरिबलाई कम फाइदा पुऱ्याउँछ भनेर औँल्याउन सक्छन् । धनीका लागि बढेको रकम १,२४३ अमेरिकी डलर गरिबका लागि बढेको रकम ७३ अमेरिकी डलरभन्दा १७ गुणा बढी छ ।

वृद्धिका समर्थकहरु भने आय वृद्धिको प्रतिशत सबै मानिसका लागि बिल्कुल समान रहेको तर्क गर्छन् । अरु शब्दहरुमा भन्नुपर्दा, वृद्धिले सबैलाई समानुपातिक रुपमा फाइदा पुर्‍याएको छ । वृद्धिले आयको वितरण अझ बिग्रिएको पनि छैन र सप्रिएको पनि छैन । आर्थिक वृद्धि विना, धनी व्यक्तिको गरिब व्यक्ति भन्दा १७ गुणा बढी आय रहेको थियो । आर्थिक वृद्धि पश्चात पनि उक्त अनुपात कायम नै छ, तर दूवै पहिलेको भन्दा सुधारिएको अवस्थामा छन् ।

विश्व बैंकको एक अध्ययनले वृद्धिले दुवै धनी र गरीबलाई एउटै अनुपातमा फाईदा पुऱ्याउँदछ भनी इङ्गित गर्दछ । ९२ गरिब राष्ट्रहरूको यस अध्ययनले गरिबहरूको आय वृद्धि कुल वृद्धिकै अनुपातमा हुने देखाएको छ । केही देशहरूमा केही समयअवधिसम्म गरिबको आय समग्र आय भन्दा छिटो वृद्धि भयो भने अन्य देशहरूमा अन्य समयावधिहरुमा वृद्धि ढिला भयो । वृद्धिको एकनाशको ढाँचा देखिएन । अर्को शब्दमा भन्दा, सबै आय वर्गहरुमा आय प्रतिशतमा वृद्धि भने समान रहन्छ तर आयमा वृद्धिको निरपेक्ष मूल्य भने समान हुँदैन । भारतको यो अनुमानित उदाहरण धेरै जसो देशका लागि मिल्दछ ।

धनीको भन्दा गरिबको आय वृद्धिमा बढी सहयोग गर्ने माध्यमका रूपमा म आर्थिक वृद्धिलाई जोड दिन्छु । यसले आयको पुर्नवितरणलाई बढी समान बनाउँछ । तर पनि अर्थशास्त्रको विज्ञान यस्तो छ जहाँ कसैलाई पनि सरकारले कुन नीति ल्याउँदा यस्तो अपेक्षित नतिजा हासिल गर्न सकिन्छ भन्ने कुरा थाहा

छैन । अर्थशास्त्रीहरूलाई देशका समग्र वृद्धिदर के ले बढाँउछ भनेर किटान गर्न त मुस्किल छ भने देशमा उक्त वृद्धि कसरी एउटा निश्चित वर्गतर्फ बहाउने अर्थात कसरी गरिबमुखी वृद्धि सिर्जना गर्ने भनि यकिन गर्न अति कठिन छ ।

विश्व बैंकको त्यही अध्ययनले केही सरकारी नीतिले गरिबमुखी विकास गर्छ कि भनेर पनि हेर्न खोजेको थियो । तर अनुसन्धनकर्ताहरूले यस कुरालाई पुष्टि गर्न सक्ने कुनै प्रमाण पाएनन् । हामी अर्थशास्त्रीहरूले कुनै दिन कुन सरकारी नीतिले धनीलाई भन्दा गरिबलाई धेरै फाइदा पुऱ्याउँछ भनेर पत्ता लगाउन सक्नेछन् भनेर आशा गर्न सक्छौं ।

## गरिब देशका धनीहरुलाई सहयोग गर्नु आँफैमा नराम्रो होइन

गरिबमुखि वृद्धि नीति जस्ता कुनै नीति भेट्टिए भने म त्यस्ता नीतिकै पक्षमा छु । यद्यपि, भारतजस्तो गरिब देशका तुलनात्मक धनीहरूको आय बढाउने कुरामा म बिल्कुले आँखा भने चिम्लीन सक्दिन । यसको कारण भनेको भारतजस्ता देशहरूमा धनी मानिसहरू अन्य देशका मापदण्डमा गरिब नै हुन् ।

भारतमा एउटा औसत धनी व्यक्तिको कमाई र उपभोग औसत सामान्य व्यक्तिको भन्दा तीन गुणा बढी र एक अमेरिकी डलरमा बाँच्ने गरिब व्यक्तिको भन्दा सत्र गुणा बढी हुन्छ । जे भए पनि एउटा औसत धनी व्यक्तिको कमाई र उपभोगको प्रति व्यक्ति आय (६,२१३ अमेरिकी डलर) एउटा धनी राष्ट्रको कमाई र उपभोगको स्तरभन्दा निकै तल नै हुन्छ ।

संयुक्त राज्य अमेरिकाको उदाहरण लिनुपर्दा एक व्यक्तिको वार्षिक उपभोग/आय करिब २३,००० अमेरिकी डलर छ । अमेरिकी सरकार वार्षिक ६२१३ अमेरिकी डलर कमाउनेलाई आधिकारिक रुपमै गरिब भन्न सक्छ । अमेरिकामा गरिबको आधिकारिक मापदण्ड ९,००० अमेरिकी डलर प्रतिबर्षको आय हो (जोडी र परिवारमा अझ बढी लागु हुन्छ) । यस अर्थमा हेर्दा भारतको अनुमानित धनी

मान्छे अमेरिकामा गरिब नै हो। त्यसैले भारतमा धनी मानिएकाहरूको आयमा वृद्धि पनि अन्य परिभाषा अनुसार विश्वको गरिबी घटेकै हो ।

## आर्थिक वृद्धिले विश्वको गरिबी घटाएको छ

हालैका घटनाक्रमले बताएअनुसार विश्वमा आर्थिक वृद्धिले आशा गरेभन्दा बढी गरिबी घटाएको छ । सुर्जित भल्लाका अनुसार विश्व बैंकद्वारा गरिबिका विषयमा उपलब्ध गराइएको तथ्याङ्कले आर्थिक वृद्धिबाट भएका गरिबी न्यूनिकरणलाई कम आँकलन गरेको छ। उनका अनुसार, विश्वव्यापी रुपमा पछिल्लो २ दशकको विश्वव्यापीकरणको समयमा भएको आर्थिक वृद्धि गरिबमुखी रहेको छ। भल्लाका अनुसार १ अमेरिकी डलरको मापदण्ड अनुसार सन् १९८० मा ४४% जनसङ्ख्या गरिब थिए भने सन् २००० सम्ममा १३% मात्र गरिब छन्। भूमण्डलीकरण र आर्थिक वृद्धिले गरिबी न्यूनीकरणमा फाइदा पुऱ्याउँदैन भन्ने प्रचलित तर्कका विपरीत सुर्जित भल्लाको मान्यता छ कि दोस्रो विश्वयुद्धपछिको तीन दशकभन्दा यी दुई दशकमा गरिबीको मात्रा अझ घटेको छ ।

*(पन्ध्र भन्दा बढी देशहरुमा विश्व बैंकसँग १० वर्ष भन्दा बढी कार्य गर्नुभएका रोर्बट एन्डरसन आर्थिक विकास विज्ञ हुन् ।)*

# रोजगार सिर्जना कि सम्पत्ति निर्माण ?

**ड्वाइट आर. ली**

सामान्यतया सरकारी नीतिहरूको प्रभावकारितासम्बन्धी मूल्याङ्कन त्यसले कति रोजगारी सिर्जना गरेको छ भन्ने आधारमा गरिन्छ। त्यस्तै वस्तु तथा सेवाको आयातमाथि बन्देज लगाउने कार्यलाई आन्तरिक रोजगारीको संरक्षण र प्रवर्धन गर्ने माध्यमका रूपमा लिइन्छ भने करको दरमा वृद्धि र नीतिगत अस्पष्टतालाई रोजगारी सिर्जनाको पक्षमा रहने कार्यक्रमका रूपमा अर्थ्याइन्छ । सरकारका प्रमुखले आफ्नो कार्यकालमा अर्थतन्त्रमा सिर्जना भएका नयाँ रोजगारीका बारेमा बडो गर्वपूर्ण तरिकाले भाषण दिने गर्दछन् । यस अर्थमा धेरैभन्दा धेरै रोजगारी सिर्जना गर्ने सरकारका प्रमुखहरू बढी सफल मानिन्छन्। यदि कुनै सरकारी खर्चले रोजगारीको सिर्जना गर्दछ भने त्यस्ता सरकारी खर्चको पक्षमा निकै वकालत गरिन्छ । यहाँसम्म कि युद्धलाई समेत नयाँ रोजगारीका अवसर लिएर आउने अवस्थाका रूपमा लिइन्छ।

रोजगारी सिर्जना गर्ने कार्य आफैँमा नराम्रो कुरा होइन । यो सम्पत्ति निर्माणको एक महत्वपूर्ण तरिका हो । त्यसैले रोजगारी सिर्जनालाई दिइने प्राथमिकता बुझ्न सकिन्छ। तर, रोजगारी सिर्जना सम्पति निर्माणको एक माध्यम मात्र हो भन्ने कुरा भने मान्छेहरू सजिलै बिर्सिन्छन्। प्राथमिक कार्यलाई बिर्सिएर मान्छेहरू रोजगारी सिर्जना नै अन्तिम लक्ष्य हो भन्ने तर्क गर्न थाल्दछन् ।

यस्ता तर्कलाई लोकप्रिय बनाएर उनीहरू सम्पत्तिको निर्माण गर्नेभन्दा पनि नष्ट गर्ने नीतिहरूको समर्थन अन्जानमै गरिरहेका हुन्छन् । हामीकहाँ यस्ता उदेक लाग्दा उदाहरणहरू प्रशस्तै रहेका छन् जसका बारे म तल चर्चा गर्नेछु ।

## रोजगारीको सिर्जना गर्नु समस्या होइन

समाजमा हुने सबै खाले आर्थिक क्रियाकलापहरूको लक्ष्य भनेको सीमित रूपमा उपलब्ध स्रोतहरूबाट (मानव संसाधन लगायत) सकेसम्म बढी उत्पादन गर्नु हो । यी स्रोतहरूको सीमिततालाई हामी जतिसुकै पछि धकेले पनि जित्न भने सक्दैनौँ । मानवीय आवश्यकताहरू पूर्ति गर्ने क्रममा स्रोतको यस्तो कमी सधैं रहने गर्दछ । गर्न सकिने भन्दा सँधै नै धेरै काम रहनेछन् । त्यसैले रोजगारी सिर्जना गर्ने कुरा समस्याजनक होइन । मूल कुरा भनेको यस्तो रोजगारीको सृजना गर्नु हो जहाँ अधिकतम उत्पादकत्व र मूल्य प्राप्त हुन्छ । यो त्यस्तो कथाजस्तो हो जहाँ एक इन्जिनियर चीनमा घुम्न गएका बेला चुच्चे औजार र फरुवाबाट मात्र ड्याम बनाइरहेका देखेर त्यो योजनाको व्यवस्थापकसँग ठूलाठूला यन्त्र तथा औजारहरू प्रयोग गरेमा त्यो महिनौ लाग्ने काम केही दिनमै गर्न सकिने बताउँछ । तर त्यहाँको व्यवस्थापकले त्यस्ता औजारहरूको प्रयोगले धेरैजनाको काम खोसिने तर्क गर्दा इन्जिनियरले भन्दछ “मलाई लाग्यो तपाईंको उद्देश्य ड्याम बनाउने हो, तर यदि तपाईंको उद्देश्य धेरै जनालाई काम दिने मात्र हो भने त सावेल र कोदालोको साटो हरेक कामदारलाई चम्चा दिएर काम गरे हुन्छ नी ।”

मैले जर्जिया विश्वविद्यालयका मेरा विद्यार्थीहरूलाई भन्ने गर्छु कि हाम्रो कलेज रहेको एथेन्स सहरमा म सबैलाई काम दिन्छु, तर शर्त यो हो सबैले सस्तोमा, भनौं महिनाको एक निकेल (जर्जियाको मुद्राको नाम) मा मात्र काम गर्छन् । उक्त ज्याला अझ घटाएमा म पूरा जर्जियाकै मानिसहरुलाई काम दिन सक्छु । यदि मैले यी मूल्यदरहरुमा कामदार पाएँ भने फरुवाको साटो चम्चा प्रयोग गरेर ड्याम बनाएर पनि म धेरै नै नाफा कमाउन सक्छु । निश्चय नै मेरा विद्यार्थीहरूले यो प्रस्तावलाई मुर्खतापूर्ण ठहऱ्याँउछन् किनभने उनीहरू मेरो प्रस्तावभन्दा निकै

बढी तलब अन्यत्र पाउँछन् । मेरो प्रस्ताव मुर्खतापूर्ण हुनुको कारण के हो भने मैले कूल उपयोगितालाई ध्यान नदिएर मात्र रोजगारी सिर्जनाको पक्षलाई मात्र जोड दिएँ । मैले दिने कामभन्दा विद्यार्थीहरूले अन्त पाउने धेरै तलब दिने काममा बढी उपयोगिता सृजना हुन्छ । स्वतन्त्र श्रम बजारमा अनुभव गरिएको महत्वपूर्ण फाइदा भनेको कामदारहरू काममा मात्र होइन, बढी तलब आउने काममा आकर्षित हुनु हो । बजार निर्देशित ज्यालाको अर्को फाइदा भनेको रोजगारदाताहरूले कामदार लगाउँदाको बैकल्पिक खर्चबारे सोचिरहनु र त्योभन्दा कम कामदारको प्रयोगबाट पनि उत्तिकै उत्पादन गर्नेबारे सर्तक रहिरहनु हो । सबै प्रकारको आर्थिक प्रगति उस्तै वा अझ राम्रो उत्पादन कम कामदार लगाएर बढी उत्पादन गर्न सक्षम हुँदाका परिणाम हुन् । त्यसैले केही काम र कामदार कटौती गर्दा अझ उत्पादनशील नयाँ कामहरूको सिर्जना हुने सम्भावना रहन्छ । यस्तो खालको समृद्धि निर्माणको स्रोतलाई बुझ्न नसक्दा नै खेदपूर्ण र ध्वंसात्मक आर्थिक नीतिहरूको विस्तार भई यसको व्यापकता आएको हो ।

## थप रोजगारीका निम्ति हाम्रो कार्यपद्धतिलाई परिवर्तन गरौं

सन् १८४० मा फ्रान्सेली राजनीतिकर्मीले पेरिसदेखि स्पेनसम्मको रेलमार्गमा पर्ने बोर्डो भन्ने ठाउँमा केही मिटर रेलको लिक हटाएर त्यहाँ रोजगारी सिर्जना गर्न सकिने कुरालाई महत्व दिए । यसरी रेल रोकिएपछि सामान ओसारपसार गर्दा र यात्रीहरू बस्नका लागि आवश्यक पर्ने होटलमा रोजगारी सिर्जना हुन्थ्यो (उक्त प्रस्तावको उन्नाइसौं शताब्दीका अर्थशास्त्री तथा निबन्धकार फ्रेडरिक बास्टियाले इकोनोमिक सोफिज्ममा बहस र विरोध गरेका थिए) ।

यो प्रस्ताव मेरो एक निकेलमा कामदार लगाउने प्रस्तावभन्दा पनि बढी हाँस्यास्पद छ । कम्तीमा मैले कामदारहरूबाट केही उपयोगिता हासिल गर्न सक्थैं । दुर्भाग्यवस यस्तो मुर्खताले आर्थिक तवरमा ध्वंसात्मक नीतिहरू पारित र कार्यान्वयन हुनबाट रोक्न सकेको छैन । रोजगारी सृजनाको यस्तो कुरा गरेर राजनीतिज्ञहरु एउटा निश्चित मात्राको काम गर्न आवश्यक भन्दा बढी मेहनत लाग्ने कानून लागू गर्छन् ।

आयातमा बन्देज लगाउनुपर्छ भन्नेहरूको एउटा तर्क यसले आन्तरिक रोजगारी सिर्जना गर्छ (बढाउँछ) भन्ने नै हो । निश्चय नै रेलमार्गको एक खण्ड निस्तेज गर्दा जस्तै यसले पनि आन्तरिक रोजगारी बढाउँछ नै । तर रेलमार्ग निस्तेज पार्दा जस्तै आयात बन्देजले पनि मूल्यवान् उत्पादनलाई अझ महङ्गो बनाउँछ । कुनै पनि देशले आयात गर्नुको एउटै कारण उक्त उत्पादन देशभित्र पाउन सकिने सबैभन्दा सरल र आर्थिक रूपमा सस्तो तरिका आयात मात्र भएर नै हो । त्यस्ता वस्तुको देशमै उत्पादन गर्नुभन्दा आयात गर्न कम कामदार लाग्दछ । यसरी हेर्दा आयात एक प्राविधिक प्रगति पनि हो जसले कामदारहरूलाई उनीहरुले उत्पादन गर्न सक्षम वस्तु तथा सेवाहरुको उत्पादन वृद्धि गर्ने समय र मौका दिन्छ । आयातमा बन्देज लगाएर रोजगारी सृजना गर्नु भनेको रेलमार्ग बन्द गरेर, उद्योगहरु बलले ध्वसं गरेर र कामदारहरुलाई आधुनिक औजारहरू प्रयोग गर्न नदिई रोजगार बढाए जस्तै हो । त्यसैले रोजगारीको सिर्जना भनेको सम्पति निर्माणको आर्थिक लक्ष्यप्राप्तिको एक माध्यममात्र हो र पूर्ण आर्थिक उन्नति नै होइन भन्ने कुरा सधैँ दिमागमा राख्नु पर्दछ ।

## सरकारी रोजगार सिर्जना

रोजगारीलाई साधन भन्दा पनि साध्य ठान्ने हाम्रो बानीले गर्दा मान्छेहरूले रोजगारी सिर्जना गर्न सैन्य सङ्ख्यामा वृद्धि, सडक निर्माण वा वातावरणका लागि व्यापारमा अनुगमन जस्ता कुराको समर्थन गरेको सुन्छौँ । यस्तो सरकारी लागतको औचित्य प्रमाणित गर्न सरकारी एजेन्सीहरूले लागत/फाइदा अध्ययन गर्दा अन्य पक्षभन्दा रोजगारी सिर्जनाको पाटोलाई फाइदाका रूपमा जोड दिएर उल्लेख गर्छन् । यो भनेको एउटा कार किन्न आवश्यक पैसा कमाउन गर्नुपर्ने कामको समयलाई कारबाट हुने फाइदाका रूपमा गनेर व्याख्या गरेजस्तै हो । सरकारी कार्यक्रमले गरेको रोजगारी सिर्जना वास्तवमा खर्च नै हो, सरकारी कार्यक्रममा लगाइएका कामदारहरूलाई अन्य कुनै काममा लगाएका खण्डमा उनीहरूको उत्पादनशीलता बढाउन सकिन्थ्यो । यहाँ महत्वपूर्ण प्रश्न भनेको सरकारी कार्यक्रमले रोजगारी सिर्जना गर्छ कि गर्दैन भन्ने नभई ती कामदारहरूलाई अन्य

उत्पादनका क्षेत्रमा लगाएको भए बढी उत्पादनशील काम हुन्थ्यो कि हुँदैनथ्यो भन्ने नै हो । यो सरकारी कार्यक्रमका समर्थकहरूले सोच्न नचाहेको प्रश्नका रूपमा आजपर्यन्त रहिआएको छ । यदि चाहेको भए थोरै उत्पादनशील सरकारी क्षेत्रमा भन्दा बढी उत्पादनशील निजी क्षेत्रमा रोजगारीका अवसरहरू बढी हुने थिए ।

*(ड्वाइट आर्. ली टेरी कलेज अफ बिजनेस र जर्जिया विश्वविद्यालयका प्राध्यापक तथा सेन्ट लुइमा रहेको वासिङ्टन विश्वविद्यालयको सेन्टर फर द स्टडी अफ अमेरिकन बिजनेसका सहायक फेलो हुन् ।)*

अध्याय ५

# सम्पत्तिका अधिकारहरू

## आरमेन ए. आलचिएन

पुँजीवादी आर्थिक प्रणालीको एकदमै आधारभूत आवश्यकतामध्ये एक, तर सबैभन्दा गलत तरिकाले बुझिएको अवधारणा भनेको सम्पत्तिको अधिकारसम्बन्धी अवधारणा नै हो । दशकौंदेखि संयुक्त राज्य अमेरिका तथा अधिकांश पश्चिमी मुलुकहरुमा समाजिक आलोचकहरूले प्राय सधैँजसो “मानव” अधिकारभन्दा “सम्पत्तिका” अधिकारले महत्व राखेको र त्यसको परिणाम स्वरुप मानिसहरूमा समान व्यवहार नहुने र सबैले समान अवसरहरू नपाउने अवस्था सृजना भएको भनेर अभियोग लगाउने गरेका छन् । असमानता कुनै पनि समाजमा विद्यमान हुन्छ । तर सम्पत्ति र मानव अधिकारहरूबीच कथित सङ्घर्ष एक भ्रम सरह छ - सम्पत्तिको अधिकार मानव अधिकार नै हो ।

सम्पत्तिको अधिकारको परिभाषा, बाँडफाँड र संरक्षण समाजले हल गर्नुपर्ने सबैभन्दा जटिल र गाह्रा मुद्दाहरू हुन्, तर यी मुद्दाहरूलाई कुनै न कुनै ढँगबाट हल गर्ने उपायहरु भने निकाल्नु पर्छ नै । धेरै जसो सम्पत्तिको अधिकारका सामाजिक आलोचकहरू ती अधिकारहरू निलम्बन गर्न चाहँदैनन् । यसको सट्टा उनीहरू निजी स्वामित्वबाट सरकारी स्वामित्वमा अधिकारहरू हस्तान्तरण होस् भन्ने चाहन्छन् । सार्वजनिक स्वामित्वमा केही अधिकार हस्तान्तरणले (वा नियन्त्रणले) अर्थव्यवस्था बढी प्रभावशाली बनाँउछ भने अरुले कम प्रभावकारी बनाँउछ । सबैभन्दा खराब परिणाम त तब आँउछ जब सम्पत्तिको अधिकारहरू पूरै हटाइन्छन् ।

सम्पत्तिको अधिकार एक विशेष अधिकार हो, जसले स्रोत तथा साधनहरू कसरी उपयोग हुन्छ भन्ने कुरा निर्धारित गर्छ, चाहे त्यो स्रोत सरकारको होस् वा कुनै व्यक्तिको । सरकारी प्रशासक बल र सामाजिक बहिष्कारबाट समाजले सम्पत्तिको अधिकार भएको व्यक्तिहरुलाई उक्त अधिकार प्रयोग गर्ने मान्यता दिएको छ । यदि कुनै स्रोत साधनमाथि सरकारको अधिकार छ भने सरकारको तर्फबाट त्यसलाई प्रयोग गर्ने व्यक्तिले तय गरिएका नियमहरू अन्तर्गत काम गर्नुपर्दछ । संयुक्त राज्य अमेरिकामा हो भने ती नियमहरु संसद वा उक्त भूमिका बहन गर्न बनेका कार्यकारी निकायहरुले बनाएको हुनुपर्दछ ।

निजी सम्पत्तिमाथिको अधिकारले सम्पत्तिको प्रयोग गर्नुका अतिरिक्त अन्य दुई अधिकारहरू पनि सुरक्षित गरेको हुन्छ । पहिलो उक्त सम्पत्तिबाट प्रदान गर्न सकिने सेवाहरुप्रतिको अखण्डित अधिकार हो । जस्तै - कुनै घरको मालिकले आफ्नो घर आफूले चाहेको व्यक्तिलाई भाडामा दिन सक्छ । त्यसैगरी कसैलाई दिन मन लागेन भने आफैँ पनि प्रयोग गर्न सक्दछ, अथवा अन्य रूपमा पनि प्रयोग गर्न सक्दछ । घर भाडामा दिएको खण्डमा त्यसबाट प्राप्त हुने आम्दानीलाई आफ्नो इच्छानुसार खर्च गर्न सक्दछ । यो नै स्रोतहरुबाट प्रदान गर्न सकिने सेवामाथिको अधिकार हो ।

अन्ततः निजी सम्पत्तिमाथिको अधिकारमा आफ्नो अधिकार प्रत्यायोजित गर्नु, उक्त सम्पत्तिमाथि अधिकारसम्पन्न व्यक्तिले आफूले चाहेको मूल्यमा (कोही उक्त मूल्य तिर्न राजी भएमा) भाडामा लगाउनु वा बेच्नु अथवा आफूले चाहेको व्यक्तिलाई उपहार दिनु आदि पर्दछ । यदि एक व्यक्तिमा निहित रहेको अधिकार अर्को व्यक्तिले खरिद गर्न पाएन भने सम्पत्तिमाथिको अधिकार सीमित हुन्छ । त्यसैले निजी सम्पत्तिका तीनवटा मुख्य तत्वका रूपमा (१) सम्पत्ति केका लागि प्रयोग गर्ने भन्ने अखण्डित अधिकार (२) कुनै स्रोत अर्थात सम्पत्तिबाट प्राप्त हुन सक्ने सेवामाथिको अखण्डित अधिकार (३) सहमतिका आधारमा साधनको विनिमय गर्ने अधिकार रहेका हुन्छन् ।

अमेरिकाको सर्वोच्च अदालत सम्पत्तिको अधिकारमध्ये तेस्रो अधिकारको बारेमा अनिश्चित छ । न्यायाधीशहरूले आफ्नो निर्णयमा जस्तोसुकै शब्दहरूको प्रयोग गरे तापनि सहमतिका आधारमा साधनको विनिमय गर्न पाइएन भने निजी सम्पत्तिमाथिको अधिकार सीमित हुन्छ । म लगायत अन्य अर्थशास्त्रीहरू निजी सम्पत्तिमाथिको यस्तो रोक समाजका लागि लाभदायक नहुने कुरामा विश्वस्त छौं । यसका केही कारणहरु यहाँ बयान गरिएको छ ।

निजी सम्पत्तिको व्यवस्थामा बजारमा सम्पत्तिको मूल्यले समाजमा यसको माग र प्राथमिकता देखाउँछ । सम्पत्तिको मालिक जोसुकै भए तापनि सम्पत्तिको प्रयोगमा अन्य मानिसहरूले उक्त सम्पत्तिको सही सदुपयोगका बारेमा जनाउने विचारहरुले त्यस सम्पत्तिको प्रयोगको निर्णयलाई प्रभावित गर्दछन् । यसको मुख्य कारण के हो भने सम्पत्तिको मालिकले उक्त सम्पत्तिको सबभन्दा सही उपयोग नहुने खालको निर्णय नगरेको खण्डमा उक्त अधिकतम फलदायी प्रयोगका लागि अरुहरु उसलाई केही मूल्य चुकाउन पनि तयार हुन्छन् र त्यही अनुसार उक्त सम्पत्तिको मूल्य पनि तोकिन्छ । यसरी हेर्दा यो विरोधाभासपूर्ण देखिन्छ किनकि सम्पत्ति निजी भए तापनि यसमाथि गरिने निर्णय समाज र जनताको भावनाबाट प्रभावित हुन्छ ।

सम्पत्तिमाथिको अधिकारको मुख्य उद्देश्य र यसको आधारभूत उपलब्धि भनेको आर्थिक साधनहरूमा प्रभुत्वको लागि हुने विध्वंसात्मक प्रतिस्पर्धालाई यसले रोक्छ । सम्पत्तिमाथिको अधिकार राम्ररी सुरक्षित भएका खण्डमा मानिसहरू विध्वंसात्मक नभई शान्तिपूर्ण रुपमा प्रतिस्पर्धा गर्दछन् ।

सम्पत्तिमाथिको अधिकारको कति हदसम्म लागु भएको छ भन्ने कुराले मानिसहरुले स्रोतहरुमाथि प्रभुत्व हासिल गर्न कसरी प्रतिस्पर्धा गर्छन् भन्ने कुरा निर्धारण गर्दछ । सम्पत्तिमाथिको अधिकार पूर्णरूपमा स्थापित हुँदै जाँदा बजारमा विनिमयको मूल्य प्रभावकारी हुँदै जान्छ । मानिसको व्यक्तिगत स्थिति र विशेषताहरूले स्रोत तथा साधनको प्राप्तिमा कम मात्र असर पार्छ किनकि उक्त प्रभाव न्यून गर्न मूल्यलाई घटबढ गराउन सकिन्छ । यसलाई अर्को शब्दमा के भन्न

सकिन्छ भने पूर्ण रूपमा सम्पत्तिको अधिकार लागु हुँदा भेदभाव कम हुन्छ । यदि भेदभाव भयो भने त्यसको चर्को मूल्य चुकाउनु पर्दछ । यस विषयलाई हामी साधारण उदाहरणका सहायताले प्रष्ट पार्न सक्दछौं । कुनै एउटा कालो वर्णकी केटीले गोरो वर्णको मानिसको घरमा भाडा तिरेर बस्न खोज्दा सम्पत्तिमाथिको अधिकार लागु भयो भने भेदभाव हुन पाउँदैन किनकि गोरो जातको मानिसले गोरै जातको मानिसलाई भाडामा दिन खोज्दा कालो जातको केटीले बढी मूल्य दिन सक्छिन् । यसो गर्दा पनि घरधनीले गोरो जातको मानिसलाई घर भाडामा दिन्छ भने उसले थोरै भाडाका कारण आफ्नो आय गुमाएर त्यसको मूल्य चुकाउनु पर्दछ ।

तर, यदि सरकारले बजारको भन्दा कम भाडादर कायम गरी नियन्त्रण गर्न खोज्यो भने भेदभाव गरेबापत घर धनीले गुमाउने मूल्य लगभग शून्य नै हुने गरी घट्छ । भाडा नियन्त्रणले नाटकीय ढंगले घरहरुको माग घटाउँदैन बलकि हरेका भाडामा बस्ने मानिसहरको बढी भाडा तिरी घर पाउनका लागि गर्ने प्रतिस्पर्धाको अवसर सीमित हुन्छ । घरधनीले, अधिकतम भाडा नपाउने हुँदा अब उमेर, लिङ्ग, जात, धर्म र अन्य पूर्वाग्रहका आधारमा मानिसहरुलाई घर भाडामा दिन्छ । यसले घर भाडामा लिन सक्ने व्यक्तिले दिने अधिकतम मूल्यलाई पनि असर पार्दछ । अघि हामीले चर्चा गरेको कालो वर्णकी महिलाले आफ्नो छालाको रङ्गबाट भएको प्रतिकूलतालाई बढी भाडा दिएर समायोजन गर्नबाट बञ्चित भइन ।

भाडा नियन्त्रण गर्दैमा बजारबाट घरहरुका लागि प्रतिस्पर्धा हट्ने होइन । यसले प्रतिस्पर्धालाई केवल अर्को दिशा तर्फ मोडिदिन्छ । निजी सम्पत्तिमा बन्धन लगाउनाले मौद्रिक रूपमा नभए तापनि यसले व्यक्तिगत विषेशताहरूमा प्रतिस्पर्धा निम्त्याँउदछ । अझ साधारण रुपमा, सम्पत्ति माथिको अधिकार कमजोर हुँदै जाँदा बिक्रेताहरूलाई क्रेताहरुप्रति भेदभाव गर्न र क्रेताहरूलाई बिक्रेताप्रति भेदभाव गर्नमा व्यक्तिको चारित्रीक विषेशतालाई आधार बनाउने धेरै मौका मिल्दछ ।

सामूहिक स्वामित्व र समाजवाद निजी सम्पत्तिमाथिको अधिकारलाई कमजोर पार्ने चरम तत्वहरू हुन् । समाजवादमा सरकारका विभिन्न निकायहरु

-सरकारले नियुक्त गरेका व्यक्तिहरु- साधन तथा स्रोतमाथि अधिकार जमाएर बसेका हुन्छन् । ती निकायहरूले आफूले नियन्त्रण गरेका साधनहरूका सम्बन्धमा कमै मात्र निर्णय गर्ने अधिकार पाउँदछन् । यदि कुनै व्यक्ति तथा संस्थाले ती निकायबाट ती स्रोतहरुमा सम्पत्तिको अधिकार लिएर उत्पादनमूलक कार्य गर्न खोज्दछ भने पनि त्यो कार्य सजिलै सम्भव हुँदैन किनभने सरकारी निकायहरूले ती साधन र स्रोत कुनै पनि मूल्यमा बिक्रीमा हुँदैनन् । समाजवादी व्यवस्थापकहरूलाई ती स्रोत तथा साधनहरूको मूल्य बढ्दा वा घट्दा कुनै नाफा वा नोक्सान हुँदैन, जसले गर्दा उनीहरूलाई बजारमा उक्त वस्तुको मूल्यका बारे ध्यान राख्ने उत्प्रेरणा नै हुँदैन । फलस्वरूप, सरकारी नियन्त्रणमा रहेको उक्त सम्पत्तिको प्रयोग उक्त सम्पत्तिमाथि नियन्त्रण रहेका पदाधिकारीहरुको व्यक्तिगत चरित्र र विषेशता अनुसार निर्धारण हुन्छ । यसलाई साधारण उदाहरणका सहायताले प्रमाणित गर्न सकिन्छ । मानौं एउटा सामूहिक खेतको एक सामाजवादी व्यवस्थापकले एक हप्ता रातभरि नसुतेर, उत्पादन गरिएको गहुँलाई कुहिनु भन्दा अगाडि नै मस्कोसम्म ढुवानी गररे दश लाख रुबल नाफा सिर्जना गर्न सक्छन् । तर त्यसबाट प्राप्त हुने फाइदाको केही भाग मात्रै भए पनि ऊ स्वयम वा उक्त खेतमा काम गर्ने अन्य कोहीले राख्न नपाउने अवस्थामा एक पुँजीवादी खेतको व्यस्थापकको तुलनामा उक्त व्यवस्थापकले गँहु कुहिएर जान नदिनु भन्दा घर चाँडै जान नै आत्तुर हुने सम्भावना बढी हुन्छ ।

सामूहिक स्वामित्वको अवधारणाले चाहे त्यो पहिला भनिने सोभियत सङ्घमा होस् वा संयुक्त राज्य अमेरिकामा- कसैलाई पनि साधन र स्रोतको सुरक्षा गर्न प्रेरणा दिँदैन । कुनै एउटा माछा पालन गर्ने पोखरी, जुन कसैको पनि स्वमित्वमा छैन, त्यसमा सबैले अधिक माछा मार्दछन् । त्यसमा साना माछा नमारी ठूलो भएपछि मार्ने भने कुरेर बस्नुको कुनै तार्किक कारण रहँदैन किनकि अरु कुनै माझीले ती माछाहरु समात्नेछ । यस्तै कुरा अन्य सार्वजनिक स्रोत र साधनका सन्दर्भमा पनि लागु हुन्छ चाहे त्यो भैंसी होस वा पेट्रोल खानी होस वा सफा हावा । सबै नै अधिक प्रयोग हुन्छन् ।

सोभियत सङ्घको आर्थिक सुधार कार्य असफल हुनुमा स्रोत र साधनमाथिको अधिकार सरकारबाट सामूहिक स्वामित्वमा सार्नु पनि हो । हार्वर्ड विश्वविद्यालयका अर्थविद् जेफ्री स्याक्सका अनुसार जब सरकारी स्वामित्वमा रहेका संस्थाहरूका व्यवस्थापकहरूलाई आफ्नै स्वामित्वमा व्यवसाय गर्न स्वीकृति दिइयो, उनीहरूले ती संस्थाहरूको व्यापार र नाफा आफ्नो व्यवसायमा लगानी गर्न थाले । धेरै व्यवस्थापकहरूले यस्तो कार्य गर्दा सरकारको बजेट घाटामा जान थाल्यो । त्यसै गरी, अमेरिकामा अनुचित रुपमा निर्धारण गरिएको निक्षेपको बीमा शुल्कले बैंकहरू लगायत बचत तथा ऋण उपलब्ध गराउने संस्थाहरुलाई अत्याधिक जोखिमपूर्ण ऋण लिन र निक्षेप बीमा कोषलाई "साझा" स्रोतको रुपमा लिन उत्प्रेरित गरेको छ ।

सम्पत्तिमाथिको अधिकार एउटै व्यक्तिको मात्र हुनुपर्छ भन्ने छैन । यी अधिकारहरु विभिन्न व्यक्तिहरुमा विभाजन गर्न पनि सकिन्छ र विभिन्न व्यक्तिले त्यसको बजार मूल्यका कुनै निश्चित भागको अधिकार ग्रहण गर्न सक्छन् । सम्पत्तिको उपयोगको निर्णय पनि उक्त अधिकार संयुक्त रुपमा बहन गर्ने समूहले मुनासिब सम्झे अनुसार गर्न सक्दछन् । यसको उदाहरणका लागि हामी संस्थानहरूलाई लिन सक्दछौं । सीमित दायित्व भएको संस्थानमा शेयरहरु निर्धारण गरिएको हुन्छ र संस्थानको स्रोत तथा साधनको कसरी उपयोग गर्ने भन्ने निर्णय गर्ने अधिकार व्यवस्थापनलाई सुम्पिएको हुन्छ । प्रत्येक शेयर धनीमा आफ्नो भागमा रहेको शेयर बिक्री गर्ने पूर्ण अधिकार हुन्छ । सीमित दायित्वले प्रत्येक शेयर धनीको सम्पत्तिलाई अर्को शेयर धनीको दायित्वबाट छुट्याएको हुन्छ जसले गर्दा जो कोहीबीच पनि शेयरको खरिद विकी गर्न सम्भव छुन्छ ।

अरु प्रकारका संस्थानहरुमा, विषेश गरी प्रत्येक सदस्यको धन प्रत्येक अर्को सदस्यको व्यवहारमा निर्भर हुने अवस्थामा, यस्ता सामूहिक प्रयासहरुमा सम्पत्तिको अधिकार प्रायः त्यति बेला मात्र विक्री योग्य हुन्छ जब विद्यमान सदस्यहरुले खरिदकर्ता स्वीकृत गर्छन् । साधारणतया संयुक्त लगानी, "म्यूच्यूल फन्ड" र साझेदारीमा यो लागू हुन्छ ।

पूर्ण रूपको सम्पत्तिमाथिको अधिकार अपूर्ण रूपको सम्पत्तिको अधिकार भन्दा सधैँ राम्रो हुन्छ। तर, यसमा पनि विभिन्न किसिमका मुद्दाहरू र कठिनाइहरू आइपर्छन्, जसलाई समाधान गर्न गाऱ्हो हुन्छ। यदि मैले कुनै कारखाना सञ्चालन गरेको छु र त्यसको दुर्गन्ध, धुँवा, वा त्यसले हावामा फ्याल्ने रसायन आदि वरिपरिका जग्गाहरूमा फैलिएको छ भने ती जग्गाहरू अनुमति नलिइकन प्रयोग गरिएको विषय हो कि होइन भन्ने विषय विवादास्पद बन्न सक्दछ।

निजी सम्पत्तिको अधिकार स्थापित गर्ने क्रममा आफूले गरेको कुनै क्रियाकलापलबाट हुन सक्ने वातावरण प्रदूषण गरेको क्षतिपूर्ति विभिन्न पक्षलाई दिन खोज्दा महँगो पर्न जान्छ। हावा, भूमिगत पानी, विद्युतीय एवम् चुम्बकीय किरणहरू नियन्त्रण र निरीक्षण गर्न गाऱ्हो पर्दछ। त्यस कारण फर्निचर, जुत्ता, सवारी-साधनमा जस्तो सजिलोसँग हावा, पानी आदिमा निजी सम्पत्तिको अधिकार स्थापित गर्न सकिँदैन। जब निजी सम्पत्तिमाथि अधिकार स्थापित गर्न गाऱ्हो पर्छ, तब त्यसको वैकल्पिक व्यवस्था गर्न खोजिएको हुन्छ। सरकार र सरकारी निकायहरूले वातावरणसम्बन्धी कानुन बनाएर यस किसिमको अधिकारलाई सुरक्षित गर्न खोजेको छ।

पृष्ठभूमि हेरेर कतिपय क्रियाकलापहरूलाई गोपनियता भंग, अतिक्रमण वा क्षति भन्न सकिन्छ। मैले ठूलो आँधीबेहरी आउँदा आफ्नो डुङ्गा तपाईंको बन्दर गाहमा राख्दा के मैले तपाईंको निजी सम्पत्तिको अधिकार हनन गरेको हुन्छु, वा तपाईंको अधिकारभित्र त्यस प्रयोग निषेध गर्ने अधिकार पर्छ ? परिस्थितीहरुको जटिलता र विविधताले व्यक्तिको स्रोत माथिको सम्पत्तिको अधिकारलाई प्रस्ट रुपमा परिभाषित गर्न असंभव बनाँउछ।

त्यसैगरी, सम्पत्तिको अधिकार लागू हुने सक्ने स्रोत तथा साधनहरु उचित रुपमा परिभाषित नगरिएको र सीमांकन नगरिएको हुन्छ। विचार, धुन, कार्यविधि आदि जस्ता कुराहरूको प्रतिलिपि सजिलै (लगभग शून्य खर्चमा) र विना अनुमति (अन्य प्रयोगमा बाधा नपुऱ्याई) निकाल्न सकिन्छ। फलस्वरुप, यी कुराहरुलाई साधारणतया निजी सम्पत्तिका रुपमा केही निश्चित अवधिसम्मका लागि मात्र सुरक्षित गरिएको हुन्छ।

निजी सम्पत्तिको अधिकार निरपेक्ष हुँदैन । मृत्यु पश्चात पनि स्रोतको अनन्तकालसम्मको निरन्तर प्रयोग विरुद्धको नियम यसका उदाहरण हुन् । अहिले मैले प्रयोग गरेका सम्पत्ति अनन्तकालमा कसरी प्रयोग गरिन्छ भन्ने कुरा अहिल्यै उल्लेख गर्न मिल्दैन । हालको कानुनी व्यवस्थाअनुसार आफ्नो जीवनकालभरि वा मृत्यु भएको केही समयसम्म मात्र त्यसको उपभोगको प्रत्याभूति गर्न सकिन्छ । मैले कुनै पनि स्रोतको उपयोग भविष्यका सबै पिढीहरुमा हुने बजारमूल्यबाट अछुतो राख्न सक्दिन । समाजले कुनै पनि वस्तुको बजार मूल्यअनुसार त्यसको उपभोगको निर्णय गर्दछ ।

निजी सम्पत्तिका अधिकारसँगै आउने एक द्वन्दात्मक विषय भनेको कसै बाट “जबरजस्ती” सम्पत्ति अधिकरण गरेर आफ्नो बनाई त्यसमा आफ्नो निजी सम्पत्तिको अधिकार स्थापना गर्ने इच्छा हो । यसलाई सैनिकको सहायताले वा स्रोतहरुमाथिको अधिकारलाई बलको प्रयोगले विस्थापन (जसलाई चोरी पनि भनिन्छ) गरी सम्पत्तिको पुनर्वितरण गरेर गरिन्छ । तर यस्तो बलप्रयोगलाई निजी सम्पत्तिको अधिकार नभई निजी सम्पत्तिको विपरीत विचारका रूपमा लिन सकिन्छ । बलपूर्वक सम्पत्तिको पुनर्वितरण गर्नु भनेको विद्यमान अधिकारको यथोचित सुधार नहुनु हो ।

निजी सम्पत्तिमाथिको अधिकार र मानव अधिकारबीचमा द्वन्द छैन । यथार्थमा, निजी सम्पत्तिमाथिको अधिकार पनि मानव अधिकारको नै हुन् । यसमा आफ्नो सम्पत्तिको प्रयोग र विनिमय गर्ने अधिकार पर्दछ । यदि निजी सम्पत्तिमाथिको अधिकारमा अवरोध भयो भने शक्तिको सन्तुलन व्यक्तिगतबाट अव्यक्तिगत हुँदै कुनै पनि कार्य गर्न राजनैतिक सहमति लिनुपर्ने हुन्छ । यस कारण सम्पत्तिमाथिको सशक्त वैयक्तिक अधिकार भएको व्यवस्था संसारभर रुचाइएको हो र सम्पत्तिमाथिको वैयक्तिक अधिकार स्थापित भएपछि नै मानिसको व्यक्तिगत स्वतन्त्रताको रक्षा हुन्छ ।

*(आरमेन ए. आलचियन लस एन्जलसमा रहेको क्यालिफोर्निया विश्वविद्यालयबाट सम्मानपूर्वक सेवामुक्त हुनुभएका अर्थशास्त्रका प्राध्यापक हुन् ।)*

अध्याय ६

# स्वतन्त्र बजार

## मुर्रे एन. रोथवर्ड

मानव समाजमा हुने सबै प्रकारका लेनदेनको प्रतिनिधित्व गर्ने शब्दावलीका रूपमा स्वतन्त्र बजारलाई लिन सकिन्छ । प्रत्येक लेनदेन दुई व्यक्ति, समूह वा प्रतिनिधिबीचको स्वैच्छिक सहमतिबाट मात्र हुने गर्दछ । कुनै पनि दुई व्यक्तिहरू (प्रतिनिधिहरू) ले एकआपसमा दुई भिन्न आर्थिक वस्तु वा सेवाको लेनदेन गर्दछन् । त्यसैले जब म एउटा पत्रिका पसलमा गएर पाँच रूपैयाँको पत्रिका किन्दछु, पत्रिका पसलेले र मैले दुई वस्तुहरू साटेका हुन्छौँ । म पसलेलाई पाँच रूपैयाँ दिन्छु भने ऊ मलाई पत्रिका दिन्छ । त्यस्तै यदि म कुनै कम्पनीमा काम गर्छु भने म आफ्नो कामको सेवा स्वैच्छिक रूपमा पैसासँग साट्दछु । यहाँ कम्पनीको प्रतिनिधित्व कामदार छनौट गर्ने अधिकार भएका व्यवस्थापकले गर्दछन् ।

लेनदेनबाट आफूलाई हुने सम्भावित फाइदाको अपेक्षा गर्ने हुनाले दुवै पक्ष त्यस्तो लेनदेनमा सहभागी हुन्छन् । यदि यस कार्यमार्फत् उनीहरूको अपेक्षा पूरा भयो भने उनीहरूले लेनदेनको कार्य दोहोऱ्याउँदछन् र लेनदेन गर्दा त्यसमा राखिने अपेक्षा पूरा भएन भने दोहोऱ्याउँदैनन् । व्यापार वा लेनदेन भइरहनुको कारण दुवै पक्षलाई त्यसबाट हुने फाइदा नै हो । यदि यस्तो फाइदा नहुँदो हो त कोही पनि व्यापारका लागि राजी हुने थिएन ।

यही सामान्य तर्कले नै प्रख्यात फ्रान्सेली निबन्धकार मोन्टान्यको विचारमा आधारित रहेको र सोह्रौंदेखि अठारौं शताब्दीसम्म कायम रहेको

स्वतन्त्र बजारको अवधारणाभन्दा भिन्न “वाणिज्यवादी विचार”को तर्क काट्दछ । वाणिज्यवादी विद्वानहरुका अनुसार प्रत्येक लेनदेनमा विजयी र हरूवाहरू अथवा “शोषक” र “शोषित” हुने गर्दछन्, यानकि एउटाको घाटाविना अर्को व्यक्तिले फाइदा प्राप्त गर्नु सम्भव हुँदैन । तर हामी यस्तो कुरा केवल दिग्भ्रम मात्र हो भन्ने कुरा क्षणभरमा नै आत्मसात गर्न सक्दछौं किनभने वर्तमान संसारमा मानिसहरूको आर्थिक उपार्जनका अनेक उपायहरूमध्ये व्यापारतर्फको झुकाउ अन्य पक्षभन्दा बढी रहेको छ । यसको मतलब व्यापारमा दुवै पक्षको जीत हुन्छ भन्ने हो । आधुनिक ‘गेम थियोरी’को सिद्धान्तअनुसार व्यापार त्यस्तो खेल हो जहाँ एक अर्काबीचमा जित-जितको अवस्था मात्र रहेको हुन्छ । एक “सकारात्मक योगको” अवस्था न कि “शून्य योग” वा “नकारात्मक” योगको अवस्था ।

दुवै पक्ष लेनदेनबाट कसरी लाभाविन्त हुन्छन् त ? प्रत्येक व्यक्तिलाई दुईवटा वस्तु वा सेवाको महत्व छुट्टाछुट्टै रहेको हुन्छ र यही वस्तु वा सेवाको महत्वगत फरकपनले नै लेनदेनका निम्ति आधार तयार पार्दछ । उदाहरणका लागि मसँग खल्तीमा पैसा छ तर पत्रिका छैन । अर्कोतर्फ पत्रिका पसलेसँग पत्रिका प्रशस्त छ जसलाई बेचेर ऊ पैसा चाहन्छ । यस्तो अवस्थामा दुई जनाको भेट हुँदा नै लेनदेन सम्भव हुन्छ । कुनै पनि लेनदेनलाई दुईवटा तत्वहरूले प्रभाव पार्दछन्: पहिलो, दुईवटै सहभागीले दुईवटै वस्तुलाई कति महत्व दिन्छन् र दोश्रो, दुईवटै पक्षसँग वस्तु वा सेवाको मोलतोल गर्ने क्षमता कत्तिको छ ? एउटा पत्रिकालाई कति रूपैयाँ दिने भन्ने कुरा पत्रपत्रिकाको बजारमा रहेका सहभागीहरूमा निर्भर गर्दछ अथवा एउटा ग्राहक पत्रिकालाई कति रूपैयाँ बराबरको महत्व दिन्छ भन्ने कुरामा निर्भर गर्दछ । यही लेनदेनको शब्दावलीलाई नै मूल्य भनिएको हो । यस्तो मूल्यको निर्धारण पत्रपत्रिका बजारमा कत्तिको उपलब्ध छ, ग्राहकहरू यसलाई कत्तिको महत्व दिन्छन् भन्ने कुराका आधारमा हुन्छ । अर्थात् छोटकरीमा भन्दा कुनै पनि वस्तु वा सेवाको मूल्य त्यसको माग र आपूर्तिका अन्तरक्रियाका आधारमा निर्धारण हुन्छ ।

वस्तुको आपूर्ति यथावत् रहँदा यदि उपभोक्ताका लागि वस्तुको उपयोगिता बढ्यो भने त्यसले वस्तुको माग पनि बढाउँदछ । यसले गर्दा

उपभोक्ताले उक्त वस्तुका लागि बढी मूल्य तिर्न तयार हुन्छन् र वस्तुको मूल्य पनि बढ्छ । अर्कोतर्फ, यदि उपभोक्ताका लागि वस्तुको उपयोगिता वा माग स्थिर रहेर आपूर्ति बढ्यो भने वस्तुको महत्व घटी मूल्य पनि घट्दछ । वस्तुको आपूर्ति घट्दा यसको ठीक विपरीत हुन्छ ।

त्यसैले बजार एउटा सामान्य शब्दावली होइन बरु लेनदेनको क्रमले जेलिएको जटिल प्रक्रिया हो । आदिम समाजमा वस्तुसँग वस्तु साटेर यस्तो लेनदने हुने गर्दथ्यो । दुई व्यक्तिहरू प्रत्यक्ष प्रयोगमा आउने दुई वस्तु साट्दथे, जस्तैः घोडा र गाई । जब समाज विकसित हुँदै आँउछ, प्रक्रियागत रूपमा द्विपक्षीय हितको अवस्था श्रृजना हुँदा एक वा दुईवटा अधिक प्रयोगमा आउने, बहुमूल्य वा ओसारपसार गर्न सजिलो हुने वस्तुहरूलाई बजारमा लेनदेनको अप्रत्यक्ष माध्यमका रूपमा प्रयोगमा ल्याइन्छ । मुद्राका सामानहरुका रुपमा साधारणतया सुन, चाँदी आदि जस्ता बहुमूल्य वस्तु व्यापारिक लेनदेनका क्रममा प्रयोगमा आउँछन् जुन यिनको आफ्नै महत्वका लागि भन्दा पनि इच्छाइएको अर्को वस्तु खरिद गर्नका लागि पुनः लेनदेन गर्ने माध्यमका रुपमा प्रयोग गरिन्छ । स्टिलको काम गर्ने कामदारहरुलाई काम गरेबापत स्टिलको डल्लाको सट्टा पैसा तिर्न सजिलो भयो, जुन पैसाले उनीहरू चाहेको कुरा किन्न सक्छन् । उनीहरु पनि  मुद्रा अर्थात पैसालाई ज्यालाका रुपमा स्वीकार गर्न तयार हुन्छन् किनकि उनीहरुलाई अनुभव र आफ्नो ज्ञानबाट के थाहा छ भने समाजका अन्य सबैले मुद्रालाई भुक्तानीका रुपमा स्वीकार गर्छन् । अथाह रूपमा जेलिएको आधुनिक बजार मुद्राको प्रयोगले सम्भव भएको छ । प्रत्येक व्यक्ति आफ्नो दक्षताअनुसार कामको बाँडफाँडको हिस्सा भई आफ्नो दक्षता भएको क्षेत्रमा उत्पादन गर्दछ । प्राकृतिक साधनहरूबाट उत्पादन सुरु भई बीचमा धेरै पुँजी र यन्त्रहरू प्रयोग भएर अन्तमा ग्राहकलाई बेचिन्छ । उत्पादन देखि ग्राहकलाई बेच्दासम्मको प्रत्येक चरणमा मुद्रा नै स्वेच्छिक रूपमा लेनदेनको साधन बन्छ । यसले पुँजी, कामदारको सेवा र स्रोतहरूलाई लेनदेन गर्न सघाउँछ । प्रत्येक चरणमा लेनदेनका शर्तहरू र मूल्य चाहिँ मागकर्ता र अपूर्तिकर्ताको स्वतन्त्र सल्लाहमा निर्भर हुन्छ । यस्तो बजार "स्वतन्त्र" हुन्छ किनभने प्रत्येक पलमा लेनदेनको स्वतन्त्रतापूर्वक र स्वेच्छिक छनौट गरिन्छ ।

स्वतन्त्र बजार र स्वतन्त्र मूल्य निर्धारण प्रणालीका कारणले सबै प्रकारका सामानहरू संसारभर उपलब्ध भएका हुन् । स्वतन्त्र बजारले नै उपभोक्ताहरुको भविष्यका इच्छाहरु पूरा गर्नका लागि जोखिम मोलेर पुँजी र स्रोतहरूको प्रभावकारी परिचालन गर्ने उद्यमीहरूका लागि फराकिलो बजार क्षेत्र स्थापित गर्छ । बचत र लगानीले पुँजीगत वस्तुहरूलाई बढाएर उत्पादकत्व र कामदारको ज्याला पनि बढाउँछ । यसले कामदारहरुको जीवनस्तर पनि उकास्दछ । स्वतन्त्र प्रतिस्पर्धी बजारले प्राविधिक परिवर्तनशीलतालाई बढावा दिन्छ र रचनात्मक व्यक्तिहरूलाई प्रभावकारी तरिकाले ग्राहकहरूका माग सम्बोधन गर्ने मौका दिन्छ । लगानी प्रोत्साहित मात्रै हुँदैन बलकि, त्यो भन्दा पनि जरुरी, मूल्य प्रणाली तथा नाफा घाटाको प्रतिफलले पुँजीको लगानी र उत्पादनको मार्गनिर्देशन गर्दछ । जटिल बजार व्यवस्था स्वतः सन्तुलित भई उत्पादन व्यवस्थामा अस्पष्ट र अदृश्य कृत्रिम अभाव र अधिकता रहँदैनन् । तर, लेनदेनहरू सबै स्वतन्त्र हुँदैनन्, कतिपय छलकपटपूर्ण पनि हुन्छन् । यदि कुनै डाँकाले तपाईँलाई तपाईँको पैसा कि जीवन भनेर धम्क्यायो भने तपाइले तिरेको पैसा स्वतन्त्रतापूर्वक होइन बलकि जबरजस्ती हो । उसले तपाईँको मूल्यमा नाफा कमाएको हुन्छ । यो डकैती हो, स्वतन्त्र बजार होइन । वाणिज्यवादी अर्थतन्त्रको नमुनामा ठ्याक्कै यस्तो हुने गर्दछ, जहाँ डकैती गर्नेले ठगिनेको मूल्यमा नाफा कमाउँछ । स्वतन्त्र बजारमा नभई शोषण त्यहाँ विद्यमान हुन्छ जहाँ एक पक्ष डकैती गर्ने र अर्को पक्ष पीडित हुने गर्दछ । यस्तो कार्यले अन्ततः उत्पादन, पूँजी, उत्पादकत्व, लगानी र जीवनस्तरमा नै ह्रास ल्याउँदछ । डकैती गर्नेहरुकै जीवनस्तरमा पनि अन्ततः ह्रास आउँदछ ।

सबै प्रकारका समाजमा सरकार मात्र बल प्रयोग गर्ने कानूनी व्यवस्था हो । कर लगाउनु बलपूर्वक गरिने लेनदेन हो र उत्पादनमा जति कर बढ्दै जान्छ, त्यति नै आर्थिक वृद्धिलाई नकारात्मक असर पर्ने सम्भावना हुन्छ । सरकारका अन्य धम्कीपूर्ण व्यवहारहरू (मूल्य निर्धारण, कोटा, नयाँ प्रतिपस्पर्धीलाई बजार आउन नदिनु) ले बजारको लेनदेनलाई लङ्गडो बनाउँछ भने अन्य हस्तक्षेपहरू (छलपूर्ण व्यवहारमा बन्देज, सौदावाजीमा जोड दिने) ले स्वतन्त्र लेनदेनलाई सहयोग पुर्‍याउँदछ ।

सरकारी बलजफ्तीको अधिकतम रूप समाजवाद हो । समाजवादी केन्द्रीय योजनाकारहरूसँग जमिन र पुँजीगत वस्तुका लागि आवश्यक मूल्य प्रणाली हुँदैन । रोबर्ट हेइलब्रोनर जस्ता समाजवादी पनि समाजवादी योजनाकारहरूले उत्पादकत्व, मूल्य निर्धारण र खर्चको व्यवस्थापन गर्न नसक्ने स्वीकार्दछन् । सोभियत रुसको अनुभव यससम्बन्धी एउटा राम्रो उदाहरण थियो, जहाँ अत्यधिक गहुँ उत्पादन त भयो तर त्यो गहुँ पसलहरु सम्म पुग्न नसकी कुहिएर गए । यसले आधुनिक र जटिल समाजमा स्वतन्त्र बजारविना अर्थतन्त्र संचालन गर्न असम्भव हुने कुरा प्रस्टयाँउदछ । अघिको उदाहरणमा उपभोक्तासम्म गहुँ पुर्‍याउने प्रकियामा गहुँको प्रशोधन वा ढुवानी लगायतका विभिन्न चरणमा न त काम गर्ने अभिप्रेरणा छ न मूल्य र लागत निर्धारण गर्ने प्रणाली नै । यसरी गँहुमा भएको लगानी पूर्णरूपमा डुब्यो ।

वास्तवमा “समाजवादी बजार” शब्दावली आफैंमा विरोधाभासपूर्ण छ । समाजवादी बजारबारेका प्रचलित बहसहरूमा प्रायः बजारको एक मूख्य विषयलाई नजरअन्दाज गरिएको पाइन्छ । जब दुई वस्तुहरूको लेनदेन हुन्छ, वास्तवमा उक्त वस्तुहरुमाथिको सम्पत्तिको अधिकार पनि साटिन्छ । पत्रिका किन्दा पाँच रूपैयाँमाथिको मेरो अधिकार पत्रिका पसलेमा र पत्रिकामाथिको उसको अधिकार ममा सर्दछ । घरको कारोवारमा पनि यही नै प्रक्रिया हो । पत्रिकाको उदाहरणमा यो बढी अनौपचारिक हुन्छ र विभिन्न कानुनी प्रक्रियाहरूको आवश्यकता पनि पर्दैन । तर दुवै वस्तुहरूको आर्थिक प्रकृति भने एउटै रहेको हुन्छ ।

यसको अर्थ स्वतन्त्र बजारलाई अस्तित्वमा रहन र फैलिनका लागि महत्वपूर्ण पक्ष भनेको त्यस्तो समाज हो जहाँ निजी सम्पत्तिमाथिको अधिकारको सम्पूर्ण रूपमा सम्मान, सर्मथन र सुरक्षा हुन्छ । अर्कोतर्फ समाजवादको महत्वपूर्ण पक्ष भनेको उत्पादनका साधनहरू, जमिन र पुँजिगत वस्तुमाथिको सरकारी स्वामित्व स्थापना गर्नु हो । स्वतन्त्र बजारका कतिपय आलोचकहरू सम्पत्तिमाथिको अधिकार र “मानव” अधिकारबीच असामञ्जस्यता हुने बताउँछन् । तर उनीहरू यो महसुस गर्दैनन् कि स्वतन्त्र बजार प्रणालीमा प्रत्येक व्यक्तिसँग आफ्नै र आफ्नो कामप्रतिको

अधिकार रहँदै गर्दा श्रमिक आफ्नो श्रम बेच्न पनि स्वतन्त्र हुन्छ । दास प्रथाले आधारभूत सम्पतिमाथिको र आफ्नै शरीरमाथिको अधिकार हनन हुन्छ । यदि बोल्ने अधिकार र सम्पतिमाथिको अधिकार सुरक्षित हुँदैन भने अन्य मानव अधिकारहरूको पनि कुनै महत्व र सान्दर्भिकता नै रहँदैन ।

स्वतन्त्र बजारका विरोधीहरूले यसमाथि लगाउने अर्को आरोप भनेको यसमा बलियाले निर्धालाई पेल्ने जङ्गलको कानून हुन्छ र यसले मानव सहयोगको भावनाभन्दा भिन्न प्रतिस्पर्धाको भावना हावी गराउँदछ भने आध्यात्मिक मान्यता, दार्शनिक सोच र आरामसम्बन्धी व्यवहारहरूलाई भौतिक सफलताका आधारमा दबाउँदछ भन्ने हो । तर यसको उल्टो जङ्गल भनेको एउटा चोरीमा आधारित परजीवी समाज हो, जहाँ जीवन र जीवनस्तरलाई महत्व दिइन्न । उत्पादनकर्ता र आपूर्तिकर्ताको शान्तिपूर्ण बजार प्रतिस्पर्धा एउटा सहयोगपूर्ण प्रक्रिया हो जहाँ (स्वतन्त्रता नभएको समाजको तुलनामा) सबै जना लाभान्वित हुन्छन् । स्वतन्त्र समाजमा आधारित भौतिक सफलताले निसङ्कोच जीवनका खुशीहरू उपभोग गर्ने र आध्यात्मिक सुखतर्फ ध्यान दिन समेत सहयोग पुर्‍याउँदछ । शून्य वा सानो बजार भएका साम्यवादी देशहरूमा जनताको दैनिक जीवनमा भौतिक सुखको मात्र अन्त्य नभई उनीहरूको आत्मा समेत पनि त्यसको शिकार भएको हुन्छ ।

*(मुर्रे एन. रोथवर्ड, जसको सन् १९९५ मा देहान्त भएको थियो, लस भेगासको नेभाडा विश्वविद्यालयमा अर्थशास्त्रका वरिष्ठ प्राध्यापक थिए । उनी बीसौं शताब्दीको पछिल्लो अर्धशतकताकाका नेतृत्वदायी अर्थशास्त्रीका रूपमा परिचित रहेका थिए । शिक्षण र लेखन पेशाका रोथवडएले अस्ट्रियन स्कुल अफ इकोनोमिक्सको पुनरुत्थान गर्न र बीसौँ शताब्दीमा उदारवादी सोचाइलाई पुनर्जन्म दिने कार्यमा महत्वपूर्ण भूमिका खेलेका थिए ।)*

# बजारका बारेमा बीस भ्रमहरू

टम पाल्मर

बजारको संरचनाद्वारा सामाजिक समन्वयका समस्याहरू समाधान गर्ने कुराको गुण तथा त्यसमा आउने चुनौतीबारे चिन्तन गर्ने क्रममा यसबारेमा व्याप्त केही सामान्य भ्रमहरूलाई प्रष्ट पार्नु उपयुक्त हुन्छ । भ्रम भन्नाले मेरो आशय त्यस्ता भनाइहरूतर्फ हो जसलाई कुनै तर्क वा प्रमाणले प्रष्ट्याउने जरुरत नै महसुस नगरी सत्य मानिन्छ । यी त्यस्ता कुराहरू हुन् जो रेडियो, साथीहरू, राजनीतिज्ञहरू वा सामान्य रूपमा हाम्रो वरिपरिको वातावरणमा सुनिएका हुन्छन् । एक प्रकारका गहन ज्ञानगुनका कुराझैं यिनीहरूलाई दोहोर्‍याइ पनि राखिएको हुन्छ । यसमा खतरा के छ भने, यी मिथ्याहरू यति सर्वव्यापी छन् कि यिनलाई आलोचनात्मक रूपमा परीक्षण नै गरिँदैन । यहाँ मेरो प्रस्ताव भनेको यही कार्य गर्नु हो ।

सबै नभए पनि धेरैजसो यस्ता भ्रमहरू स्वतन्त्र बजारको विरोध गर्नेहरूले नै फैलाउँछन् । तर केही भने सानो समूहका त्यस्ता व्यक्तिहरूद्वारा फैलाइन्छ, जो स्वतन्त्र बजारबारे कम जानकार भए तापनि अलि बढी नै उत्सुक हुन्छन् ।

तल प्रस्तुत गरिएका त्यस्ता बीसवटा भ्रमहरू हुन्, जुन चार वर्गमा विभाजन गरिएको छ :

» नैतिक आलोचना
» आर्थिक आलोचना
» नैतिक र आर्थिक दुवै मिश्रित आलोचना; र
» उग्र प्रतिरोधहरू

## नैतिक आलोचना

### १) बजारहरू अनैतिक वा नैतिकताविहीन हुन्छन् ।

**शुद्ध र सरल रूपमा भन्नुपर्दा बजारले मानिसलाई फाइदाको गणनाबारे मात्र सोच्न लगाउँछ । बजारको लेनदेनमा कुनै नैतिकता हुँदैन र मानव भएका नाताले हामी कसरी अलग छौँ भन्ने कुरा देखाउनेतर्फ कुनै प्रतिबद्धता पनि हुँदैन । बजारमा आफूलाई के फाइदा छ भन्ने बाहेक कुन सही र कुन गलत हो या कुन नैतिक हो र कुन अनैतिक हो भनेर सोचिँदैन ।**

यो भन्दा असत्य दाबीको कल्पना गर्न पनि गाह्रो हुन्छ। बजारमा लेनदेन वा आदानप्रदान हुनका लागि न्यायको सम्मान हुनु जरुरी छ। जो मानिसहरू लेनदेन वा आदानप्रदान गर्दछन्, तिनीहरू केवल लिने काम मात्र गर्ने मान्छेहरूभन्दा फरक हुन्छन् । बजारमा लेनदेन गर्ने मानिसहरू अरू मान्छेहरूका जायज दाबीहरूप्रति सम्मान देखाउँछन् । वास्तवमा मानिसहरू लेनदेनमा सहभागी हुनुको कारण नै के हो भने उनीहरू अरूसँग भएको वस्तुहरू चाहन्छन्। तर नैतिकता र नियममा बाँधिएका कारण त्यो वस्तु त्यतिकै लिँदैनन् । लेनदेन भनेकै स्रोतहरूलाई एक स्थानबाट अर्को स्थानसम्म लग्नु हो । तसर्थ कुनै पनि लेनदेनलाई एउटा आधार रेखामा मापन गरिन्छ र यसमा लेनदेन नहुने हो भने दुवै पक्षले आफूसँग भएका कुराहरू आफैसँग राख्दछन् । त्यसैले यस्तो आदानप्रदानको संरचनामा न्यायको दरिलो आधार हुनु जरुरी हुन्छ। यस्तो नैतिक तथा वैधानिक आधारहरूविना कुनै पनि लेनदेन हुनै सक्दैन ।

यद्यपि, बजारहरू केवल न्यायको सम्मानमा मात्रै आधारित भएर स्थापना गरिएका हुँदैनन् । मानिसहरूले आफ्नो मात्र नभई अरूको पनि इच्छालाई ध्यानमा राख्न सक्ने, आफूलाई उनीहरूको स्थानमा राख्न सक्ने क्षमतामा पनि बजार आधारित हुन्छ । उदाहरणका लागि एउटा रेष्टुरेन्टवालाले आफ्ना ग्राहकहरू के चाहन्छन् भनेर वास्ता गर्न सकेन भने ऊ त्यो व्यापारमा लामो समयसम्म टिक्न सक्दैन । यदि त्यहाँको खानाले ग्राहकहरूलाई खुसी पार्न सकेन भने उनीहरू अर्को पटक त्यस स्थानमा आउँदैनन् । परिणामतः ऊ त्यो व्यापारबाट बाहिरिन्छ। बजारले यसका सहभागीहरूलाई अरूको स्थानमा बसेर हेर्न, उनीहरूको चाहना मनन गरी ध्यानमा राख्न, उनीहरूले जसरी कुराहरू देख्छन्, त्यसरी नै हेर्ने प्रयास गर्न उत्प्रेरणा दिन्छ ।

बजारहरू हिंसाका विकल्प हुन् । बजारले हामीलाई सामाजिक बनाउँछ । बजारले हामीलाई अरू मानिसहरू पनि महत्वपूर्ण हुन्छन् भनेर सम्झाइ रहेको हुन्छ ।

### २) बजारले लोभ र स्वार्थलाई बढावा दिन्छ ।

**बजारमा मानिसहरू केवल सबैभन्दा कम मूल्य पाउन वा सबैभन्दा बढी फाइदा कमाउन मात्र खोजिरहेका हुन्छन् । यस्तोमा उनीहरू आफ्नो लोभ र स्वार्थपूर्तिबाट मात्रै उत्प्रेरित हुन्छन्, न कि अरूप्रतिको सरोकारबाट ।**

बजारले लोभ वा स्वार्थलाई न बढावा दिन्छ न त निरुत्साहित नै गर्छ । यसले सबैभन्दा परोपकारीका साथसाथै सबैभन्दा स्वार्थीलाई पनि आनन्दले आफ्नो उद्देश्यमा निरन्तर लागिरहन सम्भव बनाउँछ । अरूको सेवामा आफ्नो जीवन समर्पण गर्नेहरूभन्दा आफ्नो सम्पत्तिको भण्डार बढाउने उद्देश्य भएका मानिसहरूले बजारलाई कम प्रयोग गर्छन् भन्ने होइन । धेरै सम्पत्ति कमाउने उद्देश्य भएकाहरूमा पनि कति मानिसहरू अरूलाई सेवा गर्न सक्ने क्षमता बढाउनका लागि पनि सम्पत्ति सङ्कलन गर्ने गर्दछन् । यसका केही उदाहरण जर्ज सोरोस र विल गेट्स नै हुन् । उनीहरूले धेरै पैसा कमाउनुमा उनीहरूको उद्देश्यको कम से कम एउटा पक्ष

भनेको ठूला दानजन्य परोपकारी क्रियाकलापहरू गरी आफ्नो क्षमतालाई बढाउनु पनि हो ।

यदि मदर टेरेसाजस्तो कसैले आफूसँग भएको सम्पत्ति धेरैभन्दा धेरै मानिसहरूलाई खाना खुवाउन, लत्ताकपडा दिन र उपकार गर्नका लागि खर्च गर्न चाहन्छिन् भने बजारले सहयोगको आवश्यकता भएकाहरूलाई चाहिने कम्बलहरू, खाना र औषधीहरू सबैभन्दा सस्तो मूल्यमा उपलब्ध गराइदिन्छ। बजारले सम्पत्ति सिर्जना गर्ने अवसर जन्माउँछ र त्यो सम्पत्ति दुर्भाग्यमा फसेका र उपकारको आवश्यकता परेकालाई मद्दत गर्दै उनीहरूलाई पनि अरूहरूको मद्दत गर्न योग्य बनाउन प्रयोग गर्न सकिन्छ। बजारले सहयोगको आवश्यकता पर्नेहरूलाई उपकार गर्न सम्भव बनाउँछ ।

मानिसहरूले कुनै पनि काम किन गर्छन् भन्ने प्रश्नको उत्तर खोज्दा प्रायः एउटा गल्ती निरन्तर गरिएको हुन्छ । मानिसहरूले आफ्नो हितका लागि गरेको काम (Self Interest) लाई स्वार्थ (Selfishness) सँग तुलना गरेर बुझ्नु नै त्यस्तो गल्ती हो । हो, बजारमा भाग लिने व्यक्तिहरू आफ्नो हितमा केन्द्रित भएर काम गर्छन्, तर त्यसो हुँदा पनि आफ्ना परिवारका सदस्यहरू, साथीहरू, छिमेकीहरू लगायत केही अपरिचितहरू जोसँग हामी कहिल्यै भेट्दैनौँ, उनीहरूको चाहना र हित बारेमा पनि सचेत हुन्छन् । माथि भनेझैं बजारमा अरूहरूको आवश्यकतलालाई नै ध्यानमा राखी वस्तु तथा सेवाहरूको आदानप्रदान हुन्छ जसमा बिल्कुलै अपरिचित व्यक्तिहरू आ-आफ्नो हित हेर्दा हेर्दै पनि एक अर्काबाट आफ्ना आवश्यकताहरू पूरा गर्दै सहकार्य गर्छन् ।

प्रायः देखाइएजस्तो मानव समाजको सबैभन्दा गहिरो आधार माया होइन, न त मित्रता नै हो । माया र मित्रता भनेको समन्वय र सहयोगद्वारा हुने द्विपक्षीय हितको फल हो चाहे त्यो सानो समूहमा होस् या ठूलो समूहमा । यस्तो द्विपक्षीय हितविना समाज नै असम्भव हुन्छ। दुवै पक्षको हित हुने सम्भावनाविना त रामको राम्रो हुँदा रीताको नराम्रो हुन्छ र उनीहरू कहिल्यै पनि साझेदार, सहपाठी या मित्र हुन सक्दैनन् । बजारले यस्तो अवस्थाको नभई सहयोग र समन्वयको

वातावरणलाई वृहत् रूपमा उजागर गर्दछ, जहाँ दुवै पक्षको हित हुन्छ । एउटै भाषा नबोल्ने, एउटै धर्म नमान्ने वा कहिल्यै नभेटेका र आपसमा अपरिचित व्यक्तिहरूका बीचमा पनि सहयोगलाई सम्भव बनाउने काम बजारले गर्दछ । व्यापार तथा व्यापारलाई प्रष्ट र सहज पार्ने, राम्ररी परिभाषित र कानूनी रूपमा सुरक्षित सम्पत्तिको अधिकारबाट स्थापित हुन सक्ने लाभले अपरिचितहरूका बीच सहयोग र सीमापारी पनि माया र मित्रता कायम गराउँदछ ।

## आर्थिक आलोचना

### ३) बजारमाथिको निर्भरताले एकाधिकार निम्त्याउँछ ।

**सरकारको हस्तक्षेपविना स्वतन्त्र बजारमा निर्भर हुँदा सबै कुराहरू केही थोरै ठूला व्यवसायिक संस्थाहरूले मात्रै बेच्ने अवस्था उत्पन्न हुन्छ । बजारले प्राकृतिक रूपमा एकाधिकार सिर्जना गर्दछ, साना उत्पादकहरू नाफाखोर फर्महरूद्वारा च्यापिएर बजारबाट धपाइन्छन्, जबकि सरकार जनताको हित हेर्न अभिप्रेरित हुन्छ र एकाधिकारलाई रोक्ने काम तथा कारवाही गर्छ ।**

सरकारले इच्छाएका व्यक्तिहरू वा समूहहरूलाई एकाधिकार दिन सक्छ र प्रायः दिन्छ पनि । अर्थात् सरकारले अरूलाई बजारमा छिर्न र ग्राहकहरूको सेवामा प्रतिस्पर्धा हुनबाट रोक्ने काम गरिरहेको हुन्छ । एकाधिकार एउटा सरकारी निकाय आफैँमा पनि हुन सक्छ, (जस्तैः धेरै देशहरूमा हुलाक सेवामा सरकारको एकाधिकार छ) वा यसले इच्छाएका कम्पनी, परिवार वा व्यक्तिलाई पनि यस्तो एकाधिकार दिएको हुन सक्छ ।

के स्वतन्त्र बजारले एकाधिकार स्थापनालाई प्रवर्द्धन गर्छ ? यसमा गर्छ भनेर सोच्नका लागि त्यति तर्कसङ्गत कुराहरू छैनन् तर गर्दैन भनेर सोच्नका लागि थुप्रै कारणहरू छन् । स्वतन्त्र बजार व्यक्तिको बजारमा प्रवेश गर्ने, बजारबाट निस्कने र चाहनाअनुसार किन्न र बेच्न पाउने स्वतन्त्रतामा आधारित हुन्छ । स्वतन्त्र रूपमा बजारमा प्रवेश गर्ने स्वतन्त्रताका साथ आएका कम्पनीहरूले

औसतभन्दा बढी नाफा कमाए भने, उक्त फाइदाले अरू प्रतिस्पर्धीहरूलाई आकर्षित गर्दछ । केही अर्थशास्त्रका पुस्तकहरूमा बजारमा उत्पन्न हुन सक्ने यस्तो काल्पनिक परिस्थितिको व्याख्या पाइन्छ जहाँ आफूले लगाएको अवसर लागत (Opportunity Cost) भन्दा अत्याधिक कमाई हुन्छ, जसलाई त्यो स्रोतको "लगान" (Rent) पनि भनिन्छ । यहाँ अवसर लागत भन्नाले त्यही स्रोत अन्यत्र लगाउँदा कमाइने आयका रूपमा परिभाषित हुन्छ । तर यस्ता उदाहरणहरू वास्तविक बजारमा बिरलै पाइन्छन् । यस्तो परिस्थिति केही अनुपम स्रोतहरूमा मात्र पाउन सकिन्छ, जस्तै रेम्ब्रान्टका चित्रकलाहरू[१] । तर यस्तो परिस्थिति उत्पन्न हुने अवस्था धेरैको जीवनमा असान्दर्भिक हुन सक्छ । यसको ठीक विपरीत इतिहासमा सरकारले आफ्ना समर्थकहरूलाई दिएको विशिष्ट अधिकारका उदाहरणहरू भने प्रशस्त पाउन सकिन्छ, जसले गर्दा स्रोतमा लगान उत्पन्न हुन्छ । तर बजारमा भित्रिन पाउने स्वतन्त्रता र छनौटको स्वतन्त्रताले यस्ता विशिष्ट सामाग्रीहरूको लगान कमाउन सक्ने सम्भावनालाई न्यून गरी उपभोक्ताको हितलाई प्रवर्धन गर्दछ ।

त्यसको ठीक विपरीत, कसले कस्ता सेवा तथा वस्तुहरू बेच्न पाउने या नपाउने भन्ने कुराको निर्णय गर्ने शक्ति सरकारलाई दिँदा एकाधिकार सिर्जना हुन्छ । यसको उदाहरण इतिहासमा वास्तविक रूपमा देखिएको नै छ । यी एकाधिकारमूलक व्यवसायहरू उपभोक्ताका लागि हानिकारक हुन्छन् र यिनले मानवजातिको उत्पादकत्व, जसमा मानवहरूको विकास निर्भर हुन्छ, त्यसलाई कुण्ठित गर्छन् । यदि बजारले आफैं नियमित रूपमा एकाधिकार ल्याउने भएको भए हामीले यति धेरै मानिसहरू सरकारसँग आफ्ना लागि एकाधिकार माग्न गएको देख्ने थिएनौं होला । बजारले एकाधिकार ल्याउने भए यी व्यक्तिहरू बरु बजारबाटै एकाधिकार लिन्थे होलान् ।

सरकार आफैंले सधैं एकाधिकारको अभ्यास गर्न खोजिरहेको हुन्छ भन्ने कुरा जहिले पनि याद गरिराख्नु महत्वपूर्ण हुन्छ । सरकारको एउटा पारिभाषिक

१ रेम्ब्रान्ट १६औं शताब्दीका महान चित्रकार हुन् । युरोपियन कला र नेदरल्याण्डको समग्र इतिहासमै उनलाई एक महान् हस्तीका रुपमा लिइन्छ ।

विशेषता नै के हो भने यसले एउटा निश्चित भौगोलिक क्षेत्रमा बल प्रयोग गर्ने कुरामा एकाधिकारको अभ्यास गरिरहेको हुन्छ। प्रतिस्पर्धा गर्न पाउने स्वतन्त्रता भनेरै परिभाषित गरिने बजारको प्रतिस्पर्धाभन्दा एकाधिकार बढी मित्रवत् हुन्छ भनेर हामी कसरी अपेक्षा गर्न सक्दछौं ?

### ४) बजारहरू पूर्ण जानकारी (Perfect Information) मा निर्भर हुन्छन् र यसका लागि सरकारी संयन्त्रहरूले जानकारी उपलब्ध गराउनु जरूरी हुन्छ ।

**बजार प्रभावकारी हुनका लागि बजारमा सहभागी सबैले आफ्नो कामको लागत वा भनुँ मूल्यबारे पूर्ण रूपले जानकार हुनुपर्दछ । कुनै व्यक्तिसँग अर्को कसैसँग भन्दा बढी जानकारी भएमा त्यस्तो असमानताले कम प्रभावकारी र अन्यायोचित परिणामहरू निम्ताउँदछ । प्रभावकारी र न्यायोचित प्रतिफल निकाल्नका लागि र बजारसँग नभएका जानकारीहरू उपलब्ध गराउनका लागि सरकारले हस्तक्षेप गर्नुपर्दछ ।**

अरू सबै कुराहरू जस्तै जानकारी वा सूचनाहरू पनि सँधै महँगो नै हुन्छ, अर्थात् हामीले त्यो कुरा पाउनका लागि केही कुरा त्याग्नु जरुरी हुन्छ । जानकारी पनि एउटा उत्पादन हो जुन बजारमा किनबेच गरिन्छ । जस्तै हामीहरू धेरै जानकारीहरू भएका किताबहरू किन्छौँ किनकि हामीले किताबमा भएको जानकारी/ज्ञानलाई त्यसको लागि हामीले दिनुपर्ने मूल्यभन्दा बढी महत्व दिन्छौँ । लोकतन्त्रजस्तो व्यवस्था पनि अपूर्ण जानकारीहरूमा चलि नै रहेको हुन्छ भने बजार सञ्चालन पनि त्यस्तै नै हो । यसका लागि पूर्ण जानकारी (Perfect Information) को आवश्यकता नै पर्दैन। यी सूचनाहरू बजारका लागि महँगा हुन्छन् तर राजनीतिक सहभागिताको कुरामा निःशुल्कता हुन्छ भन्ने मान्यता आफैमा अव्यवहारिक हुन्छ। लोकतन्त्रको अभ्यासमा न त राजनीतिज्ञहरू न मतदाताहरूसँग नै सम्पूर्ण जानकारी हुन्छ । वास्तवमा राजनीतिज्ञहरू र मतदाताहरूसँग बजारका सहभागीहरूलाई जस्तो आवश्यक जानकारी खोज्ने त्यति चासो पनि हुँदैन किनकि त्यहाँ उनीहरूले आफ्नो खल्तीबाट पैसा खर्च गरेका हुँदैनन् । आफ्नै खल्तीबाट पैसा जाने नभई जनताको ढुकुटीबाट खर्च गर्ने हुँदा राजनीतिज्ञहरूलाई आवश्यक जानकारीहरू सर्तकताका साथ सङ्कलन गर्ने कुरामा मतलब पनि हुँदैन ।

सरकारको हस्तक्षेपका लागि आउने एउटा साझा तर्क उपभोक्ता र विशेष सेवा प्रदान गर्नेहरूबीचको सूचनाको असमानता हो । उदाहरणका लागि स्वास्थ्यसम्बन्धी कुरामा डाक्टर बिरामीभन्दा सँधैजसो बढी जानकार हुन्छन् । त्यसैले हामी आफैँले आफ्नो उपचार नगरी डाक्टरकोमा नै जान्छौँ । यसो हुनाले उपभोक्ताहरूलाई कुन डाक्टरहरू धेरै विज्ञ छन्, आफूले राम्रो उपचार पाइरहेको हो कि होइन या चाहिनेभन्दा धेरै पैसा पो तिरिइरहेको छ कि भन्ने जस्ता कुराहरू थाहा पाउने कुनै उपाय हुँदैन भन्ने जस्ता आरोपहरू आँउछन् । त्यस्तो हुँदा सरकारबाट इजाजत दिई लाइसेन्स दिने कुरालाई यसको समाधानका रूपमा प्रस्तावित गरिन्छ र इजाजत लिएका वा लाइसेन्स प्राप्त डाक्टरहरू विज्ञ, क्षमतावान् र आफ्नो काममा पोख्त छन् भन्ने कुरामा मानिसहरू विश्वस्त हुन सक्दछन् भनेर मानिन्छ । तर लाइसेन्स, स्वास्थ्य तथा अन्य व्यवसायमा गरिएको अध्ययनको प्रमाणले भने यसको विपरीत नतिजा देखाउँछ । बजारमा कुन सुविधा कस्तो हो भन्ने कुरामा श्रेणीहरू देखिन्छ भने लाइसेन्स दिने व्यवस्थामा खाली दुई वटा पक्ष हुन्छ, या त कसैले लाइसेन्स पाएको छ, या कसैले छैन । त्यसमाथि पनि लाइसेन्सवाला व्यवसायीहरूले यदि "गैर व्यवसायिक व्यवहार" देखाएमा लाइसेन्स अर्थात् इजाजत नै रद्द गरिने प्रथा त झनै सर्वव्यापी छ । यस्ता गैर व्यवसायिक व्यवहारमा प्रायः विज्ञापन गर्नु पनि पर्दछ । तर प्रचार गर्नु भनेको वस्तु र सेवाको उपलब्धता, तिनीहरूको तुलनात्मक गुणस्तर र मूल्यसम्बन्धी सूचना दिनका लागि बजारले विकास गरेको माध्यम हो । इजाजत प्रदान गर्ने व्यवस्था अर्थात् लाइसेन्स, बजारमा सूचनाको असमानताबाट उत्पन्न हुने समस्याको समाधान नभई कारक मात्र हो ।

### ५) बजारले त्यतिबेला मात्र काम गर्दछ जब पूर्ण सूचना (Perfect Information) भएका अनगिन्ती मानिसहरूमाझ फरक नछुट्टिएका उस्तै उपभोग्य सामग्रीहरू (Undifferentiated Commodities) को व्यापार गरिन्छ ।

**बजारको प्रभावकारितामा अर्थात् उत्पादन अधिकतम पार्दै नाफा घटाउँदै वस्तु वा सेवाको मूल्य निर्धारण गर्न कसैको जरुरत पर्दैन । कुनै खरिदकर्ता वा बिक्रेता बजारमा प्रवेश गर्दा वा बजारबाट निस्किँदा मूल्यमा प्रभाव पर्दैन । पूर्णरूपमा प्रतिस्पर्धात्मक बजारमा कुनै पनि खरीदकर्ता वा बिक्रेताले मूल्यमा कुनै असर पार्न सक्दैन ।**

**सबै उत्पादनहरू समान हुन्छन् र उनीहरूमा केही पनि फरक हुँदैन र वस्तु तथा मूल्यसम्बन्धी जानकारी पनि निःशुल्क उपलब्ध हुन्छ। तर यर्थाथमा बजारहरू यसरी पूर्णरूपमा प्रतिस्पर्धी नहुने हुनाले नै यस्तो कुरालाई सच्याउन सरकारको हस्तक्षेप चाहिन्छ।**

आर्थिक अन्तरक्रियामा यस्ता काल्पनिक नमूनाहरू उपयोगी होलान् तर निर्देशित रूपमा भारी शब्दहरू जस्तै "पूर्ण"लाई सैद्धान्तिक विचारहरूमा थोपर्दा त्यसले धेरै क्षति गर्न सक्छ । यदि बजारको कुनै स्थितिलाई "पूर्ण" प्रतिस्पर्धा भनेर परिभाषित गरिएको छ भने त्यो भन्दा फरक अरू सबै स्थितिहरूमा त्रुटि रहेको बुझिन्छ र त्यसमा प्रायः बजार बाहिरका कुनै निकायद्वारा सुधार ल्याउनुपर्ने भन्ने मानिन्छ। वास्तवमा "पूर्ण प्रतिस्पर्धा" एउटा काल्पनिक नमूना हो जसबाट हामीले केही रोचक तथ्यहरू निकाल्न सक्दछौँ । जस्तै स्रोत-साधनलाई निर्देशित गर्न नाफाको महत्व। जब नाफा औसतभन्दा बढी हुन्छ, उक्त नाफा हुने क्षेत्र वा वस्तुहरूमा उत्पादकहरू वा भनुँ प्रतिस्पर्धीहरूले बढी उत्पादन र आपूर्ति गर्नमा आफ्ना स्रोतहरू लगाउँछन । यस कार्यले उत्पादन र आपूर्ति बढ्न गइ मूल्य घट्छ भने नाफा पनि घट्दछ। त्यस्तै यसबाट निकाल्न मिल्ने अर्को रोचक तथ्य भनेको व्यक्तिले आफूसँग कति नगद मौज्दातका रूपमा राख्ने भन्ने कुराको निर्णयमा अनिश्चितताको भूमिका हो । पूर्ण प्रतिस्पर्धामा भनिएजस्तै सूचनाहरू निःशुल्क हुने हो भने प्रत्येकले आफ्नो सबै नगद लगानी गर्थे र खरिद गर्नुपर्ने बेलामा मात्र निकाल्ने गरी व्यवस्था मिलाउँथे । तर वास्तविकतामा हामी त्यस्तो गर्दैनौँ र भइपरिआउने कुराका लागि भनेर नगद राखी नै राख्छौँ । तथापि, नगद वा भनुँ पैसाको यस्तो आवश्यकता हुनु भनेकै बजारमा पूर्ण सूचनाको अभाव हुन्छ भन्ने कुराको लक्षण र प्रमाण हो। "पूर्ण" प्रतिस्पर्धा भनेको बजारलाई कसरी सुधार्ने भन्ने कुराको निर्देशिका होइन, यो यथार्थमा हुने प्रतिस्पर्धालाई नै चित्रण गरी बजारको परिपाटिको बयानका लागि रोजिएको काल्पनिक स्वरूपको एउटा संज्ञा मात्रै हो ।

बजारलाई त्यस्तो "पूर्णता" तिर धकेल्ने निकाय राज्य बन्नका लागि हामी राज्य पनि "पूर्ण" लोकतान्त्रिक नीतिहरू, जसमा अनगिन्ती मतदाताहरू तथा उम्मेदवारले व्यक्तिगत रूपमा नीतिहरूमा कुनै प्रभाव नपार्ने, सबै नीतिहरू एकै

खाले र समान हुने र नीतिहरूको लागत र फाइदाको जानकारी निःशुल्क हुने अपेक्षा गर्न सक्छौँ । स्पष्ट रूपमा यस्तो कहिल्यै पनि हुँदैन ।

नीतिगत विकल्पबाट रोज्ने विधि वैज्ञानिक हुनका लागि रोजाइहरू यथार्थमा उपलब्ध विकल्पमध्येबाट हुनु जरुरी छ । राजनीति र बजार दुवैका रोजाइहरू माथि उल्लेख गरेका सबै तरिकाले "अपूर्ण" हुन्छन् । त्यसैले बजार र राजनैतिक प्रक्रियाका रोजाइहरू यर्थाथका तुलनामा न कि "पूर्णता" को आधारमा गरिनुपर्दछ ।

वास्तविक बजारले सहभागीहरूबीच जानकारी प्रदान गर्ने र सबै पक्षलाई फाइदा हुने समन्वयात्मक उपायहरू प्रचुर मात्रामा प्रदान गर्दछ । बजारले मानिसहरूलाई जानकारी पत्ता लगाउने संरचना प्रदान गर्दछन्, जसमा समन्वयका विभिन्न प्रकारहरू पनि पर्दछन् । विज्ञापन, निक्षेप विभागहरू, प्रतिष्ठा, उपभोग्य वस्तुहरूको लेनदेन, शेयर बजार, प्रमाणिकरण प्रतिष्ठानहरूजस्ता कुराहरू र अन्य थुप्रै संस्थाहरू बजारका दुवै पक्षलाई फाइदा हुने समन्वयलाई बढाउने उद्देश्यका साथ बजारमा उत्पन्न भएका हुन्छन् । हामीले बजारहरू पूर्ण छैनन् भनेर यसलाई नकार्नुभन्दा बजारको प्रयोगले मानव कल्याणको अपूर्णतालाई सुधार्ने थप उपायहरूको खोजी गर्नु जरुरी छ ।

जब उद्यमीहरू बजारमा प्रवेश गरेर अरूसँग प्रतिस्पर्धा गर्न स्वतन्त्र हुन्छन् र उपभोक्ताहरू अनेक उत्पादनकर्ता मध्येबाट छान्न स्वतन्त्र हुन्छन्, त्यसपछि मात्र उत्पादकहरूबीचको प्रतिस्पर्धाले उपभोक्ताहरूलाई राम्रो हुने व्यवहार सिर्जना गर्दछ ।

**६) बजारले सार्वजनिक (सामूहिक) उपभोगका वस्तुहरू उत्पादन गर्न सक्दैन ।**

**यदि मैले एउटा स्याउ खाएँ भने, तपाइले त्यो स्याउ खान पाउनुहुन्न । त्यसैले एउटा स्याउको उपभोग आफैँमा पूर्ण प्रतिद्वन्द्व[२] छ । यदि मैले कुनै फिल्म देखाउँछु र अरू**

२ यस सन्दर्भमा प्रतिद्वन्द्व भन्नाले कुनै एक व्यक्तिले कुनै वस्तु तथा सेवाको उपभोग गर्दा अर्को व्यक्तिका लागि त्यसको उपभोग गर्न पाउने मौका घट्नु हो ।

**मानिसहरूले यसलाई नहेरून् भन्ने चाहन्छु भने, मैले पैसा नतिर्नेहरूलाई हेर्न नदिनका लागि पर्खाल खडा गर्नलाई पैसा खर्च गर्नुपर्दछ । केही वस्तुहरू, जसको उपयोगमा प्रतिद्वन्द्विता हुँदैन त्यसको निषेध महङ्गो हुन्छ । ती वस्तुहरूलाई बजारमा उत्पादन गर्न सकिन्न, किनकि सबैलाई अरूले उत्पादन गरिन्जेल पर्खदा नै फाइदा हुन्छ । यदि तपाइले एक एकाई उत्पादन गर्नुभयो भने मैले खपत मात्र गर्न सक्दछु, त्यसैले मलाई त्यसको उत्पादनमा कुनै प्रतिफल छैन । त्यही कुरा तपाइमा पनि लागू हुन्छ । त्यस्ता वस्तुहरूको सार्वजनिकताका लागि राज्यले प्रबन्ध गर्नुपर्छ, यो नै उक्त वस्तुहरू उपलब्ध गराउने एक मात्र उपाय हो । त्यस्ता वस्तुहरूमा राष्ट्रिय सुरक्षा र कानूनी व्यवस्थाको प्रबन्ध मात्र होइन शिक्षा, स्वास्थ्य उपचार, यातायात र अन्य धेरै त्यस्ता वस्तुहरू पर्दछन् । त्यस्ता वस्तुहरूको उत्पादनमा बजारमाथि कहिल्यै पनि निर्भर हुन सकिँदैन किनभने पैसा नतिर्नेहरूले पनि तिर्नेको जस्तै प्रयोग गर्ने हुँदा सबैले सित्तैमा प्रयोग गर्न चाहन्छन् र अन्त्यमा कसैले पनि पैसा तिर्दैनन् । त्यही हुनाले यस्ता वस्तुहरू सरकारले मात्र उत्पादन गर्न सक्दछ ।**

राज्यले सार्वजनिक (सामूहिक) उपभोगका वस्तुहरू उत्पादन गर्ने भन्ने तर्क अर्थशास्त्रमा सबैभन्दा धेरै दुरूपयोग गरिएको तर्क हो । उपभोगका आधारमा वस्तुहरू प्रतिद्वन्द्वी छन् कि छैनन् भन्ने कुरा उक्त वस्तुको स्वभाविक गुण नभई उपभोक्ता समूहको आकारको स्वभाविक गुण हो । एउटा पौडी पोखरी दुई जनाका लागि प्रतिद्वन्द्वको विषय नहुन सक्छ तर दुई सय जनाको लागि भने हुन सक्छ । निजी र सार्वजनिक (सामूहिक) उपभोगका वस्तुहरूमा निषेधको मूल्य लागू हुन्छ । यदि मैले तपाइलाई मेरो बगैंचाको स्याउ खानबाट बञ्चित गर्न चाहन्छु भने मैले त्यसका लागि मेरो स्याउ बगैँचामा पर्खाल निर्माण गर्नुपर्दछ । धेरै वस्तुहरू जुन उपभोगको हिसाबले प्रतिद्वन्द्वी हुँदैनन् जस्तै व्यवसायिक फुटबल खेलहरू (तपाईंले हेर्दैमा मैले हेर्न पाउँदिन भन्ने होइन) तिनको व्यवसायिक प्रायोजन उद्यमीहरूद्वारा पैसा नतिर्नेहरूलाई खेल हेर्नबाट बञ्चित गर्नका लागि मात्र गरिएको हुन्छ ।

धेरै वस्तुहरूको कथित सार्वजनिकता, वस्तुहरूको स्वभाविक गुणका रूपमा नभए पनि, राजनैतिक निर्णयका गुण भने पक्कै हुन् । यदि राज्यले निःशुल्क यातायात सेवा प्रदान गर्दछ भने निजी क्षेत्रले पनि त्यससँगै प्रतिस्पर्धा गर्दै निःशुल्क

यातायात सेवा प्रदान गर्न सकेको देख्न पाउनु गाह्रै छ । तर याद गर्नुपर्ने कुरा के हो भने निःशुल्क भनिएको यातायात सुविधा वास्तवमै निःशुल्क नै होइन जब कि यसको खर्च करबाट निकालिन्छ ।

धेरै वस्तुहरू जसको उपलब्धता बजारमार्फत् गर्न असम्भव हुन्छ भनेर दाबी गरिएका छन्, तिनीहरू विगत र वर्तमानमा बजारको संयन्त्रद्वारा वितरण गरिएको पाइन्छ । जस्तै : जहाजहरूलाई बाटो देखाउन बनाइएका प्रकाश घरहरू देखि शिक्षा तथा प्रहरीदेखि यातायातसम्म । यसले के सङ्केत गर्छ भने, व्यापक रूपमा भनिने कथित सार्वजनिकताको कुरा तर्कसङ्गत छैन वा वर्तमानमा त्यसलाई बढाइचढाइ गरेर प्रस्तुत गरिएको छ ।

कथित रूपमा सरकारद्वारा मात्रै उत्पादन गर्न सकिने भनिएका निश्चित वस्तुहरूको उत्पादनमा साधारणतया आउने तर्क भनेको त्यहाँ मूल्य निर्धारण प्रक्रियामा नसमेटिएका "बाह्य अवस्थाहरू" हुन्छन् भन्ने हो, अर्थात् दुई व्यक्तिहरूबीच लेनदेन हुँदा अरूलाई त्यसबाट पर्ने असरको मूल्य त्यसमा समाविष्ट हुँदैन । यसै तर्कबमोजिम सबै जना शिक्षित भएमा यसको फाइदा शिक्षित व्यक्तिहरूबाहेक अन्य सार्वजनिक हितका कुरामा पनि पर्दछ । यसै आधारमा रहेर शिक्षाको व्यवस्था राज्यले गर्ने र करद्वारा खर्च जुटाउने कुरालाई उचित ठहऱ्याउने कोशिस गरिन्छ । यस सन्दर्भमा शिक्षाको फाइदा आफूबाहेक अरूलाई भए पनि (जुन थोरै वा धेरै हुन सक्छ), शिक्षित मानिसमा उक्त शिक्षाको फाइदा उनीहरू आफैँका लागि यति धेरै हुन्छ कि उनीहरूले आफ्नो शिक्षामा आफैं पर्याप्त लगानी गर्न प्रेरित हुन्छन् । वास्तवमा आजकालका थुप्रै खोज-अनुसन्धानहरूले देखाएजस्तै जब राज्यले शिक्षालाई एकाधिकारमा लिन्छ, राज्यले गरीबमध्येका पनि अतिगरीबसम्म शिक्षाको पहुँच पुऱ्याउने कार्यमा चुक्दछ । बच्चाहरूको शिक्षाले जेसुकै बाह्य असर उत्पन्न गराए तापनि आफ्ना बच्चाहरूमा शिक्षाको सुनिश्चितता र फाइदा बुझेर आफ्नो न्यून आयको ठूलो प्रतिशत आफ्नै बालबच्चाको शिक्षामा मानिसहरु लगानी गर्दछन् ।

अन्ततः के याद गर्नु जरुरी छ भने, सार्वजनिक (सामूहिक) उपभोगका वस्तुहरूको प्रभावकारी उत्पादन बजारद्वारा गर्न असम्भव छ भनेर आरोप लगाउने सबै तर्कहरूमा (कम्तिमा उत्तिकै जोडपूर्वक र कतिपय अवस्थामा अझ जोडपूर्वक) राज्यले नै सार्वजनिक (सामूहिक) उपभोगका वस्तुहरू उत्पादन गर्छ भन्ने तर्क गरिएको हुन्छ । न्यायमूलक र कानूनी राज्यको अस्तित्व र सञ्चालन आफैंमा सार्वजनिक (सामुहिक) उपभोगका वस्तु हुन्, अर्थात् यसको लाभ एक अर्कामा प्रतिद्वन्द्वात्मक छैन (कम से कम नागरिक समाजका व्यक्तिहरूबीचमा) । तर यसको सम्भार र लाभ प्राप्त गर्नबाट यसमा योगदान नभएकाहरूलाई रोक्ने कार्य भने निकै महङ्गो पर्छ । उद्यमीहरू र उपभोक्ताहरूलाई बजारमा सहकार्यद्वारा सार्वजनिक (सामूहिक) उपयोगका वस्तुहरू उत्पादन गर्न जुन अभिप्रेरणा हुन्छ, त्यसको तुलनामा राजनीतिज्ञ र मतदाताहरूलाई न्यायमूलक र कानूनी राज्यको निर्माण गर्ने अभिप्रेरणा त्यति ठूलो हुँदैन । तर यसको अर्थ सार्वजनिक (सामूहिक) उपयोगका वस्तुमा राज्यको कुनै भूमिका नै हुनु हुँदैन भन्ने होइन । विचार गरी हेर्दा वास्तवमा राज्यलाई जति धेरै जिम्मेवारीहरू दिइन्छ, त्यति नै राज्य सार्वजनिक (सामूहिक) उपभोगका वस्तुहरूको उत्पादन गर्न असफल हुन्छ । सेवा तथा सुविधा पनि उपलब्ध गराउनुपर्ने जस्ता जिम्मेवारी लिँदा आफ्ना नागरिकहरूमाथि हुने कुनै पनि प्रकारको हिंसा वा आक्रमणबाट उनीहरूलाई सुरक्षित राख्ने जस्तो विशेष कुरामा राज्यले ध्यान दिन नपाएको हुनसक्दछ ।

## ७) सकारात्मक वा नकारात्मक बाहिरी प्रभावण्का सन्दर्भमा बजारले काम गर्दैन ।

**निर्णय गर्नेहरूले गरेको निर्णयको प्रभाव उनीहरूमै मात्र पर्ने अवस्थामा मात्र बजारले काम गर्छ । यदि मानिसहरूले आफ्नो केही खर्च नगरी कुनै कुराबाट लाभ उठाउँछन् भने बजारले ती वस्तुहरू सही मात्रामा उत्पादन गर्न सक्दैन । त्यसै गरी कुनै क्रियाकलापको "नकारात्मक प्रभाव" पर्न गएमा, अर्थात् कुनै वस्तुको उत्पादनमा उनीहरूलाई कुनै फाइदा नभए पनि त्यसका लागि कुनै प्रकारको मूल्य चुकाउनु पर्ने अवस्था हुन जाँदा यी कुराहरूलाई ध्यानमा नदिइएका खण्डमा बजारले एउटाको लागतमा अर्काले फाइदा उठाउने अवस्था उत्पन्न गर्छ, किनभने यस अवस्थामा फाइदा एउटालाई भइरहेको हुन्छ र त्यसको मूल्य भने अर्कोले चुक्ता गरिरहेको हुन्छ ।**

अरूले गरेको गतिविधिको बाहिरी प्रभाव आफूमा पर्छ भन्ने तर्क सरकारले कुनै पनि काम आफ्नो हातमा लिनु वा निजी छनौटलाई त्यसबाट विस्थापित गर्ने आधार होइन । अरूले गर्ने राम्रो पहिरन तथा असल संस्कारले धेरै सकारात्मक बाहिरी प्रभावहरूलाई जन्म दिन्छ अर्थात् राम्रो पहिरन गर्ने र असल संस्कार अपनाउने व्यक्तिहरूसँग बस्दा सबैलाई एक प्रकारको आनन्दको आभास हुन्छ । यसको अर्थ पहिरन वा संस्कारको छनौटको जिम्मा अरुलाई सुम्पनु त होइन । बगैँचा सुन्दर राख्नु, चिटिक्क परेका घरहरू बनाउनु लगायतका निकै क्रियाकलापहरूले यस्ता सकारात्मक बाहिरी प्रभावहरूको सिर्जना गरिरहेका हुन्छन् अर्थात् राम्रो बगैँचा र चिटिक्क परेका घर देख्दा सबैलाई आनन्दको अनुभूति हुन्छ । तर यसरी देख्नेहरूले त्यसमा केही योगदान नपुऱ्याए पनि हेरेर उनीहरूलाई सित्तैमा आनन्दको अनुभूति भयो भनेर काम गर्नेले ती कामहरू गर्न छोड्दैनन् । यी सबै उदाहरणहरूमा ती काम गर्नेहरूको आफ्नो फाइदा जसमा हेरेर राम्रो भनेर तारिफ गर्ने पनि पर्दछ, यी कारणहरुले गर्दा उनीहरू थप काम गर्न लालायित हुन्छन् ।

तर बजारको प्रभावकारितामा प्रश्न चिन्ह लगाउनमा प्रायः जसो नकारात्मक बाहिरी प्रभावमा मानिसहरूले ध्यान दिइरहेका हुन्छन् । यसमा प्रदूषण धेरैले प्रयोग गर्ने उदाहरण हो । यदि एउटा उत्पादकले उत्पादनको लागत उक्त उत्पादन प्रक्रियामा समावेश हुन मन्जुर नगरेकाहरूमा थोपरेर फाइदा कमाउन सक्छ भने उसले त्यसो गर्छ होला, जस्तै वातावरणमा ठूलो मात्रामा धुँवा फालेर वा नदीमा रसायनिक पदार्थहरू फ्यालेर । प्रदूषित हावामा सास फेर्ने र रसायनिक पदार्थ मिसिएको पानी पिउनेहरूले यस उदाहरणमा यसको मूल्य चुकाउँछन् जबकि फाइदा भने उत्पादकलाई मात्र जान्छ । यस्तो अवस्थामा समस्या भनेको बजार असफल हुनु नभई बजार नहुनु हो । बजारहरू सम्पत्तिको अधिकारमा आधारित हुन्छन् र सम्पत्तिको अधिकार स्पष्ट नभएका ठाउँमा बजारले राम्ररी काम गर्न सक्दैन । प्रदूषणको समस्या बजारको नभई सरकारको असफलताको उदाहरण हो, जहाँ प्रदूषित हावामा सास फेर्ने र प्रदूषित पानी पिउनेको सम्पत्तिको अधिकार सरकारले परिभाषित र सुरक्षित गर्न सकेको छैन । प्रदूषित हावा वा पानीको

उपभोग गर्नुपर्ने अवस्था आएका व्यक्तिहरूमा आफ्नो अधिकार रक्षा गर्ने व्यवस्था भएको अवस्थामा उनीहरूमा प्रदूषण गर्नेहरूलाई रोक्नसक्ने क्षमता हुन्छ । प्रदूषण गर्नेले आफ्नो लागतमा त्यस्तो यन्त्र वा प्रविधि प्रयोग गर्न सक्दछन्, जसले उक्त प्रदूषणलाई रोक्दछ (वा त्यसलाई सहन सकिने वा हानिकारक नहुने तहमा न्यूनीकरण गर्न सक्दछ) । त्यसको प्रभाव परेका व्यक्तिहरूलाई त्यसको क्षतिपूर्ति तिर्न प्रस्ताव गर्न सक्दछ (उदाहरणका लागि त्यसको असर पर्ने व्यक्तिहरूलाई अर्को राम्रो ठाँउमा बसोबास सार्न सकिने प्रस्ताव गर्न सक्छ), वा नभएमा उसले उक्त उत्पादनको कार्य नै बन्द गर्नुपर्छ किनभने उसले उसको प्रस्ताव मान्न अस्वीकार गर्नेहरूको अधिकार हनन गरिरहेको हुन्छ, जसले उत्पादनको कुल लागत फाइदाभन्दा बढी भएको देखाउँछ । सम्पत्तिको अधिकारले नै यस्ता लाभहानीका हिसाब गर्न सम्भव गराउँछ र मानिसहरूलाई आफ्नो कामको प्रभाव अर्कामा परेको कुरालाई विचार गर्न प्रेरित गर्छ । बजारमा नै सबैको अधिकारको आदानप्रदान भइरहेको हुन्छ जसले कुनै पनि कामको विभिन्न पक्षहरूमा परेको असर हिसाब गर्ने मौका सिर्जना गर्दछ । हावा वा जल प्रदूषण जस्ता नकारात्मक बाहिरी प्रभाव बजारको असफलता नभई यो सरकारद्वारा सम्पत्तिको अधिकार परिभाषित वा सुरक्षित गर्न नसक्नुको परिणाम हो ।

## ८) सामाजिक स्थिति जति जटिल हुन्छ, त्यति बजारमा कम निर्भर हुन सकिन्छ र त्यति नै धेरै सरकारको निर्देशनको खाँचो पर्छ ।

**बजारमाथिको विश्वस्तताले त्यतिबेला राम्रोसँग काम गर्थ्यो जब सामाजिक व्यवस्था कम जटिल थियो, तर आर्थिक र सामाजिक सम्बन्धहरू अत्याधिक रूपमा वृद्धि हुँदै जाँदा, यति धेरै मानिसका क्रियाकलापहरू निर्देशन र समन्वय गर्न सरकारको जरुरत पर्छ ।**

यसको ठीक विपरीत कुरा चाहिँ सत्य हो । एउटा साधारण सामाजिक व्यवस्था, जस्तै सिकारीहरूको समूहलाई अनुशासन लागू गराउन सक्ने र प्रभावकारी नेतृत्व गर्ने व्यक्तिको शक्तिद्वारा समन्वय गर्न सकिन्छ । तर जब सामाजिक सम्बन्धहरू बढी जटिल हुँदै जान्छन्, स्वेच्छिक बजार लेनदेनमा निर्भरता नघटी त्यसमा वृद्धि हुन्छ । एउटा जटिल सामाजिक व्यवस्थामा एउटा

दिमाग वा दिमागहरूको समूहले वशमा ल्याउन सक्नेभन्दा बढी जानकारीहरूको समन्वय गर्न सक्ने विज्ञको आवश्यकता पर्दछ । बजारले तुलनात्मक रूपमा कम लागतमा सूचना प्रवाह गर्ने संयन्त्रहरूलाई विकसित गरेको हुन्छ । माग र आपूर्तिसम्बन्धी सूचनालाई त्यस्ता एकाइका रूपमा मूल्यले राम्ररी समेट्दछ, जुन फरक-फरक वस्तु र सेवाहरूसँग तुलनायोग्य हुन्छ । यो कार्य सरकारको विशाल कर्मचारीतन्त्र र तिनले निर्माण गर्ने ठूला प्रतिवेदनले पनि गर्न सक्दैनन् । त्यसमाथि पनि, मूल्य विभिन्न भाषाहरूमा समेत अनुवादित हुन्छ । सामाजिक अस्तित्व र नैतिकता तथा धार्मिक विभाजनहरूमा पनि मूल्यका कुरा बुझिन्छ । कहिल्यै कुनै किसिमको सम्बन्ध नहुने हजारौँ किलोमिटर टाढाको अपरिचित मानिसहरूसँग भएको ज्ञानको फाइदा लिने अवसरको सिर्जना पनि यसले गर्छ । अर्थतन्त्र र समाज जति विशिष्ट र जटिल हुन्छ, त्यति नै बजारको संरचनामा निर्भर हुन आवश्यक हुँदै जान्छ ।

### ९) बजार विकासशील देशहरूमा काम गर्दैन ।

**बजारले राम्रोसँग विकसित भइसकेका देशहरूमा मात्र राम्रोसँग काम गर्दछ, तर भौतिक संरचना र कानूनी संयन्त्रहरूको अनुपस्थितिमा विकासशील देशहरूले उत्पादनका स्रोतहरूलाई बजारको हातमा दिने सामर्थ्य राख्न सक्दैनन् । यस्तो अवस्थामा कम से कम बजारलाई काम गर्ने स्थान दिन सक्ने भौतिक संरचनाहरू र कानुनी संयन्त्रको राम्रोसँग विकास नभइन्जेलसम्म सरकारको निर्देशन आवश्यक हुन्छ ।**

सामान्यतः भौतिक संरचनाहरूको विकास भनेको बजारद्वारा गरिएको सम्पत्ति सङ्कलनको लक्षण हो, बजार रहनका लागि चाहिने अवस्था र कानुनी संयन्त्रको असफलता नै बजार अल्पविकसित हुनुको कारण हो । तर त्यो असफलता कानुनी संयन्त्रको सुधारका लागि बलियो कारण पनि हो, किनकि यसले बजारको विकासका लागि आधार दिँदै कानूनी सुधार र बजार विकासलाई पछाडि धकेल्न सक्दैन । विकसित देशहरूमाझैं धन आर्जन गर्ने कार्यका लागि बजारका लागि आवश्यक कानुनी र संस्थागत आधारहरूको सिर्जना गर्नु नै एकमात्र बाटो हो । किनकि यस्तो अवस्थामा मात्र उद्यमी, उपभोक्ता, लगानीकर्ता र कामदारहरू सबैले सम्पत्ति सिर्जनामा स्वतन्त्र रूपमा सहकार्य गर्न सक्दछन् ।

अहिलेका सबै समृद्ध देशहरू कुनैबेला साह्रै गरिब थिए । तीमध्ये केही सम्झना ताजा नै छन् । यहाँ गरिबीको बयान गर्न जरुरी छैन किनकि यो त मानव जातिको प्राकृतिक स्वरूप हो । यहाँ बयान त सम्पत्तिको गर्नु जरुरी छ । सम्पत्ति सिर्जना गर्नुपर्छ र त्यो सुनिश्चित गर्ने उत्कृष्ट तरिका भनेको मानिसलाई त्यसो गर्नका लागि सम्भाव्य लाभहरू सिर्जना गरेर देखाउन सक्नु हो । राम्रोसँग परिभाषित तथा वैधानिक रूपले सुरक्षित निजी सम्पत्तिको अधिकार र कानूनी व्यवस्थाहरूमा आधारित भएर लेनदेन सहज गर्ने खुला बजारभन्दा सम्पत्ति सिर्जना गर्न अभिप्रेरित गर्ने कुनै पनि व्यवस्थाको आविष्कार गरिएको छैन । गरिबीबाट बाहिर आउने एउटै मात्र बाटो भनेको खुला बजारका माध्यमबाट सम्पत्ति सिर्जना गर्नु नै हो ।

विश्वमा "विकासशील राष्ट्र" भन्ने नाम बारम्बार गलत रूपमा प्रयोग गरिएको पाइन्छ। यो ती राष्ट्रहरूमा प्रयोग गरिन्छ जसले सरकारको केन्द्रीय योजना, राष्ट्रको स्वामित्व, वाणिज्यवाद, संरक्षणवाद र विशेष सुविधाको हितका लागि बजारलाई अस्वीकार गरेका छन् । वास्तवमा त्यस्ता राष्ट्रहरू विकासशील होइनन् । तुलनात्मक रूपमा धनी या दरिद्रताबाट शुरुवात गरेका भएपनि ती राष्ट्रहरू विकासशील हुन् जसले सम्पत्ति र करारका कानूनी व्यवस्थाहरू सृजना गरेका छन्, बजार खुल्ला गरेका छन् र सरकारी शक्ति, बजेट र पहुँचलाई न्यून गरेका छन् ।

### १०) बजारले महामन्दी जस्तो विनाशकारी आर्थिक परिस्थितिहरूतर्फ अर्थतन्त्रलाई डोऱ्याउँदछ ।

**बजारमा भर पर्दा आर्थिक वृद्धि र मन्दीका चक्रहरू उत्पन्न हुन्छ। वृद्धिको समयमा लगानीकर्ताहरू उत्तेजित भएर बढी जोखिम उठाउँछन् जसको फलस्वरूप अनुत्पादक क्षेत्रमा लगानी भई, उत्पादनमा ह्रास आउनुका साथै बेरोजगारी बढ्छ र यसले समग्र आर्थिक अवस्थामा गिरावट ल्याइ अर्थतन्त्रलाई मन्दीतर्फ लग्दछ ।**

यसरी अर्थतन्त्रमा कहिलेकाहीँ आउने वृद्धि र मन्दीको चक्र बजार माथि रहेको निर्भरताले ल्याएको भन्ने आरोप लगाइन्छ । तर यथार्थमा विद्यमान

प्रमाणहरूलाई नियाल्ने हो भने अधिक उत्पादन बजारको चरित्र नै हैन भन्ने तथ्य हामीले पत्ता लगाउन सक्दछौँ । जब वस्तु तथा सेवाको उत्पादन बढ्दछ, तब मूल्य समायोजन भइ समाजमा मन्दी नभएर समृद्धि छाउँछ । यदि कुनै उद्योगले बजारले धान्न सक्नेभन्दा बढी उत्पादन गरेमा बजारमा रहेको अन्तरनिहित संशोधन प्रक्रिया प्रारम्भ हुन्छ र मुनाफा घट्न थालेपछि त्यो स्रोत अन्यत्र परिचालन हुनुपर्ने महत्वपूर्ण सङ्केत लगानीकर्ताहरूले पाउँदछन् । यस्तो संशोधनको प्रक्रिया सम्पूर्ण अर्थतन्त्रमा लागू हुनैपर्ने कुनै कारण भने छैन । सबै उद्योगहरूको मुनाफा घटी स्रोत अन्यत्र लाग्छ भन्नु आफैमा विरोधाभासपूर्ण हुन्छ किनकि यदि स्रोतहरू सबै उद्योगबाट सरेर त्यही अर्थतन्त्रको अन्य उद्योगमा गइरहेको छ भने कुल स्रोतमा कमी आउनै सक्दैन ।

यद्यपि, मौद्रिक व्यवस्थालाई मुर्खतापूर्णरूपले परिचालन गर्न खोज्दा सरकारले मुद्रा प्रणालीलाई हेरफेर गरेर दीर्घकालीन बरोजगारीको अवस्था सिर्जना गर्न भने सक्दछ । यस्तो नीतिगत त्रुटी धेरैजसो बन्द हुनुपर्ने उद्योगलाई सहुलियत दिने, ज्याला तथा मुद्रा नियन्त्रण गर्ने जस्ता नीतिहरूका साथमा आउँदछन्, जसले गर्दा बजारमा निहित स्वतः संशोधन प्रणालीले काम गर्न पाउँदैन र त्यसले बेरोजगारीको अवस्थालाई लम्ब्याउँदछ । सन् १९२९ देखि दोश्रो विश्व युद्धसम्म लम्बिएको आर्थिक महामन्दीको कारण पनि यस्तै थियो । नोबेल पुरस्कार विजेता अर्थशास्त्री मिल्टन फ्रिडम्यान लगायतका निकै अर्थशास्त्रीहरूले सन् १९२९ को विश्व आर्थिक मन्दी संयुक्त राज्य अमेरिकाको फेडेरल रिजर्भ प्रणालीले मुद्रा आपूर्तिमा गरेको विशाल सङ्कुचनले निम्त्याएको कुरा पुष्टि गरिसकेका छन् । फेडेरल रिजर्भ तत्कालीन समयमा राजनीतिक रूपमा निर्धारित उद्देश्य प्राप्तितर्फ उन्मुख थियो । यसरी छाएको मन्दीलाई संरक्षणवाद जस्ता नीतिहरूले थप उर्जा प्रदान गऱ्यो र संसारभरि यसको असर फैलियो । यसरी मन्दीको कष्टलाई संसारभरी फैलाउनमा त्यतिबेलाका नेशनल रिकभरी एक्ट[३], कृषिजन्य उत्पादनको मूल्य उच्च बनाइराख्नका लागि ल्याइएका कार्यक्रमहरू (धेरै कृषि उत्पादनलाई

३ सन् १९३३ को नेश्नल रिकभरी एक्टले अमेरिकाका तत्कालिन राष्ट्रपतिलाई आर्थिक बहालका लागि उद्योग नियन्त्रण गरी कार्टेल र एकाधिकार लगाउने अनुमति दिएको थियो ।

नष्ट गरी आपूर्तिलाई सीमित गर्ने) र न्यू डिल[४] जस्ता कार्यक्रमहरूले पनि मद्दत पुऱ्याएका थिए । यस्ता कार्यक्रमको उद्देश्य नै सरकारले गरेको नीतिगत त्रुटीको भयानक असरलाई सुधार्ने बजारको व्यवस्थालाई रोक्नु थियो ।

हालसालै भएका आर्थिक मन्दीहरू जस्तै सन् १९९७ को एशियाली वित्तिय सङ्कट पनि मौद्रिक तथा विनिमय दर नीतिमा भएको त्रुटीले निम्त्याएको हो, जसले गर्दा लगानीकर्तालाई गलत सूचनाको प्रक्षेपण भयो । सरकारको असफलतालाई बजार व्यवस्थाले विस्तारै संशोधन त गऱ्यो तर यो प्रक्रिया सहज भने थिएन । त्यो सङ्कटको प्रमुख कारण त्यही सङ्कटलाई हल गर्ने औषधीका रूपमा रहेको बजार व्यवस्था कसरी हुन सक्छ ? त्यो सङ्कटको प्रमुख कारण सरकारले गरेका नीतिगत त्रुटिहरू नै हुन् ।

यसरी अर्थतन्त्रमा आउने चक्रहरू, सरकारी मौद्रिक सङ्कायहरूले दूरदर्शी मौद्रिक नीति अपनाउन थालेपछि समाधान हुन थालेका हुन् । यसरी दूरदर्शी मौद्रिक नीतिलाई बजारमा निहित संशोधन प्रणालीसँग संयुक्त रूपमा अघि बढाउँदा आर्थिक चक्रहरूको चाप र विध्वंश पनि घट्दै गएको हामी पाउँदछौँ । यसका साथै व्यापारमा स्वतन्त्रता, वित्त व्यवस्थापनमा दूरदर्शिता र विधिको शासन अपनाउने देशहरूमा हामी दीर्घकालीन र दिगो विकास देख्न सक्दछौँ ।

## ११) बजारमा धेरै निर्भर हुनु मूर्खता हो र समाजवादमा धेरै निर्भर हुनु पनि मूर्खता हो - सबैभन्दा राम्रो मिश्रित अर्थतन्त्र हो ।

**धेरै मानिसहरू आफूसँग भएका सबै अण्डाहरू एउटै डालीमा राख्नु बुद्धिमानी होइन भन्ने ठान्दछन् । सतर्क लगानीकर्ताहरू आफ्ले लगानी गर्ने क्षेत्रहरूमा विविधता राखी लगानीको क्षेत्र फराकिलो पार्दछन् । त्यस्तै गरी नीतिका क्षेत्रमा पनि विविधता समेट्ने उपायहरू अपनाउनु तर्कसङ्गत हुन्छ, अर्थात् समाजवाद र बजार दुवै मिश्रित प्रणालीका रूपमा लाभदायक हुन सक्दछन् ।**

---

४ न्यु डिल भन्नाले १९२९ मा शुरु भएको आर्थिक महामन्दीको प्रतिक्रिया स्वरुप १९३३ देखि १९३६ सम्म सञ्चालन गरिएका विभिन्न आर्थिक कार्यक्रमहरु भन्ने बुझिन्छ ।

सर्तक लगानीकर्ताहरू पक्कै पनि यथार्थ जानकारी नहुँदा जोखिम कम गर्नका लागि लगानी गर्ने क्षेत्रहरूमा विविधता अँगाल्दछन् । यदि एउटा क्षेत्रको स्टक तल गयो भने अर्को माथि जान सक्दछ र एकातिरबाट भएको घाटा अर्कोतिरबाट उकासिन सक्दछ । दीर्घकालीन रूपमा राम्ररी विविधिकरण गरिएको पोर्टफोलियो (Portfolio) वृद्धि हुन सक्छ । तर लगानी गरेका फर्महरूमा लगानी असफल वा सफल हुन्छ भनी यकिन भएका खण्डमा विविधिकरण गरेर लगानी गर्नुमा कुनै तर्क रहँदैन, किनकि विविधिकरण गर्ने कारण भनेकै कुन फर्मबाट फाइदा हुन्छ र कुनबाट हुँदैन भनेर थाहा पाउने कुनै ज्ञान वा उपाय नभएर नै हो । तर नीतिहरू त्यस्ता हुँदैनन् । नीतिहरू या त असफल हुन्छन् या सफल ।

वार्षिक रूपमा आर्थिक तथ्याङ्क प्रकाशन गर्ने क्यानडाको फ्रेजर इन्स्टिच्युट र अन्य संस्थाहरूको अध्ययनले बजार व्यवस्थामा आधारित हुँदा प्रतिव्यक्ति आय उच्च हुने, द्रुत आर्थिक वृद्धि हुने, बेरोजगारी न्यून हुने, औसत आयु बढ्ने, बाल मृत्युदर घट्ने, बालश्रमको दर घट्ने, सफा खानेपानीमा मानिसहरूको बढी पहुँच हुने, स्वास्थ्य सेवा र आधुनिक जीवनका सुविधाहरूमा वृद्धि हुनेदेखि लिएर सफा वातावरण, सुधारिएको शासन, कम भ्रष्टाचार र जवाफदेहितामा आधारित लोकतान्त्रिक सुधारहरूमा समेत प्रभाव पार्ने कुराहरू निरन्तर रूपमा देखाइरहेको छ । यसर्थ, स्वतन्त्र बजारले राम्रा नतिजाहरू निकाल्छ ।

यद्यपि, बजार व्यवस्था र यसको विपरीत अवस्थाबीच “राम्रो सन्तुलन”को कुनै मार्ग देखिँदैन । बजारमा राज्यको हस्तक्षेपले अस्तव्यस्तता र सङ्कट निम्त्याउँदछ । यही अस्तव्यस्तता र सङ्कटलाई नै थप हस्तक्षेप गर्ने बहानाका रूपमा प्रयोग गरिन्छ । यसले नीतिलाई एउटा दिशाबाट अर्कोतिर लग्दछ । राजनीतिज्ञहरूले आफ्नो खराब नीतिलाई भन्दा पनि अर्थतन्त्र र “अराष्ट्रवादी तत्व”लाई दोष दिएर उक्त अवस्थामा आफ्नो प्रतिक्रिया व्यक्त गर्ने र मूल्य नियन्त्रण गर्न थाल्ने कुरा इतिहासले पटकपटक देखाएको छ । यसरी आपूर्ति र मागअनुसार मूल्यलाई सन्तुलित हुने मौका नदिई मनोमानी ढङ्गले मूल्य तोकिदिँदा वस्तु तथा सेवाहरूको अभाव हुन्छ । यस्तो अभावको कारण के हो भने, प्रायः मूल्य

नियन्त्रण गर्दा उत्पादकहरूले बेच्न सक्ने मूल्य वा बजारभाउभन्दा कम मूल्यमा वस्तु तथा सेवाहरूको आपूर्ति गर्नुपर्ने बाध्यात्मक स्थिति राखिएको हुन्छ र यसो हुँदा उत्पादकहरूले उत्पादन नै गर्न छाड्दछन् । जस्तै उदाहरणका लागि राम नामक चिनी उत्पादन गर्ने उद्यमीले कच्चा पदार्थ, श्रम, समय, ढुवानीजस्ता यावत कुराहरूमा भएको लगानी ध्यानमा राखी आफूले बेच्ने चिनीको मूल्य (मानौं) रु. १०० प्रति के.जी तोक्दछ । तर यदि सरकारले चिनी सर्वसुलभ गराउने भन्ने किसिमको नीति ल्याइदिएर चिनीमा मूल्य निर्धारण गरी रु. ६० प्रति के.जी भन्दा बढीमा चिनी बेच्न नपाउने नियम लगाइदिएका खण्डमा राम र रामजस्ता उद्यमी उत्पादन गर्न नसक्ने हुन्छन् र बजारमा चिनीको अभाव हुन्छ । त्यसमाथि, स्वतन्त्र बजारको अभावमा मानिसहरू कालो बजारतर्फ उन्मुख हुन थाल्दछन्, जसले गर्दा उनीहरू भ्रष्टाचारमा संलग्न भइ विधिको शासनबाट क्रमशः बाहिरिन्छन् । अभाव र भ्रष्टाचारको यस्तो मिश्रणले समाजलाई एकाधिकारवादी सत्तातर्फ उन्मुख गराउन पनि सक्छ । यसरी प्रमाणित रूपमा नराम्रा नीतिहरू ल्याउने व्यवस्थाहरूको मिश्रण गर्न खोज्नु भनेको अर्थतन्त्रलाई अवमूल्यन गर्नु हो, भ्रष्टाचार सिर्जना गर्नु हो र संवैधानिक लोकतन्त्रलाई अवमूल्यन गर्नु हो ।

## नैतिक / आर्थिक आलोचना

### १२) बजारले गैर बजारी प्रक्रियाहरूभन्दा बढी असमानता निम्त्याउँदछ ।

**परिभाषाबाट नै प्रष्ट छ, बजारले उपभोक्ताको चाहना पूरा गर्न सक्ने क्षमतालाई पुरस्कृत गर्दछ । त्यसैले ती क्षमतामा फरक पर्ने हुँदा आय पनि फरक पर्दछ । अर्कोतर्फ समाजवादको परिभाषाबाट नै समाजवाद भनेको समानताको अवस्था भएको हुँदा समाजवादले लिने हरेक कदमले मानिसलाई समानतातर्फ उन्मुख गर्छ ।**

नीतिहरू तथा त्यसका परिणामहरूबीचको सम्बन्ध बुझ्ने हो भने सम्पत्ति (Property) भनेको कानूनी अवधारणा हो भने धन (Wealth) आर्थिक अवधारणा हो भनी बुझ्नु जरुरी छ । प्रायः यी दुई अवधारणालाई उही हुन् भनी बुझ्ने गरिन्छ तर यिनलाई छुट्टै राख्नु जरुरी छ । बजार प्रक्रियाले निरन्तर रूपमा

धनको वितरण गरिरहेको हुन्छ । यसको ठीक विपरीत मानिसहरूको इच्छाविना उनीहरूको सम्पत्ति लिएर अन्यमा बाँड्ने (साधारण जनताले त्यसो गर्दा जसलाई चोरी भनिन्छ) कुराहरू खुला बजार सञ्चालन गर्ने नियमहरूमा प्रतिबन्धित गरिएको हुन्छ, किनकि खुला बजार सञ्चालन गर्ने नियमहरूमा सम्पत्ति स्पष्ट रूपमा परिभाषित गरिएका हुन्छन् भने कानुनी रूपमा संरक्षित पनि हुन्छन् । बजार प्रक्रियामा सम्पत्ति कुनै एकको नाममा भए पनि धन भने पुर्नवितरण भइरहेको हुन्छ । हरेक पटक कुनै सम्पत्तिको मूल्य परिवर्तन हुँदा (जुन सम्पत्तिमा कसैको आधिकारिक अधिकार हुन्छ) उक्त सम्पत्तिधनीको धनमा मात्रात्मक परिवर्तन भइरहेको हुन्छ । कुनै सम्पत्तिको मूल्य हिजो ६०० यूरो थियो भने आज ४०० यूरो हुन सक्छ । त्यो भनेको बजार प्रक्रियाबाट २०० यूरोको पुर्नवितरण हुनु हो, जसमा धनको पुर्नवितरण त भयो तर सम्पत्तिको भने भएन । त्यसैले बजारले निरन्तर रूपमा धनको पुर्नवितरण गरिरहेको हुन्छ र त्यस प्रक्रियामा सम्पत्तिधनीहरूलाई आफ्नो सम्पत्तिको मूल्य बढाउनेतर्फ वा बढाउन सक्ने व्यक्तिहरूतर्फ उन्मुख पनि गराउँदछ । सम्पत्तिको कुल मूल्य अभिवृद्धि गराउने अभिप्रेरणा रहने यस प्रकारको निरन्तर पुर्नवितरणले धेरै राजनीतिकर्मीहरूले सोच्नै नसक्ने तहमा धनको स्थानान्तरण गर्छ । यसरी बजारले धनको पुर्नवितरण गर्छ भने यसको ठीक विपरीत राजनीतिक प्रक्रियाद्वारा सम्पत्तिको पुनर्वितरण गर्दा एक व्यक्तिबाट लिएर अर्को व्यक्तिलाई दिइन्छ । यस प्रक्रियामा सम्पत्ति कम सुरक्षित भई समग्रमा उक्त सम्पत्ति अवमूल्यन भई धन नष्ट हुन्छ । उक्त पुनर्वितरणको कार्य जति पूर्वानुमान गर्न नसकिने हुन्छ त्यति धेरै सम्पत्तिको पुनर्वितरणको आतङ्कले धनको नाश हुन्छ ।

समानता भन्ने कुरा धेरै पक्षहरूमा हासिल गर्न सकिए तापनि साधारणतया सबै पक्षमा भने हात पार्न सकिँदैन । उदाहरणका लागि सबै मानिसहरू कानूनका अगाडि समान हुन सक्दछन् । तर त्यसो हुँदा पनि उनीहरू सबैको राजनीतिमा समान प्रभाव नहुन सक्दछ, किनकि अभिव्यक्तिको स्वतन्त्रता सबैमा समान रूपले लागू भए पनि कोही अभिव्यक्तिमा बढी पोख्त वा इच्छुक हुन्छन् र त्यसले गर्दा राजनीतिमा बढी प्रभावशाली हुन्छन् । त्यसैगरी खुला बजारमा वस्तु तथा सेवाहरू

प्रदान गर्ने समान अधिकार हुँदाहुँदै पनि यसले समान आय निम्त्याँउदछ भन्न सकिन्न, किनभने कोही बढी मेहनत गर्छन् वा लामो समय काम गर्छन् (किनकि कोही आरामभन्दा काम र आयतर्फ मात्र बढी ध्यान दिन्छन्) वा उनीहरूसँग विशेष सीप हुन सक्दछ, जसका लागि मानिसहरू बढी रकम तिर्न पनि इच्छुक हुन्छन् । अर्कातर्फ बलको प्रभावमा समानता वा आयमा समानता ल्याउन खोज्दा त्यस प्रकारको समानताका लागि केही थोरै व्यक्तिहरूलाई बढी प्रभुत्व वा राजनीतिक शक्ति सुम्पनुपर्ने हुन्छ । कुनै एक प्रकारको नतिजामा समानता ल्याउनका लागि कुनै व्यक्ति वा समूहमा उक्त पुनर्वितरणका बारेमा भगवान्सरह सम्पूर्ण ज्ञान भएको हुनुपर्छ जसले यहाँ कम यहाँ बढी छ भनेर यहाँबाट लिने र त्यहाँ दिने भन्ने कुराको यथार्थ थाहा पाएको हुनुपर्छ । यसरी समानता र समान नतिजा निकाल्नका लागि त्यस्ता व्यक्तिहरूलाई अरूभन्दा विषेश राजनीतिक र कानुनी शक्ति सुम्पँदा पहिलेको समानतावादी रुसमा जस्तै ती व्यक्तिहरू उक्त विषेश शक्ति आफ्नै आयका लागि वा स्रोतहरूमा आफ्नै पहुँच बढाउनका लागि प्रयोग गर्न लालायित हुन्छन् । तर्क र अनुभव दुवैले देखाएका छन् कि समान वा “उचित” आय प्राप्त गर्नका लागि सङ्कल्पित प्रयासहरू वा बजारले स्वस्फूत रूपमा ल्याउने स्वरूपहरूभन्दा बाहिर गएर गरिएका प्रयासहरू साधारणतया आत्मघाती सिद्ध हुन्छन्, जसको एकदमै सरल कारण छ । धन पुनर्वितरण गर्नका लागि सर्वाधिकार सुम्पिएका व्यक्तिहरूले नै उक्त शक्ति आफ्नै स्वार्थका लागि प्रयोग गर्नाले राजनीतिक शक्तिको असमानतालाई अब अर्को प्रकारको असमानतामा परिणत गरिदिन्छ । चाहे त्यो सम्मानको होस् या धनको वा अरू कुनै । आधिकारिक रूपमा साम्यवादको बाटो अपनाएका देशहरूको अनुभव यस्तै नै रहेको थियो र अहिलेको समयमा भेनेजुएला लगायतका अन्य देशहरूले पछ्याइरहेको बाटो पनि यही नै हो । भेनेजुएलामा जनताहरूमा धनको समानता ल्याउनका लागि भनेर सबै भन्दा विषेश अधिकार माग गर्ने केवल एक व्यक्ति, ह्युगो चाभेजमा अहिले सम्पूर्ण अधिकार सञ्चय गरिएको छ ।

सन् २००६ को ‘विश्वको आर्थिक स्वतन्त्रता’ प्रतिवेदनको एक तथ्याङ्क अनुसार खुला बजारप्रतिको निर्भरता र आयमा असमानताबीच कमजोर पारस्परिक सम्बन्ध रहेको छ (संसारका सबभन्दा कम खुलादेखि सबभन्दा बढी खुला

अर्थतन्त्रहरूलाई चतुर्थकहरूमा विभाजन गरी हेर्दा सबभन्दा गरिब १० प्रतिशतको औसत आयमा २.२ प्रतिशत देखि २.५ सम्मको फरक देखिन्छ) । तर यसको सबैभन्दा गरिब १० प्रतिशतहरूको आयदरसँग भने बलियो पारस्परिक सम्बन्ध रहेको छ (संसारका सबभन्दा कम खुलादेखि सबभन्दा बढी खुला अर्थतन्त्रहरूलाई चर्तुथकमा विभाजन गरी हेर्दा ती चतुर्थकमा सबभन्दा गरिब १० प्रतिशतको औसत आय ८२६ डलर, १,१८६ डलर, २,३२२ डलर र ६,५१९ डलर रहेको थियो) । तसर्थ, बजारप्रतिको बढ्दो निर्भरताले आयको विभाजनमा कम प्रभाव पारेको देखिए तापनि यसले गरिबहरूको आय अभिवृद्धिमा भने उल्लेख्य प्रभाव पारेको देखिन्छ । धेरै गरिबहरूले यसलाई अवश्य नै एउटा राम्रो कुराका रूपमा लिनेछन् ।

## १३) बजारले स्वास्थ्य, आवास, शिक्षा, र खाद्यान्न जस्ता मानवीय आवश्यकताहरू पूरा गर्न सक्दैन ।

**बजारले मानिसहरूको तिर्न सक्ने क्षमता अनुसार वस्तु तथा सेवाको वितरण गर्छ, तर स्वास्थ्य, आवास, शिक्षा, र खाद्यान्न तथा अन्य आधारभूत मानवीय आवश्यकता अपरिहार्य भएकै कारणले तिर्न सक्ने क्षमताभन्दा पनि यस्ता वस्तु तथा सेवाको वितरण आवश्यकता अनुसार हुनुपर्छ ।**

यदि बजारले मानवीय आवश्यकता पूरा गर्ने कार्य अन्य सिद्धान्तभन्दा राम्ररी परिपूर्ति गर्छ अर्थात् धेरै व्यक्तिहरूले समाजवादमा जीवनयापन गरेभन्दा उच्च जीवनस्तर हासिल गरी बाँच्न सक्दछन् भने बजार प्रक्रियाको वितरण माध्यमले आवश्यकता पूरा गर्ने सन्दर्भमा समेत अन्य माध्यमभन्दा राम्रो काम गर्छ । माथि भनेजस्तै, बजारमा स्वतन्त्रता जति बढ्यो उति नै सबभन्दा गरिबहरूको आय बढ्ने हुँदा यसले गरिबहरूलाई आफ्नो आवश्यकता पूरा गर्न बढी स्रोतहरू उपलब्ध गराउँदछ । (स्वभाविक रूपमा, सबै आवश्यकताहरू आयसँग सम्बन्धित हुँदैनन्; साँचो मित्रता र माया पक्कै पनि हुँदैन । तर यी कुराहरू बल प्रयोगबाट बाँड्न सकिन्छ वा अझ “समतापूर्वक” वितरण हुन्छन् भनेर सोच्ने कुनै कारण भने छैन) ।

त्यसमाथि "आवश्यकता"का सन्दर्भहरू प्रायः तन्काइएको हुन्छ र मापन गर्न गाह्रो पनि हुन्छ तर तिर्न सक्ने "क्षमता" वा भनूँ चाहनालाई मापन गर्न सजिलो हुन्छ । जब मानिसहरूले आफ्नै पैसाले कुनै वस्तु तथा सेवाहरू किन्छु भनेर लाग्छ भने त्यसले हामीलाई उनीहरूले उक्त वस्तु तथा सेवालाई अन्य वस्तु तथा सेवाभन्दा कति महत्व दिन्छ भनेर प्रष्ट पार्दछ । स्वास्थ्य र शिक्षाभन्दा पनि आधारभूत खाद्यान्नकै उदाहरण हेर्दा पनि बजारले खाद्यान्न प्रभावकारी ढङ्गले प्रदान गरिरहेको हामी देख्न सक्दछौं । अझ हेर्ने हो भने निजी सम्पत्तिको अधिकार उन्मूलन गरी बजार प्रक्रिया हटाई सरकारी प्रक्रियाबाट वस्तु तथा सेवाहरू उपलब्ध गराइएका देशहरूमा भोकमरी लागेर कतिपय देशहरूमा मान्छेले मान्छेको मासु खाने अवस्था आएको थियो । बजारले आधारभूत आवश्यकता लगायत मानवीय आवश्यकताका धेरै वस्तुहरू अरू प्रक्रियाभन्दा अझ राम्ररी वितरण र उपलब्ध गराउन सक्दछ ।

आवश्यकता परिपूर्ति गर्नका लागि सीमित मात्रामा रहने स्रोतहरूको उपयोग गर्नुपर्ने हुन्छ । यसको अर्थ हो, ती स्रोतहरूलाई कसरी बाँडफाँड गर्ने भनेर चयन गर्नुपर्ने हुन्छ । बजार सञ्चालन गर्न नदिइएका ठाउँहरूमा ती सीमित स्रोतहरू बाँडफाँडका लागि अन्य व्यवस्था तथा मापदण्डको प्रयोग गरिन्छ । जस्तै निजामतीतन्त्र, राजनीतिक प्रभाव, सत्ताधारी पार्टीको सदस्यता, राष्ट्रपतिसँगको सम्बन्ध र घुस दिएर वा अन्य प्रकारको भ्रष्टाचार आदि । यस्ता प्रक्रियाहरू बजारमा उत्पन्न भएका प्रक्रियाभन्दा राम्रा हुन् र यसले बढी समानता ल्याउँछ भन्ने कुराको ठीक विपरीत चाँहि सत्य रहेको कुरा मानिसहरूले आफैंले गरेको अनुभव हो ।

### १४) बजार बलियाहरूको बाहुल्यताको (Survival of the Fittest) सिद्धान्तमा आधारित छ ।

**जङ्गलको नियम जस्तै बजारको नियम भनेको पनि सबभन्दा बलियाहरू बाँच्ने र निर्बलियाहरू मर्ने हो । बजारले तय गरेको स्तरअनुसार उत्पादन गर्न नसक्नेहरू थिचिन्छन् र उनीहरूको अस्तित्व समाप्त हुन्छ ।**

बलियाहरू बाँच्ने र निर्बलियाहरू मर्ने जस्तो जैविक विकासक्रमको सिद्धान्तलाई साधारण मानिसहरू बीचको सामाजिक अन्तरक्रियाको सम्बन्धमा लिएर आउँदा यसले अन्योल सिर्जना गर्न सक्छ । जीवविज्ञानको क्षेत्रमा बाँच्नु भनेको हरेक जनावर जीवित रहनु र उसमा सन्तान उत्पादन गर्न सक्ने क्षमता रहनु हो । एउटा खरायो भाग्न नसकेका खण्डमा बिरालोले खायो भने त्यस खरायोका कुनै सन्तान उत्पादन हुँदैनन् । तर भाग्न सक्ने खरायाहरूका भने सन्तानहरू हुनेछन् । यसलाई सामाजिक विकासक्रमका सन्दर्भमा हेर्ने हो भने चाहिँ बाँचेको कुरा के हो भनेर हेनुपर्छ । सामाजिक अन्तरक्रियाका सन्दर्भमा ती वस्तुअन्तर्गत रीतिरिवाज, संस्था आदि जस्ता कुराहरू पर्दछन् । जब एउटा व्यवसायिक कम्पनी व्यसायबाट बाहिरिन्छ, उक्त संस्थाको अस्तित्व समाप्त हुन्छ । तर त्यस संस्था निर्माण गर्ने मानिसहरू, जस्तै : लगानीकर्ता, मालिक, व्यवस्थापक र कामदारहरूको अस्तित्व त समाप्त हुँदैन । कम प्रभावकारी खालको सहकार्य त्यसपछि प्रभावकारी हुने सहकार्यतर्फ अघि बढ्दछ । बजारको प्रतिस्पर्धा जङ्गलको भन्दा अलग हुन्छ । जङ्गलमा जनावरहरू एक अर्कालाई विस्थापित गर्न प्रतिस्पर्धा गर्दछन् । बजारमा भने उद्यमीहरू र संस्थाहरू उपभोक्ताहरू तथा अन्य उद्यमी र संस्थाहरूसँग सहकार्य गर्न पाउने अधिकारका लागि प्रतिस्पर्धा गर्छन् । बजार प्रतिस्पर्धा भनेको बाँच्ने अवसरका लागि गरिने प्रतिस्पर्धा नभई सहकार्य गर्ने अवसरका लागि गरिने प्रतिस्पर्धा हो ।

## १५) बजारले कला र संस्कृतिलाई दूषित पार्छ ।

**कला र संस्कृति मानवीय हृदयमा भएका संवेगको प्रतिक्रियास्वरूप विकसित भएको तत्व हो । त्यसैले यसलाई गोलभेंडा र सर्टको टाँक जस्तो किनबेच गर्न सकिँदैन । कलालाई बजारको नियन्त्रणमा छोड्नु भनेको धर्मलाई बजारको नियन्त्रणमा छोडनु जस्तै हो किनकि यसो गरेमा यिनीहरूको मौलिक गरिमा गुम्न पुग्दछ । कला र संस्कृतिलाई अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा छाड्दा यसको परम्परागत स्वरूप नाश हुँदै दूषित हुन्छ ।**

धेरैजसो कला बजारका लागि बनाइन्छ । कलाको इतिहास भन्नु नै बजारको प्रतिक्रिया स्वरूप निर्माण भएको नवीनताको इतिहास हो । यो नवीन

प्रविधि, नवीन दर्शन, नवीन स्वाद र नवीन किसिमको अध्यात्मिकताको प्रतिक्रिया स्वरूप निर्माण भएको हो । धेरै शताब्दीहरुदेखि कला, संस्कृति र बजारको सम्बन्ध घनिष्ट रहँदै आएको छ। सङ्गीत विज्ञले पनि तरकारी बिक्रेताले गोलभेंडाको पैसा लिए जस्तै गरी आफ्नो सङ्गीत समारोहमा सहभागी हुने मानिसहरूसँग शुल्क लिन्छ । त्यसैगरी लुगा सिउने दर्जीले पनि आफ्नो सेवा प्रदान गरे वापत शुल्क लिन्छ । वास्तवमा क्यासेट, सी.डी., भी.सी.डी., आइ.ट्युन्स, एम.पी.थ्री जस्ता सामानहरूको सहायताले बजारको विस्तार भएको छ । यसले कलाकारहरूलाई आफ्नो आय र अनुभव बढाउने मौका दिएको छ । धेरैजसो कला समयसँगै हराएर जान्छ । धेरै मानिसहरुले समकालीन कला पुरानो कलाको दाँजोमा कम गुणस्तरको भएको गुनासो गर्छन् तर यसमा समस्या के हो भने उनीहरुले विगतका थुप्रै वर्षहरुमा राम्रो भनी निखारिएको रचनाहरुलाई अहिले निस्केका सबै र चनाहरुसँग तुलना गर्छन् । यदि पुराना सबै सङ्गीत सिर्जनालाई वर्तमानको सबै सङ्गीतसँग तुलना गर्ने हो भने परिणाम भिन्न आउन सक्दछ ।

बजारको मूल्याङ्कन गर्दा मानिसहरूले पुरानो समयको उत्तम सङ्गीत हालको सङ्गीतसँग तुलना गरेर मात्र गल्ती गरिरहेका छैनन् । धनी देशका पर्यवेक्षकहरूले गरिब समाज अवलोकन गर्दा त्यहाँका मानिसहरूले आर्थिक रूपमा उन्नति गर्दै मोबाइल फोन र ल्यापटप प्रयोग गरेको देखे भने उनीहरुलाई उक्त कुरा अविश्वास्नीय लाग्छ र यसले त्यहाँको संस्कृति मासिएको अनुभव उनीहरु गर्छन् । वास्तवमा संस्कृति र गरिबीलाई जोड्नु उपयुक्त देखिँदैन । जापानीहरू गरिबीबाट माथि उठेर विश्वकै धनी नागरिक भए । यसो हुनाले उनीहरू अब कम जापानी नागरिक भएनन् । धनी हुँदै जाँदा जापानी नागरिकको चेतनाको स्तर पनि बढेका हुनाले उनीहरूको संस्कृति विश्वभर फैलियो । त्यसैगरी भारतीय नागरिक धनी हुँदै जाँदा त्यहाँको फेसन उद्योगमा परम्परागत पहिरन प्रख्यात हुँदै आएको छ। ती पहिरनलाई समयसामयिक बनाउँदै स्वीकार गरिँदैछ। त्यसैगरी आइसल्याण्ड एउटा सानो देश भएता पनि उनीहरूको प्रति व्यक्ति आय धेरै रहेको र त्यस देशका नागरिकले आफ्नो संस्कृति जोगाउन र विकास गर्नका लागि केही सम्पत्ति खर्च गर्न सक्ने हुनाले उनीहरुले आफ्नो साहित्य र संस्कृति बचाएर राख्न सकेका छन् ।

धार्मिक आस्था कहिले पनि बिक्री वितरण गर्नको लागि हुँदैन तर खुला समाजले धर्मलाई समान अधिकार र छनोट स्वतन्त्रताको सिद्धान्तका आधारमा व्यवहार गर्दछ। चर्च, मन्दिर, मस्जिद आदि आफ्ना अनुयायीहरूका लागि एक आपसमा प्रतिस्पर्धा गर्दछन् । यूरोपका चर्चहरू जसले औपचारिक रूपमा सरकारको सहयोग पाएका छन्, त्यहाँ अनुयायीहरूको सङ्ख्या कम हुन्छ। यसको कारण बुझ्न गाह्रो छैन किनकि राज्यको सहयोग नपाउने चर्चहरूले विभिन्न किसिमका सेवाहरू दिनुपर्दछ । यस किसिमका चर्चहरूले आफ्ना सदस्यहरूको आवश्यकतामा विशेष चासो दिनुपर्दछ। यही कारण स्वीडेनमा राज्यद्वारा सञ्चालित चर्च स्वतन्त्र रूपमा सञ्चालन हुन खोजेको थियो ।

बजार र कला एवम् संस्कृतिको बीचमा कुनै विरोधाभास हुँदैन । बजार विनिमय भनेको कलात्मक अनुभव र सांस्कृतिक सम्पन्नता जस्तो होइन तर यो दुवैलाई सहयोगी भूमिका खेल्ने एउटा साधन भने हो ।

## १६. बजारले धनी र प्रतिभाशालीलाई मात्र फाइदा पुऱ्याउँदछ ।

**धनी अझ धेरै धनी हुँदै जान्छन् र गरीब अझ गरीब हुँदै जान्छन् । यदि तिमी धेरै पैसा कमाउन चाहन्छौ भने धेरै पैसाबाट आफ्नो व्यवसाय थालनी गर्नुपर्दछ । नाफा कमाउने बजारको प्रतिस्पर्धामा जसले पहिले व्यवसायको थालनी गऱ्यो, उसले नै पहिले अन्तिम सीमा पार गर्दछ ।**

बजारको प्रक्रिया भनेको दौड प्रतियोगिता होइन जहाँ जित र हार हुन्छ । दुवै पक्षहरू आफूलाई फाइदा हुन लागेपछि मात्र वस्तु तथा सेवाको विनिमय गर्दछन् । यसमा दौड प्रतियोगितामा जस्तो एउटाले जितेपछि अर्को हार्नै पर्छ भन्ने छैन । यसमा दुवै पक्षले फाइदा पाउँदछन् । त्यसैले एक पक्षले मात्र फाइदा पाउने अवस्थामा वस्तुको विनिमय हुन सक्दैन ।

धनी परिवारमा जन्मनु राम्रै कुरा हो । समृद्ध समाजमा बाँच्नुको महत्वलाई सम्पन्न देशका नागरिकहरूले गरिब देशबाट धनी देशमा बसाईंसराई गरेर जाने व्यक्ति

जति महत्वकासाथ हेर्देनन् । स्वतन्त्र बजार व्यवस्थामा कम्पनीहरू स्वतन्त्रतापूर्वक प्रवेश गर्न र निस्कन पाउने, सबै क्रेता र बिक्रेताहरूले वस्तु तथा सेवाको किनबेच स्वतन्त्रतापूर्वक गर्न पाउने हुनाले सधैँभरि एउटै मात्र कम्पनीले बजारको माग पूरा गर्छन् भन्ने छैन । सैन्य शक्ति, पारिवारिक सम्बन्ध वा जातियताका आधारमा स्थापना हुने सम्भ्रान्त वर्ग स्वतन्त्र समाजमा स्थापना हुने सम्भ्रान्त वर्ग फरक हुन्छन् । स्वतन्त्र समाजमा स्थापना हुने सम्भ्रान्त वर्गमा कला, संस्कृति, विज्ञान अनि आर्थिक क्षेत्रका सम्भ्रान्तहरु हुन्छन् जहाँ नयाँ सदस्यहरु नाता सम्वन्ध भन्दा पनि आर्जित सफल्ताका आधारमा खुल्ला रुपमा प्रवेश गर्छन् ।

सम्पन्न समाजमा धेरै सफल मानिसहरू हुन्छन् । उनीहरूमध्ये कतिपय व्यापार एवम् व्यवसाय गर्न धेरै प्रतिबन्ध र निषेध भएको देशबाट खुला अर्थतन्त्र भएका देशहरू जस्तै सयुंक्त राज्य अमेरिका, संयुक्त अधिराज्य बेलायत, क्यानडा आदिमा बसाईंसराइ गरी आएका हुन्छन् । उनीहरूले छोडेको समाज र हाल बसेको समाजबीचको मूल भिन्नता भनेको नै आर्थिक स्वतन्त्रता हो । त्यस्ता मानिसहरू पहिले बस्ने समाजमा उद्यमी बन्नमा अनेक बाधाअवरोध भएका कारणले अन्य देशको प्रवासी हुनुपर्ने र आफ्ना साथीभाइ एवम् छरछिमेकीलाई आफ्नो उद्यममा सहभागी गराउन नपाउनु एउटा दुःखद् घटनाका रूपमा रहेको हुन्छ ।

स्वतन्त्र बजार भएका खण्डमा सबैभन्दा फाइदा पाउने वर्ग भनेको मध्यम र निम्न मध्यम वर्गमा पर्ने मानिसहरू नै हुन् । फोर्ड मोटर, सोनी, वाल मार्ट आदि कम्पनीहरूले यही वर्गका मानिसको स्वाद, चाहना र आवश्यकतालाई ध्यान दिएर वस्तुहरू उत्पादन गरेका छन् ।

स्वतन्त्र बजार भएको व्यवस्थामा कुनै पनि व्यक्ति जन्मँदैमा सम्भ्रान्त वर्गमा पर्दैन । यस किसिमको बजार संरचनामा वाणिज्यवाद र नातावादमा भएको व्यवस्था जस्तो धनी झन् धनी र गरिब झन् गरिब हुँदै जाँदैनन् । स्वतन्त्र बजार व्यवस्था भएको व्यवस्थामा धनी मानिस राम्रो गर्दै जान्छन् भने गरिब मानिस झन् राम्रो हुँदै मध्यम र उच्च मध्यम वर्गमा पुग्दछन् । परिभाषाअनुसार कुनै पनि

समयमा २०% जनसङ्ख्या उच्च आय र त्यसैगरी २०% निम्न आय भएको वर्गमा पर्दछन् । तर यसमा सबै श्रेणीका आय भएका मानिसहरूको आयस्तर बढ्दै जान्छ । यसमा श्रेणी भन्नाले कुनै पनि होटलमा कोठाको प्रयोग र बसको सीट फरक-फरक समयमा फरक-फरक मानिसहरूले भरिए जस्तै हो । जब स्वतन्त्र बजार भएको देशमा आय वितरणको अध्ययन गरिन्छ, मानिसहरूको आयमा गतिशीलता पाउन सकिन्छ । यसमा सबैभन्दा महत्वपूर्ण कुरा के छ भने समृद्ध बजार अर्थतन्त्र भएका ठाँउमा सबै मानिसहरूको आय उच्च हुँदै गएको हुन्छ ।

### १७) जब मूल्य निर्धारण बजारमा छोडिन्छ, तब मूल्य बढ्छ ।

**जब वस्तु तथा सेवाको मूल्य सरकारले नभई बजारले तोक्छ, तिनीहरूको मूल्य बढ्छ । स्वतन्त्र बजार भनेकै उच्च मूल्यको अर्को नाम हो, यसर्थ मानिसहरूको क्रयशक्ति कम हुँदै जान्छ ।**

बजार भाउ भन्दा तल तोकिएको वस्तु तथा सेवाको मूल्य स्वतन्त्र छोडदा छोटो समयका लागि भए पनि मुल्य बढ्ने सम्भावना हुन्छ । तर त्यहाँ त्योभन्दा पनि लामो कथा बाँकी नै रहेको हुन्छ । केही सामानको मूल्य बजारको मूल्यभन्दा माथि तोकिएको हुन्छ तर स्वतन्त्र छोड्ने बित्तिकै घट्न थाल्दछ । राज्यले नियन्त्रण गरेको मौद्रिक मूल्यमा वस्तु तथा सेवाका लागि तिर्ने मूल्य मात्र महत्वपूर्ण नभएर त्यसका लागि लाइन बसेको लामो समयको पनि हिसाब गर्नुपर्दछ । यद्यपि यसरी खर्च गरेको समय उत्पादकलाई जाने होइन । त्यसैगरी कर्मचारी भ्रष्ट खालका भए भने घुस पनि खुवाउनु पर्दछ जुन अतिरिक्त खर्च हो । घुस खुवाउन लागेको खर्च र लाइनमा बसेको समयको पनि हिसाब गर्ने हो भने बजारले तोकेको भाउभन्दा पनि धेरै खर्च लाग्दछ । उपभोक्तालाई मूल्य धेरै भए तापनि उत्पादकले राम्रो मूल्य पाउन सक्दैनन्, किनकि घुस खुवाउन लागेको खर्च र लाइनमा बसेको समयको खर्च उत्पादकको हातमा पुग्दैन ।

वस्तु तथा सेवाको मूल्य स्वतन्त्र छाड्ने बित्तिकै कुनै पनि वस्तु तथा सेवाको मूल्य छोटो समयका लागि बढ्दछ । यसले उत्पादन बढाउनलाई पनि

मद्दत पुऱ्याउँदछ किनकि वस्तु वा सेवाको मूल्य बढेपछि उत्पादकको आम्दानी पनि बढ्दछ । यसको कारणले गर्दा श्रमको समय पनि घटाउँछ । सन् १८०० मा कुनै पनि व्यक्तिले एक छाक टार्नका लागि झण्डै एक दिनको श्रम खर्च गर्नुपर्दथ्यो । बिस्तारै–बिस्तारै ज्याला बढ्दै जाँदा मानिसहरूले थोरै समयको कामले पनि आफ्नो छाक टार्न सक्ने भए । यसरी श्रमको तुलनामा अन्य सबै वस्तुको मूल्य घट्दै गयो । श्रमको उत्पादकत्व र ज्याला बढ्दै गएपछि मानवीय श्रमको मूल्य पनि बढ्दै गयो । यस कारणले गर्दा गरिब देशहरूमा आफ्ना लुगा धुन र भाँडा माझ्न नोकर राखिएको पाइन्छ भने धनी देशहरूमा सम्पन्न मानिसहरूले पनि विभिन्न किसिमका यन्त्रहरूको प्रयोग गर्न थालेको पाइन्छ । एकै वाक्यमा भन्नुपर्दा स्वतन्त्र बजारका कारणले गर्दा श्रमको तुलनामा अन्य सबै वस्तुहरूको मूल्य घटेको छ ।

### १८) विभिन्न देशहरुमा साम्यवादको अन्त्यपछि निजीकरण तथा बजारीकरणको प्रक्रियामा भ्रष्टाचार व्यापक थियो, जसले देखाउँछ कि बजारले भ्रष्टाचारलाई प्रश्रय दिन्छ ।

**प्रायः सबैजसो निजीकरण अभियानहरूमा भ्रष्टाचार भएका हुन्छन् । यो एउटा खेल हो, जसले केवल राज्यका सर्वोत्कृष्ट सम्पतिहरू सबैभन्दा निर्दयी र अवसरवादीहरूलाई प्रदान गर्छ । निजीकरण तथा बजारीकरणको सम्पूर्ण खेल नै फोहोरी छ र यसले जनताबाट चोरी गर्नुको अतिरिक्त अन्य केही गर्दैन ।**

ती भ्रष्ट निजीकरण पद्धतिबाट फाइदा लिने खराब हातहरूको खराबीपन बजार व्यवस्था नहुनुको परिणाम हो । मुख्य गरी बजारको आधारस्तम्भका रूपमा रहने विधिको शासनको कमी यसको महत्वपूर्ण पक्ष हो । यी संस्थाहरू स्थापना गर्नु सजिलो काम भने होइन र सबै मुद्दामा लागू गर्न मिल्ने कुनै प्रसिद्ध प्रविधि पनि छैन । तर केही मुद्दामा विधिको शासनको संस्थाहरू पूर्ण रूपमा हासिल गर्न सकिएन भन्दैमा प्रयास गर्नु व्यर्थ छ भन्ने पनि होइन । एसकै कुरामा पनि संस्थागत गरिएका अत्यन्त दोषपूर्ण निजीकरण पद्धतिहरू त्यसभन्दा अघिको अन्याय र अप्रभावकारीताको बोझले धरासायी भएको एकल पार्टीको निरंकुशताभन्दा राम्रा छन् ।

कार्यशील कानूनी व्यवस्थाविना केवल “निजीकरण” गर्नु बजार सिर्जना गर्नु होइन । बजारहरू कानूनका आधारमा खडा हुन्छन् । असफल निजीकरणहरू बजारका असफलता होइनन्, बरु राज्यले बजारका लागि आवश्यक कानूनी आधार निर्माण गर्न असफल हुनु हो ।

## अति उत्साही प्रतिरक्षा

**१९) मानवका सबै सम्बन्धहरूलाई बजारका सम्बन्धमा परिणत गर्न सकिन्छ ।**

**सबै कार्यहरू गरिनुको कारण कर्ताहरूले आफ्नो उपयोग वा लाभ बढाउन खोज्नुले हो । अरू मानिसलाई मद्दत गर्नु पनि आफ्ना लागि लाभ लिनु हो, नत्र तपाईंले उक्त काम गर्नुहुने थिएन । मित्रता र प्रेमले आपसी हितका लागि सेवा आदानप्रदानको प्रतिनिधित्व गर्छन्, जुन आलुको थैली आदानप्रदान गर्नेभन्दा फरक हुँदैन । त्यसमाथि, मानवीय अन्तरक्रियाका सबै प्रकारलाई बजारअन्तर्गत रहेर बुझ्न सकिन्छ । राजनीतिमा भोटहरू विभिन्न फाइदाको वाचासँग साटिन्छन् र अपराधमा पनि अपराधी र पीडितहरूले पैसा र जीवनको विनिमय गर्छन् ।**

सम्पूर्ण कार्यलाई एउटै प्रेरणामा उतार्न खोज्नुले मानवीय अनुभवलाई गलत ठहऱ्याउँछ । बाबुआमाले आफ्ना बालबच्चाका लागि त्याग गर्दा वा उनीहरू खतरामा पर्दा उद्धार गर्न जाँदा आफूलाई हुने लाभबारे सोच्दैनन् । मोक्ष वा आध्यात्मिक प्रमोदका लागि प्रार्थना गर्दाको मानिसको प्रेरणा लुगा किनमेल गर्दाको प्रेरणाभन्दा फरक हुन्छ । दुवैको एउटा साझा कुरा चाहिँ के हो भने उनीहरूका कार्यहरू उद्देश्यपूर्ण हुन्छन्, अर्थात् ती कार्यहरू कुनै उद्देश्य प्राप्तिका लागि गरिन्छन् । तर यसबाट उनीहरूले प्राप्त गर्न खोजेको उद्देश्यलाई समान वस्तुको उपभोग्य एकाईमा उर्तान वा मापन गर्न सकिन्छ भन्ने कुरा चाहिँ तर्कसङ्गत देखिँदैन । हाम्रा उद्देश्य र प्रेरणाहरू विभिन्न हुन सक्दछन् । जब हामी बजारमा हथौडा किन्न जान्छौं, सङ्ग्रहालयमा प्रवेश गर्छौं वा नवजात शिशुलाई क्रोक्रोमा राख्छौं तब हामीले फरक फरक उद्देश्य प्राप्त गरिराखेका हुन्छौं । जसमध्ये सबैलाई बजारको किनबेचको परिभाषामा अभिव्यक्त गर्न मिल्दैन ।

यो सत्य हो कि विभिन्न किसिमका अन्तरक्रियालाई बुझ्न र प्रकाश पार्न बौद्धिक ढाँचा र उपकरणहरू प्रयोग गर्न सकिन्छ । उदाहरणका लागि बजारमा हुने विनिमयहरूलाई बुझ्नका लागि प्रयोग गरिने अर्थशास्त्रका अवधारणाहरू राजनैतिक विज्ञान र धर्मसमेत बुझ्नका लागि प्रयोग गर्न सकिन्छ । व्यापारिक छनौट जस्तै राजनैतिक छनौटहरूको पनि नगण्य लागत तथा फाइदा हुन सक्दछन् । राजनैतिक दल र माफियाहरूलाई बजारका कम्पनीहरूसँग दाँज्न मिल्छ होला । तर अवधारणाहरूको यस्तो प्रयोगले यी दुई रोजाईका अवस्थाहरू नैतिक वा कानूनी रूपमा समान हुन् भन्ने देखिँदैन । तपाईंलाई आफ्नो जीवन वा आफ्नो पैसाबीच एउटा कुराको छनौट गर्न लगाउने एउटा अपराधीलाई तपाईंलाई आफ्नो पैसा र उक्त पैसाबाट किन्न सकिने सामानको रोजाई प्रदान गर्ने उद्यमीसँग तुलना गर्न सक्नुहुन्न । यी दुई कुरा कुनै पनि अर्थमा समान होइनन् । एउटा अपराधीले तपाईंलाई दुवैमा तपाईंको नैतिक र कानूनी हक भएका वस्तुमध्ये एक रोज्न बाध्य गराउँछ जबकि उद्यमीले तपाईंलाई दुई वस्तुमध्ये एक रोज्ने अवसर दिन्छ, जसमध्ये एउटामाथि उसको हक हुन्छ भने अर्कोमाथि तपाईंको हक हुन्छ । दुवै अवस्थामा तपाईंले सही छनौट गर्नुहुन्छ र उद्देश्यसहित कदम चाल्नुहुन्छ । तर अघिल्लो अवस्थामा अपराधीले तपाईंलाई छान्न बाध्य गराउँछ जबकि पछिल्लोमा तपाईंलाई रोज्ने अवसर प्रदान गरिन्छ । अघिल्लोले तपाईंको हक कटौती गर्छ भने पछिल्लोले तपाईंलाई आफ्नो हकदारी बढाउन सहयोग गर्छ र तपाईंसँग भएको तर कम महत्व दिने वस्तुको सट्टामा तपाईंसँग नभएको तर बढी महत्व दिने वस्तु साट्ने अवसर प्रदान गरेर सहयोग गर्छ । तसर्थ सबैखाले मानवीय सम्बन्धहरू बजारको सम्बन्धमा उतार्न सकिँदैन । कम्तीमा पनि ती सम्बन्ध जसमा बलपूर्ण विनिमय संलग्न हुन्छन्, ती मुलभूत रूपमा फरक हुन्छन्, किनभने तिनले मूल्य अभिवृद्धि गर्ने अवसरभन्दा पनि अवसर गुमाउने कुराको प्रतिनिधित्व गर्छन् ।

## २०) सरकारविना नै बजारले सबै समस्या समाधान गर्न सक्दछ ।

**सरकार यति कमजोर हुन्छ कि यसले कुनै पनि राम्रो काम गर्न सक्दैन । बजारको मुख्य उद्देश्य सरकारलाई सधैं कमजोर बनाउनु हुनुपर्छ, किनभने सरकार भनेको बजारको विपरीत हो । जति कमजोर सरकार भयो त्यति धेरै बजार हुन्छ ।**

जसले बजारका फाइदाहरू स्वीकार्दछन्, उनीहरूले यो पनि स्वीकार्नु पर्छ कि शायद सम्पूर्ण विश्वमा प्रायः मुख्य समस्या भनेको सरकारले आवश्यकताभन्दा बढी गर्नु मात्र होइन, त्यसको सँगसँगै सरकारले एकदम थोरै काम गर्नु पनि हो । अघिल्लो दर्जामा पर्ने कार्यहरू त्यस्ता कार्य हुन् जुन सरकारले गर्नुहुँदैन । ती कार्यहरू अन्तर्गत पर्ने कुराहरुः क) त्यस्ता कार्य जुन कसैले पनि गर्नु हुँदैन जस्तै जातीय संहार, जमिनको चोरी र संभ्रान्त वर्गका लागि विशेष कानूनी सुविधाको निर्माण ख) त्यस्ता कार्य जुन बजारमा उद्यमी तथा कम्पनीहरूको स्वेच्छिक अन्तरक्रियामार्फत् गर्न सकिन्छ वा गरिनुपर्छ, जस्तै सवारी साधनको उत्पादन, पत्रिका प्रकाशन र भोजनालय सञ्चालन आदि । सरकारले यी सबै कार्य गर्न बन्द गर्नु पर्छ । यी कार्यहरु गर्न बन्द गर्दै सरकारले न्याय वृद्धि गर्न स्वेच्छामा आधारित अन्तरक्रिया बढाई समस्या समाधान गर्ने आधार श्रृजना गर्न काम गर्नुपर्छ । वास्तवमा, सरकारले गाडी कारखाना चलाउन वा पत्रिका प्रकाशन गर्ने वा भँनु सम्पत्ति हनन् गर्ने जस्तो निकृष्ट काम र धेरै व्यक्तिका लागि विशेष कानूनी सुविधाको सिर्जना गर्नमा खर्च गर्छ भने त्यसले सरकारको साँच्चै मूल्यवान् सेवाहरू प्रदान गर्न सक्ने क्षमतालाई कमजोर बनाउँछ । उदाहरणका लागि गरिब देशका सरकारहरूले बिरलै मात्र स्पष्ट कानूनी हक दिने काम राम्रोसँग गरेको पाइन्छ । यस अवस्थामा सम्पत्तिको सुरक्षाको त कुरै छाडिदिऊँ, कानूनी व्यवस्थाहरू बारम्बार अप्रभावकारी, जटिल भएका हुन्छन् भने स्वेच्छिक विनिमयका लागि आवश्यक स्वतन्त्रता र निस्पक्षताको पनि अभाव हुन्छ ।

बजारले सामाजिक समन्वयको ढाँचा दिनका लागि कानूनमा सम्पत्ति र करारको उचित व्यवस्था भएको हुनुपर्छ । यी सार्वजनिक हितका कुरा दिन असफल हुने सरकारहरूले बजारको विकासलाई रोक्दछन् । सरकारले जनहितका लागि कमजोर भएर होइन बरु आफ्नो कानून र न्याय सिर्जना गर्ने अधिकार प्रयोग गरेर सहयोग गर्न सक्दछ । कमजोर सरकार र सीमित सरकार एकै होइनन् । कमजोर र असीमित सरकार एकदम खतरनाक हुन्छन् किनभने यिनले गर्न नपर्ने काम गर्दछन् अनि स्वतन्त्रता र स्वतन्त्र बजार विनिमयलाई आवश्यक पर्ने जीवन, स्वतन्त्रता र सम्पत्तिको सुरक्षा प्रदान गर्ने र न्यायपूर्ण व्यवहारका लागि

आवश्यक नियमहरू लागू गर्ने अधिकार लागु गराउन सक्दैनन् । स्वतन्त्र बजार भनेको सरकारको अनुपस्थिति होइन । आखिरमा सबै अराजकताहरू आकर्षक त हुँदैनन् । स्वतन्त्र बजार तब मात्र सम्भव हुन्छ जब प्रभावकारी रूपमा सञ्चालित सीमित सरकारले न्यायपूर्ण व्यवहारका नियमहरू स्पष्टसँग व्याख्या र लागू गर्दछ ।

यसमा के पनि सम्झनु जरुरी छ भने धेरै समस्याहरूको समाधान सचेत भएर काम गरेमा हुन्छ । अव्यक्तिगत बजार प्रक्रियाले सबै समस्याहरू समाधान गर्छन् भनेर जोड दिनु पर्याप्त हुँदैन । नोबेल पुरस्कार विजेता अर्थशास्त्री रोनाल्ड कोसले आफ्नो बजार र संस्थामा गरिएका महत्वपूर्ण कार्यको विवरण दिएअनुसार संस्थाहरू विशिष्ट लक्ष्य प्राप्तिका लागि सचेत योजना र समन्वयमा भर पर्दछन्। बजार विनिमयमा स्थिर रहेर बजारतर्फ जानु महँगो हुन्छ। उदाहरणका लागि हरेक करारमा सम्झौता गर्दा महँगो पर्ने हुनाले खर्च घटाउनका लागि दीर्घकालीन करारको प्रयोग गरिन्छ । संस्थाहरूमा स्थलगत विनिमयता (Spot Exchange) को सट्टा दीर्घकालीन करारहरू हुन्छन् । यिनमा कुनै एक सेवाका लागि निरन्तर बोली लगाउनुका सट्टा सामूहिक कर्ता र सचेत बाटोमा आधारित श्रम सम्बन्ध हुन्छ । संस्थाहरूमा सामूहिक कार्य र योजनाका साना द्वीपहरू सुरक्षित हुन्छन् किनभने उनीहरू बजार विनिमयको सहज व्यवस्थाको ठूलो समुद्रमा स्वयम् मार्गनिर्देशन गर्न सक्दछन् । (समाजवादीहरूको ठूलो गल्ती सम्पूर्ण अर्थतन्त्रलाई एउटा ठूलो संस्थाले व्यवस्थापन गर्न सकिन्छ भनेर गरिएको प्रयास हो । बजारको व्यापक सहज व्यवस्थामा सचेत बाटो र सामुदायिक कार्यको सीमित भूमिकालाई नचिन्नु पनि उस्तै गल्ती हुनेछ ।) सही आचरणका नियमको रचना र प्रवर्तनका लागि ढाँचा प्रदान गर्ने काम बजारको हो। स्वतन्त्र बजारका समर्थकहरूले पनि त्यही कुराको प्रवर्तन गर्नुपर्छ । सुरक्षा प्रदान गर्न निजी संस्थाहरू प्रायः जसो सरकारी प्रहरीभन्दा राम्रा हुन्छन् (र कम हिंस्रक पनि : अरू कोही केही कारणले नभए तापनि सरकार बाहेक अरू कसैले हिंसामा भएको खर्चलाई तेस्रो पक्षमा सार्दैन) । स्वेच्छिक मध्यस्थताले सरकारी अदालतभन्दा राम्रो काम गर्छ । यसो भन्नुको अर्थ बजारको सिर्जनामा नियमहरूले खेल्ने प्रमुख भूमिका स्वीकार्नु पनि हो। केवल सरकार विरोधी हुनुको साटो प्रभावकारी र न्यायपूर्ण नियमहरूको समर्थन गर्नु उपयुक्त हो, चाहे त्यो सरकारले प्रदान गरोस् वा बजारले नै प्रदान गरोस् ।

अन्त्यमा, यो सम्झनु पर्छ कि सम्पत्ति र बजार विनिमय आफैंले सबै समस्या समाधान गर्दैन । उदाहरणका लागि यदि भूमण्डलीय तापक्रम वृद्धि वास्तवमा नै सारा विश्वकै जीवनमाथिको खतरा हो भने ओजोन तहमा प्राणघातक तरिकाले ह्रास आयो भने त्यसको प्रकोपबाट बच्ने संयोजित समाधानहरू सरकारी तहमा संयोजन गर्नु सर्वोत्कृष्ट र निर्विकल्प उपाय हुन सक्छ । त्यसको अर्थ बजारले कुनै भूमिका नै खेल्दैन भन्ने भने होइन । उदाहरणका लागि कार्वन डाइअक्साइड उत्सर्जनका लागि बजारको सिर्जनाले समायोजनमा सहयोग पुऱ्याउला तर पहिले ती बजारहरू सरकारको समन्वयमा सिर्जना गरिनुपर्दछ । तर सबभन्दा महत्वपूर्ण कुरा के हो भने कुनै संयन्त्र सबै कल्पनीय समस्या समाधानका लागि पर्याप्त हुँदैन भन्नुको अर्थ उक्त संयन्त्र कुनै पनि समस्याका लागि उपयुक्त र पर्याप्त हुँदैन भन्ने होइन । उक्त संयन्त्रले केही, वा प्रायः समस्याका लागि राम्रो काम गर्न सक्दछ । सम्पत्ति र बजारले धेरै समस्याहरू समाधान गर्दछन् र तिनमा भर पनि पर्नुपर्छ । यदि तिनले सबै समस्या समाधान गरेनन् भने पनि तिनले प्रभावकारी र न्यायपूर्ण समाधान प्रदान गर्ने समस्याका सन्दर्भमा पनि तिनको उपेक्षा गरिनुपर्छ भन्ने होइन ।

स्वतन्त्र बजारले मानवको सम्पूर्ण अकल्पनीय समस्या समाधान गर्छ भन्ने होइन तर यसले स्वतन्त्रता र समृद्धि प्रदान गर्दछ भने त्यसलाई वेवास्ता गर्न मिल्दैन ।

*(टम पाल्मर वासिङटन डि.सी. अवस्थित केटो इन्स्टियूटका सिनियर फेलो हुन् । उनी एट्लस इकोनोमिक रिर्सच फाउन्डेसनका अन्तराष्ट्रिय कार्यक्रमका उपाध्यक्ष पनि हुन् ।)*

अध्याय ८

# भ्रष्टाचार रोकौं : गरिबीलाई इतिहासमा सीमित बनाऔं

## वल्फग्याङ्ग क्यास्पर

» सामाजिक स्थायित्व र आर्थिक वृद्धिकालागि भ्रष्टाचार एउटा अभिशाप हो । निजी लाभका लागि गरिने राजनैतिक शक्तिको दुरूपयोग इमान्दार र गरिब नागरिकहरूप्रतिको अन्यायपूर्ण कार्य हो । यस तथ्यलाई सन् २००५ देखि कार्यान्वयनमा आएको भ्रष्टाचारविरुद्ध संयुक्त राष्ट्र सङ्घीय सम्मेलन (UN Convention Against Corruption) ले पनि मान्यता दिएको छ ।

» सन् २००५ मा प्रकाशित भएको भ्रष्टाचार अवधारणा सूचाङ्क (The Corruption Perception Index) ले विश्वका १५९ राष्ट्रहरूमा हुने भ्रष्टाचार को अवस्थालाई अनुमान गर्न विश्वसनीय आधार स्थापना गरेको छ । यसले अन्तर्राष्ट्रिय स्तरमा देखिएको भ्रष्टाचारको भिन्नतालाई पनि प्रष्ट पारेको छ । गरिब देशहरू विकसित र धनी राष्ट्रहरूभन्दा बढी भ्रष्ट भएको पाइन्छ । अष्ट्रेलिया र न्यूजिल्याण्ड जस्ता देशहरूले इमान्दारिताको स्तर समयसँगै सुधार गरिरहेका छन् भने अन्य देशहरू जस्तैः संयुक्त राज्य अमेरिका, जापान र युरोपियन युनियनका मुख्य देशहरूको स्तर भने तल झरेको छ । त्यसैगरी तेस्रो विश्वका प्रायः राष्ट्रहरू र पूर्व साम्यवादी देशहरूमा भ्रष्टाचार व्याप्त छ । इन्डोनेसिया र पपुवा न्यू गिनी जस्ता अष्ट्रेलियाका छिमेकी देशहरूमा पनि भ्रष्टाचार व्यापक छ ।

» राम्रोसँग निजी सम्पतिमाथिको अधिकार सुरक्षित नगरिएको एवम् विधिको शासन नभएको र अतिनियन्त्रित बजार भएका देशहरूले भ्रष्टाचारको चरम स्वरूप खपिरहेको पाइएको छ ।

» प्राकृतिक साधनहरू जस्तै : तेल र ग्याँस आदिको प्रशस्त उपलब्धताले पनि भ्रष्टाचारलाई बढावा दिन्छ र यसले राजनैतिक अस्थिरता र सरकारको असफलता निम्त्याँउछ । यो पश्चिमा देशहरूका लागि पनि चिन्ताको विषय भएको छ किनकि यी देशहरू आफूलाई चाहिने साधनहरूका लागि आयातमा निर्भर गर्दछन् । दुर्भाग्यवश भ्रष्टाचार अवधारणा सूचाङ्क (The Corruption Perception Index) अनुसार अफगानिस्तान, पूर्वी टिमोर र इराकमा पश्चिमा देशहरूको सैनिक हस्तक्षेपले इमान्दार सरकारभन्दा पनि भ्रष्ट सरकार निर्माण गर्न सहयोग पुऱ्याएको छ ।

» वैदेशिक सहायताले पनि भ्रष्टाचार बढाउन सहयोग पुऱ्याउने गरेको छ । त्यसैकारण महँगो भएतापनि वैदेशिक सहायतामा जवाफदेहीता बढाउने प्रक्रिया आरम्भ भएको छ, किनभने भ्रष्ट देशहरूमा वैदेशिक सहायता खर्च गर्दा आर्थिक वृद्धि गर्न आवश्यक पर्ने संस्थाहरूपनि भ्रष्ट हुन्छन् र भ्रष्ट संभ्रान्त वर्गलाई मात्र फाइदा पुग्दछ ।

» शासक वर्गले आफूलाई प्राप्त हुने विशेष लाभ कायम राख्न र खुलापन एवम् पारदर्शितालाई रोक्नका लागि प्रायः राष्ट्रवादी र समाजवादी विचार/भावना प्रयोग गर्छन् ।

» भ्रष्टाचारलाई धेरै वर्षसम्म भाग्यकै खेलको रूपमा हेरियो । तर, विश्वमा पश्चिमा देशहरूबाट उदारीकरणको प्रभाव फैलिएपछि यस प्रवृतिमा परिवर्तन आएको छ। सिङ्गापुर र इस्टोनियाले पनि भ्रष्टाचारलाई न्यूनीकरण गरी आर्थिक समृद्धिको बाटो पहिल्याएर गरिबी निवारण गरेका छन् । यसै कारण विश्वका विभिन्न देशहरूका मध्यम वर्गीय परिवारमा भ्रष्टाचार निवारण गर्न सकिन्छ भन्ने आशा पलाएको छ ।

*'उत्कृष्ट वस्तुहरू एकपटक भ्रष्ट भएपछि निकृष्ट हुन पुग्छन्'।*
ल्याटिन उखान

*'नियम, कानुन र बन्धन जति धेरै भयो, चोर र डाँकाहरूपनि त्यति नै धेरै हुन्छन्'।*
लावत्से (चौथौ र तेस्रो शताब्दी बी. सी.)

## भ्रष्टाचार, न्याय र समृद्धि

माथिको उद्धरणको भावअनुसार प्राचीनकालदेखि नै निजी स्वार्थका लागि गरिने राजनैतिक शक्तिको दुरूपयोगका कारण पूर्वी र पश्चिमी देशका नागरिकहरूले दुःख पाइरहेका छन् । सरकारबाट काम लिनका लागि सरकारी कर्मचारीहरूलाई खुशी नपारी हुँदैन भन्ने मान्यता परम्पराकै रूपमा स्थापना भइसकेको थियो । निम्न आय भएका कर्मचारीहरूलाई थोरै घुस खुवाउनुलाई मित्रभावका रूपमा वा वैध प्रतिस्पर्धाका रुपमा हेरिन्थ्यो । भ्रष्टाचारलाई त्याग गर्नुपर्छ भन्ने कुरा सबै धर्मले स्वीकारेका छन् । तालमुड र बाइबल जस्ता धेरै ग्रन्थहरूमा पनि भ्रष्टाचारलाई नराम्रो कार्यका रूपमा नै चित्रण गरिएको छ। इसाई धर्मग्रन्थको पहिलो खण्डमा नै ईश्वरले धर्ती अवलोकन गर्दा भ्रष्टहरू बस्ने स्थानका रूपमा पाएको विषयबारे चर्चा गरिएको छ ।

आजकल भ्रष्टाचारलाई सबै मानिस समान हुन् र सबै मानिसहरूले आफ्नो प्रगति गर्ने समान अवसर पाउनुपर्छ भन्ने धारणाको अवज्ञाको रुपमा लिइन्छ। यस प्रकारको व्यक्तिवादी भावनाको विकास सर्वप्रथम पश्चिमा देशहरूमा इन्लाइटनमेन्टका बेलामा भयो र यसको प्रभाव शासक र जनता दुवैको भूमिकामा परेको थियो । यस विषयलाई प्रस्टसँग पहिलोपटक सन् १७७६ को अधिकारको पेन्सिलभेनियाली घोषणा (Pennsylvania Declaration of Rights) मा उल्लेख गरिएको छ । 'व्यवस्थापिका होस् या कार्यकारी, सबै सरकारी कर्मचारी जनताकै गुठीयार वा सेवक हुन् किनकि उनीहरूले आफ्ना अधिकार जनताबाटै प्राप्त गरेका हुन्छन् र उनीहरू जनताप्रति सधैं जवाफदेही हुनुपर्दछ ।' अर्को शब्दमा भन्नुपर्दा, जनता सर्वोपरी हुन् र अधिकृत केवल जनताका कारिन्दा हुन् । त्यसैले उनीहरूबाट

इमान्दारीपूर्वक सेवा प्रदान हुने आशा गरिन्छ । यस्तो विचारधारा दोस्रो विश्व युद्धपछि संसारभरि फैलिरहेको छ तर यो एक यथार्थभन्दा पनि केवल अभिलाशाका रूपमा रहेको छ ।

एडम स्मिथ जस्ता अठारौं शताब्दीका दार्शनिकहरुले भ्रष्टाचार नैतिक रूपमा गलत कुरा हो भनेर परिभाषित गर्दा आफ्नो समयमा ठूलो सङ्घर्ष गर्नु परेको थियो । उनीहरूले दिएको शिक्षा आज संसारभरि फैलिदैं छ भने त्यसले भ्रष्टाचारलाई उन्मूलन गर्न सकिन्छ भन्ने एउटा आधार दिएको छ । आर्थिक सहकार्य र विकास सङ्गठन (Organisation of Economic Cooperation and Development-OECD) र विश्व बैंक जस्ता संस्थाहरूले आफ्ना सदस्य राष्ट्रहरूमा विदेशी कर्मचारी र फर्मलाई घुस दिनुलाई अपराधका रूपमा लिन आग्रह गरेका छन् । सन् २००५ को अन्त्यमा 'भ्रष्टाचारविरुद्ध संयुक्त राष्ट्र सङ्घीय सम्मेलन' (United Nations Convention Against Corruption) लागू भयो र यसको प्रमुख उद्देश्य अवैध धनलाई वैध बनाउन गाऱ्हो बनाउनु र अवैध रूपमा चोरी गरिएको धन बरामद गर्न सजिलो बनाउनु हो । गरिब देशहरूले संयुक्त राष्ट्र सङ्घको पहिलेको सम्झौतापत्रको कार्यान्वयन गरेको हेर्दा यो कतिको अङ्गीकार गर्लान् भन्ने कुरा भने अझै प्रष्ट छैन । आर्थिक सहकार्य र विकास सङ्गठन (Organisation of Economic Cooperation and Development-OECD) का विज्ञहरूको तर्कअनुसार यसले उनीहरूलाई भ्रष्ट स्थानीय प्रतिस्पर्धीभन्दा तुलनात्मक रूपमा कम लाभ दिएको छ। तर, केही ओइसिडि (OECD) भित्रका देशका सदस्यहरूले भ्रष्ट लेनदेनलाई अपराधिक कार्यका रूपमा लिएका छन् किनकि यसले चिनजान र पहुँच भएका व्यक्तिहरूलाई सरकार, उद्योग र अन्य ठाउँहरूमा समेत असाधारण रूपमा फाइदा पुऱ्याउने र अरु जनतालाई बेफाइदा पुऱ्याउने काम गरेको छ। भ्रष्टाचारले मूल्य र गुणस्तरका आधारमा गरिने प्रतिस्पर्धालाई बाधा पुऱ्याउँदछ र अन्ततः आर्थिक वृद्धिमाथि समेत नकारात्मक असर पार्दछ ।[१]

१ कहिलेकाँही हल्का (स्वीकारयोग्य?) र भारी (अस्वीकारयोग्य?) भ्रष्टाचार तथा 'सुविधाजनक भ्रष्टाचार' र 'अवरोधात्मक भ्रष्टाचार' का बीचमा फरक छुट्याइन्छ । यस्तो भिन्नताहरु प्रस्ट र काम लाग्ने खालका हुँदैनन् । यसका साथै, विभिन्न प्रकारका भ्रष्टाचारहरुलाई तुल्नात्मक रुपमा लिँदा यसले भ्रष्टाचारप्रति अनावश्यक सहनशीलता तर्फ उन्मुख गर्दछ । यर्थाथमा, हल्का र सुविधाजनक प्रकारका भ्रष्टाचारहरु भारी र अवरोधात्मक भ्रष्टाचारका रुपमा परिणत हुन्छन् ।

भ्रष्टाचारलाई सहने र प्रवर्धन गर्नाले आर्थिक वृद्धि हासिल गर्न मुख्य भूमिका निर्वाह गर्ने संस्थाहरू महत्वहीन बन्दछ । यतिमात्र नभइ भ्रष्टाचारले गरिबी, अन्याय र दुःखलाई समाजमा कायम राख्न सघाउँदछ । यसका अतिरिक्त, भ्रष्टाचारलाई आधार बनाएर व्यापार एवम् व्यवसाय प्रवर्धन गर्ने व्यक्तिहरूले बजारका मूलभूत सिद्धान्तको नै अपमान गर्दछन् किनकि बजार अर्थतन्त्रको मूलभूत सिद्धान्त भनेकै आधुनिक युगको श्रम विभाजन मानिसको ज्ञानका आधारमा हुन्छ न कि कसले सबभन्दा मोटो घुस दिन्छ । प्राविधिक र व्यवसायिक ज्ञान तथा उक्त ज्ञानको प्रभावकारी आदानप्रदानका साथ बजारको सङ्केतअनुसार कार्य गर्दै जाँदा हासिल हुने विशिष्टीकरण र नविनतम श्रृजनाले समाजमा सम्पत्तिको सिर्जना हुन्छ । यसो हुनका निम्ती बजारका विभिन्न अपरिचित पक्षहरूबीच विश्वासको आधार हुनु जरुरी हुन्छ । भ्रष्टाचारले यस आधारलाई नष्ट गरिदिन्छ । यसले कुन निर्णय गर्दा राम्रो हुन्छ भन्दा पनि कसले कसलाई चिनेको छ भन्ने आधारमा निर्णय गर्ने परिपाटीलाई बढावा दिन्छ । त्यसैगरी व्यापार व्यवसायमा भ्रष्टाचार बढ्दै जाँदा महँगा नियमनहरु लागू गर्ने वातावरण बनी बजारका सङ्केतहरू कम प्रभावशाली बन्न पुग्उन् ।

गत आधा शताब्दीको विकासको अनुभव हेर्दा कम आर्थिक वृद्धि हुनुको प्रमुख कारण प्राकृतिक स्रोत साधनको अभाव, पुँजीको अपर्याप्तता जस्ता तत्वहरू होइनन् । वृद्धि गर्न नसकेका सबै अर्थतन्त्रहरुमा देखिने समस्या भनेको बचत र लगानी, उत्पादनका साधनहरूको परिचालन र अन्य उद्यमशील प्रयासहरुमा बाधा पुर्‍याउने प्रकारका सामाजिक र आर्थिक जीवनमा लागू हुने खराब नियमहरु हुन् । वरिष्ठ विकास अर्थशास्त्री लर्ड पिटर बउरका अनुसार “आर्थिक उपलब्धी व्यक्तिगत, सांस्कृतिक र राजनैतिक तत्वहरू लगायत व्यक्तिगत योग्यता, प्रवृत्ति, प्रेरणा एवम् देशको सामाजिक र राजनैतिक संस्थाहरूमा भर पर्दछ ।”[२] संस्थाहरुको यति ठूलो महत्व हुनुको कारण के हो भने वृद्धिको प्रक्रियाका लागि विषेश ज्ञान भएका धैरे व्यक्तिहरुबीच सहकार्य हुनु जरुरी छ जसले कारोबार लागत ब्योहर्छन र जोखिम मोलेर नविनतम कुरा तथा काम गर्ने पद्धतिहरुको आविष्कार गर्दछन् ।

२ Peter Bauer, From Subsistence to Exchange and Other Essays (Princeton: Princeton University Press, 2000), 45-46.

आर्थिक वृद्धिले समाजमा विद्यमान् धेरै समस्याहरू, जस्तै उच्च बाल मृत्युदर, रोग, भोक, अशिक्षा, असुविधा आदिलाई हटाउन सहयोग गरेको कुरा त यसमा जोडि राख्नु पर्दैन ।

आर्थिक वृद्धिका लागि यस्ता संस्थाहरूको स्तर मात्र नभई यी संस्थाहरु कतिको प्रभावकारी र निस्पक्ष ढंगले काम गर्छन् भन्ने कुराले पनि फरक पार्छ । कतिपय नियमहरू समाज आफैंले निर्माण गरी पालना भइरहेको हुन्छ । यसको उदाहरणका रूपमा हामी समाजको कुनै एक धोखेबाजलाई लिन सक्दछौं जसले समाजमा आफ्नो इज्जत तुरुन्तै गुमाउँदछ । त्यसैगरी कतिपय नियम राजनैतिक प्रक्रियाबाट पनि लागू गरिन्छ । जनताको सम्पत्ति एवम् जिउधनको सुरक्षा गर्नका लागि सरकारले न्यायिक निकाय, पुलिस-प्रशासन आदिको व्यवस्था गरेको हुन्छ । आफूले गर्ने कुनै पनि कार्यले अरुलाई नोक्सान पुग्ने अवस्थामा सरकारको अनुमति लिई काम गर्नुपर्ने व्यवस्था हुन्छ । यस्ता राजनीतिक नियमहरुका सन्दर्भमा समाजले सरकारका निकायहरु अर्थात न्यायपालिका, प्रशासन, र पुलिसलाई नियमहरु लागू गर्ने वैधानिकता दिइएको हुन्छ । यी संस्थाहरूलाई वैधानिक रुपमा शक्तिको प्रयोग गर्ने एकाधिकार दिइएको हुन्छ र न्याय र समृद्धिका लागि यी अधिकारहरु विना कुनै डर वा पक्षपात लागू गरिन्छन् र सरकारका कारिन्दाहरुले यसलाई आफ्नो निजी लाभका लागि प्रयोग गर्दैनन् भन्ने कुरा सुनिश्चित हुनुपर्छ ।[३]

समाजभित्रै बनेका नियमहरूबाट निर्देशित हुने र सोही कारण्ले गर्दा यी नियमहरु स्वतः लागु भई सरकारको बाहिरी नियमहरुमा सीमित निर्भरता भएका समुदायहरु धेरै नियमहरु लागु हुने कडा शासन भएका समुदायहरु भन्दा आर्थिक वृद्धि हासिल गर्ने कुरामा बढी प्रभावकारी हुन्छन् । यसो हुनुको कारण सरकारी कर्मचारीहरुलाई काम भन्दा पनि आफ्नो निजी स्वार्थसिद्ध गर्न लालायित हुने मानव स्वभावलाई नकार्न नसकी भ्रष्टाचारमा संलग्न हुन त्यति गाह्रो नभएर

---

३ नियम व्यवस्थाहरु स्वतन्त्रता संरक्षण गर्न प्रभावकारी हुनका लागि सर्वमान्य हुनुपर्छ, अर्को शब्दमा भन्नुपर्दा, साधारण, संक्षेप, निश्चित, खुल्ला र व्यस्था-अनुरुप (Kasper, 1998, op. cit. 51-54)। भ्रष्टाचारले आर्थिक स्वतन्त्रताका यी सबै अत्यावश्यक मापदण्डहरुलाई कटाउँदै लग्छ र यसै कारणले यसलाई स्वतन्त्रताको प्रत्यक्ष्य अवज्ञाका रुपमा लिनुपर्दछ ।

हो । ती विभिन्न विषयमा जनतामा विस्तृत जानकारी र ज्ञान कम हुने हुँदा यसको फाइदा उठाउँदै भ्रष्टाचारबाट सरकारी कर्मचारीहरू आफ्नो स्वार्थसिद्ध गर्न सक्षम हुन्छन् ।

एक पटक भ्रष्टाचारको अतिक्रमण भएपछि यो बढ्दै गई आफैं व्यापक पनि हुँदै जान्छ । यसको उदाहरणका लागि हामी विद्यालय शिक्षक र प्रहरीमा जागिर खानका लागि घुस खुवाउने चलनलाई लिन सक्दछौं । म आफैंले इन्डोनेसियामा आमाबाबुले आफ्नो पढेलेखेको छोराछोरीलाई जागिर लगाउनका लागि धेरै पैसा घुस दिएको देखेको छु । यसरी पाएको जागिर पाउनेको "स्वामित्व" मा हुन्छ र उक्त व्यक्तिले आफ्नो कार्यक्षमताका आधारमा जागिर बचाइरहनु पर्दैन । उनीहरूले जागिर खाँदा आफूले गरेको "लगानी" पछि "उठाउनु" पर्ने हुन्छ जसका लागि उनीहरुले सेवा पुर्याउनुपर्ने व्यक्तिहरुमा पक्षपातपूर्ण व्यवहार गर्छन् । यस्तो अवस्थामा निष्पक्ष प्रणालीको विकास गर्न खोज्दा पनि अधिकारीहरुको विगतको "लगानी" को प्रतिफल लिने अधिकार हनन गर्न खोजेको मानिन्छ । त्यसैले यस्ता सुधार बाहिरबाट थोपर्न मिल्दैन र यसलाई स्थानीय सुधारकहरु मार्फत मात्रै समाधान गर्न सकिन्छ ।

भ्रष्टाचार र आर्थिक स्वतन्त्रताको अन्तर्रसम्बन्ध एक सर्वविदित तथ्य हो । यानकि, संस्थाहरुले कति सम्म निजी सम्पत्ति र स्वतन्त्रतापुर्वक तिनको प्रयोग गर्न पाउने अधिकारको रक्षा गर्छन् र देशको विधिको शासन कत्तिको निष्पक्ष र भरपर्दो छ भन्ने कुराको भ्रष्टाचारसँग गहिरो सम्बन्ध हुन्छ । निजी आम्दानी र सम्पत्तिलाई सदा प्रभाव पारिराखेका जटिल र गाह्रा नियमनहरु भ्रष्टाचारका लागि चाहिने पूर्वशर्तहरु हुन् । कतिपय नियमनहरु त शक्तिमा रहेका व्यत्तिहरुलाई घुस लिन सजिलो होस् भन्नैका लागि बनाइएको भनी निष्कर्शमा पुग्न सकिन्छ । नोबेल पुरस्कार विजेता अमर्त्य सेन, जो आर्थिक विकासलाई सही तरिकाले स्वतन्त्रताका रुपमा पहिल्याउनुहुन्छ, वहाँका अनुसार सरकारी नियन्त्रण र नियमन खुकुलो पार्ने बित्तिकै आर्थिक विकास गर्न सहयोग पुऱ्याउने कुरालाई सन्दर्भमा नजोडेपनि यसले

भ्रष्टाचारमा भने अवश्य कमी ल्याउँछ ।[४] यसका अलावा सरकार इमान्दार हुँदा जनतामा विश्वास बढाउन पनि मद्दत पुग्दछ ।[५]

आर्थिक वृद्धि गर्नमा संस्थाहरूको मुख्य भूमिका हुन्छ भन्ने सिद्धान्त पहिल्याउने एडम स्मिथको यस कुरा २०औं शताब्दीमा धेरैले बुझेका थिएनन्, चाहे ती विज्ञहरु हुन् वा नीति निर्मात्ता । पिटर बाउर जस्ता अस्ट्रियन संस्थावादी अर्थशास्त्रीहरू अल्पमतमा थिए । तर, सन् १९८० को दशकपछि यस विकासमूलक-संस्थागत सिद्धान्तले गति लिन थाली नीति निर्माण र सुधारमा प्रभाव पार्न थालेको छ ।[६] अहिले आएर अन्तर्राष्ट्रिय संस्थाहरूले पनि संस्थाहरु र यिनको इमानदार प्रयोगमा गम्भिर ध्यान दिँदै आएका छन् । त्यसैले अन्तर्राष्ट्रिय मुद्रा कोषको सन् २००५ को विश्व आर्थिक सर्वेक्षण (World Economic Outlook) ले संस्था निर्माणलाई महत्व दिएको छ (अध्याय ३) र भनेको छ : "उच्च वृद्धि ... बलियो सम्पत्तिको अधिकार, न्यून भ्रष्टाचार र असल शासनमा भर पर्छ ।"[७] यसले

४ Amartya Sen, Development as Freedom (New York: Anchor Books, 1999).

५ मानिसहरुलाई 'साधारणतया प्रायः मान्छेहरु विश्वाश गर्न योग्य छन् वा मानिसहरुसँग व्यवहार गर्दा अत्यन्तै सावधान हुनुपर्छ ?' भनेर विश्व मान्यता सर्वेक्षणमा सोध्दा उत्तरपश्चिमी युरोपेली देशहरुमा धेरैले सकारत्मक जवाफ दिएको तर अफ्रिकी र मध्यपुर्वी देशहरुमा थोरै मात्र सहमत भएको तथ्य रोचक छ । (World Values Study Group, World Values Survey 1981-84, 1990-93, 1995-97, and 1999-2001 (Ann Arbor, MI: Interuniversity Consortium for Political and Social Research, 2004)

६ लामो समयसम्म हावी रहेको नवशास्त्रीयवादको सिद्धान्तको आर्थिक नमूनाका धारणालाई अस्वीकार गर्दै सार्वजनिक छनौट (public choice), संस्थागत र विकासपरक अर्थशास्त्रको पुर्नजागरण भएको छ । विशेषतः पूर्ण ज्ञानको (अनर्थक) मान्यताले नवशास्त्रीयवादी अर्थशास्त्रीहरुलाई संस्थाहरुको महत्व र भ्रष्टाचारको परिणामप्रति अन्धो तुल्याएको छ । यसको कारण उनीहरुले जनताहरुलाई आफ्ना राजनीतिक प्रतिनिधिहरुको आशय र उनीहरुले गर्ने क्रियाकलापहरुको सँधै पूर्ण ज्ञान रहन्छ र ती प्रतिनिधिहरुले सवर्दा जनताको हितमा काम गर्छन् भन्ने धारणामा विश्वास गर्नु हो । साधारणतया नवशास्त्रीयवादी अर्थशास्त्रले सन्तुलन र अन्तिम परिणाममा ध्यान केन्द्रित गर्छन् तर अर्कोतिर माथि भनिएका पद्धतिहरुले भने प्रक्रियामा ध्यान दिन्छन् : जस्तै कसरी नवीनतम ज्ञान, व्यवसाय तथा प्रतिस्पर्धाको विकास हुन्छ र तिनले कसरी आम जनताका लागि भौतिक सुधार हासिल गर्छन् । संस्थागत अर्थशास्त्र, जुन अष्ट्रियाली अर्थशास्त्रमा आधारित छ, यसले १९८० को दशकदेखिको आर्थिक सुधारमा ठूलो प्रभाव पारेको थियो । यद्यपि, यसलाई शैक्षिक पठनपाठन, आर्थिक सैद्धान्तीकरण र अर्थमीतिय प्रतिरुप निर्माणमा समाहित गरिएको पाइँदैन । Wolfgang Kasper, Property Rights and Competition, Policy Monograph 41 (Sydney: The Centre for Independent Studies, 1998), 6-42; Wolfgang Kasper, M.E. Streit, Institutional Economics: Social Order and Public Policy (Cheltenham, UK: E. Elgar, 1998); and Niclas Berggren, Nils Karlson, Joakim Nergelius (eds.), Why Constitutions Matter (New Brunswick-London: Transaction Publishers, 2002) हेर्नुहोला ।

७ International Monetary Fund, World Economic Outlook 2005 (Washington, DC: IMF, 2005), 125.

उनीहरुको नीतिमा महत्वपूर्ण प्रभाव पार्छ, उदाहरणका लागि कमजोर संस्थाहरु भएका देशहरुमा वैदेशिक अनुदान कसरी पठाउने भन्ने विषयको नीति ।

एक आधारभूत विषयलाई यहाँ दोहोर्‍याउने आवश्यकता छ : भ्रष्टाचार र आर्थिक स्वतन्त्रताका विषयमा जनताका मतहरु विश्वका दुई फरक दृष्टिकोणबाट आएका हुन्छन् । शासन व्यवस्थामा व्यक्तिहरु तथा उनीहरुको हित शासनको केन्द्रमा रहने भन्ने आधुनिक पश्चिमा विचारधारा प्रायः धेरै परम्परागत र गैर पश्चिमा समाजहरुका राजनीतिक सम्भ्रान्तहरुको विचारभन्दा विपरीत छ । उनीहरु आफूलाई प्रमुख महत्वको विषय ठान्छन् र आफ्ना जनतालाई आफू स्वयंको शक्ति र धन वृद्धि गर्न शोषण गर्न सकिने स्रोतका रुपमा हेर्छन् । विश्वव्यापीकरणले गर्दा अहिले व्यक्तिवादी विचारधारा फैलिरहेको छ । संसारभरका मानिसहरु शक्तिशाली संभ्रान्त वर्गको स्वार्थलाई भ्रष्टाचारको रुपमा आक्रमण गरिरहेका छन् र उनीहरुको आवाज दबाउन गाह्रो बन्दै गइरहेको छ ।

## भ्रष्टाचारको मापन र तुलना

मापन वा गणना गर्न सकिने अवस्थाहरुका सिद्धान्तहरूका बारेमा वैज्ञानिकहरूले सँधै धेरै सिक्न र अझ राम्रो जानकारी दिन सक्दछन् । यस कुरा आर्थिक वृद्धि, आर्थिक स्वतन्त्रता र भ्रष्टाचारका सम्बन्धमा पनि लागू हुन्छ ।

राष्ट्रिय आय तथा उत्पादनको मापन (कुल गार्हस्थ उत्पादन/कुल राष्ट्रिय उत्पादन) संसारभरि स्वीकार गरिएको विधिद्वारा गरिन्छ जुन अन्तर्राष्ट्रिय संस्थाहरुद्वारा धेरै दशकहरुदेखि परिमार्जन हुँदै आएको छ । प्रति व्यक्ति आयको अन्तर्राष्ट्रिय तुलना विनिमय दर, क्रयशक्ति क्षमता आदिमा भर पर्दछ । राष्ट्रिय आयको गणनामा केही त्रुटी हुने भएता पनि यसलाई निकै हदसम्म विश्वशनीय मानिएको छ र विश्वव्यापी रूपमा मान्यता दिइएको छ ।

आर्थिक स्वतन्त्रताको क्षेत्रमा काम गर्ने संस्थाहरूको गुणस्तर मापन गर्न अझ कठिन हुन्छ किनकि यो अध्ययनका लागि लिइएको नमूनामा भर पर्दछ

र यसले व्यक्तिपरक विचारहरूलाई समेटेको हुन्छ । सन् १९८० को दशकदेखि धेरै अर्थशास्त्रीहरूले यस किसिमका संस्थाहरूको महत्व बुझ्दै आएका थिए । त्यसैले सम्पत्तिमाथिको अधिकार, श्रमको स्वतन्त्रता, पूँजी तथा उत्पादन बजार र तिनीहरूको विश्वव्यापी प्रतिस्पर्धा आदिको गुणस्तर मापन गर्ने प्रयासहरुको पनि थालनी भयो । सन् १९८६ देखि भ्यानकुभर, क्यानडामा रहेको फ्रेसर (Fraser) इन्स्टीच्युट नामक संस्थाले आर्थिक स्वतन्त्रताका बारेमा अध्ययन गर्नका लागि संसारभर नै मान्य हुने खालको आर्थिक स्वतन्त्रता मापन गर्ने विधिहरु पहिल्याउन र तथ्याङ्क सङ्कलन गर्न अन्तर्राष्ट्रिय रुपमा संयोजन गर्ने ठूलो प्रयासको शुरुवात गऱ्यो । यसरी सङ्कलन गरिएको तथ्याङ्कले विश्वव्यापी मान्यता पाएको छ र खुल्ला बजार र व्यक्तिगत स्वतन्त्रताबारे पनि महत्वपूर्ण विचारधाराहरु खुलाएको छ। यस किसिमको अर्को अध्ययन वासिङ्टन डीसीमा रहेको हेरिटेज फाउन्डेसनले वाल स्ट्रिट जर्नलको सहायतामा गरेको थियो । यी संस्थाहरूले अपनाएका अध्ययनको विधि फरक भए तापनि दुवैले आर्थिक वृद्धि र उच्च जीवनस्तरका लागि आर्थिक स्वतन्त्रता आवश्यक रहेको कुरा देखाएका थिए ।[८]

अर्कोतर्फ, नियमकानुनको कार्यान्वयनमा भ्रष्टाचारको मात्राले पार्ने प्रभावको विषयले भने उत्तिकै महत्व पाएन । यस कमीलाई सम्बोधन गर्दै राजनीति र प्रशासनमा हुने बेइमान लेनदेनहरुको वार्षिक अनुमान गर्न बितेको दशकमा एउटा परियोजना आयो, भ्रष्टाचार अवधारणा सूचाङ्क (Corruption Perception Index - CorrPI) । यसलाई विश्व भ्रष्टाचार प्रतिवेदनहरु प्रकाशन गर्ने थिङ्क ट्यान्क ट्रान्सपरेन्सी इन्टरनेशनको सहकार्यमा जर्मनीको पसाउ (Passau) विश्वविद्यालयमा प्राध्यापक जोहान ग्राफल्याम्बस्डोरफको निर्देशनमा संकलन गरिदैं आइएको छ ।[९] यस सूचाङ्क तथा विश्व भ्रष्टाचार प्रतिवेदनहरुको विश्लेषण

८ नयाँ प्रतिवदेनहरु हुन् : James Gwartney, Robert Lawson, Economic Freedom of the World, 2005 Annual Report (Vancouver, BC: The Fraser Institute, 2005), [the data are available on www.freetheworld]; and M.A. Miles, E.F. Feulner and M. O'Grady (2005), 2005 Index of Economic Freedom (Washington, DC: Heritage Foundation and Dow Jones & Co, 2005) [www.heritage.org/index].

९ ट्रान्सपरेन्सी ईन्टरनेश्लले विस्तृत वार्षिक प्रतिवेदनहरु प्रकाशन गर्दछ, त्यसमध्ये हालको नयाँ प्रतिवेदन हो : Transparency International, Global Corruption Report 2005 (London: Pluto Press, 2005) [gcr@transparency.org. –– For data and defi nitions of the CorrPI see: http://www.ICGG.org; and http://www.transparency.org/surveys/index.html#cpi; and J. Graf Lambsdorff, 'Corruption and Rent-Seeking', Public Choice, vol. 113:1/2 (2002), 97-125. Also A. Shleifer, A. and R.W. Vishny, 'Corruption', Quarterly Journal of Economics vol. 108 (1993), 599-617.

र सन्दर्भ अध्ययनको उद्देश्य राजनैतिक, न्यायिक र प्रशासनिक निकायहरूलाई भ्रष्टाचार विरुद्ध लड्न सहायता दिनु हो ।

सबै ठाँउमा प्राथमिक सर्वेक्षण नगरेपनि सन् २००५ सम्म आउँदा यस प्रतिवेदनले कूल १५९ देशहरूको जानकारी समेटेको थियो । धेरै देशहरुका लागि, उक्त सूचाङ्क सन् १९८०को दशकको पूर्वाद्धको समय देखि उपलब्ध छ । तसर्थ, लामो समयदेखि भ्रष्टाचारको प्रवृत्ति बुझ्नका यस तथ्याङ्कले मद्दत गर्दछ तर सूचना सङ्कलनको गुणस्तर र सर्वव्याप्ता भने उक्त समयावधिमा परिर्वतन भएको कुरालाई पनि मध्यनजर गर्न जरुरी छ ।

वास्तवमा भ्रष्टाचारको मात्रा ठ्याक्कै थाहा पाउन र यसको अचूक मापन र तथ्याङ्क सङ्कलन गर्न असम्भव नै हुन्छ । त्यसैले भ्रष्टाचारको अनुमान अनुभवी व्यापारी र स्थानीय विशेषज्ञका आधारमा गरिन्छ । कानुनी तथ्याङ्क जस्तै भ्रष्टाचार प्रमाणित हुनुलाई भ्रष्टाचारको मापनका रूपमा लिन सकिन्न किनभने यो विषय देशअनुसार कानुन लागू गर्ने विषयमा पनि भर पर्दछ । "भ्रष्टाचारसम्बन्धी परियोजना" अनुसार व्यापारी र विशेषज्ञहरूको सहयोगमा गरिने यस्तो अध्ययन धेरै हदसम्म सत्यताको नजिक देखिएको छ ।[१०]

## विश्वमा भ्रष्टाचारका घटनाहरू

सन् २००५को अक्टोबरको अन्त्यतिर प्रकाशित भएको भ्रष्टाचार अवधारणा सूचाङ्क (The Corruption Perception Index) ले भ्रष्टाचार विरुद्ध कार्य गर्ने धेरै नीति निर्माताहरूलाई भ्रष्टाचारसम्बन्धी जानकारी उपलब्ध गराँउछ । यसले यस लेखको शुरुको परिच्छेदहरुमा छलफल गरिएका कुराबारे पक्कै पनि केही परिणात्मक प्रमाण दिई वास्तविकता दर्शाउँछ ।

१० कुनै पनि देश भ्रष्टाचार अवधारणा सूचाङ्कमा समावेश हुनु भन्दा अगाडि, कम्तीमा पनि तीनवटा छुट्टाछुट्टै सर्वेक्षणहरु आवश्यक छन्, उदाहरणका लागि विश्व आर्थिक मञ्च (विश्व प्रतिस्पर्धात्मकता प्रतिवेदनहरु), इकोनोमिक इन्टेलिजेन्स युनिट, ग्लोबल रिश्क सर्भिसेज (अमेरिकामा अवस्थित सल्लाहकारी संस्था), पोलिटिकल एण्ड इकोनोमिक रिस्क कन्सलटेन्सी अफ हंङकङ, र विश्व बैंकको व्यवसायिक वातावरण र उद्यम सर्वेक्षणहरु ।

रेखाचित्र १ ले सन् १९८०-८५ सम्म भएका भ्रष्टाचारको औसतहरुको तुलना गरेर देखाएको छ । साथै उक्त रेखाचित्रमा लामो समयसम्मको तथ्याङ्क उपलब्ध नभएका देशहरूको बारेमा पनि अनुमानका आधारमा आवश्यक सामान्य जानकारी दिइएको छ ।[११] सबैभन्दा धेरै अङ्कले शासन सञ्चालन गर्ने क्रममा सबैभन्दा धेरै इमान्दारी र सच्चापन दर्शाउँछ । यसमा प्रस्तुत गरेको विषयमा अध्ययन पद्धतिको परिवर्तन र व्यक्तिपरक विश्लेषणको प्रकृतिले गर्दा शङ्का गर्ने केही आधार भए तापनि यसले दिने जानकारी भने धेरै उपयुक्त छ । यहाँ ती जानकारीहरू प्रस्तुत गरिएको छ ।

» भ्रष्टाचार अवधारणा सूचाङ्कमा विकासोन्मुख देशका तुलनामा सम्पन्न देशहरुले प्रायः बढी अंक हासिल गरेको पाइन्छ । आय स्तर र भ्रष्टाचारको स्तरबीचको सम्बन्धले भ्रष्टाचारका कारक तत्वहरूका बारेमा धेरै जानकारी नदिए तापनि तिनीहरूबीचको वृत्ताकार सम्बन्ध देखाउँछ । शासकहरूले धेरै भ्रष्टाचार गर्ने हुनाले देशहरू गरिब हुन्छन् भने जनताको जीवनस्तर निम्न हुँदा भ्रष्टाचार फैलिन्छ ।

» यद्यपि, धनी र गरिब दूवै राष्ट्रहरुमा इमान्दारिताको स्तर विगतका दशकहरुमा परिवर्तन हुँदै आएको छ । १९८०को दशकको तुलनामा केही देशहरुको सुधार भएको देखिन्छ भने अन्य देशहरुको स्तर खस्किएको देखिन्छ । राम्रो शासन व्यवस्था भएका संयुक्त राज्य अमेरिका, फ्रान्स, जापान, दक्षिण अफ्रिका, मलेसिया आदि(रेखाचित्र १ को बायाँपट्टि)जस्ता विकसीत देशहरुका साथसाथै परम्परागत रुपमा भ्रष्ट मानिएका चीन, रसिया, टर्की र केन्या जस्ता देशहरूमा (रेखाचित्र १ को दायाँपट्टि) भ्रष्टाचार बढ्दै गएको देखिन्छ । अन्य देशहरु जस्तै अस्ट्रेलिया, न्यूजिल्यान्ड, फिनल्यान्ड, चिली, हङ्गेरी र इन्डोनेसियाजस्ता देशहरूमा भने भ्रष्टाचारको दर घट्दै आएको छ ।

» सन् १९८० को दशकदेखि क्रमिक सुधार गर्दै अस्ट्रेलिया सबैभन्दा कम भ्रष्टाचार हुने देशमा परेको थियो (सन् २००५ मा आठौं स्थानमा) । सन्

---

११ भ्रष्टाचार अवधारणा सूचाङ्कका विस्तृत तथ्याङ्कः : http://www.ICGG.org/corruption perception index/ older indexes/overview [CSV fi le] मा उपलब्ध छ । यो पढ्न गाह्रो छ । यस वेभसाइटमा धेरै पढ्न सजिलो हुने गरी हालको एक एक वर्षको तालिका उपलब्ध छ ।

२००५ मा न्यूजिल्यान्डले अझ राम्रो स्तर कायम गरेको थियो जसमा न्यूजिल्यान्ड पहिलो हुने आइसल्यान्डपछि पछि दोस्रो स्थान हासिल गर्न सफल भयो ।

» संयुक्त राज्य अमेरिकाले यस समयमा खासै प्रगति नगरे तापनि एङ्लो-सेक्सन (Anglo-Saxon) र यूरोपेली देशहरूले (सबै रेखाचित्रमा देखाइएका छैनन्) भ्रष्टाचार घटाउने कार्यमा प्रगति गरेका छन् ।

» आर्थिक स्थिरता र राजनीतिक असन्तुष्टीमा जेलिएका र भ्रष्टाचारमा मध्यम श्रेणी हासिल गरेका जर्मनी र फ्रान्स जस्ता केही यूरोपेली मुलुकहरु भने गम्भीर शासन समस्या भोग्नतर्फ उन्मुख भएका देखिन्छन् ।

» इमानदारिताको स्तर फरक रहेका र शासन संस्कृति भिन्न भएका देशहरु युरोपियन युनियनमा आबद्ध हुँदा यस क्षेत्रमा शासनको गुणस्तरमा भिन्नता निकै बढ्दै गएको देखिन्छ । भिन्न भ्रष्टाचारको श्रेणीले गर्दा युरोपियन युनियनको देशहरुमा आयस्तरको समानता हासिल गर्ने उद्देश्यप्राप्तिमा कठिनाइ सामना गर्नुपर्ने हुन्छ । यस उद्देश्य प्राप्त गर्ने क्रममा इमानदार र धनी देशहरुले भ्रष्ट र गरिब देशहरुको पनि अभिभारा व्यहोर्दै ती धनी तथा इमानदार देशहरुबाट लागत स्थानन्तरण हुन्छ । यसरी युरोपियन युनियनभित्रका देशहरुमा हुने भ्रष्टाचारको फरक र ब्रसल्समा बनाएका नियमहरुको विभिन्न तहमा फाइदा उठाउने विभिन्न देशका सहुलियत ग्रहणकर्ताहरुका कारणले सबैलाई समेट्ने र सबै देशहरु निकट भएको युरोपियन युनियन बनाउने सन्दर्भममा निस्कने विरोधलाई लोकप्रिय बनाइरहेको छ ।

» साम्यवादी देशहरूमा इमान्दारिताको स्तर कम थियो । साम्यवादी व्यवस्था हटेपछि पनि ती देशहरूले विभिन्न स्तरको भ्रष्टाचारको सामना गर्दै आइरहेका छन् । हङ्गेरी यस सन्दर्भमा सफलताको एउटा ज्वलन्त उदाहरण हो । इस्टोनिया, स्लोभेनिया र लिथोनियालाई अहिले विश्वकै कम भ्रष्ट र विकसित मुलुकका रूपमा लिइन्छ । अर्कोतिर हेर्ने हो भने रसिया, पोल्यान्ड र चेक गणतन्त्रमा इमान्दारीताको स्तर नराम्ररी खस्किएको पाइन्छ । यसरी तथ्यहरु बाहिर आउनुले सरकारी संयन्त्रमा पारदर्शिता बढेको पनि देखाउँदछ । यथापि, अवनतिको कारणका रुपमा यस समस्याको पहिचान

बढ्दै गएको तथ्य यसको एक पाटो हो भने पनि यी उदाहरणहरुले केन्द्रिय योजनाले छाडेको रिक्त स्थानमा एउटा प्रभावकारी बजार अर्थतन्त्र र स्वतन्त्र समाजलाई टेवा दिन आवश्यक संस्था तथा परिचालन संयन्त्रहरु आएका छैनन् र अझै पनि केन्द्रिय शासन प्रणाली बाँकी छ भनेर दर्शाउँछ। सामाजिक स्वामित्व र व्यापक नियमन हटाउनु भन्दा पनि प्रभावकारी व्यवस्था निर्माण गाह्रो पर्न सक्छ ।[12]

» विकासोन्मुख देशहरू भ्रष्टाचारबाट बढी नै आक्रान्त छन् । एक समयमा बढी नै भ्रष्ट भनिएका देशहरू विकसित हुँदै गएपछि कम भ्रष्ट हुँदै गएका छन् । सिङ्गापुर, हङ्कङ, ताइवान, दक्षिण कोरिया यसका उदाहरण हुन् । कुनै समयमा संसारकै सबभन्दा भ्रष्ट शासन मानिएको दक्षिण कोरियाले हाल आफ्नो नीतिगत उद्देश्यमा भ्रष्टाचार अवधारणा सूचाङ्कमा उच्च स्थानमा पुग्ने लक्ष्य राखेको छ ।[13]


## भ्रष्टाचार र कम विकास

तेस्रो विश्वमा गरिबी यथावत् रहनुमा त्यहाँ इमान्दारिताको स्तरमा देखिएको कमीले पनि ठूलो भूमिका खेलेको छ । अठारौं शताब्दीमा युरोपियन लेखकहरूले महत्व दिएको भ्रष्टाचार नियन्त्रणको नैतिकता आजसम्म पनि तेस्रो विश्वमा बुझ्न सकिएको छैन । फ्रान्सीस फुकुयामाले गत वर्षको विश्व भ्रष्टाचार प्रतिवेदनको भूमिकामा लेखेझैं, भ्रष्टाचारी अभ्यासहरु "स्थानीय परम्परा र

१२ वर्तमान समयमा अष्ट्रियन अर्थशास्त्रमा बलजफ्तीपूर्ण र विस्तृत सरकारी नियन्त्रण हटाउँदैमा सम्पत्तिको अधिकार, खुल्ला बजार र विधिको शासन स्वतः उत्पन्न हुन्छ भन्ने विषयमा ठूलो विवाद चलिरहेको छ । कोही तर्क गर्छन् कि राजनीतिक उद्यमीहरुले अन्तर्राष्ट्रिय आर्थिक प्रतिस्पर्धाबाट प्राप्त प्रतिक्रियालाई रचनात्मक रुपमा लिई आर्थिक स्वतन्त्रताका लागि सुधारिएका संस्थाहरु स्थापना गर्छन् । यसका लागि उनीहरुले युरोपमा १७ औं शताब्दी देखिको आर्थिक उदारीकरणको विकासक्रम र सन् १९६० को दशक देखिको पुर्वी एसियाली उदारीकरणलाई औंल्याउन सक्छन् । लेखक सहित अन्य व्यक्तिहरु संस्थागत विकासको यस्तो प्रतिक्रिया अपूर्ण र प्रायः धेरै सुस्त हुन्छ भन्ने डर राख्दछन् – संस्थागत सुधारका लागि एक पिढीसम्म आर्थिक आघात सहनु भनेको ठूलो मूल्य चुकाउनु हो ।

१३ २००५ को सर्कुलर पत्र जारी गर्दा काउन्ट ल्याम्बस्डोर्फले लेखेका छन् : (दक्षिण कोरियाली सरकारले...) भ्रष्टाचार अवधारणा सूचाङ्कमा आफू अग्रणी दश देशहरुमा रहने लक्ष्य घोषणा गरेको ...उनीहरुले आफ्नो स्थान २००४ मा ४७ भएकोबाट यस वर्ष ४० मा ल्याई सुधार गरेका छन् । यसले... भ्रष्टाचार प्रोजेक्टले सही प्रकारको प्रतिस्पर्धाको शुरुवात भएको साबित गर्दछ ।

**रेखाचित्र १ः भ्रष्टाचार अवधारणा सूचाङ्क २००५**
**छनौट गरिएका देशहरु, २००५ र औसत १९८०–८५**
**सबैभन्दा भ्रष्ट १ देखि कम भ्रष्ट १०**




स्रोतहरुः विश्व भ्रष्टाचार प्रतिवेदन २००५, ICGC वेभसाइट

संस्कृतिमा भित्री तहसम्म गढेको छ... अझै भन्ने हो भने यी राजनीतिक प्रणालीको भित्री तहमै भ्रष्टाचार रहेको छ... (सुधारहरुले) धनी र शक्तिशाली संभ्रान्त वर्गलाई खतरा महसुस गराउन सक्छ ।" त्यसैगरी उनका अनुसार, "कुनै पनि समाजमा भ्रष्टाचार गर्नुलाई सामान्यरूपमा लिइयो र राजनीतिलाई धनी हुने माध्यमका रूपमा अपनाइयो भने राम्रा संस्थाहरूको उपस्थितिले पनि भ्रष्टाचारलाई रोक्न सक्दैनन् ।"[१४] उनी अझै थप्छन्, स्थानीय मानिसहरूको सहयोग र साथविना अन्य बाहिरी व्यक्तिहरूको सहभागिताले मात्र यसलाई रोक्न सकिँदैन । यस कोणबाट भ्रष्टाचारलाई हेर्ने हो भने आजको विश्वव्यापीकरणको युगमा गरिबी रोजाइको विषय हो भन्ने निष्कर्षमा हामी पुगछौं । दुर्भाग्यवश उक्त छनौट राजनैतिक संभ्रान्त र उनीहरुको शक्तिशाली मित्रहरुले गर्दछन् र आम जनता गरिबीमा पिल्सिरहेका हुन्छन् ।

केही गरिब राष्ट्रहरुमा आर्थिक विकासलाई नै मुख्य प्राथमिकता दिएर सबै क्षेत्रमा आर्थिक विकास गर्न सक्यो भने शक्ति र वैधानिकता पाइन्छ भनेर सोच्ने राजनीतिज्ञहरुको पनि उदय भएको छ । कहिलेकाहीँ उनीहरु अन्तरर्राष्ट्रिय भय वा प्रतिद्वन्दीताबाट प्रेरित भएका हुन्छन् जसको उदारणको रुपमा चीनको उदयको बेलाको पूर्वी एसियालाई लिन सकिन्छ । यस बाहेक मानिसहरुलाई गरिबीबाट मुक्त गर्ने वास्तविक सरोकार पनि एक कारण हो । आर्थिक वृद्धि गर्ने इच्छाले नीति निर्माताहरूलाई आर्थिक वृद्धिका लागि स्वतन्त्र र खुल्ला बजारको अर्थनीति अपनाउन र शिक्षामा लगानी गर्न प्रेरित गरेको थियो । बढ्दो अर्थतन्त्र र ठूलो करदाता दायराले गर्दा सरकारहरुले निजामती कर्मचारीहरुलाई बढी तलब दिन सक्ने भए, जसले पनि भ्रष्टाचार कम गर्न सहयोग गर्‍यो । यो क्रम सिङ्गापुर, हङ्कङ, ताइवान, दक्षिण कोरियामा मात्र नभएर चिली, मोरिशस र बोट्स्वाना जस्ता देशहरूमा पनि भएको पाइएको छ जुन देशहरु तेस्रो विश्वबाट पहिलो विश्वको श्रेणीमा चढ्दै छन् । यो प्रक्रिया प्रायः तानाशाही शासकको समयदेखि सुरुवात भएको भएको पाइन्छ – जस्तै सिङ्गापुरमा ली क्वान यु, दक्षिण कोरियामा पार्क चुङ् हि र चिलीमा अगस्टो पिनोसेले – र यसले यी देशहरूमा दिगो आर्थिक वृद्धि

१४ Francis Fukuyama, 'Foreword', in: Diana Rodriguez, Gerard Waite and Toby Wolfe (eds.), Global Corruption Report 2005 (London: Pluto Press, 2005), xii.

दर, राजनैतिक, आर्थिक र नागरिक संस्थाहरूको सुधार र तिनको भ्रष्टाचार रहित परिचालनलाई टेवा दियो । युरोपेली इतिहासमा जस्तै तानशाहहरुले शुरु गरेको आर्थिक सुधार कार्यक्रमले अन्ततः दीर्घकालमा राजनैतिक स्वतन्त्रता ल्याउन पनि भूमिका खेल्यो जुन तानशाहरुले चाहेका थिएनन् ।

अबको मुख्य चुनौती भनेको विकासोन्मुख देशहरुमा रहेका परम्परागत र नवीन संभ्रान्त वर्गलाई आर्थिक वृद्धिका लागि संस्थागत सुधार (आर्थिक वृद्धिलाई बढावा दिने नीति नियम निर्माण) मात्र भएर हुँदैन भ्रष्टाचार विरुद्ध निर्णायक आक्रमण (यी नियमहरुको पारदर्शी र निष्पक्ष कार्यान्वयन) पनि आवश्यक पर्छ भनेर बुझाउनु हो । यो कार्य त्यति सजिलो छैन किनकि प्रायः आर्थिक वृद्धिले भ्रष्टाचारका लागि झन धेरै अवसरहरु खडा गरिदिन्छ, कर्मचारीतन्त्र मौलाँउछ र यस्ता अवसरहरु सृजना गर्ने झन धेरै नियमनहरु बनाइन्छन् ।[१५] घुस पनि झन् महँगो हुँदै जान्छ । कुनै बेला घुसका रुपमा एउटा रेडियो दिए पुग्ने अधिकृतहरु अब यसको सट्टा लण्डनमा विदा मनाउन वा सिड्नीमा महलको माग गर्न थाल्दछन् । यस महत्वपूर्ण मोर्चामा विश्वव्यापी भ्रष्टाचार प्रतिवेदन र भ्रष्टाचार अवधारणा सूचाङ्कले संक्रमणमा रहेका अर्थतन्त्रमा रहेका भ्रष्टाचार विरोधी नयाँ पुस्तालाई मूल्यवान प्रेरणा र मापदण्ड दिने काम गर्छन् ।

अफ्रिकाका देशहरुको बक्यौता ऋण मिनाहा गर्ने र थप आर्थिक सहायता गर्न चालिएका यस वर्षका प्रयासहरुको मुख्य ध्यान अफ्रिकाको अविकास रहेको छ । स्थिर अर्थतन्त्रमा भ्रष्टाचारले भरिपूर्ण सरकारहरुले ऋण तिर्न नखोज्नु आश्चर्यको विषय होइन । उच्च ऋण भएका गरिब अफ्रिकी देशहरुका साथसाथै बर्मा र भियतनाम पनि धेरै भ्रष्टाचार हुने देशहरुमा पर्दछन् । जब विश्व बैंक र अन्य आधिकारीक संस्थाहरुले दिएको ऋण सजिलै माफ गरिन्छ वा सम्पन्न देशका करदाताहरुद्वारा तिरिन्छ, यसले ती भ्रष्ट देशहरुलाई झन गैर-जिम्मेवार रुपमा व्यवहार गर्न प्रोत्साहन मिल्छ । यसले झन बढी र व्यापक भ्रष्टाचार गर्न र संभ्रान्त वर्गलाई खर्चालु जीवनस्तर धान्नका लागि नयाँ ऋण लिन प्रोत्साहित

१५ Wolfgang Kasper, 'Rapid Development in East Asia: Institutional Evolution and Backlogs', Malaysian Journal of Economic Studies, vol. xxxv, nos. 1&2 (1998), 45-65.

गर्छ ।[१६] यस्ता शासन प्रणालीले प्रायः जनतालाई आर्थिक स्वतन्त्रताबाट बन्चित पनि गरिराखेका हुन्छन् ।[१७]

भ्रष्ट राजनैतिक, न्यायिक र प्रशाशकीय शासन भएका अर्थतन्त्रहरुले पनि अन्य देशझैं निर्यात बजारमा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न र अन्तर्राष्ट्रिय स्तरमा चल पूँजी, प्रविधि र उद्यमलाई आर्कषित गर्न भने सक्दछन् । जब घुस लिइन्छ, यी अन्तर्राष्ट्रिय पूँजी र उद्यमहरु तबसम्म मात्र बस्छन् जबसम्म स्थानीय उत्पादन तत्वहरु र सरकारी प्रशासनले भ्रष्टाचारको लागत सोष्छन् । भ्रष्टाचारको अर्थ स्थानीय कामदार र जग्गाधनीहरुले कम आम्दानीमै चित्त बुझाउनु पर्छ भन्ने हो। त्यसले गर्दा स्थानीय आम्दानी कम रहन्छ। निर्यातमुखी कारखानाहरुमा स्थानीय कारखानामा भन्दा बढी ज्याला हुने भएता पनि विश्वव्यापीकरणको विरोध गर्नेहरुले निम्न आय र स्थिर ज्यालालाई इङ्गित गरिराखेका हुन्छन् । यसले गर्दा अन्तरर्राष्ट्रिय कम्पनी र विश्वव्यापीकरणलाई बदनाम गर्न पाइन्छ । यसका अतिरिक्त, औपचारिक कर संकलन निम्न रहन्छ जसले गर्दा सरकारी सेवाहरु कम हुन्छन् र पूर्वाधारहरु बनाउन सकिँदैन। सरकारी कर्मचारीहरुलाई पनि थोरै मात्र तलब दिइएको हुन्छ जसले पनि भ्रष्टाचारलाई बढावा दिन्छ । यसरी मुख्य दोषी (भ्रष्टाचार) प्रष्ट देखिँदैन । कुनै पनि कुरामा विदेशी र पूँजीपतिहरुलाई दोष दिनु राजनैतिक रुपमा सुरक्षित हुन्छ ।

चीन र भारतमा सन् १९८० को दशकदेखिभन्दा भ्रष्टाचार बढेको भएको महसुस गरिएको थियो (रेखाचित्र १) तर अर्थतन्त्रलाई उदारीकरण गरेपछि पुनः सुधार देखिन थालेको छ । चीनमा सन् १९८० को दशकको शुरुवातमा भएको आर्थिक सुधार पछि भ्रष्टाचार बढेको धारणा पाइएको छ तर यो शायद बढ्दो पारदर्शिता र चिनियाँ जनतामा भ्रष्टाचार एक खराब चीज हो र यसका विरुद्ध

१६ I. Harper, H. Hughes, S. Gregg, Noble Ends, Flawed Means: The Case Against Debt-Forgiveness, Issue Analysis, no. 8 (Sydney: The Centre for Independent Studies, 1999).

१७ योहान नोरबर्ग अर्थपूर्ण रुपमा 'द अफ्रिकन मोरास'का विषयमा छलफल गर्दा भ्रष्टाचारी शासन, बढ्दो नियन्त्रण र आर्थिक रुगण्डताबीचको अन्तरनिर्भरता दर्शाउँदछन् । J. Norberg, In Defence of Global Capitalism (Sydney: The Centre for Independent Studies, 2005), 62-67 ।

संघर्ष गर्न सकिन्छ भनेर आएको बोधको प्रतिबिम्ब मात्र हो ।[१८] तर यी दुवै देशका कामदार र कर संकलकहरुले त्यतिबेला मात्र आफ्नो आम्दानीको ठूलो हिस्सा हासिल गर्न सक्नेछन् जब भ्रष्टाचार नियन्त्रण संयन्त्रहरु स्थापना गरिन्छन् र यी कुराहरु दृढ र विश्वशनीय ढंगमा लागु गरिन्छन् । यदि भ्रष्टाचारको बोझ नघटाइने हो भने दुवै देशका मध्म वर्गले बढ्दो प्रभाव हासिल गर्दै जाँदा राजनैतिक प्रत्यारोप, निम्न आर्थिक वृद्धि र सामाजिक द्वन्दको वृद्धि जस्ता पक्षहरु देखा पर्न सक्छन् ।

त्यसैगरी अष्ट्रेलियाको छिमेकी देशहरूमा पनि भ्रष्टाचारको मात्रा उच्च रहेको विचारधारा सर्वत्र छ । इन्डोनेसिया, पूर्वी टिमोर, पपुवा न्युगिनी, फिलिपिन्स, लाओस, श्रीलङ्का, थाइल्यान्ड, फिजी आदि ठाँउहरुमा ध्यान दिनुपर्ने कुरा रेखाचित्र १ ले देखाँउछ । भ्रष्टाचारले व्यापकता पाउँदै गर्दा राज्य नै असफल हुन्छ भन्ने कुराको उदाहरणका रूपमा अफ्रिकालाई लिन सकिन्छ । यही कारण दाता राष्ट्रहरूले कुनै पनि देशलाई सहयोग दिनुभन्दा अगाडि विभिन्न शर्तहरू राख्दछन् जसले अहिलेसम्म कुनै सफलता भने देखाएको छैन । भ्रष्ट राज्यहरुले जनतालाई कुनै पनि प्रकारको राहत दिन नसक्दा यी राज्यका मानिसहरुले ठूलो संख्यामा बसाँइसराई गर्छन् जसलाई पश्चिमा लोकतन्त्रहरुले आफ्ना देशका जनताहरुमा कुनै क्षति नपुर्‍याई समाहित गर्न सक्दैनन् । यसका साथै, निराश युवाहरु आतङ्कवादी तथा अपराधिक क्रियाकलाप र आन्तरिक राजनीतिलाई अस्थिर बनाउने गतिविधिमा लाग्न सक्छन्, जुन तथ्यलाई अफ्रिका, मध्य पूर्व एसिया र सोलोमन जस्ता देशहरूका उदाहरणले अझ प्रष्ट पार्दछ ।

भ्रष्टाचारको तथ्याङ्कहरु हेर्दा चिन्तित हुनुपर्ने अन्य देशहरुमा पेट्रोलियम पदार्थमा धनी देशहरु पर्दछन् । साउदी अरेबिया, इरान, अल्जेरिया, लिबिया, रसिया, अजरबैजान, इण्डोनेशिया र नाइजेरिया जस्ता देशहरू भ्रष्टाचारले अत्यन्तै पीडित छन्

१८ जनगणतन्त्र चीनका अधिकारीहरुले चीनले सन् १९९० को दशकको मध्य देखि 'सिंगापुर नमूना' अनुसरण गरिरहेको भनेर दावी गरिरहेको भने तापनि नेतृत्व वर्गले उक्त नमुनाको एक महत्वपूर्ण पक्षमा ध्यान नदिएको देखिन्छ : सिंगापुरले स्वच्छ सरकारमा महत्व दिन्छ र निजामती कर्मचारीहरुलाई उच्च तलब दिन्छ ।

(रेखाचित्र १)। वार्षिक भ्रष्टाचार तथ्याङ्कहरुको विश्वसनीयताको आधारमा हेर्दा हालका समयमा यी देशहरुको स्तर खस्किदैं आएको छ। त्यसैगरी अर्को तेल निर्यात गर्ने देश, भेनेजुएलामा पनि चावेजको शासन कालमा भ्रष्टाचार बढेको छ । त्यसैगरी मलेसिया, अरुको तुलनामा राम्रै प्रदर्शनकर्ता भए पनि महाथिरको शासन कालमा इमान्दारिताको स्तर घटेको थियो । तेल र ग्याँसको धन भएमा शासकहरुलाई अर्थतन्त्रमा अनावश्यक हस्तक्षेप गर्ने र साथै देशको आम्दानीको ठूलो हिस्सा आफूलाई विनियोजन गर्ने अवसर मिल्छ। प्रमुख तेल तथा ग्याँस निर्यातकर्ताहरुले प्रायः समतापूर्वक आय र धन वितरण गर्नुको साटो ठीक विपरीत गरेको पाइन्छ। यसले भविष्यमा हुन सक्ने सामाजिक तथा राजनैतिक अस्थिरता तर्फ इङ्गित गर्छ जसले उर्जाको आपूर्तिमा अवरोध सृजना हुन सक्ने संभावना देखाँउछ । यथापि, यस्ता शासनका नेताहरु (हाउस अफ द साउद, मलेसियाका महाथिर, इरानका आयतोल्लाह र भेनेजुयलाका चाभेज) सँगको अन्तर्राष्ट्रिय सम्बन्ध हेर्दा यी स्रोतका धनी शासनहरुमा भ्रष्टाचार न्युनीकरण गर्न पश्चिमी देशहरुले प्रत्यक्ष रुपमा खासै केही गर्न सक्ने देखिँदैन ।

तेल र ग्याँसको उत्पादनले शासकहरूलाई देशको अर्थतन्त्रमा अनावश्यक रूपमा हस्तक्षेप गर्ने अवसर दिन्छ। यसका अतिरिक्त तेल र ग्याँसका निर्यातकर्ताहरूले आय र सम्पत्तिलाई न्यायपूर्ण रूपमा वितरण गर्न सकेका हुँदैनन् । यसले गर्दा भविष्यमा सामाजिक र राजनैतिक सङ्कट निम्तिने र ऊर्जासङ्कट पनि आउने अवस्था निर्माण हुन सक्छ। यी देशहरू प्राकृतिक स्रोतको उपलब्धतामा धनी भएको हुँदा पश्चिमा देशहरूले यहाँको भ्रष्टाचार घटाउन थोरै मात्र भूमिका खेल्न सक्दछन्।

उद्दण्ड शासकहरु पश्चिमी अवधारणाको खुला र पारदर्शी व्यवस्था नअपनाउन र परम्परागत राष्ट्रिय राजनीतिक चलखेललाई टिकाइ राख्न विभिन्न तर्कहरु र राजनैतिक समर्थन सजिलै हासिल गर्न सक्दछन् । विश्व प्रतिस्पर्धालाई यसरी अवरोध गर्दा यसले ती देशका पँहुच कम भएका बहुसङ्ख्यक जनसङ्ख्यालाई नै बेफाइदा पुऱ्याउँछ । तर अक्सफामजस्ता कतिपय संस्थाहरू यी देशको ऋण मिनाहा गर्नुपर्छ, राष्ट्रिय अनुदान दिनुपर्छ र न्यायीक (नकि खुल्ला) व्यापार गर्नुपर्छ

भनेर वकालत गरिरहेका छन् । यस कार्यले ती देशका शासकहरूलाई आर्थिक रूपमा सुधारमुखी नहुन प्रोत्साहन मिल्दछ ।

त्यसैगरी सन् २००५ को भ्रष्टाचार सम्बन्धी तथ्याङ्कले जनाए अनुसार अफगानिस्तान, पूर्वी टिमोर र इराक (रेखाचित्र १) जस्ता देशहरूमा भएको पश्चिमी सैन्य हस्तक्षेपले पनि ती देशहरूमा भ्रष्टाचार घटाउन सहयोग गरेको देखिँदैन ।[१९] भ्रष्टाचार, वृद्धि, गरिबी निवारण र सामाजिक स्थायित्वसँग सम्बन्धित प्रमाणहरू केलाउँदा हामीले सैन्य हस्तक्षेपपछि ती देशहरूमा सामाजिक अस्थिरता र आर्थिक समस्या उत्पन्न भएको देख्दछौँ । ती असफल भइरहेका देशहरुमा हस्तक्षेपकारी भूमिका खेल्ने विभिन्न संस्थाहरू पनि उक्तदेशको भ्रष्ट संस्कृतिमा चाँडै फस्दछन् । सैन्य सरकारहरू निर्देशन र नियन्त्रणको संस्कारमा विश्वास गर्दछन् । त्यसैले उनीहरू प्रतिस्पर्धा र आर्थिक स्वतन्त्रतामा खासै विश्वास गर्दैनन् । उनीहरूले राजनीति तथा आर्थिक नीतिको जुनसुकै पक्षमा पनि तुरुन्तै हस्तक्षेपकारी कदमहरु अपनाउन तयार भइ हाल्ने हुनाले यसले त्यस्ता देशहरूको अर्थतन्त्रमा अस्थिरतालाई बनाइ राख्न टेवा प्रदान गर्दछ ।[२०]

भविष्यमा कुनै पनि असफल राष्ट्रमा बाह्य हस्तक्षेप गर्दा भ्रष्टाचारलाई कसरी नियन्त्रण गर्ने र त्यहाँ भएका आर्थिक क्रियाकलाप गर्ने संस्थाहरूको उदारीकरण कसरी गर्ने भन्ने योजना पहिले नै तर्जुमा गर्नुपर्दछ । यो कार्य ऋण दिने, पूँजीगत सामान दिने वा प्राविधीक कलेजहरु खोल्ने भन्दा गाह्रो काम हो तर यो महत्वपूर्ण पनि छ । असफल राज्यहरुसँग प्रायः स्वच्छ र पारदर्शी प्रशासन र न्यायपालिका चलाउने सीप र विज्ञता हुँदैन । त्यसकारण एकदम सरल र सबभन्दा आधुनिक किसिमको शासन स्थापना गर्ने प्रयास गरिनुपर्छ । दुर्भाग्यवश, संयुक्त राष्ट्र संघ, विश्व बैंक, युरोपियन युनियन र प्रायः दातृ निकायका कर्मचारीहरुले

१९ ट्रान्सपरेन्सी ईन्टरनेश्नलको विश्व भ्रष्टाचार प्रतिवेदन २००५ ले ठूला पूर्वाधार परियोजना र द्वन्द पश्चातको पुर्ननिर्माणमा हुने भ्रष्टाचारमा ध्यानकेन्द्रित गरेको छ । यसले यर्थाथलाई छर्लङ्ग पारिदिन्छ । (Transparency International, 2005, op. cit.) ।

२० युद्ध पश्चातको समृद्ध हुँदै गइरहेको जर्मनीको अनुभव एक अपवाद थियो किनकि आर्थिक उदारीकरण उदारवादी जर्मन सुधारकर्ताहरुद्वारा अघि बढाइएको थियो जुन सैन्य शक्तिको जाहेर गरिएका इच्छाहरु विपरीत थियो ।

तेस्रो विश्वका देशहरुका लागि भनेर महत्वकांक्षी प्रशासनिक संरचनाको वकालत गरिराखेका हुन्छन् । पछि शासन गर्ने र इमानदारितापुर्वक शासन गर्ने क्षमताको कमीले गर्दा ती देशहरु समस्याग्रस्त हुन्छन् । पुर्वी टिमोर र पपुआ न्यू गिनी जस्ता देशहरुमा स्वतन्त्रता पाए पश्चात आर्दशवादी व्यवस्था राख्न प्रयास गरिएको थियो तर ती व्यवस्था असफल हुने निश्चित छ ।[२१]

## गरिब देशमा गरिएको सहायता र भ्रष्टाचारको प्रोत्साहन

के भविष्यमा भ्रष्ट शासनहरुलाई वैदेशिक अनुदानबाट बञ्चित गर्नुपर्छ ? नयाँ 'स्रहशताब्दी उदारता'ले प्रायः सबभन्दा गरिब र सबभन्दा भ्रष्ट देशहरुमा पश्चिमी औपचारिक अनुदान धेरै मात्राले बढाउने तर्फ इङ्गित गर्छ । साहराको दक्षिणमा रहेका अफ्रिकी सरकारहरुले प्रतिवर्ष ८० अर्ब अमेरिकी डलर प्राप्त गरिरहेकामा त्यसलाई बढाएर सन् २०१० सम्म १२५ अरब अमेरिकी डलर बनाउने भएको छ । तर गएको पचास वर्षमा अफ्रिकामा १० खर्ब अमेरिकी डलर लगानी गर्दा पनि सामान्य जनताको जीवनस्तरमा खासै परिवर्तन देखिएको छैन ।[२२] यथार्थमा भन्ने हो भने केही अपवाद छोडेर धेरै अफ्रिकी मानिसहरूको प्रतिव्यक्ति आय घटेको छ । समस्या समाधानका लागि उपयोगी हुन सक्ने सामान्य उपायहरूको उपेक्षा गरिएका कतिपय ठाउँमा अत्याधिक सहयोगले लागत झन् बढाएको छ । यसलाई एउटा साधारण उदाहरणले पनि पुष्टि गर्दछ । जनस्वास्थ्येमा गरिएको खर्च हेर्दा एउटा बालकको जीवन बचाउन पचास हजारदेखि एक लाख अमेरिकी डलरसम्म खर्च गरिएको देखिएको छ। तर, वास्तवमा यही कुरा १० अमेरिकी डलरमा नै गर्न सकिन्छ ।[२३] यस कुरालाई सहायता निकाय र अफ्रिकी सरकारमा देखिएको भ्रष्टाचारले पुष्टि गर्दछ। परिणामस्वरुप आय गरिबबाट लिएर धनी संभ्रान्त वर्गलाई पुर्नवितरण हुने काम भइरहेको छ । यस स्थितिमा वैदेशिक सहायताले

२१ On the issue of aid and corruption in Pacific Island nations see: P. Bauer, S. Siwatibau, W. Kasper, Aid and Development in the Pacifi c (Sydney: The Centre for Independent Studies, 1991); H. Hughes, Aid Has Failed the Pacifi c, Issue Analysis no. 33 (Sydney: The Centre for Independent Studies, 2003); and H. Hughes and S. Windybank, A Tale of Two Nations, Issue Analysis, no. 58 (Sydney: The Centre for Independent Studies, 2005).

२२ F. Erixon, 'Why Aid Does Not Work, Viewpoint', BBC News [http://news.bbc.co.uk/go/pr/fr/- /1/hi/sci/tech/4209956.stm].

२३ P. Stevens, 'UN Plan to Keep Poor in Their Place', Bulletin of the Campaign to Fight Diseases, 27 September 2005 [admin@fi ghtingdiseases.org, accessed 28/9/2005].

स्थितिमा झन् प्रतिकूल असर देखाउँदछ । पिटर ब्राउरले यसलाई मर्मस्पर्शी रूपमा व्यक्त गरेका छन् : 'शासकहरुलाई उनीहरुको शासित वर्गको गरिबीको आधारमा सहयोग गर्दा त्यसले दरिद्रता ल्याउने नीतिलाई प्रोत्साहन गर्छ ।[२४] उनको भनाइ अनुसार विकास सहायताले गरिब समाजलाई गरिबीको दुष्चक्रबाट बाहिर निकाल्नुको सट्टा त्यही अवस्थामा रहिरहन मद्दत पुऱ्याइरहेको हुन्छ ।[२५]

आफ्नो आम्दानीको ठूलो हिस्सा वैदेशिक अनुदानबाट पाउने देशहरु जस्तैः सब-साहाराको अफ्रिकी देशहरु र दक्षिण प्यासिफिकको देशहरुले वृद्धिलाई बढावा दिएर राष्ट्रिय आय बढाउन र सर्वसाधारण जनताको आकंक्षालाई ध्यान दिन जरुरी देख्दैनन् । त्यसैले प्रजातन्त्रको आकंक्षा राख्नेहरुका लागि अनुदानले प्रतिकुल अवस्था सृजना गर्छ ।

ऋणग्रस्त अफ्रिकी मुलुकको अवस्था पूर्वी एसियाका देशहरूको भन्दा फरक छ । यी पूर्वी एसियाका देशहरूमा प्रतिव्यक्ति वैदेशिक सहायता अत्यन्त कम छ । हाल आएर तीव्र वृद्धि भइराखेका पूर्वी एसियाका देशहरूका कर तिर्ने नागरिकहरुले धेरै हदसम्म प्रजातान्त्रिक अभ्यास गर्न पाइराखेको कुरा मननयोग्य छ ।[२६]

भ्रष्टाचार अवधारणा सूचाङ्कका सङ्कलकहरूले भ्रष्ट देशमा वैदेशिक सहायता रोक्नु पर्छ कि पर्दैन भनेर पक्कै पनि सोधेका छन् । उनीहरूको उत्तर गरिब मानिसहरूलाई बेवास्ता गरीनु हुँदैन भन्ने छ । "यदि कुनै राष्ट्र भ्रष्ट छ भनेर विश्वास गरिएको छ भने, त्यस कुराले अनुदान प्रदानकर्ताहरुलाई त्यहाँ भ्रष्टाचार नियन्त्रण गर्न व्यवस्थित लगानीको आवश्यकता छ भन्ने विषयको संकेत गर्नुपर्दछ... (दाताहरुले) यी चेतावनीका संकेतहरुमा विशेष ध्यान दिनुपर्छ र उचित नियन्त्रण प्रक्रियाहरुको व्यवस्था गनुपर्छ ।"[२७] यो वैदेशिक सहायता दिने देशका लागि झन्झटिलो व्यवस्था हो र अनुदान लिने देशहरुमा भने यो अत्यन्त

२४ P. Bauer, 'Interview with Lord Bauer', The Caian (13 May) (Cambridge, UK: Gonville and Caius College, 1985), as cited by J.A. Dorn, 'Remembering Peter Bauer', Cato Journal, vol. 25: 3(2005), 439.

२५ P. Bauer, From Subsistence to Exchange and Other Essays (Princeton NJ: Princeton University Press, 2000), 45-46.

२६ Wolfgang Kasper, 'The East Asian Challenge: What Can Australians Offer Their East Asian Neighbours? In H. Hughes et al., Australia's East Asian Challenge (Sydney: The Centre for Independent Studies, 1994).

२७ Corruption Perceptions Index 2005 website: Frequently Asked Questions: Question 5, accessed 25 Oct. 2005.

अलोकप्रिय हुने संभावना छ । पपुवा न्यु गिनीका प्रधानमन्त्री माइकल सोमारेले एक टेलिभिजन कार्यक्रममा अष्ट्रेलियालीहरुलाई सिधा शब्दमा नै यस प्रकारको असन्तुष्टि प्रकट गरेका थिए । नव उपनिवेशवाद र सांस्कृतिक फरकपनका कुराहरु सजिलै निकालिन्छन् । तर जब कडा जवाफदेहीताको कुरा आँउछ, तब सांस्कृतिक तुलनाको सन्दर्भको स्थान रहँदैन ।

बहुपक्षीय सहयोग निकायहरू आफ्ना करदाताहरूप्रति खासै जवाफदेही हुँदैनन् । ती संस्थाहरूले आफ्नो सफलताको मूल्याङ्कन दशौं लाख पैसा खर्च गरेको आधारमा मात्र गर्छन् । वैदेशिक सहायताको मात्रा बढाउनु पर्दछ भनेर वकालत गर्ने संयुक्त राष्ट्र सङ्घका महासचिव कोफी अन्नानका आर्थिक सल्लाहकार जेफ्री स्याक्स पनि विगतमा वैदेशिक सहायताको धेरै हिस्सा विदेशी सल्लाहकारहरूलाई तलब खुवाउँदैमा खर्च भएको गुनासो गर्दछन् । तर जवाफदेहीता अन्तर्गत अनुदानको प्रभावकारी प्रयोगका लागि अनुदान वितरणको अनुगमन पर्दछ । यसका लागि सहायता लिने र दिने दुवै देशका प्रतिनिधिहरु सामेल भएका विदेश ज्ञाताहरुलाई काममा लगाउने आवश्यकता सृजना हुन्छ । यस प्रकारका संयुक्त कामले इमानदार र प्रभावकारी प्रशासन सिक्ने स्थलका रुपमा काम गर्न सक्दछ । हामी अष्ट्रेलियाले इण्डोनेसियामा सुनामी पीडितलाई सहायता गर्नका लागि निर्माण गरेको सहयोगको योजनालाई अध्ययन र अनुसरण गर्ने नमुनाका रूपमा लिन सक्दछौं ।

## भ्रष्टाचारका समर्थकहरू

भ्रष्टाचार अहिलेसम्म जति अलोकप्रिय छ, त्यति नै यसको उन्मूलन पनि समृद्धि र स्थायित्वका लागि जरुरी छ । भ्रष्टाचार निको पार्न सकिने क्यान्सर हो भनेर बढ्दो रुपमा पुष्टि हुँदै गएको भएपनि, पूँजी र उद्यमहरुको स्थानन्तरणका व्यापारका निर्णयहरु अहिले राजनीतिक जोखिमको विशलेषणका आधारमा सूचित हुने भएपनि र धेरै अविकसित देशका नागरिकहरुले चोरीतन्त्रका विरुद्ध जोशिलो रुपमा आवाज उठाउने भएपनि विचारहरुको यस युद्ध जीतबाट

निकै टाढा छ । समाजमा पहुँचवाला व्यक्तिहरू आफ्नो स्थान कायम राख्न यसबाट पाउने सुविधाहरुको पक्षमा सधैं वकालत गर्ने छन् । उनीहरू व्यापार, लगानी र विचारको खुलापनको विरुद्ध तर्क दिन्छन् र भूमण्डलीकरण माथि दोषारोपण गर्दछन् । व्यक्तिवाद र समूहवादको युद्ध जबसम्म रहिरन्छ, तब सम्म भ्रष्टाचारका समर्थकहरुले बौद्धिक सर्मथन पाइरहने कुरामा विश्वस्त हुन सकिन्छ। अधिक शिक्षित व्यक्तिहरू कमै मात्र भएको समाज, प्रेस स्वतन्त्र दबाइएको, राजनैतिक जीवन पारदर्शी नभएको र स्रोतहरु धेरै वा प्रचुर वैदेशिक अनुदान भएको देशमा भ्रष्टाचार गर्ने व्यक्तिहरूले कथित असल अभिप्रायका आडमा साधारणतया आफ्ना भ्रष्टाचारका क्रियाकलापहरु लुकाउने गर्दछन् । भ्रष्टाचारको आरोपहरु सामना गर्नुपर्दा नेताहरु विदेशी व्यवसाय, पत्रकारहरु र विचारमञ्चमाथि दोष थुपारेर उम्किने प्रयास गर्दछन् । स्वतन्त्रता नभएको राज्यव्यवस्था र शिक्षाको स्तर सीमित हुँदा, शासक वर्गहरूले आलोचनाहरूलाई सहजै अन्यत्र मोडेर आफ्नो व्यवहार परिवर्तन गर्नबाट प्रतिरोध गरिरहन सक्दछन् ।

भ्रष्टाचार अवधारणा सूचाङ्क (The Corruption Perception Index) जस्ता अन्तराष्ट्रिय तुलनाहरुले महत्वपूर्ण जानकारी दिनुका साथै देश भित्र र बाहिरका स्वच्छ र इमान्दार छवि भएका नेताहरूलाई भ्रष्टाचारको क्यान्सर विरुद्ध लड्न शक्तिशाली यन्त्र प्रदान गर्दछ ।

*(वल्फ्ग्याङ्ग क्यास्पर द युनिर्भसिटी अफ न्यु साउथ वेल्समा अर्थशास्त्रका अवकाशप्राप्त प्राध्यापक हुन् र सेन्टर फर इन्डीपेन्डेन्ट स्टडीस्मा वरिष्ठ फेलो हुन् । मेरी श्रीमती रिजिन र सु विन्डीब्यान्कलाई यसको पहिलो पाण्डुलिपिमा धेरै विचार गरेकोमा र हेलेन ह्युस र म्यानफ्रेड स्ट्रेइटलाई धेरै उपयोगी सुझावहरु दिएकोमा धन्यवाद नदिई रहन सक्दिन । यस लेखको सबै जिम्मा लेखकमा रहने छ ।)*

अध्याय ९

# विकासोन्मुख देशहरूमा सरकारी विद्यालयको असफलता र सर्वसाधारणको प्रतिक्रिया

**जेम्स टुली र पाउलीन डिक्सन**

नाइजेरियाको लागोस शहर काटेर एक भिरालो राजमार्ग हुँदै जाँदा तपाईंले अनुमानित ५०,००० व्यक्तिका घरहरू भएको, कालो फोहोर पानी वरिपरि बगिरहेको रछ्याने सुकुम्वासी बस्ती 'माकोको' देख्नुहुन्छ । त्यहाँ फोहोरको दलदल वरिपरि फैलिएका काठका अनगिन्ती छाप्राहरू रहेका छन् । दुवैतर्फ उच्च ठाउँमा रहेका घरहरूका बीचबाट बगेको साँघुरो नहरमा युवाहरू बाँसले डुङ्गा धकेल्छन् भने युवतीहरू पनि डुङ्गा चलाउँछन् । पानीमाथिको चट्टानमा उभिएर किशोरहरू माछाको जाल फैलाउँछन् । इन्जिनको कर्कस र ठूलो आवाज निकाल्ने केही ठूला काठका डुङ्गाहरूले राजमार्गमुनि रहेको समुन्द्र पारी माझीहरूलाई लगिरहेको हुन्छ । सुकुम्वासी बस्तीको माथि खाना पकाउन प्रयोग गरिने खुला आगोबाट निस्केको धुवाँको तह थुप्रिएको देखिन्छ ।

तपाईंले शैक्षिक क्रान्ति अपेक्षा गर्ने यो अन्तिम ठाँउ होला, तर यही ठाउँमा नै यो भइरहेको छ । माकोकोमा –अन्य विकासोन्मुख देशका अरू गरिब समुदायमा जस्तै– धेरैजसो अभिभावकहरूले एक साथ सरकारी शिक्षाका निम्न गुणस्तरका कारण यसलाई त्यागी रहेको र शिक्षा क्षेत्रका उद्यमीहरु यस मागलाई

पुरा गर्न निजी विद्यालय स्थापना गरिरहेको पाइन्छ । हेर्नमा जस्तोसुकै भए तापनि यी निजी विद्यालयहरू सरकारी विकल्पका भन्दा उच्च गुणस्तरका छन् र सरकारी शिक्षामा हुने खर्चको केही प्रतिशतमै राम्रो स्तरको शैक्षिक सेवा प्रदान गरिरहेका छन् । यिनीहरूको अस्तित्वले विकास विशेषज्ञहरूलाई चूनौती दिइराखेको एउटा समस्याको स्थानीय तहमा गतिलो समाधान प्रदान गरेको छ : सन् २०१५ सम्म –संयुक्त राष्ट्र सङ्घको शताब्दी सम्मेलनले लिएको– "सर्वव्यापी शिक्षा"को लक्ष्य कसरी हासिल गर्ने ।

यो शुभ समाचारमा खुसी मनाउनुको साटो विकास विषेशज्ञहरू स्तब्ध भएका छन् । अहिलेसम्म अनुभव जे-जस्तो भए तापनि, उनीहरू अझै पनि गरिबका लागि सार्वजनिक शिक्षालाई नै उपयुक्त बाटो देख्छदन् । निजी विद्यालयले उनीहरुको समाधानलाई जोखिममा पार्न सक्छ भन्ने पनि उनीहरु ठान्दछन् । तर हामीलाई  विश्वास छ, माकोकोका मानिसहरू केही खास कुरा गर्दैछन् । अन्तर्राष्ट्रिय विकास विशेषज्ञहरूले उनीहरूको रफ्तार पक्डिनुपर्ने आवश्यकता भएको छ ।

## माकोकोलाई शिक्षित गर्ने क्रममा

सडकमार्गबाट माकोको पुग्नलाई तपाइँ तेस्रो मेनल्याण्ड पुलबाट घुम्दै, साँघुरो मुरताल मुहम्मद मार्ग हुँदै माकोको सडक मार्गतर्फ मोडिनु पर्छ जहाँ महिलाहरूको भीड सडकमा गोलभेंडा, मरिच, गुण, खुर्सानी र झिङ्गेमाछा बेचिरहेको हुन्छन् । यो सडकको अन्त्यमा दुईतिर समानान्तर रूपमा रहेका चार तले पक्की घरको प्रवेशद्वार छ । यी घरहरूमा तीन सार्वजनिक प्राथमिक विद्यालय छन्, जुन पहिला चर्च विद्यालय थिए र सन् १९८० मा राष्ट्रियकरण गरिएका थिए । यी सबै घरहरू माकोकोको सम्पूर्ण जनसङ्ख्यालाई सेवा पुऱ्याउन सरकारी कर्मचारीले डिजाइन गरेका हुन् ।

यी तीन सरकारी विद्यालयहरुको भ्रमण एक निराशाजनक अनुभूति हो । हाम्रो भ्रमणका बारेमा विद्यालयलाई पूर्वजानकारी भएकाले विद्यालयहरूलाई तयारी

गर्ने समय थियो । त्यसो भए पनि धेरैजसो कक्षा कोठामा विद्यार्थीहरू खासै केही गरिरहेका थिएनन् । हामी एउटा कक्षामा पुग्दा विद्यार्थीहरूले जोडदार स्वागत गर्दा पनि एक जना युवा शिक्षक सुतिरहेका थिए । अन्य कक्षाकोठाहरूमा शिक्षकहरूले कालो पाटीमा लेखेका कुरा विद्यार्थीहरु सारिसकेर बसिरहेका थिए र शिक्षकहरू ढोकामा उभिएर वार्तालाप गरिरहेका थिए, त्यसैगरि कोही पत्रिका पढिरहेका थिए ।

तीन विद्यालयमध्येको एक विद्यालयमा कक्षा १ मा ९५ जना विद्यार्थीहरू उपस्थित थिए । तर धेरै समयदेखि शिक्षक भने अनुपस्थित रहेका थिए । तीनवटा कक्षालाई सँगै राखिएको थियो । विद्यार्थीहरू केही पनि गरिरहेका थिएनन्, कोही भने सुतिरहेका थिए । एउटी बालिका झ्याल् सफा गर्दै थिइन् । एक शिक्षक चाँहि कक्षा बाहिर रुमल्लिरहेका थिए ।

प्रधानअध्यापिका वा अरू कोही पनि विद्यालयको यस माहोलप्रति लज्जित देखिँदैन थिए । हामीले विद्यार्थीसँग कुन पाठ पढिरहेको भनेर सोध्दा कसैले पनि उत्तर नर्फकाएका कारण प्रधानअध्यापिकले आरामका साथ "यो गणितको पाठ हुँदैछ" भनेर आँफै भनिन् । कुनै पनि विद्यार्थीले पुस्तक नखोलेकामा पनि उनी विस्मित थिइनन् ।

तीन विद्यालयमध्येको यो एक विद्यालयमा मात्रै १५०० विद्यार्थी पढ्न सक्छन् । शिक्षकको हड्तालका कारण केही वर्षअघि धेरै अभिभावकका बच्चाहरूले एकै साथ विद्यालय छाडेका थिए । अहिले ५०० जना भर्ना भएकाले बालबालिका फर्केको र स्थितिमा सुधार आएको उनले जानकारी दिइन् । ठूलो भवनको माथिल्लो तल्लामा ६ वटा खाली कक्षाकोठा थिए जसमा कुर्सी र मेच त थिए तर ती सबै विद्यार्थी पर्खिरहेका थिए ।

हामीले प्रधानअध्यापिकालाई सोध्यौँ, "अभिभावकले बालबालिकालाई किन यहाँ पठाउँदैनन् ?" उनको उत्तर सहज थियो, "सुकुम्बासी बस्तीका अभिभावकहरूले शिक्षालाई महत्व दिदैँनन् । उनीहरू अशिक्षित र अबुझ छन् । कोहीलाई त यहाँ

निःशुल्क शिक्षा प्रदान गरिन्छ भन्ने पनि थाहा छैन । धेरैजनालाई त आफ्ना बालबालिका विद्यालय पठाउन बाध्य पार्न पनि सकिदैँन ।”

अभिभावकले आफ्ना बालबालिकालाई निजी विद्यालय पठाउँछन् रे भनेर हामीले सुनेको भन्दा उहाँले हाँसेर भन्नुभयो, “सुकुम्वासी बस्तीमा बस्ने परिवार धेरै गरिब छन् । उनीहरू निजी शिक्षाको खर्च धान्नै सक्दैनन् ।”

यद्यपि उनी यसबारे पूर्ण रूपमा गलत थिइन् । तीन वटा सार्वजनिक विद्यालयभन्दा अघि बढेपछि कालो पत्रे बाटोको अन्त्यमा एउटा उच्च सडक अवरोधक छ, जहाँबाट “एपोलो मार्ग” पुगिन्छ । त्यहाँ तपाईले आफ्नो बाटो ध्यानपूर्वक छान्नु पर्छ किनकि बाटोको एकतर्फबाट अर्को तिरको हिलो र फोहोर छल्दै अघि बढ्नु पर्छ । राजमार्गबाटै देखिने साना काठका घरहरु बीचबाट हिँड्नुहोस् –फलेकले बनेका र तल कालो पानीमा गाडिएका प्ल्यान्कले आड लगाएर बनाइएका घरहरु– र तपाइँ खेलौना र जनवारका रङ्गीबिरङ्गगी चित्रहरू भएको एक गुलाबी पक्की भवनमा आइपुग्नुहुन्छ, जसको टुप्पामा “केन-एडे निजी विद्यालय” लिखित अक्षर चम्किरहेको देख्नुहुनेछ ।

केन-एडे निजी विद्यालयहरूको औपचारिक सूचीमा नरहेकाले यस विद्यालयका बारेमा सरकार अनभिज्ञ छ । यस संस्थाका संस्थापक बावो साबो इलुई इसेमिनाकान् (Bawo Sabo Elieu Ayeseminikan) हुन् । उनलाई सबैले “बि.एस.ई.” भनेर चिन्छन् । सबैभन्दा साना बालबालिकाहरू अपोलो मार्गसँगै रहेको चर्चमा कालो पाटी हेर्दै काठको बेञ्चमा बसेर पढ्छन् । माध्यमिक तहमा विद्यार्थीहरू भाडाको गुलाबी घरमा पढ्छन् र सबैभन्दा ठूला बालबालिकाहरू बि.एस.इ. को आफ्नै जग्गामा रहेको काठ र टिनको छाना भएको घरमा पढ्छन् । बि.एस.इ. को इच्छा सबै विद्यार्थीलाई आफ्नै जग्गामा राखेर पढाउनुका साथै निम्न माध्यमिक विद्यालय खोल्नु पनि हो ।

बि.एस.ई. ले अप्रिल १६, १९९० मा चर्च हलमा ५ विद्यार्थी राखेर विद्यालयको स्थापना गरेका थिए । त्यसबेला अभिभावकहरूले दैनिकरूपमा शुल्क

बुझाउँथे । वर्तमान समयमा विद्यालयमा शिशुदेखि कक्षा ६ सम्म जम्मा २०० विद्यार्थी छन् । विद्यालयको शुल्क २,२०० नैरा (Naira) (१७ अमेरिकी डलर) प्रति सत्र वा मासिक लगभग ४ अमेरिकी डलर रहेको छ। यति भए तापनि २५ विद्यार्थी निःशुल्क पढिरहेका छन् । बि.एस.ई. भन्दछन्, “यदि कोही अनाथ भए म के गर्न सक्छु ? म उसलाई पर पठाउन सक्दिँन ।”

विद्यालय बनाउने उनको उद्देश्य परोपकारी भावना र व्यवसायको सम्मिश्रण हो । बि.एस.ई. लाई काम चाहिएको थियो र उनले अभिभावकहरूमाझ सार्वजनिक विद्यालयप्रतिको वितृष्णा बढिरहेको र निजी विद्यालयको माग बढिरहेको कुरा बुझेका थिए । साथसाथै उनको मनमा समुदाय र उनका चर्चमा रहेका बालबालिकाप्रति दया पनि थियो । उनीहरूलाई अझ राम्रो बनाउन उनले के गर्न सक्थे ? वि.एस.ई.ले स्थापना गरेको विद्यालयको १ कि.मी. को दुरीमा ३ वटा सार्वजनिक विद्यालय रहेको भए तापनि त्यस १ कि.मी. को दुरीमा रहेको भीडभाडयुक्त बजारमा अभिभावक आफ्ना छोरीलाई पढाउन डराउँथे किनभने त्यहाँ अपहरणको ठूलो डर छ ।

यसका बाबजुद पनि मुख्य गरी सार्वजनिक विद्यालयको शैक्षिक स्तरले अभिभावकलाई विकल्प खोज्न बाध्य पारेको हो । करिब १५ वर्षअघि अभिभावकहरूले वि.एस.ई. लाई नयाँ विद्यालय खोल्न प्रोत्साहित गरिरहेको बेला सामुदायिक विद्यालयका शिक्षकहरू आफ्नो लागि राम्रो वातावरण र तलब नदिएको निहुँमा विद्यालय बन्द गर्थे ।

हामीले केही अभिभावकसँग भेटघाटको समय मिलायौँ । यस समुदायका सबै अभिभावकहरू गरिब छन्, प्रायः पुरुषहरू माझी हुन् र महिलाहरू अपोलो मार्गमा माछा र अरू वस्तुको व्यापार गर्छन् । उनीहरूको अधिकतम आय प्रतिमहिना ५० अमेरिकी डलर पुग्न सक्छ, तर तीमध्ये धेरै जनाको आय त्यो भन्दा कम हुन पनि सक्छ । अभिभावकले कुनै शंका विनानै आफूले धान्न सके बालबालिकालाई निजी विद्यालय पठाउने इच्छा देखाए । केही अभिभावकका एक

दुई जना बालबालिका निजी विद्यालय र केही अरु सार्वजनिक विद्यालयमा भर्ना रहेछन् र उनीहरूले हामीलाई यी दुई प्रकारका विद्यालयमा विद्यार्थीलाई गरिने फरक व्यवहारबारे बताए ।

एक जना महिलाले भनिन्, “हामीले देखेका छौं कि सार्वजनिक विद्यालयमा किताब छोइएको हुँदैन ।” अर्को व्यक्तिले आफ्नो कुरा राखे, “हामी हिँडडुल गर्दा धेरैपल्ट सार्वजनिक विद्यालय पार गर्छौं, तर त्यहाँका विद्यार्थीहरू केही नगरी बाहिर बस्छन् जबकि निजी विद्यालयमा विद्यार्थीहरू कडा मेहनत गरिरहेका हुन्छन् । सार्वजनिक विद्यालयमा बालबालिकालाई हेरचाह गरिँदैन ।” घर बाहिर बसेर शेक्सपियर पढिरहेका एकजना पितालाई हामीले भेट्दा उनले भने, “निजी विद्यालयका शिक्षकहरू भरपर्दा हुन्छन् ।”

आश्चर्यको कुरा त के हो भने केन. एडे त्यहाँको एक मात्र निजी विद्यालय होइन । यस सुकुम्बासी बस्तीमा यस्तै अरू ३० निजी विद्यालय छन् । यो हामीलाई थाहा छ किनभने हामीले नाईजेरियाको प्रिमियर विश्वविद्यालय, हवाडान विश्वविद्यालयका स्नातक तहका विद्यार्थी रहेको अनुसन्धान दल पठाई त्यहाँका निजी विद्यालयको सङ्ख्या पत्ता लगाएका थियौं । यी ३० निजी विद्यालयमा सबै सुकुम्बासी टोलका ३,६११ बालबालिका भर्ना थिए भने ३ सार्वजनिक विद्यालयमा भने १,७०९ जना भर्ना भएका थिए जसमध्ये केही माकोको बाहिरका पनि थिए । समग्रमा माकोकोका विद्यालय जाने अधिकांश विद्यार्थी मध्ये कम्तीमा पनि ६८०० विद्यार्थी निजी विद्यालयमा जान्छन् ।

वि.एस.ई.ले यस्ता सबै स्कुल र तिनीहरूको सञ्चालकलाई चिन्दछन् किनकि २६ विद्यालयहरु एसोसियसन अफ फर्मिडेबल एजुकेशन डिभेलपमेन्ट (Association of Formidable Educational Development - AFED) मा आबद्ध छन् जहाँ उनी माकोको क्षेत्रका संयोजक हुन् । यो महासंघ माकोको लगायत लागोस राज्यका यस्ता सबै कम शुल्क लिने निजी विद्यालयको महासंघ हो ।

AFED को किन स्थापना गरियो ? वि.एस.इ.ले भने अनुसार उनको जस्तो निजी विद्यालय बन्द गर्न दुईतर्फी आक्रमण भएको थियो । एक तर्फबाट वि.एस.ई को विद्यालय भन्दा १० देखि १०० गुणा बढी शुल्क लिने “धनी” निजी विद्यालयको संगठन (Association of Proprietor of Private School (APPS)) थियो जसले सरकारलाई त्यस्ता विद्यालयमा कम गुणस्तर रहेको उजुरी गऱ्यो र सरकारलाई कम शुल्क लिने निजी विद्यालय बन्द गराउन उक्सायो। बि.एस.ई. भन्थे “हामी अझै युद्ध स्तरमा लागिरहेका छौं । धेरै धन नभएका मानिसका छोराछोरीहरूलाई हामी गुणस्तरीय शिक्षा दिन चाहन्छौं ।”

AFED सँग सहकार्य गरी विद्यालयका सञ्चालकहरूले यस्ता विद्यालयहरु बन्द गराउन गरिएको प्रयासको विरुद्ध लडाइँ गरे र सरकारको हृदय अलिकति परिवर्तन भएर बन्द गराउन खोज्ने प्रोपराइटरको कुरालाई त्यति ध्यान दिइएन । त्यसपछि हामी यहाँ पहिलो पटक आउनुभन्दा अघि लागोसको सरकारले पुनः यी विद्यालय बन्द गर्नुपर्ने उर्दी जारी गऱ्यो । हाल उनीहरू यसविरुद्ध लडिरहेका छन् र उक्त आदेश कार्यान्वयनमा अहिले छ महिनाका लागि रोक लगाइएको थियो ।

त्यसै समयमा, यस संस्थाले लागोसका राज्यका सबै राजाहरूलाई पत्राचार गरेर सरकारको धम्कीबारे जानकारी गराए र सो आदेश लागु भएमा ६ लाख विद्यार्थीहरू विद्यालय बाहिरिने र हजारौं शिक्षकहरू कामबाट निकालिने जानकारी दियो । बि.एस.इ. भन्छन्, “यदि तपाइको टाउको दुखेको छ भने टाउको काटेर फाल्नु त्यसको समाधान होइन । यदि सरकारलाई हामीसँग समस्या छ भने हामी सँगै काम गरेर आफूलाई सुधार्न सक्छौं । यसको समाधान हामीलाई सम्पूर्ण रूपमा हटाउनु होइन ।”

हामीले धेरैजसो उनीहरुलाई जानकारी नदिई वि.एस.ई. को स्कूल अवलोकन गऱ्यौं र धेरै समय बितायौं । एक पटकबाहेक धेरैजसो समय शिक्षकहरू पढाइरहेका थिए । शिक्षक विरामी भएर नआएको बेला प्रधानाध्यापकले विद्यार्थीहरूलाई पढाउँदै उनीहरूको मूल्याङ्कन गर्दै थिए ।

यहाँका एउटा शिक्षक एडामिसन हुन् । उनी २३ वर्षका भए । उनले भर्खरै उच्च शिक्षा डिप्लोमा (A-levels) सकेका छन् र विश्वविद्यालयमा अर्थशास्त्र पढ्न चाहन्छन् । उनी पढाइमा लाग्ने खर्च आफैँले बेहोर्न सक्दैनन् । त्यसैले उनी माकोकोमा नै पढाउँदै, तलबबाट बचत गर्दै आफ्नो भविष्यको शिक्षाका लागि डट्दैछन् । उनले भने, उनलाई शिक्षक हुनुमा गौरव महसुश हुन्छ । "मैले पढाँउदा, म आफू सिकिरहेको हुन्छु । जब म विद्यार्थीहरूलाई समबाहु चतुर्भुजका दुई विपरीत रेखाहरू बराबर किन हुन्छ भन्छु, तब म पनि केही नयाँ कुरा सिकिरहेको हुन्छु ।"

एडामिसन पढाउने कुरामा उत्साहित छन् र सबै विद्यार्थीलाई आफूसँगै उत्साहित गराउँछन् । उनको प्रतिबद्धता र जोशले गर्दा उनी यस्ता शिक्षक हुन् जससँग तपाईंले आफ्नो छोरा-छोरी पढाउन चाहनुहुन्छ ।

माकोकोको अर्को निजी विद्यालय 'फ्रेन्च मिडियम विद्यालय' हो । यसका सञ्चालक छिमेकी देश बेनिनका हुन् र यस विद्यालयले वरिपरिका फ्रान्कोफोन देशहरुका प्रवासी बालबालिकालाई सेवा पुऱ्याइरहेको छ । यो माकोकोको सबैभन्दा ठूलो विद्यालय हो । यसमा ४०० विद्यार्थी पढ्छन् । यस विद्यालयको दुई तलाको घर काठले बनेको छ ।

लिगेसी, सबैभन्दा पुरानो स्कुल हो जुन् सन् १९८५ मा स्थापना भएको थियो । यो काठबाट बनेको छ र केही तल्लाको छ । ५ बजेतिर हामी त्यहाँ पुग्दा एकजना शिक्षकले ठूलो कक्षाका विद्यार्थीलाई पढाइरहेका थिए र स्वेच्छाले विद्यार्थीलाई परिक्षाको तयारी गराइ राखेका थिए । यो विद्यालय सुरु गर्दा यसका सञ्चालकले घरघर गएर अभिभावकलाई बच्चालाई विद्यालय पठाउन प्रोत्साहित गरेका थिए । त्यतिबेला सार्वजनिक विद्यालयमा सबैको पहुँच थिएन । उनी आफ्नो समाजलाई शिक्षित बनाउन चाहन्थे । केही समयपछि उनले प्रतिदिन १० कोवो (१ अमेरीकी सेन्टभन्दा कम) अभिभावकलाई मासिक शुल्क तिराए । सङ्ख्या बढ्दै गएपछि उनले शैक्षिक सत्र शुल्क लागु गरे । अरूलाई जस्तै उनलाई पनि शुल्क उठाउन निकै गाह्रो भयो र शिक्षाबाट बञ्चित विद्यार्थीहरूलाई उनले पनि निःशुल्क पढाए ।

निजी विद्यालयले किन यस्तो परोपकारी ढङ्गले काम गर्छन् ? सबै विद्यालयका सञ्चालकसँगको बातचितले एउटा सशक्त सन्देश अघि ल्यायो । यी सबैजना यही सुकुम्बासी टोलमा बस्दछन र यी सबैलाई आफ्नो समाजका बालबालिकाको भलाईको चिन्ता हुन्छ । जिको युनाईटेड स्कुलका सञ्चालकले यो विद्यालय १९९८ मा "भोलिका नेताको निर्माण गर्न" स्थापना गरेका हुन् । उनले किन विद्यार्थीलाई निःशुल्क भर्ना दिन्छन् भनेर सोध्दा उनी भन्छन्, "कहिलेकाहीँ हामीले यी बालबालिकालाई सँगै लिएर हिँड्नु पर्छ । जसले गर्दा उनीहरू समाजमा बोझ हुँदैनन् । कुनैकुनै विद्यार्थी धेरै प्रतिभाशाली हुन्छन्, त्यसैले उनीहरूप्रति हाम्रो जिम्मेवारी हुन्छ ।"

सेन्ट मेरिज शिशु र प्राथमिक विद्यालयका सञ्चालकको पनि यस्तै भनाई थियो । उनले सन् १९९६ बाट साँझको कक्षाबाट विद्यालय सुरु गरेका थिए जब विद्यार्थीले उनीसँग "अंकल, हाम्रो गृहकार्यमा सहयोग गर्नुहोस" भनेर आग्रह गरेका थिए । उनले पहिले शुल्क लिएनन् । उनले अभिभावकलाई आफूले सक्ने जति दिन आग्रह गरे र कक्षा "खुला आकाशमुनि" सञ्चालन गरे । उनी भन्दछन्, "दुई वर्षअघि अभिभावकले मलाई निजी विद्यालय सञ्चालन गर्न अनुरोध गरे...म समाजमा बसेर उनीहरूलाई कम शुल्क र छात्रवृत्ति दिई सहयोग गर्न चाहन्छु ।"

शिक्षा मन्त्रालयका उच्च तहका कर्मचारीहरू यी विद्यालयतर्फ सहानुभूति देखाउँदैनन् । नयाँ मर्सिडिज बेञ्ज चलाउने एकजना महिलाले भनिन्, "गरिब अभिभावकले आफ्ना बालबालिकालाई "झुटो प्रतिष्ठा" देखाउन निजी विद्यालय पठाउँछन् ।" उनीहरू "अज्ञानी" छन् जसलाई निजी विद्यालयको छाप चाहिएको छ जसलाई अनैतिक व्यवसायीहरूले छलिरहेका छन् । यी विद्यालयहरू शैक्षिक स्तरका लागि घातक छन् । तसर्थ यी सबै बन्द गरिनु पर्छ ।

विद्यालयको भवन –जसले बाहिरी व्यक्तिलाई विद्यालयको पहिलो छाप दिन्छ– कम गुणस्तरका छन् । तर अरू मानिस बस्ने घर पनि त्यस्तै नै छन् । यो पनि सही हो कि त्यहाँ चर्पी पनि छैनन्, तर अरूका घरमा पनि त त्यो

हुँदैन । हामीले सार्वजनिक विद्यालयका विद्यार्थीले विद्यालयको एक कुनामा पिसाब गरिरहेको देख्यौं ।

यसका अतिरिक्त सार्वजनिक विद्यालयभन्दा निजी विद्यालयमा बालबालिकाहरू घरमा जस्तै रमाउँछन् । यस विद्यालयका शिक्षकहरू आफैं त्यस समाजका सदस्य थिए । तसर्थ उनीहरूलाई त्यहाँको समस्या र उत्साह दुवै थाहा हुन्थ्यो । सार्वजनिक विद्यालयका शिक्षकहरू घण्टौ लगाएर विद्यालय आउनुपर्छ । तीमध्ये त कतिले आफ्ना विद्यार्थी बस्ने स्थान माकोको समेत देखेका छैनन् । हामीले जति निजी विद्यालयहरूको भ्रमण गऱ्यौं हामीले त्यति नै यसमा प्राकृतिक तत्व भेट्यौं : यो समाजको एक पक्ष थियो जुन सार्वजनिक विद्यालयमा थिएन ।

## माकोकोदेखि विकासोन्मुख विश्वसम्म

माकोको विकासोन्मुख देशको एउटा गरिब समाज हो । यो एउटा सुकुम्बासी बस्ती हो तर यो कथा अन्यत्र पनि दोहोरिएको पाइन्छ । विकासोन्मुख देशहरूमा तपाईले वि.एस.ई. जस्ता व्यक्तिहरू भेट्नु हुन्छ जसले समाजले धान्ने खालको कम शुल्क लिएर गरिबलाई सेवा पुऱ्याउने विद्यालय खोलेका छन् । विद्यालयलाई व्यवसायिक तरिकाले सञ्चालन गरे तापनि उनले गरिबमध्येका गरिबलाई निःशुल्क पढाएका छन् ।

विगत दुई वर्षयता हामी माकोको जस्ता गरिब समाजमा अनुसन्धान गरिरहेका छौं जसमा नाइजेरियाका अन्य क्षेत्रहरु तथा घाना, केन्या र भारत पर्दछन् । त्यसैगरी नाइजेरियाको अरू ठाउँ, घाना र भारतमा पनि यस्ता अनुसन्धान गरिरहेका छौं ।[१] भारत, घाना र नाइजेरियामा गरिब क्षेत्रका बहुसङ्ख्यक विद्यार्थीहरू निजी विद्यालयमा पढ्ने गरेको हामीले पायौं ।

भारतमा रहेका आन्ध्रप्रदेश राज्यको पुरानो सहर हैदरावादको तीन क्षेत्रको "सूचित सुकुम्बासी टोल" मा हामीले ९१८ विद्यालय पायौं, जसमध्ये ३५% मात्र

सरकारी विद्यालय थिए जुन पहिचान नगरिएको ३७% निजी विद्यालयभन्दा कम थियो । समग्रमा कम आम्दानी क्षेत्रमा रहेका विद्यालय जाने विद्यार्थीमध्ये ६५% अनुदान नपाएका निजी विद्यालय जान्छन् ।

घानाको बाहिरी भागमा रहेको कम आम्दानी हुने ग्रामीण जिल्ला 'घ' मा हामीले जम्मा ७७९ विद्यालय भेट्यौं, जसमध्ये २५% सरकारी विद्यालय थिए । विद्यालय जाने बालबालिकामध्ये ६४% निजी विद्यालय जान्थे ।

माकोकोमा जस्तै नाइजेरियाको लागोस राज्यको अरू तीन "गरिब" स्थानीय सरकारी जिल्लामा (एक ग्रामीण, दुई शहरी) मा हामीले ५४० स्कुल फेला पार्‍यौं जसमध्ये ३४% सरकारी थिए र सबैभन्दा बढी हिस्सा (४३%) दर्ता नभएका निजी विद्यालय थिए । हाम्रो अनुमानअनुसार विद्यालय जाने बालबालिकामध्ये ७५% निजी विद्यालयमा भर्ना भएका थिए जसमध्ये बढी विद्यार्थीहरु सरकारी भन्दा दर्ता नभएका विद्यालयमा थिए ।

केन्याको किबेरा शहरमा रहेको सव-साहारन अफ्रिकाकै सबैभन्दा ठूलो सुकुम्बासी बस्तीमा हामीले १२,००० विद्यार्थीलाई सेवा पुर्‍याइरहेका ७६ निजी विद्यालयहरू भेट्यौं । संयोगवस हाम्रो अनुसन्धान त्यहाँ जनवरी २००३ मा निःशुल्क प्राथमिक शिक्षा सुरु गरेको लगभग १० महिनापछि भएको थियो । यसले गर्दा प्राथमिक तहमा विद्यार्थीको भर्ना दर वृद्धि भएको थियो र यस कार्यको सबैले प्रशंसा गरेका थिए । यतिसम्म कि भूतपूर्व अमेरिकी राष्ट्रपति विल क्लिनन्टनले ए.वि.सी. टेलिभिजनको तत्कालिन प्रसारण अवधिमा दर्शकलाई आफूले सबैभन्दा धेरै भेट्न चाहेको व्यक्ति केन्याका राष्ट्रपति म्वाई किवाकी हुन् भनी बताएका थिए । क्लिन्टनका अनुसार "म्वाईले विद्यालय शुल्क हटाएका थिए, जुन अरू कुनै राष्ट्रपतिले मानिसहरुको जीवनमा परिवर्तन ल्याउन गरेको वा त्यस वर्षको अन्त्यमा गर्न सक्ने काम भन्दा बढी थियो"[२] –तर हाम्रो अनुसन्धानले भने वास्तविकता फरक रहेको देखाउँछ ।

यस मूल्याङ्कनले सुकुम्बासी टोलमा निजी विद्यालयले पारेको असरबारे छलफल गर्दैन, किनभने सरकारले निःशुल्क प्राथमिक शिक्षा व्यवहारमा ल्याएपछि निजी विद्यालयको भर्ना दरमा ठूलो ह्रास आएको छ, जसले गर्दा किवेरामा मात्रै २५ विद्यालय बन्द भएका छन् । यथार्थमा निजी शिक्षाबाट हराउने विद्यार्थीको सङ्ख्या किवेराको वरिपरि रहेका सरकारी विद्यालयको अतिरिक्त भर्ना दरभन्दा बढी थियो । विद्यालयका सञ्चालकले विद्यालय छाड्ने विद्यार्थीको सङ्ख्यामा बढाएर हेर्दा पनि हामीले के निष्कर्ष निकाल्यौँ भने अतिरिक्त भर्ना मुख्यतः बालबालिकाहरू निजीबाट सरकारीमा गएकाले देखिएको हो न कि समस्त भर्नादर बढेको हो ।

विकास समुदायका केहीलाई बालबालिकाहरू “च्याउसरी” रहेका निजी विद्यालयबाट सरकारी विद्यालयमा स्थानान्तरण हुनु त्यति नराम्रो नलाग्ला । लागोस राज्यको शिक्षा मन्त्रालयका उच्च अधिकारीको मान्यतासहित चलनचल्तीको धारणाअनुसार पनि यस्ता निजी विद्यालयहरू कम गुणस्तरका हुन्छन् । तर हाम्रो अनुसन्धानले देखाएअनुसार गरिब समुदायमा रहेका निजी तथा सरकारी विद्यालयमध्ये निजी विद्यालयको सफलताको दर बढी रहेको देखिन्छ ।

उदाहरणका लागि लागोस राज्यमा गणित विषयमा दर्ता गरिएका र नगरिएका निजी विद्यालयका विद्यार्थीहरुले हासिल गर्ने औसत अङ्क भन्दा १५ र १९ प्रतिशतले बढी थियो भने अंग्रेजी विषयमा यो २५ र ३० प्रतिशतले बढि थियो । हैदराबादमा गणितमा विद्यार्थीहरुले हासिल गर्ने औसत अङ्कमा मान्यता प्राप्त र मान्यता प्राप्त नभएका निजी विद्यालयका विद्यार्थीहरुले सरकारी विद्यालयका तुलनामा करिब २२ र २५ प्रतिशत बढी अङ्क हासिल गर्थे । अंग्रेजीमा भने भिन्नता अझ स्पष्ट रहेको थियो । पारिवारिक आम्दानी र शिक्षा, बौद्धिक स्तरजस्ता चललाई स्थिर राख्ने हो भने पनि सरकारी विद्यालयका तुलनामा निजी विद्यालयले राम्रो गरेको पाइयो ।

हाम्रो अध्ययनले पत्ता लगाएअनुसार दर्ता नभएका निजी विद्यालयहरूले सरकारी विद्यालयलाई प्रदर्शनमा सहजै जितेको पाइयो । अझ महत्वपूर्ण कुरा उनीहरूले शिक्षकमा सरकारी विद्यालयमा भन्दा धेरै कम खर्च गर्छन् जसले

विद्यालयको खर्च सबैभन्दा बढाएको हुन्छ । सामान्यतया सरकारी विद्यालयमा औसत शिक्षकको तलब दर्ता नभएका निजी विद्यालयको भन्दा तीन देखि चार गुणा नै बढी हुन्छ ।

यी तथ्यहरूले त्यहाँको निजी शिक्षामा सफलताको सन्दर्भलाई दर्शाउँछ । विशेषगरी धेरै बालबालिकाहरू पहिचान नगरिएको निजी विद्यालयमा पढ्ने हुनाले उनीहरू सरकारी तथ्याङ्कमा देखिँदैनन् जसले गर्दा संयुक्त राष्ट्र संघको सहश्राब्दी विकास लक्ष्यको नारा “सबैको लागि शिक्षा” ले सन् २०१५ सम्म सर्वव्यापी आधारभूत शिक्षा हासिल गर्ने लक्ष्य सोचेभन्दा चाँडो हुने सम्भावना देखिन्छ ।

**तालिका १ : लागोस राज्यमा आधिकारिक र अनुमानित प्राथमिक विद्यालय बाहिर रहेका विद्यार्थीहरु**

| | आधिकारिक तथ्याङ्क | लेखकको अनुमान |
|---|---|---|
| सरकारी | ४५१,७९८ | ४५१,७९८ |
| निजी दर्ता गरिएका | ७३७,५९९ | ७३७,५९९ |
| निजी दर्ता नगरिएका | ० | ५७७,०२४ |
| जम्मा | १,१८९,३९७ | १,७६६,४२१ |
| | | |
| अनुमानित विद्यालय बाहिर रहेका विद्यार्थीहरु | १,१८९,३९७ (५०५) | ६१२,३७३ (२६५) |
| कुल विद्यालय जाने उमेरका बालबालिका | २,३७८,७९४ | २,३७८,७९४ |

स्रोतहरु : लेखकको तथ्याङ्क संकलन; Report from Lagos State to the Joint Consultative Committee on Educational Planning (JCCE) Reference Committee on Educational Planning Holding at Owerri, Imo State Between 18th and 23rd April 2004, Ministry of Education, Alausa, Ikeja, Lagos State, 2004, p. 29; Lagos State Economic Empowerment and Development Strategy (LASEEDS) (2005–2007), 2nd Draft, Ministry of Economic Planning, Alausa, Ikeja, Lagos State, 2004, at www. lagosstate.gov.ng/LASEEDS/LASEEDS%20DOCUMENT.pdf.

उदाहरणका लागि लागोस स्टेट इकोनोमिक इम्पावरमेन्ट एण्ड डिभेलोपमेन्ट स्ट्र्याटजी (Lagos State Economic Empowerment and Development

Strategy (LASEEDS)) को प्रतिवेदनको अनुमानअनुसार लागोस राज्यका “विद्यालय जाने उमेरका” ५०% बालबालिका विद्यालयमा छैनन्[३] । यस तथ्याङ्क प्राथमिक विद्यालयमा पनि लागू हुन्छ भनी मान्ने हो भने राज्यको औपचारिक भर्ना दरको तथ्याङ्क प्रयोग गरी तालिका १ को दोस्रो कोलम पाउन सक्छौं ।”

यद्यपि, वि.एस.ईका जस्ता दर्ता नभएका निजी विद्यालयमा रहेका विद्यार्थीको तथ्याङ्कको हाम्रो अनुमान यसमा जोड्ने हो भने विद्यालय नजाने बालबालिकाहरू जम्मा २६% हुन जान्छन् । ५०% बालबालिकालाई विद्यालयमा ल्याउनु भन्दा २६% लाई ल्याउनु बढी सहज हुन जान्छ । नाइजेरियामा “सबैका लागि शिक्षा” हासिल गर्नु सोचेभन्दा चाँडो हुन सक्छ । यी तथ्यहरु– र सर्वेक्षण गरिएका प्रत्येक देशबाट प्राप्त यस्तै निष्कर्षहरु–अन्तर्राष्ट्रिय विकास समुदायका लागि खुसीको खबर हो ।

## निष्कर्षको खोजीका लागि दुई सुझाव

यहाँ जिज्ञासाको कुराचाहिँ अन्तर्राष्ट्रिय विकास समुदायले यी “च्याउसरी” निजी विद्यालयलाई किन त्यसरी हेरेका छैनन् भन्ने हो । सार्वजनिक शिक्षाको असफलता स्पष्ट देखिए तापनि यस्तै नै चलिरहेको छ । माकोकोका सार्वजनिक शिक्षाको वर्णन राज्यले दिने शिक्षाको बारेमा विकास विज्ञहरूले गरेको व्याख्या जस्तै छ । अरू स्रोतहरूले दिएको प्रतिवेदनभन्दा यो अझ सकारत्मक देखिन्छ ।

गरिबका लागि भनिएको सार्वजनिक शिक्षाको असफलतालाई राम्रोसँग मूल्याङ्कन गरिएको छ । उदाहरणका लागि अन्तर्राष्ट्रिय परोपकार एजेन्सी अक्सफाम इन्टरनेशनलको हाते पुस्तिकाका रूपमा रहेको अक्सफाम शिक्षा प्रतिवेदनमा जनाइए अनुसार “विकासोन्मुख देशहरूमा सार्वजनिक शिक्षाको रुग्ण अवस्थाबारे कुनै शङ्का छैन ।”[४] सब-साहारान अफ्रिकाको केही ठाउँको सूचनाअनुसार “वैकल्पिक रोजाइका परिक्षाहरुबाट आएका शैक्षिक अङ्कहरु यति कम पाइयो कि यसले विद्यालय जानुको कुनै अर्थ नरहेको दर्शायो । यस परिस्थितिमा धेरै गरिब घरधुरीले (सार्वजनिक) शिक्षामा खर्च गर्नुलाई सीमित स्रोतसाधनको गलत प्रयोग भन्छन् भन्ने कुरा बुझ्न खासै गाह्रो हुँदैन ।”[५]

नोबेल पुरस्कार बिजेता अमर्त्य सेन पनि भारतमा गरिबका लागि रहेको सक्दो सार्वजनिक शिक्षाका असफलताका बारेमा खुलेर भन्छन् । अभिभावकले बालबालिकालाई सार्वजनिक विद्यालय पठाउनबाट “निरुत्साहित” हुने मुख्य कारण “भारतको (सार्वजनिक) विद्यालयको खराब गुणस्तरको निराशाजनक प्रभाव”लाई मानिएको छ ।[६]

यसको एउटा मुख्य कारण विद्यालयमा शिक्षकको अनुपस्थिति हो । उत्तर भारतका चार राज्यको शैक्षिक प्रावधानमा भएको एउटा मुख्य सर्वेक्षण आधारभूत शिक्षाको सार्वजनिक प्रतिवेदन (Public Report on Basic Education) (“प्रोब प्रतिवेदन”) ले सार्वजनिक शिक्षाको गुणस्तरबारे केही डरलाग्दा तथ्य सार्वजनिक गरेको छ । पूर्व सूचनाविना अनुसन्धानकर्ताले सार्वजनिक विद्यालयको नमूना लिँदा आधा जति विद्यालयमा मात्र शैक्षिक गतिविधि भइरहेको पाइयो[७] । एक तिहाईमा विद्यालय प्रमुखको अनुपस्थिती पाइयो । त्यस समूहको प्रतिवेदनअनुसार “गैर जिम्मेवार शिक्षकले विद्यालय बन्द राखेको वा काम नगरी विद्यालय खुल्ला राखेको उदाहरणहरु भेटियो; एउटा विद्यालयमा शिक्षक रक्सी खाएर मातेको पाइयो ... एउटामा विद्यालय प्रमुखले विद्यार्थीलाई घरायसी काम गराएको पाइयो, जसमा उसको बच्चा हेर्ने काम पनि पर्थ्यो । धेरै विद्यालयमा शिक्षकहरू सुतिरहेको अवस्थामा भेटियो ... केही विद्यालयमा विद्यालय प्रमुख हप्तामा एकपटक मात्र विद्यालय आएको पाइयो ... र अरू त्यस्ता अनगिन्ती समस्या देखियो ।”[८]

प्रोब टिमको अवलोकन अनुसार सार्वजनिक विद्यालयमा “समय र प्रयत्नका आधारमा शैक्षिक गतिविधि धेरै कम भएको पाइयो ।” विशेषतः “यो केही गैर जिम्मेवार शिक्षकहरुमा मात्र नभएर यस पेशामा सर्वत्र नै रहेको पाइयो ।”[९]

यद्यपि शिक्षकको अनुपस्थिति भारतमा मात्र रहेको समस्या भने होइन । उदाहरणका लागि युनेस्को ई.फे.ए.को ग्लोबल मनीटरिङ्ग रिर्पोट (Global Monitoring Report) (२००५) को प्रतिवेदनले जनाएअनुसार “धेरै देशमा गरिएको सर्वेक्षणले विद्यालयहरूमा शिक्षकको अनुपस्थिति ठूलै समस्याको रूपमा देखिएको

छ । यसका मुख्य कारणहरूमा दोस्रो पेशा गर्नुपर्ने बाध्यता, पेशागत स्तर नहुनु र शिक्षा अधिकारीको असहयोग मुख्य रूपमा रहेको पाइएको थियो ।"[१०]

शिक्षकको अनुपस्थीतिको समस्यामाथि, राज्यप्रणालीमा व्याप्त भ्रष्टाचार र घुसखोरी[११] लगायत विद्यालयमा उपस्थित हुँदा पनि शिक्षकहरुमा जिम्मेवारी र तयारीको कमी[१२] र स्रोतको गलत प्रयोगलाई[१३] जोडी हेरौं, गरिबका लागि सार्वजनिक शिक्षामा रहेका समस्यालाई लिएर विकास विज्ञहरुबीच भएको एकमत आश्चर्यजनक लाग्दैन । विश्व बैंकको विश्व विकास प्रतिवेदन २००४ अनुसार यो "सरकारी असफलता" हो र "यसको सेवा यति खराब छ कि यसको लागत गरिबका लागि हुने फाइदाभन्दा निकै बढी छ ।"[१४] एक्सन एडको शब्द पनि यस धारणाभन्दा खासै फरक पाइँदैन : सरकारको आधारभूत शिक्षाले "संसारका धेरै गरिब राष्ट्रमा नैतिक अत्याचार र मानव अधिकारको उल्लङ्घन गर्ने गरेको पाइन्छ ।"[१५]

तर तिनै विकास विज्ञहरूले यस समस्याको समाधानका रूपमा थप सार्वजनिक शिक्षा रहेको तर्क गर्दै यसलाई थप अर्बौं अन्तर्राष्ट्रिय सहयोगद्वारा चलाउनुपर्ने तर्क गर्दछन् । विश्व विकास प्रतिवेदन (सन् २००४) अनुसार "सर्वव्यापी शिक्षा उपलब्ध गराउन र प्रभावकारी शिक्षा दिन असफल भयो भन्दैमा यसको समाधान बिल्कुलै फरक धारको खोजिनुपर्छ भन्ने होइन ।"[१६] विश्व बैंकले सार्वजनिक शिक्षालाई गरिबका लागि काम लाग्ने बनाउने कार्यमा "साहसिक" चुनौती रहेको मानेको छ । यसका लागि "वैदेशिक सहयोग आउने तरिका" र सरकारको सञ्चालनको तरिका दुवैमा भिन्नता ल्याउनु पर्ने देखिन्छ : "यसका लागि जादूको छडी छैन ... के गर्नुपर्दछ भन्ने थाहा भएता पनि त्यो कार्य गरेर देखाउन भने सहज छैन । संसारका गरिब मानिसहरुको जरुरी आवश्यकता भए तापनि, सेवाहरु जसरी विभिन्न तरिकाले असफल भइराखेका छन्, परिणाम तुरुन्तै आउन गाह्रो छ । धेरैजसो परिवर्तनमा शक्तिको मौलिक स्थानान्तरण चाहिन्छ जुन सहज तवरमा हुन सक्दैन । गरिबका लागि सेवाको काम गर्ने खाले वातावरण बनाउन धैर्यताको आवश्यकता पर्छ ।"[१७]

माकोको लगायत अरू ठाउँको अनुसन्धानले जनाएअनुसार गरिबहरूले धैर्यता देखाइ राज्यको असफलतामा चुपचाप सहमति देखाएको पाइएन । अन्तर्राष्ट्रिय एजेन्सीहरूको क्षेत्रबाहिर नै उनीहरूले "जादूको छडी" भेट्टाएका छन् । उनीहरूले सार्वजनिक शिक्षाको असफलताकै कारण आफ्ना लागि निजी शिक्षाको व्यवस्था गर्दै आफ्नो आवश्यकता आफैँ पूरा गर्न थालेका छन् ।

अन्तर्राष्ट्रिय विकास समुदायलाई यो निजी विद्यालयको अस्तित्वका बारेमा जानकारी नभएर यसमा उनीहरुले ध्यान नदिएको होइन । वास्तवमा यसको ठीक विपरीत चाँहि सत्य हो । अक्सफाम शिक्षा प्रतिवेदनका अनुसार "निजी विद्यालयले केही अल्पसङ्ख्यक धनी अभिभावकलाई सेवा प्रदान गरेको भन्ने धारणा आफैमा अनुपयुक्त छ" र वास्तवमा "गरिब घरधुरीको आवश्यकता पूरा गर्नका लागि कम खर्चिलो निजी क्षेत्र उत्पन्न भएको छ ।" पक्कै पनि गरिब घरधुरीमा "निजी शिक्षाको बढ्दो बजार माग रहेको पाइन्छ" र "निजी शिक्षा मनन गरिएको भन्दा बढी व्यापक रहेको पाइन्छ ।"[१८]

भारतीय राज्य हरियाणामा भएको अनुसन्धानअनुसार अनाधिकृत निजी विद्यालय "शहरीदेखि ग्रामीण क्षेत्रलगायत सबै स्थानमा पाइन्छन्" र धेरैजसो सरकारी विद्यालय सँगै रहेको पाइन्छ ।[१९] भारतीय राज्य हरियाणा, उत्तरप्रदेश, राजस्थानबाट प्राप्त भएका प्रमाणका आधारमा अनुसन्धानकर्ताहरू भन्दछन् सहरी र ग्रामीण क्षेत्रमा "निजी विद्यालयहरू हालका वर्षमा धेरै सङ्ख्यामा बढेका पनि छन्" र यसमा "अहिले कम शुल्क लिने धेरै प्राथमिक विद्यालयहरु पनि पर्दछन्" ।[२०] कलकत्ताका गरिबलाई सेवा प्रदान गर्ने "च्याउसरी रहेका निजी स्तरमा व्यवस्थापन गरिएका र अनियन्त्रित पूर्वप्राथमिक तथा प्राथमिक विद्यालय पनि अस्तित्वमा रहेका छन् ।"[२१]

सब-साहारन अफ्रिकामा पनि यस्तै चलिरहेको छ । उदाहरणको लागि युगाण्डा र मालवीमा निजी विद्यालय "सार्वजनिक प्राथमिक विद्यालयको खराव स्तरका कारण च्याउसरी स्थापना भइरहेका छन्";[२२] र केन्यामा "सार्वजनिक शिक्षाको ... खस्कँदो गुणस्तरले गर्दा निजी शिक्षाको माग एक विकल्पका रूपमा बढेको छ ।"[२३] सव-साहारन अफ्रिका र एसियामा प्रायः जसो "सार्वजनिक शिक्षाको खस्कँदो

गुणस्तरका कारण धेरै अभिभावकले आफ्ना बालबालिकालाई गैर-सार्वजनिक विद्यालयमा पठाउन थालेका छन् । दक्षिण एसियामा यस्तो कार्य झन् बढी रहेको पाइयो ।"[२४]

## समस्या समाधानको अंगका रूपमा निजी विद्यालयलाई किन लिइँदैन ?

विकास विज्ञहरूको जानकारीमा रहेका यति धेरै निजी विद्यालय भए तापनि "सबैका लागि शिक्षा" को उद्देश्य हासिल गर्नका लागि निजी विद्यालयहरूलाई किन एउटा महत्वपूर्ण हिस्सा बनाइँदैनन् ? यस समस्याका तीन व्यवहारिक कारण हुन सक्छन् ।

पहिलो, निजी विद्यालयले शुल्क लिने हुँदा यिनीहरूलाई गरिबमध्येका पनि अत्यन्त गरिबका पहुँचभन्दा बाहिर हुन्छन् ।[२५] हाम्रो अनुसन्धान टिमले सुझाए अनुसार यी निजी विद्यालय सार्वजनिकभन्दा विशिष्ट भए पनि यिनीहरूसम्म गरिबको पँहुचलाई किन अप्राप्य समाधानका रुपमा हेरिन्छ ? उदाहरणका लागि अहिले गरिरहेकोमा त्यसैलाई बढावा दिँदै अत्यन्त गरिबलाई लक्षित गरी निजी विद्यालयमा प्रयोग गर्न भौचर प्रदान गर्ने । निजी विद्यालयले आफैले छात्रवृत्ति प्रदान गरेर यसको समाधान खोजेको छ ।

रमाइलो कुरा के हो भने यूएनडीपी (UNDP) ले यसमा सम्भावना देखेको छ : "शुल्क तिर्न नसक्ने गरिब परिवारका विद्यार्थीले निजी विद्यालयमा पढ्न पाउने अवस्था सुनिश्चित गर्ने सरकारले उनीहरूको शिक्षालाई भौचरका माध्यमबाट खर्च व्यहोर्न सक्छन् ।"[२६] अक्सफामको शिक्षा प्रतिवेदनले पनि कोलम्बिया र पाकिस्तानमा भौचरका बारेमा जनाएको छ, जहाँ पाकिस्तानमा छात्राहरुका लागि यो विशेष लागू गरिएको थियो ।[२७] तर यी दुवै संस्थाले यसरी प्रत्यक्ष सम्बन्ध रहेको यि निजी विद्यालयलाई अघि बढ्ने सम्भावित माध्यमका रुपमा रूपमा हेर्दैन ।

दोस्रो विरोधले यस्ता निजी विद्यालयमा स्रोतसाधनको कमी भएकाले

शिक्षामा उच्च गुणस्तरको प्रावधान हुने कुरामा शंका देखाउँछ। अक्सफामको शिक्षा प्रतिवेदनले देखाएअनुसार "सार्वजनिक विद्यालयको खस्कँदो स्तरमा कुनै शंका नभएता पनि निजी विद्यालयले तुल्नात्मक स्रोतसाधन उपलब्धतामा सार्वजनिक विद्यालयभन्दा राम्रो गर्ने कुनै प्रमाण नभएको देखाउँछ।"[२८] यूएनडीपी (UNDP)ले पनि ठीक यही दावी गर्ने गरेको छ।[२९]

यथार्थमा, स्रोत साधनको कमी भएका गरिब अभिभावकले निजी विद्यालयमा पैसा गुमाउँदा पनि निःशुल्क सार्वजनिक विद्यालय नरोज्नुले यो दावी तर्कसंगत नरहेको पुष्टि गर्दछ। हाम्रो अनुसन्धानले सुझाएनुसार विकास विज्ञहरूले भनेजस्तै निजी विद्यालयबाट गरिब अभिभावकहरू झुक्याइएका छैनन्।

तेस्रो तर्कका रुपमा उठाइएको आपत्ति सबैभन्दा अचम्मको छ। यसको चिन्ता सार्वजनिक विद्यालयमा निजी विद्यालयको प्रावधानले पार्ने असर बारेमा थियो। यदि गरिब अभिभावकले निजी विद्यालयको शिक्षा रोज्छन् भने "यसले सार्वजनिक विद्यालयको प्रणालीलाई थप तलतिर लग्ने खतरा देखिन्छ।"[३०] यद्यपि, व्यवहारिक रूपमा यो किन प्रतिबाधक हो भन्ने बुझ्न सकिन्न। यदि निजी विद्यालयमा सबैभन्दा गरिब र पिछडिएका वर्ग लगायत सबैलाई लक्षित गरेर भौचर प्रणालीबाट खर्च उपलब्ध गराउने हो (पहिलो आपत्ति) र शुल्क नबढाइकन निजी विद्यालयको स्तर सार्वजनिकभन्दा राम्रो भएको देखाउन सकिन्छ (दास्रो आपत्ति) भने गरिबको नजरबाट हेर्दा यसले राज्य प्रणालीलाई असर नगरिकन सबैका लागि शिक्षा हासिल गर्न सहयोग गरिरहेको पाइन्छ।

यस छलफलको तात्पर्य गरिबलाई सेवा पुऱ्याउने निजी क्षेत्रमा कुनै सुधार गर्न सकिन्न भन्ने होइन। पहिले भने अनुसार निजी विद्यालयमा सबैको पहुँच बढाउन सकिन्छ –यस्तो कार्य निजी विद्यालयहरूले पहिले देखि नै गरिरहेका छन्– जसले गरिब बालबालिकालाई निःशुल्क र कम शुल्कमा भर्ना उपलब्ध गराउँदछ। यस्ता अनौपचारिक व्यवस्थालाई परोपकारीहरु तथा राज्यद्वारा विस्तारित गर्न सकिन्छ जसले गर्दा "विद्यार्थी पासपोर्टहरु" वा भौचर प्रणालीको सहयोगबाट

सबभन्दा गरिब बालबालिकालाई लक्षित गर्न सकिन्छ (यद्यपि यस्ता नियमहरुलाई सरकारी प्रशासनबाट व्यवहारमा ल्याँउदा निजी विद्यालयको वृद्धिमा असर पुग्न सक्छ) । यस्ता पासर्पोट वा भौचरद्वारा अझ धेरै गरिबलाई अनुदान नलिएका निजी विद्यालयमा भर्ना गर्न सशक्तीकरण गर्न सकिन्छ ।

निजी विद्यालयका व्यवस्थापकहरूलाई पनि आफ्नो विद्यालयको पूर्वाधार र सुविधामा सुधार ल्याउन सकिन्छ भन्ने कुराको आत्मविश्वास छ । धेरैले माकोकोमा रहेको एसोसियसन अफ फर्मिडेबल ऐजुकेशन डिर्पाटमेन्ट (Association of Formidable Education Department) जस्ता शैक्षिक सङ्गठनहरू खोलिरहेका छन् जसले विद्यालय व्यवस्थापकलाई स्व-सहयोग संस्थाहरुसँग संलग्न गराएको छ । यस्ता सङ्गठनहरूले धेरै देशमा व्यवस्थापन, शिक्षकको तालिम र पाठ्यक्रम विकास गर्दै सरकारी प्रशासनद्वारा लागू गरिएका शासन पद्धतिलाई चुनौती दिँदै आएका छन् । उनीहरूको यस प्रयासमा सहयोग गर्न सकिन्छ । मुख्यतः यस्तो सहयोग निजी विद्यालयको विश्व सञ्जाल बनाएर यसले थप अनुसन्धान गरी निजी विद्यालयबाट गरिबका लागि गरिने परोपकारी कार्यको सूचना नीतिनिर्मातासम्म पुऱ्याएर गर्न सकिन्छ । यस्तो सञ्जालले सुधारका लागि विद्यालयहरूलाई नवीन पद्धति र उत्साहका लागि पुरस्कृत गर्दै स्रोतसाधनलाई व्यवस्थित पनि गर्न सकिन्छ ।

नाइजेरिया र हैदरावादमा भएका अनुसन्धानका साथसाथै हामीले निजी विद्यालयलाई आफ्नो सुविधामा सुधार ल्याउन दुईवटा चक्रिय कर्जा व्यवस्था गरेका थियौं जसले स्रोत साधनको व्यवस्थापन पनि गर्दथ्यो । विद्यालयहरूले नयाँ कक्षाकोठा, पुस्तकालय र प्रयोगशाला बनाउन र शिक्षक तालिममा सुधार गर्न १,००० अमेरिकी डलरसम्मको कर्जा लिइरहेका छन् । यस्तो कर्जालाई अझ बढी बालबालिकाका लागि विद्यालयमा पहुँच बढाउन अझ विस्तारित गरी अन्य ठाँउमा पनि प्रयोग गर्ने वातावरण बनाउन सकिन्छ । अन्य शैक्षिक सेवाहरु उपलब्ध गराई अनुदान नदिईएका निजी विद्यालयहरुलाई आफ्नो समुदायहरुको अझ राम्रो सेवा गर्न सहयोग गर्न सकिन्छ ।

अन्य विकासोन्मुख देशहरुका समुदायहरुमा झैं माकोकोमा अभिभावकहरूले

अन्तर्राष्ट्रिय विकास एजेन्सी र सरकारले सार्वजनिक शिक्षामा सुधार गर्ने समयसम्म पर्खने धैर्यता देखाउने भन्ने कुरा स्वीकार गरेको देखिदैंन । उनीहरूलाई आफ्ना बालबालिकाहरूका लागि तत्कालै समाधान चाहिएको हुनाले उनीहरू पर्खन सक्दैनन् । तसर्थ यी च्याउसरी स्थापित भइरहेका निजी विद्यालय समस्याभन्दा पनि समाधान हुन् ।

यो अफ्रिका र एसियामा रहेका उद्यमीले गरिबका लागि समेत हुने गरी प्रभावकारी रुपमा शिक्षाको सुधार कसरी गर्न सक्छन् भन्ने उदाहरण पनि हो । अन्तर्राष्ट्रिय विकास नियोगहरूले पनि गरिबका लागि निजी विद्यालयबारे तत्कालै सोच्नुपर्ने बेला आएको छ ।

*(जेम्स टुली युनिर्भसिटी अफ न्यु क्यासलमा शैक्षिक नीतिका प्रध्यापक र ई. जी. वेस्ट सेन्टरका निर्देशक हुन् । त्यसै गरी पाउलिन डिक्सन ई. जी. वेस्ट सेन्टरमा अनुसन्धान निर्देशक हुन् र वेलायतको उत्तरपूर्वमा अवस्थित न्यु क्यासल युनिर्भसिटीमा सिनियर लेक्थचरर् हुन् ।)*

Notes:

१) Also in China but not reported here as the results are still being analyzed. Further details of this research are reported in J. Tooley and P. Dixon, "Private Education Is Good for the Poor: A Study of Private Schools Serving the Poor in Low-Income Countries," Cato Institute, Washington, D.C., 2005, and J. Tooley, "Private Schools for the Poor," Education Next, Fall 2005.

२) The Nation (Nairobi), November 23, 2004.

३) Lagos State Economic Empowerment and Development Strategy (LASEEDS) (2005–2007), 2nd Draft, Ministry of Economic Planning, Alausa, Ikeja, Lagos State, 2004, at www.lagosstate.gov.ng/LASEEDS/LASEEDS%20DOCUMENT.pdf.

४) K. Watkins, The Oxfam Education Report (Oxford: Oxfam in Great Britain, 2000), p. 230. Emphasis added.

५) Ibid., p. 1 06.

६) J. Dreze and A. Sen, India: Development and Participation, 2nd Edition (New Delhi and Oxford: Oxford University Press, 2002), p. 1 58. Emphasis added.

७) The Probe Team, Public Report on Basic Education in India (Oxford and New Delhi: Oxford University Press, 1 999), p. 47.

८) Ibid., p. 63.

९) Ibid.

१०) EFA Global Monitoring Report 2005: Education for All, The Quality Imperative (Paris: UNESCO Publishing, 2004), p. 1 8.

११) World Development Report 2004: Making Services Work for Poor People (Oxford and New York: World Bank/Oxford University Press, 2003), p. 24.

१२) Geetha B. Nambissan, Educational Deprivation and Primary School Provision: A Study of Providers in the City of Calcutta, Institute of Development Studies Working Paper No. 1 87, 2003, pp. 25 and 30.

१३) World Development Report 2004: Making Services Work for Poor People, p. 25, and United Nations Development Programme, Human Development Report 2003: Millennium Development Goals: A Compact Among Nations to End Human Poverty (New York and Oxford: Oxford University Press, 2003), p. 93.

१४) World Development Report 2004: Making Services Work for Poor People, p. 1 82.

१५) Patrick Watt, Policy Advisor, UK Action Team, "Response to World Development Report 2004 Outline," London, ActionAid, January 2003, p. 1 .

१६) World Development Report 2004: Making Services Work for Poor People, p. 11 3.

१७) Ibid., p. 1 8. Emphasis added.

१८) Watkins, The Oxfam Education Report, pp. 229–230.

१९) Y. Aggarwal, Public and Private Partnership in Primary Education in India: A Study of Unrecognised Schools in Haryana (New Delhi: National Institute of Educational Planning and Administration, 2000), p. 20.

२०) A. De, M. Majumdar, M. Samson, and C. Noronha, "Private Schools and Universal Elementary Education," in R. Govinda, ed., India Education Report: A Profile of Basic Education (Oxford and New Delhi: Oxford University Press, 2002), p. 1 48.

२१) Nambissan, Educational Deprivation and Primary School Provision, p. 52.

२२) P. Rose, "Is the Non-State Education Sector Serving the Needs of the Poor? Evidence from East and Southern Africa," paper prepared for Department for International Development seminar in preparation for 2004 World Development Report, 2002, p. 6, and P. Rose, "From the Washington to the Post-Washington Consensus: The Influence of International Agendas on Education Policy and Practice in Malawi," Globalisation, Societies and Education, Vol. 1 , No. 1 (2003), p. 80.

२३) A. Baurer, F. Brust, and J. Hybbert, "Entrepreneurship: A Case Study in African Enterprise Growth: Expanding Private Education in Kenya: Mary Okelo and Makini Schools," Columbia Business School, Chazen Web Journal of International Business, Fall 2002, p. 3.

२४) P. Bennell, Teacher Motivation and Incentives in Sub-Saharan Africa and Asia (Brighton: Knowledge and Skills for Development, 2004), p. iv.

२५) Watkins, The Oxfam Education Report, p. 207; The Probe Team, Public Report on Basic Education in India, p. 1 05; and United Nations Development Programme, Human Development Report 2003, p. 11 5.

२६) United Nations Development Programme, Human Development Report 2003, p. 11 5.

२७) Watkins, The Oxfam Education Report, p. 232.

२८) Ibid., p. 230. Emphasis added.

२९) United Nations Development Programme, Human Development Report 2003, p. 11 5.

३०) The Probe Team, Public Report on Basic Education in India, pp. 1 05–106.

अध्याय १०

# जति बढी जनसङ्ख्या त्यति नै धेरै सम्पत्ति, जति धेरै स्रोत त्यति नै स्वस्थकर वातावरण

**जुलियन एल. साइमन**

मानवको आर्थिक इतिहास छोटकरीमा यस्तो छ, २० लाख वा २ लाख वा २० हजार वा २ हजार वर्ष पहिलेदेखि १८ औं शताब्दीसम्म जनसङ्ख्या वृद्धिदर न्यून थियो, स्वास्थ्यमा सुधार वा मृत्युदरमा कमी शून्यप्रायः थियो । यद्यपि प्राकृतिक स्रोतको उपलब्धतामा सुस्त वृद्धि थियो, अभावको वृद्धि भने भएको थिएन । यस दौरान सीमित वर्गका लागि धनवृद्धि र वातावरणमा मिश्रित असर परेको देखिए तापनि, तत्पश्चात् भने मृत्युदरमा भएको असाधारण कमीले गर्दा जनसङ्ख्यामा तीव्र वृद्धि, स्रोतको उपलब्धतामा तीव्र वृद्धि, व्यापक रूपमा सम्पत्तिको वृद्धि र विश्वका धेरै भूभागमा अभूतपूर्व रूपमा सफा र स्वस्थकर बसोबासको वातावरण उपलब्ध भएको छ । संसारका गरिब र समाजवादी भूभागहरूमा भने वातावरण अझै पनि निम्न स्तरकै छ ।

माल्थसको जनसङ्ख्यासम्बन्धी सिद्धान्तले औंल्याएभन्दा विपरीत, बढी जनसङ्ख्या र यथेष्ट सम्पत्तिको पारस्परिक सम्बन्ध प्रशस्त स्रोत र स्वच्छ वातावरणसँग (न कि कम स्रोत र बिग्रँदो वातावरणसँग) देखिन्छ । हाम्रो अगाडि यो आश्चर्यचकित पार्ने सुखद प्रवृत्तिलाई बुझ्नुपर्ने आवश्यकता र चुनौती रहेको छ ।

हाल चलिरहेको वातावरणीय 'सङ्कट'प्रतिको निराशालाई वैज्ञानिक तथ्यहरूले नकार्दछन् । संयुक्त राज्यको वातावरण संरक्षण संस्थाले समेत विगतका केही दशकहरूमा संयुक्त राज्य अमेरिकाको हावापानी दूषित नभएर स्वच्छ हुँदै गइरहेको तथ्य स्वीकारेको छ । त्यसैगरी प्रत्येक कृषिसम्बन्धी अर्थशास्त्रीलाई दोस्रो विश्वयुद्ध पश्चात् विश्वका मानिसहरूले अझ राम्रोसँग खान पाइरहेको तथ्य पनि थाहा छ ।

प्रत्येक स्रोतसम्बन्धी अर्थशास्त्रीलाई सबै खालका प्राकृतिक स्रोतसाधनहरूको उपलब्धता विगतका तुलनामा हाल बढी मात्रामा हुँदै आइरहेको छ भन्ने तथ्य अवगत छ जसको पुष्टि विगतको दशक र शताब्दीहरुमा यी स्रोतहरुको घट्दो मूल्यले गर्छ । त्यस्तै संसारभरी नै मानिसको मृत्युदरमा कमी आइरहेको तथ्य पनि प्रत्येक जनसङ्ख्याविद्बाट लुकेको छैन । विगत दुई शताब्दीमा धनी देशहरूमा मानिसको औसत आयु ३ गुणाले बढेको छ भने गरिब देशहरूमा विगत ४ दशकमा मानिसको औसत आयु दुई गुणाले वृद्धि भएको छ ।

## जनसङ्ख्या वृद्धि र आर्थिक विकास

जनसङ्ख्या वृद्धिले आर्थिक विकासमा अवरोध गर्दैन भन्ने कुरा स्पष्ट भइसकेको छ । सन् १९८० को दशकमा जनसङ्ख्या अर्थशास्त्रीहरुमा बढ्दो जनसङ्ख्याको प्रभावका बारेमा सर्वसम्मत अवधारणा यसभन्दा विपरीत दिशामा थियो । सन् १९८६ मा राष्ट्रिय अनुसन्धान परिषद् र राष्ट्रिय विज्ञान प्रतिष्ठानले आफ्नो सन् १९७१ को चिन्तापूर्ण 'आधिकारिक' धारणालाई नै उल्ट्याए । उनीहरूको पुरानो धारणाअनुसार जनसङ्ख्या वृद्धि र आर्थिक वृद्धिबीच नकारात्मक सम्बन्ध जनाउने कुनै तथ्याङ्कीय प्रमाण नभएको उल्लेख गरियो । यसले "क्षयशील स्रोतहरूको अभाव बढीमा आर्थिक वृद्धिमा एउटा गौण अवरोधमात्र भएको" जनाएको छ[१] । विज्ञहरूको यस पूर्वसर्वसम्मत विचारधारामा

१ National Research Council, Committee on Population, and Working Group on Population Growth and Economic Development, Population Growth and Economic Development: Policy Questions, Washington DC: National Academy Press, 1986.

आएको आमूल परिवर्तनलाई सञ्चार माध्यम, जन्मविरोधी वातावरणीय संस्थाहरू र विदेशमा जनसङ्ख्या नियन्त्रणमा काम गरिरहेका संस्थाहरूले भने अझै पनि बेवास्ता गरिरहेका छन् ।

## सकारात्मक दीर्घकालीन प्रवृत्तिहरू


मेरो मुख्य दावी यस्तो छ : यदि हामीले विषयवस्तुलाई समुचित रूपमा दीर्घकालिन अवधारणाबाट हेर्‍यौँ भने सबैजसो आर्थिक तथा सामाजिक परिवर्तन वा प्रवृत्तिले सकारात्मक दिशातर्फ निर्देश गर्दछन् ।

अर्थतन्त्रका महत्वपूर्ण पक्षहरूको उचित बुझाइका लागि हामीले दीर्घकालीन प्रवृत्तिहरूलाई हेर्नुपर्दछ । तर विभिन्न लिङ्ग, उमेरसमूह, नश्ल, राजनैतिक समूहबीचको अल्पकालीन तुलना, जुन सापेक्ष हुन्छन्, बढी समाचारमा आइरहेका हुन्छन् । पुनः मानव कल्याणको प्रत्येक महत्वपूर्ण दीर्घकालीन मापन हेर्ने हो भने, हामीले संयुक्त राज्य अमेरिका र विश्वमा नै विगतका दशक र शताब्दीमा सुधार भइरहेको पाउँदछौँ । यो प्रवृत्ति निरन्तर नरहला भन्ने सोचलाई विश्वासिलो रूपमा स्थापित गराउन सक्ने कुनै भरपर्दो कारण भने भेटिँदैन ।

भौतिक मानविय कल्याणसँग सम्बन्धित लगभग कुनै पनि पक्ष अझ सुधार हुँदै जान्छ भन्ने कुरामा के म बाजी नै राख्ने गरी विश्वस्त छु ? निश्च्य नै छु । कुन पक्ष हेरेर त्यसको प्रवृत्ति परिक्षण गर्ने हो, त्यो तपाईँ रोज्नुहोस् । म मेरो एक हप्ताको वा एक महिनाको तलबको बाजी राख्छु र मैले जित्ने सबै कमाई अझ धेरै अनुसन्धान गर्न लगाँउछु ।

म यहाँ वर्तमान समयमा आउँदा विगतदेखि वर्तमानसम्मको मानव जीवन कस्तो भइरहेको छ भन्ने बारेका तथ्यलाई छोटकरीमा समीक्षा गर्न चाहन्छु । सर्वप्रथम, हामी यहाँ सबैभन्दा महत्वपूर्ण विषय, जीवनलाई नै हेरौँ ।


**चित्र १ : जन्ममा मानवहरुको अपेक्षित आयुको इतिहास** (३००० ईसाहपूर्व– सन् २०००)




## अल्पायुमै हुने मृत्युमाथि विजय

मेरो विचारमा, इतिहासकै सबैभन्दा महान् मानवीय उपलब्धी, सबैभन्दा महत्वपूर्ण र आश्चर्यजनक जनसाङ्खिकीय तथ्य भनेको विश्वमा मानिसको मृत्युदरमा आएको कमी नै हो । चित्र नं. १ ले मानवको जन्मँदाको अपेक्षित आयुको इतिहास देखाउँछ । सन् १७५० मा मानिसको करीब २० वर्षको अपेक्षित आयुलाई बढाएर ३० वर्षको हाराहारीमा पुऱ्याउन हजारौं वर्ष लाग्यो । तत्पश्चात् धनी देशहरूमा मानिसको अपेक्षित आयु अकस्मात वृद्धि हुन थाल्यो र करिब दुई शताब्दीमै तीन गुणा बढी हुनपुग्यो । गत दुई शताब्दीमा मात्र धनी देशमा तपाईं वा तपाईंको बच्चाको सम्भावित आयु ३० वर्षभन्दा कमबाट बढेर करिब ७५ वर्षमा पुगेको छ । धनी देशहरूमा अल्पायुमै हुने मृत्युमाथिको विजयभन्दा महान् अर्को घटना मानव जातिले अरू कुन देखेको छ र ? पहिलेभन्दा अहिलेको विश्वको जनसङ्ख्या धेरै हुनुको मुख्य कारण मृत्युदरमा आएको कमीले गर्दा पनि हो ।

**चित्र २: जन्ममा महिलाहरुको अपेक्षित आयु**




स्रोतः आधिकारीक तथ्याङ्कहरु

दोस्रो विश्वयुद्ध पश्चात् भने गरिब देशहरूमा अपेक्षित आयु सन् १९५०को दशक यता १५ देखि २० वर्षले वृद्धि भएको छ। यसको मुख्य कारण ती देशहरूमा कृषि, सरसफाई तथा औषधीको क्षेत्रमा भएको विकास नै हो। (चित्र नं २)


म यसलाई अर्को तरिकाले यसरी व्यक्त गर्छु। उन्नाइसौं शताब्दीमा पृथ्वीले १ अर्ब मानिसहरूलाई धान्न सक्दथ्यो। दश हजार वर्ष पहिले केवल ४० लाख मानिसहरूमात्र पृथ्वीमा जीवित रहन सक्दथे। अहिले औसतमा ५ अर्ब मानिसहरू पहिलेभन्दा लामो र स्वस्थकर जीवन बिताइरहेका छन्। संसारको जनसङ्ख्या वृद्धिले मृत्युमाथिको हाम्रो विजयलाई झल्काउँदछ।

यहाँ आएर व्याख्याको एउटा मुख्य मतभेद शुरु हुन्छ। मानव प्रेमीहरू मानव मस्तिष्क र सङ्गठनले प्रकृतिका घातक शक्तिहरूमाथि पाएको विजयलाई

देखेर हर्षोल्लास गर्नुपर्ने अपेक्षा गर्दछन् । तर यसको साटो धेरै मानिसहरू जीवनरूपी उपहारमा रमाएकामा दु:ख मनाउ गर्छन् । यसै चिन्ताले उनीहरूलाई एउटा परिवारले गर्न सक्ने सबैभन्दा मूल्यवान् कति वटा बच्चा जन्माउने र हुर्काउने ? भन्ने छनौटमा व्यक्तिगत स्वतन्त्रतालाई बलपूर्वक थिचोमिचो गर्ने इण्डोनेशियाली, चिनियाँ तथा अन्य अमानवीय कार्यक्रमप्रति समर्थन गर्न उत्प्रेरित गरिरहेको हुन्छ ।

## प्राकृतिक स्रोतको घट्दो अभाव

**चित्र ३: ज्याला सूचाङ्क अनुसार तामाको मूल्य** (Copper Prices Indexed by Wages)




इतिहासका हरेक कालखण्डमा मानिसहरूलाई प्राकृतिक स्रोतको आपूर्तिले चिन्तित बनाउँदै आएको छ । यद्यपि, लागत वा मूल्यका आधारमा मापन गरी हेर्ने आर्थिक रूपमा अर्थपूर्ण सूचकहरूले प्राकृतिक स्रोतहरूको अभाव बढ्दो नभएर घट्दो अवस्थामा रहेको छ भन्ने तथ्य देखाएको पाइन्छ । समयसमयमा अस्थायी रूपमा हुने अभावका केही अपवादबाहेक सम्पूर्ण कच्चा पदार्थहरूको दीर्घकालिन मूल्य घट्दो क्रममा रहेको छ, अर्थात् तिनीहरूको उपलब्धता क्रमश: बढिरहेको छ । सम्पूर्ण धातुहरूको प्रतिनिधिका रूपमा तामालाई उदाहरणका रूपमा लिएर

हेर्न सकिन्छ । चित्र नं. ३ मा यसको सन् १८०१ देखिको मूल्य र ज्यालाको अनुपात देख्न सक्दछौं । एक टन तामाको हालको मूल्य २०० वर्ष अगाडि पर्ने मूल्यका तुलनामा अहिले दश प्रतिशत मात्र पर्छ ।

तामाको मूल्यको यो घट्दो प्रवृत्ति धेरै लामो समयदेखि चल्दै आइरहेको छ । झण्डै ४००० वर्ष अघि ईसा पूर्व १८ औं शताब्दीमा, हम्मुराबीको बेबिलोनमा तामाको मूल्य हाल अमेरिकामा भएको मूल्यभन्दा करिब १००० गुणाले महँगो थियो । त्यसैगरी रोमन साम्राज्यको बेला उक्त मूल्य करिब १०० गुणाले बढी थियो ।


चित्र नं. ४ मा हामी तामाको मूल्य र उपभोक्ता मूल्यको सूचाङ्क अनुपात हेर्न सक्छौं । विशेषगरी विगतका २०० वर्षमा हामीले किन्ने सबै वस्तुहरू कलम, कमिज, टायर सस्तो हुँदै गइरहेका छन् । यसको मुख्य कारण हामीले यी वस्तुहरूलाई कम लागतमा बनाउन सिक्नु हो । त्यसो भएता पनि एउटा असाधारण तथ्य के हो भने उपभोग्य वस्तुहरू तीव्र गतिमा प्राकृतिक स्रोतसाधनभन्दा सस्ता हुँदै गइरहेका छन् ।

त्यसैले, कुनै पनि मापदण्डमा प्राकृतिक स्रोतहरूको उपलब्धता दुर्लभ हुनुको साटो सुलभ हुँदै गइरहेको छ ।

खनिज तेलको विषयमा, सन् १९७० र १९८० को दशकमा भएको आश्चर्यजनक मूल्यवृद्धि संसारमा तेल आपूर्तिमा आएको कमीले गर्दा भएको थिएन । वास्तवमा पेट्रोलियमको मूल्यस्फीति डलरमा समायोजन गरिएको हेर्दा, राजनैतिक कारणले प्रेरित मूल्यवृद्धि हुनुभन्दा अगाडिकै तहमा फर्केको छ र पेट्रोलको मूल्य अहिलेसम्मकै कम तहमा पुगेको छ, जुन अझै घट्दो क्रममा छ । ऊर्जालाई नै लिई हेरौं, ऊर्जाको आपूर्ति सीमित छ वा ऊर्जाको मूल्य दीर्घकालमा घट्दो प्रवृतितिर निरन्तर नजाला भनेर सोच्नुपर्ने कुनै कारण छैन । मलाई थाहा छ ऊर्जाको आपूर्ति असीमित छ भन्दा अपत्यारिलो सुनिन्छ । यसको बारेमा विस्तृत तर्कका लागि मेरो

सन् १९८१ को पुस्तक हेर्नुहोला[२] । (विज्ञान त्यतिबेला मात्र मूल्यवान हुन्छ, जब त्यसले आम विवेकभन्दा फरक किसिमको ज्ञानको क्षेत्र पहिल्याउँदछ ।)

**चित्र ४: तामाको मूल्यलाई उपभोक्ता मूल्य सूचाङ्क (Consumer Price Index) ले भाग गर्दा**




## खाद्य पदार्थ - "एउटा अनुकूल प्रवृत्ति"

मानव जीवनका अत्यन्त महत्वपूर्ण स्रोतका रूपमा खाद्यपदार्थ रहेको हुन्छ । जनसङ्ख्या वृद्धि भए तापनि विभिन्न तथ्यहरूले खाद्यपदार्थको क्षेत्रमा सकारात्मक प्रवृत्तिको सङ्केत गर्दछन् । सन् १८०० मा संयुक्त राज्य अमेरिकामा तत्कालिक ज्यालाको अनुपातमा खाद्यपदार्थको मूल्य हेर्ने हो भने अहिले १० गुणाले सस्तो छ । उपभोग्य वस्तुकै तुलनामा पनि अन्नको मूल्य घट्दो क्रममा छ । यसको मुख्य कारण कृषि क्षेत्रको बढ्दो उत्पादकत्व हो ।

गत शताब्दीमा पर्याप्त खाद्य आपूर्ति नभई भोकमरीका कारण हुने मृत्युदरमा जनसङ्ख्याको तुलनात्मक दर मात्र नभएर निरपेक्ष सङ्ख्यामा पनि कमी

२ J. L. Simon, The Ultimate Resource, Princeteon, N.J.: Princeton University Press, 1981

आएको छ, जुन विशेष गरी गरिब देशहरूको लागि अत्यन्त महत्वपूर्ण छ । विगत ३० वर्षमा प्रतिव्यक्ति खाद्य उपभोगको दर पनि निरन्तर वृद्धि भइरहेको छ । औसत दरमा सुधार आइरहेको अवस्थामा निम्न आय समूहमा स्थिति बिग्रँदै गएको वा सुधार नभएको भन्ने केही तथ्याङ्क भेटिएको छैन ।

अफ्रिकाको प्रतिव्यक्ति खाद्य उत्पादन भने घटेको छ, तर सन् १९९४ सम्म आइपुग्दा अफ्रिकाको कष्ट जमिन वा पानी वा घामको अभावले गर्दा भएको भनी लगभग कसैले पनि दावी गर्दैन । अफ्रिकाको भोकमरीको मुख्य कारण गृहयुद्ध र कृषिको सामूहिकीकरण हो, जसलाई समय-समयमा हुने खडेरीले अझ जटिल बनाइरहेको छ ।

प्राकृतिक स्रोतहरूको एउटा उदाहरणका रूपमा कृषियोग्य जमिनलाई हेरौँ । धेरै मानिसहरूले जमिनलाई विशेष किसिमको स्रोतका रूपमा हेर्दछन्, तर यो पनि अन्य प्राकृतिक स्रोतजस्तै मानवीय सिर्जना प्रक्रिया अन्तर्गत नै पर्दछ । कृषियोग्य जमिनको महत्वपूर्ण तथ्य के हो भने समय बित्दै जाँदा कम भन्दा कम जमिन नै पर्याप्त हुँदै जान्छ । यो विचार अन्तरज्ञानभन्दा विपरीत सुनिन्छ । संसारको बढ्दो जनसङ्ख्याका लागि त झन् धेरै मात्रामा खेतीयोग्य जमिन चाहिने हो, तर सन् १९५१ मा प्रकाशित थियोडर स्कल्जको भविष्यदर्शी लेखको शीर्षक "जमिनको घट्दो आर्थिक महत्व" ले यस पक्षबारेमा अत्यन्त महत्वपूर्ण व्याख्या गरेको छ ।

प्रति एकाइ जमिनको वास्तविक र सम्भावित उत्पादकत्वमा भएको वृद्धिको दर जनसङ्ख्याको वृद्धिदरभन्दा उच्च छ र यसले निरन्तरता पाउने देखिन्छ । त्यसकारण, जमिनको आपूर्तिलाई लिएर चिन्ता गर्नुपर्ने कारण कम हुँदै गइरहेको छ । उपभोग्य जमिनको मात्रा कुनै पनि समयमा स्थिर देखिन्छ, तर कतिपय अवस्थामा तीव्र गतिमा नयाँ जमिन खुल्ला गरेर वा उजाड भूमिलाई सुधार गरेर पनि उपभोगकाको मात्रामा वृद्धि भइरहेको छ । प्रति एकाइ जमिनमा अन्न उत्पादन वृद्धि गरेर र साथसाथै सुधारिएको कृषिप्रणाली तथा रसायनिक मलको

प्रयोगद्वारा प्रत्येक अन्नको उब्जनी मात्रा बढाएर पनि जमिनको उत्पादकत्वमा वृद्धि गराइएको छ । त्यसैगरी मानिसद्वारा जमिन नै नभएको ठाउँमा पनि नयाँ जमिन बनाइएको छ ।

## एउटा दुर्लभ तत्व

मानव समाजमा एउटा तत्व चाँहि बढ्नुको साटो यसको उपलब्धता झन् झन् दुर्लभ हुँदै गइरहेको देखिन्छ। त्यो तत्व सबैभन्दा महत्वपूर्ण स्रोत हो - मानव स्रोत । हो, विश्वको मानवीय इतिहासमै अहिले सबैभन्दा धेरै मानिसको सङ्ख्या रहेको छ। तर यदि हामीले मानव स्रोतको अभावलाई अन्य आर्थिक वस्तुहरू जस्तै हेर्ने हो  अर्थात् उनीहरूको सेवा लिनका लागि तिर्नुपर्ने लागत (ज्याला तथा तलब) लाई मापन गर्ने हो भने हामी यो लागत बढ्दै गइरहेको पाउँछौं । संसारभर चाहे धनी देश होस् या गरिब देश, मानव स्रोतको लागत दर बढिरहेको छ। नाइ, भान्से वा अर्थशास्त्री सबैको सेवा लिनका लागि तिर्नुपर्ने रकम संयुक्त राज्य अमेरिकामा समयसँगै बढिरहेको छ। मानिसहरूबाट प्राप्त हुने सेवाको बढ्दो मूल्यले स्पष्टसँग के अङ्कित गर्दछ भने संसारमा मानिसको सङ्ख्या बढे तापनि मानिसहरू झन् दुर्लभ हुँदै गइरहेका छन् ।

सर्वेक्षणहरूले सर्वसाधारणले हाम्रो हावा र पानी हालको वर्षमा झन् दूषित हुँदै गइरहेको भनी जनताले सोच्ने तथ्यलाई देखाएका छन् । हावापानी क्षेत्रसँग सम्बन्धित तथ्यहरू हेर्ने हो भने चाहिँ प्रदूषक तत्वहरू क्रमशः घट्दै गइरहेका छन्, विशेषगरी मुख्य प्रदूषक तत्वहरू (चित्र नं. ५) । त्यसैगरी पानीका सम्बन्धमा पनि अध्ययन गर्न आरम्भ गरिएको वर्ष सन् १९६१ यता संयुक्त राज्य अमेरिकामा पिउन योग्य पानी भएका क्षेत्रहरूको सङ्ख्या बढ्ने क्रममा नै छ। (चित्र नं. ६)

यस अर्थमा हेर्दा विगतका सबै खाले निराशावादी भविष्यवाणीहरू वर्तमान समयमा गलत ठहरिएका छन् । धातु, खाद्यपदार्थ तथा अन्य प्राकृतिक स्रोतहरूको उपलब्धता दुर्लभ हुनुको साटो अझ सुलभ हुँदै गइरहेको छ। प्याडक दाजुभाइको

प्रख्यात भविष्यवाणीलाई हेर्ने हो भने उनीहरूले सन् १९७५ को भोकमरीसँगै १९७० को दशकमा भोकमरीले गर्दा संयुक्त राज्य अमेरिकामा लाखौं मानिसहरूको मृत्यु भएको टेलिभिजनमा देख्न पाइनेछ भनेका थिए । तर त्यसको साटो अमेरिकी कृषिजन्य बजार तीव्र दरमा वृद्धि भएको पाइन्छ। त्यसैगरी पउल एलिर्चको "पेट्रोलियमको खानी रित्तिएपछि हामी के गर्छौं?" भन्ने आदिम चित्कार पछि सन् १९३०को दशकयता पेट्रोलियम पदार्थको मूल्य निरन्तर घटिरहेको छ । ग्रेट लेकहरु मृत हुनुको साटो झन् राम्रो माछा मार्ने ठाउँमा परिणत भएको छ । वर्षौंदेखि मानिसको मृत्युको कारण बन्दै आएका प्रदूषक तत्वहरू हाम्रा शहरमा घट्दै छन्। यद्यपि, समाजवादी देशहरूमा भने फरक र दुःखद् वातावरणीय कथा छ।

## गलत भविष्यवाणीको हानी

तामा तथा अन्य धातुका बारेमा गरिएका गलत भविष्यवाणीहरू असररहित भने थिएनन् । उनीहरूले उत्खनन् कम्पनीहरू र उत्खनन्मा निर्भर गरिब देशहरूमाथि मूल्य बढ्ने सम्भावना औंल्याएर आर्थिक विपत्ति नै निम्त्याए । त्यसैगरी अमेरिकी सरकारको हवाईजहाज डिजाइनमा 'प्रति ग्यालेन माइलेज'को अनिवार्य मापदण्ड निर्धारणले मूल्यवान् स्रोतहरूलाई गलत ठाउँमा प्रयोग हुन बाध्य बनाइरहेको पनि छ। तर कुनै कुराले पनि यी निराशावादीहरूको संचार माध्यमसँगको विश्वसनीयता वा केन्द्रीय सरकारको आर्थिक स्रोतमाथिको उनीहरूको नियन्त्रणलाई भने घटाएको छैन ।

संसारमा आइरहेका यी परिवर्तनहरूलाई म एउटा छोटो कथाबाट थप प्रष्ट्याउन चाहन्छु । हाम्रा आफ्नै परिवारतर्फ हेर्‍यौं भने हामी प्रायः उच्चस्तरको जीवनतर्फ उन्मुख भएको पाउँछौं । उदाहरणका लागि, मलाई दमको रोग छ। हालै, म एउटा कुकुर भएको घरमा सुतें र मध्य रातमा म नराम्रोसँग खोक्दै र श्वास प्रश्वासमा अप्ठ्यारो महसुस गर्दै उठें । मैले मेरो तीन हजार पटकसम्म सास फेर्न मिल्ने १२ डलरको 'पकेट इनहेलर' निकाले र एक पटक सास तानें । सानो आश्चर्यका रूपमा त्यसको १० मिनेट भित्रमा मेरो फोक्सोमा

आएको समस्या समाधान भयो । चालिस वर्षअघि भएको भए, म त्यो रात सुत्नै सक्दिनथेँ र मैले आफूलाई एकदम मन पर्ने स्क्वास खेल खेल्न छोड्नुपर्थ्यो किनभने इनहेलरको अनुपस्थितिमा व्यायामको कार्यले दम बढाउँदछ । वा मधुमेहलाई लिऊँ, सय वर्षअघि तपाईंको बच्चालाई मधुमेह भएको भए तपाईंले असहाय भएर ऊ अन्धो भएको र अल्पायुमै उसको मृत्यु भएको हेर्नुपर्दथ्यो । तर अहिले इन्जेक्शन वा चक्कीले पनि उक्त बच्चालाई अन्य बालबालिका सरह नै दीर्घायु र स्वस्थ जीवन दिन्छ । वा चस्मालाई लिऊँ, केही शताब्दी पहिले तपाईं ४० वा ५० वर्ष पुगे पछि तपाईंको दृष्टि धमिलो हुन्थ्यो र तपाईंले पढ्न छोडनु पर्थ्यो । अहिले तपाईंले "म्याग्निफाइङ्ग ग्लास" औषधी पसलमा ९ डलरमा किन्न सक्नुहुन्छ । अझ आँखाको समस्याका लागि 'कन्ट्याक्ट लेन्स' लगाउन सक्नुहुन्छ र आफ्नो इज्जत कायम राख्न सक्नुहुन्छ । तपाईंको परिवारमा त्यस्तो कुनै रोग/अवस्था छैन जुन विगतमा भएको भए ठूलो दुर्भाग्य हुन सक्थ्यो तर आजको जमानामा आएर हाम्रो बढ्दो ज्ञानले गर्दा त्यस्ता समस्याको सजिलै समाधान हुनसक्ने भएको छ ।


जनसङ्ख्या वृद्धिका सम्बन्धमा सन् १९६७ मा नोबेल पुरस्कार विजेता अर्थशास्त्री साइमन कुट्जनेटको विश्लेषणबाट आरम्भ भएर एक दर्जन तथ्याङ्कगत अध्ययनहरूले आर्थिक वृद्धि र जनसङ्ख्या वृद्धिबीच कुनै नकारात्मक तथ्याङ्कीय सम्बन्ध छैन भन्ने कुरामा मतैक्य जाहेर गरेका थिए ।

जनसङ्ख्या वृद्धिले जीवनस्तरमा ह्रास ल्याउँदैन भन्ने कुरालाई पुष्टि गर्न यी प्रमाणहरू पर्याप्त छन् । यी प्रमाणहरूले दीर्घकालमा जनसङ्ख्या वृद्धि हुँदा जीवनस्तर पनि बढ्दछ भन्ने कुराको समर्थन गर्दछन् ।

संयोगवश, तिनै तथ्याङ्कीय अध्ययनहरूले नै मलाई सन् १९६८ मा जनसङ्ख्या नियन्त्रणमा काम गर्ने विचारको तहबाट हालको विचारमा परिणत गरेका थिए । म कुनै राजनैतिक, धार्मिक वा सैद्धान्तिक कारणले गर्दा अहिलेको विचार बोक्ने मानिस भएको अवश्यै होइन ।

**चित्र ५: नेशनल एम्बियन्ट कन्सनट्रेसनस् अफ पोलुट्यान्टसस् : १९६०–९०**

(National Ambient Concentrations of Pollutants: USA, 1960-90)




स्रोत: Council on Environmental Quality, Environmental Quality, 22nd Annual Report, 1992, p. 276. Council on Environmental Quality 1981, 12th Annual Report, 1981, p. 243. Sulphur: 1964 thru 1972: EPA (1973): 32 stations.

यसको आधारभूत प्रक्रिया भनेको प्रत्येक देशको जनसङ्ख्याको वृद्धिदर र आर्थिक वृद्धिदरका बारेमा तथ्याङ्क बटुल्ने र उक्त नमूनामा भएका सम्पूर्ण तथ्याङ्कलाई एकीकृत रूपमा विश्लेषण गरेर उच्च जनसङ्ख्या वृद्धिदर भएका देशहरूको आर्थिक वृद्धिदर औसतभन्दा कम छ वा कम जनसङ्ख्या वृद्धिदर भएका देशहरूको आर्थिक वृद्धिदर औसतभन्दा बढी छ भनेर हेर्ने हो । सबै अध्ययनहरूले त्यस्तो नभएको निष्कर्ष निकालेका छन्, आर्थिक वृद्धि र जनसङ्ख्या वृद्धिबीच अल्पकालमा कुनै पनि अन्तरसम्बन्ध रहँदैन ।

अवश्य पनि तपाईंले यो ढाँचा भन्दा फरक रहेका केही अपवादका देशहरूको उदाहरणलाई लिन सक्नुहुन्छ । तर तथ्याङ्कीय अनुमानको विशेषता नै के हो भने विस्तृत भिन्नता भएका नमूनाहरूबाट पनि सही तथ्याङ्क निकाल्न सकिन्छ । यी अपवादहरूले थप विश्लेषणका लागि सम्भावित मार्गहरू औंल्याउँछन् तर जबसम्म ती अपवादकै रूपमा रहन्छन्, तथ्याङ्कहरू अर्थहीन वा अनुपयोगी छन् भनेर चाहिँ प्रमाणित गर्नै पर्दैन ।

## जनघनत्वले आर्थिक वृद्धिलाई टेवा दिन्छ

अनुसन्धानमा केन्द्रित मानिसहरूका लागि जनसङ्ख्या वृद्धिभन्दा जनसङ्ख्याको घनत्व चाहिँ बढी महत्वपूर्ण कुरा हो कि जस्तो लाग्न सक्छ । यस्ता अध्ययनहरू गरिएका पनि छन् । फेरि पनि तथ्याङ्कीय प्रमाणले हालसम्म चलिआएको विचारधाराभन्दा फरक धारणातर्फ सङ्केत गरेको देखिन्छ । यदि तपाईंले तेर्सो अक्ष-रेखामा जनसङ्ख्या घनत्व र ठाडो अक्ष-रेखामा आम्दानीको स्तर वा आम्दानीको परिवर्तन दरलाई राखेर एउटा चित्र बनाउनुभयो भने तपाईंले उच्च घनत्व नराम्रो भन्दा राम्रो आर्थिक परिवर्तनसँग जोडिएको पाउनुहुनेछ ।

तपाई आफैंले जाँच्न सक्नुहुन्छ, यदि तपाई हङकङमाथिबाट उड्नुभयो भने, केही दशक अघिमात्र अपर्याप्त स्रोतको समस्याले गर्दा कुनै पनि सम्भावना नभएको देखिने यो ठाउँमा अहिले आधुनिक गगनचुम्बी घर तथा कार्यालयका

भवनहरू देख्दा तपाई छक्क पर्नुहुनेछ । यहाँका उत्कृष्ट र चिल्ला राजमार्गहरूमा एक वा दुई घण्टा घुमी हेर्नुहोस् तब तपाईंले आर्थिक प्रणालीले व्यक्तिहरूलाई स्वतन्त्र रूपमा आफ्नो योग्यता उपयोग गर्न पाई अवसरबाट लाभ लिने कार्यमा बाधा भएन भने मानिसहरूको उच्च जनघनत्वले आरामदायी अस्तित्व र रोचक आर्थिक विस्तारलाई रोक्न सक्दो रहेनछ भन्ने कुरा बोध गर्नुहुनेछ । सिङ्गापुरको अनुभवले के देखाउँछ भने हङ्कङ अद्वितीय होइन । दुईवटा यस्ता उदाहरणहरूले मात्र जनघनत्वले आर्थिक वृद्धि र उच्च जीवनस्तरमा असर पार्दैन भन्ने कुरालाई पुष्टि त गर्दैनन् । तर यी उदाहरणहरूलाई अन्य देशको प्रमाणले पनि समर्थन गर्छ ।

(हङकङ मेरा लागि विशेष उदाहरण हो किनकि म पहिलो पटक सन् १९५५ मा त्यहाँ संयुक्त राज्य अमेरिकाको एउटा नौसैनिक जहाजबाट उत्रेको थिएँ ।) त्यसबेला बाटोमा वा साना डुङ्गाहरूमा रात बिताउने हजारौँ मानिसमाथि मलाई अत्यन्त टीठ लागेको थियो । त्यस समय अन्य अवलोकनकर्ताहरूजस्तै मलाई पनि हङकङलाई आफ्ना समस्याहरूबाट माथि उठ्न असम्भव छ भन्ने लागेको थियो - ठूलो सङ्ख्यामा बेरोजगार गरिब जनता, उपभोगयोग्य कुनै पनि प्राकृतिक स्रोतको अनुपस्थिति, सीमापारबाट प्रत्येक दिन उर्लिरहेका शरणार्थीहरू । तर सन् १९८३ मा त्यहाँ फर्किंदा मैले आशा र ऊर्जाले भरिपूर्ण, स्वस्थ र उत्साहित मानिसहरूको घुइँचो भेटें र मैले त्यहाँ टीठ गर्नुपर्ने केही कारणको अवशेष थिएन ।

जनसङ्ख्याको आकार र वृद्धिको सबैभन्दा महत्वपूर्ण फाईदा भनेको यसले उपयोगी ज्ञानको उपलब्ध भण्डारमा गर्ने वृद्धि हो । जति हात र मुखहरूको आर्थिक रूपमा महत्व हुन्छ, दिमागको पनि त्यति नै वा अझ बढी आर्थिक महत्व हुन्छ । प्रगति मुख्य रूपमा तालिमप्राप्त कामदारहरूको उपलब्धतामा निर्भर हुन्छ । हामीले जति धेरै मानिसलाई हाम्रो जनसङ्ख्यामा प्रवेश गराउँदछौँ, चाहे त्यो जन्मबाट होस् वा आप्रवासबाट होस्, त्यति नै बढी हाम्रो भौतिक र सांस्कृतिक सभ्यतामा प्रगति हुन्छ ।

मैले सबैतिर सबै कुरा राम्रो भइरहेको छ भनेको होइन र भविष्यमा सबै कुरा राम्रै हुन्छ भनेर पूर्वानुमान पनि गरेको होइन । बालबालिकाहरू भोका र रोगी

छन्, मानिसहरू भौतिक, बौद्धिक गरिबीमा र अवसरको अभावमा जीवन व्यतित गर्दछन् भने सम्भावित कुनै युद्ध वा नयाँ स्वरूपको प्रदूषणले हामीलाई समाप्त पार्न पनि सक्छ। मैले भन्न चाहेको के हो भने मैले परीक्षण गरेका सबैभन्दा समृद्ध आर्थिक कुराहरूको समग्र प्रवृति निराशाजनक नभई सुधारोन्मुख छ।

यसैगरी म भविष्य स्वतः वा कुनै प्रयासविना नै राम्रो हुनेछ भनेर पनि भन्दिन । मानिसले बल र बुद्धि दुबै प्रयोग गरेर समस्या सामना गर्ने हो भने विगतमा झैं वर्तमानमा पनि मानिसहरूले सम्भवतः विजय हासिल गर्नेछन् र यसले भविष्य सबल र राम्रो हुँदै जानेछ। तर यसका लागि सामाजिक र आर्थिक प्रणालीले त्यसो गर्ने अवसर दिएको हुनुपर्छ।


## यी आश्चर्यजनक प्रवृत्तिको व्याख्या

अब हामीलाई जनसङ्ख्या वृद्धिसँगै कसरी मानव गरिबी र विपत्ति बढ्नुको साटो आर्थिक वृद्धि भई मानव कल्याण हुन्छ भन्ने कुराको व्याख्या गर्ने सिद्धान्त आवश्यक पर्छ।

कथित रुपमा निश्चित स्रोतमा आधारित बद्दो अभावको माल्थसको सिद्धान्त, जसमा निराशावादीहरू भर पर्दछन्, उक्त सिद्धान्त इतिहासको लामो कालखण्डमा प्राप्त तथ्याङ्कको ठीक विपरीत हुन जान्छ। त्यसैले यस बाहेकको अर्को सिद्धान्तलाई अधिक मान्यता दिनु यहाँ बढी अर्थपूर्ण हुन्छ।

वर्तमान समयमा उपलब्ध तथ्यसँग सही मेल खाने सिद्धान्त यो हो : बढी मानिस र बढी आम्दानीले अल्पकालमा समस्याहरू सिर्जना गर्दछ। अल्पकालिन अभावले वस्तुको मूल्य बढ्दछ। यसले नयाँ अवसरको सम्भावना देखाउँदै त्यसको समाधान खोज्ने कार्यतर्फ प्रेरित गर्दछ। एउटा स्वतन्त्र समाजमा, समाधानहरू अन्ततः पत्ता लाग्दछन् र दीर्घकालमा यी नविनतम विकासले हामीलाई ती समस्या नआएको भए सिर्जना हुने अवस्थाभन्दा राम्रो अवस्थामा पुर्‍याएर छोड्दछन्।

**चित्र ६ : नेश्नल एम्बियन्ट वाटर क्वालिटी ईन रिर्भस एण्ड स्ट्रीम्ज, संयुक्त राज्य अमेरिका, १९७३–१९९० : फिकल कोलिफर्म ब्याक्टेरिया** (२००+ **सेल प्रति १०० मिलि**)
(National Ambient Water Quality in Rivers and Streams, USA, 1973-1990 : Fecal Coliform Bacteria (200+ cells per 100 ml)




स्रोतः स्ट्याटिस्टीकल एयाब्सट्र्याक्टस अफ द युनाईटेड स्टेटस्, विभिन्न संस्करणहरु
(Statistical Abstracts of the United States, Various issues)

यसलाई अर्को तरिकाले भन्नुपर्दा, अल्पकालमा धेरै उपभोक्ताहरु हुनुको अर्थ हो सामान अनि निश्चित वस्तुको भण्डारलाई धेरै व्यक्तिहरूमाझ बाँड्नु पर्ने हुन्छ। धेरै कामदारले त्यही उपलब्ध निश्चित पुँजीको भण्डारसहित नै काम गर्नुको अर्थ प्रत्येक कामदारबाट हुने उत्पादनमा ह्रास आउँदछ । यो पछिल्लो प्रभाव नै माल्थसको 'निश्चित स्रोतमा आधारित बद्दो अभाव' सिद्धान्तको सारका रूपमा रहेको छ ।

तर यदि विश्लेषण गरिएको समयकालमा मानिसहरूले काम गर्ने स्रोतहरू (जुन निश्चित हुँदैनन्) लाई हेर्ने हो भने माल्थसको सिद्धान्त 'निश्चित स्रोतमा आधारित बद्दो अभाव' लागू नै हुँदैन । साधारणतया तथ्य के हो भने, अभावसँग समायोजन हुन केही समय दिने हो भने, स्रोतको आधार निश्चित रहँदैन । मानिसहरूले थुप्रै किसिमका अन्य वैकल्पिक स्रोतहरू सिर्जना गर्दछन् ।

जब हामी दूरदृष्टिले हेर्छौं, अल्पकालको “धेरै मानिसले गर्दा थोरै औसत आम्दानी” हुनेभन्दा अत्याधिक फरक चित्र र जटिल अवस्था पाउँछौ । दीर्घकालमा बढी मानिसको अर्थ निश्चय नै उपलब्ध स्रोतहरू र सबैका लागि बढी आम्दानी हुन्छ ।

म तपाईंलाई यस विचारलाई आफ्नै ज्ञानका कसीमा जाँच्न सल्लाह दिन्छु । यदि जनसङ्ख्या करिब १०००० वर्ष पहिलेको ४० लाखबाट आजको स्तरमा नबढेको भए के हाम्रो जीवनस्तर अहिले भ्हैं उच्च हुन्थ्यो होला ? मलाई लाग्दैन, यदि आजको सङ्ख्यामा जनसङ्ख्याको वृद्धि नभएको भए हाम्रो विद्युत् वा ग्यास, कार वा पेनिसिलिन र चन्द्रमासम्मको यात्रा वा धनी देशहरूको औसत आयु विगत युगको २०-२५ वर्षको तुलनामा वर्तमानको ७० वर्ष हुन सक्दथ्यो ।

## अभाव र आविष्कार

मानिसहरूसँग कसरी घट्दो उपलब्ध स्रोतको साटो बढ्दो वैकल्पिक स्रोत हुन्छ भन्ने प्रक्रियाको एउटा उदाहरण हेरौं । सन् १६०० तिर बेलायतीहरू दाउराका लागि गरिएको जङ्गल फडाँनीले गर्दा आउन लागेको ऊर्जा सङ्कटलाई लिएर चिन्तित भएका थिए । मानिसहरू फलाम उद्योगलाई र घर तताउनलाई ऊर्जा नहुने भयो भनेर त्रसित भएका थिए । यस प्रकारको अभावले कोइलाको स्रोत खोज्ने र त्यसको विकास गर्ने कार्यलाई टेवा दियो ।

त्यसपछि १९ औं शताब्दीको मध्यतिर बेलायतीहरू कोइला सङ्कट उत्पन्न हुन लागेको विषयलाई लिएर चिन्तित भए । महान् अङ्ग्रेजी अर्थशास्त्री जेभोन्सले सन् १९९० सम्ममा बेलायती उद्योगहरू कोइलाको अभावले गर्दा धरासायी हुने निश्कर्ष निकाले । उनले यसमा तेलले निर्णायक फरक पार्न सक्दैन भनेर ध्यानपूर्वक मूल्याङ्कन पनि गरे । कोइलाको सम्भावित अभावद्वारा (व्हेलको तेलको कथा जुन पछि आउँछ) प्रेरित केही सिर्जनशील र नाफामुखी व्यक्तिहरूले तेललाई कोइलाभन्दा बढी आकर्षक इन्धनका रूपमा विकास गरे र सन् १९९० मा हामी बेलायततिर कोइला र तेल दुवै निर्यात भइरहेको पाउँदछौं ।

उक्त कथाको अर्को अंश, जनसङ्ख्या वृद्धि र बढ्दो आम्दानीले गर्दा सन् १९४० तिर व्हेलको तेलको भाउ आकाशियो र संयुक्त राज्य अमेरिकाको गृह युद्धले यसलाई झन् माथि पुऱ्याएका कारण व्हेलको तेलको “सङ्कट” नै निम्तियो । यसले उद्यमशील मानिसहरूलाई व्हेलको तेलको विकल्प आविष्कार र उत्पादन गर्न प्रेरित गऱ्यो । सर्वप्रथम सर्स्यु, जैतुन, आलश र सल्लाको तेल आए भने त्यसपछि आविष्कारकहरूले कोइलाबाट तेल निकाल्न सिके । अन्य चलाख व्यक्तिहरूले पत्थरबाट निस्किइ सतहमा आउने तेलबाट मट्टितेल बनाउन सिके । मट्टितेल यति आकर्षक थियो कि यसको मूल्य प्रति ग्यालन ०.७५ डलरबाट बढेर २ डलरसम्म पुग्यो । यो उच्च मूल्यले उद्यमीहरूलाई तेलको आपूर्तिमा केन्द्रित हुन प्रेरित गऱ्यो र अन्तमा एडवीन एल. ड्रेकले टीटुसभिल, पेनसिल्भेनियामा विख्यात तेल खानी नै स्थापना गरे । यद्यपि तेलको प्रशोधन गर्ने कार्य सिक्न केही समय त लाग्यो तर त्यसको केही बर्षमै अमेरिकामा सयौं साना प्रशोधकहरू स्थापित भइसकेका थिए । यसको प्रभावस्वरूप नै व्हेलको तेलको मूल्य सन् १८६६ को उच्च मूल्य २.५० डलर पुगेकोमा त्यो झरेर एक डलरभन्दा कममा आइपुगेको थियो ।

यहाँ हामीले हेक्का राख्नुपर्ने कुरा के हो भने कोइला वा तेल बेलायत सरकारले आविष्कार गरेको थिएन किनकि कुनै पनि सरकार नयाँ प्रविधिको विकासमा प्रभावकारी हुँदैन । बरु, ती व्यक्तिगत उद्यमीहरू थिए जसले आवश्यकता बुझे, त्यसमा अवसर देखे, उपलब्ध सबै किसिमका जानकारी र विचारहरूको प्रयोग गरे, त्यसका आधारमा थुप्रै गलत सुरुवात पनि गरे, यसले उनीहरूलाई व्यक्तिगत रूपमा नोक्सानी पनि भयो र अन्ततः कोइलासम्म आईपुगे किनकि त्यहाँ प्रशस्त स्वतन्त्र व्यक्तिहरू अनुसन्धान गरिरहेका थिए । कम्तीमा केही व्यक्तिहरू असल तरिका र जुक्तिसम्म आइपुगे । यो एउटा प्रतिस्पर्धात्मक उद्यम व्यवस्थाको सन्दर्भका कारण सम्भव भएको थियो, जसले जनताले चाहेको कुरा उत्पादन गर्ने काम गर्थ्यो । यो सम्पूर्ण अभाव र नयाँ समाधानको प्रक्रियाले हामीलाई त्यो समस्या नआएको अवस्थाभन्दा राम्रो अवस्थामा पुर्‍याएको थियो ।

## आर्थिक स्वतन्त्रताको भूमिका

यहाँ आएर स्रोत तथा जनसङ्ख्याको अर्थशास्त्रको अर्को महत्वपूर्ण अंशलाई सम्बोधन गर्नुपर्ने हुन्छ -राजनैतिक, सामाजिक र आर्थिक प्रणालीले कुन हदसम्म सरकारको जबरजस्तीबाट व्यक्तिगत स्वतन्त्रतालाई संरक्षण गर्छ ? सीपालु व्यक्तिहरूलाई एउटा उचित सामाजिक तथा आर्थिक संरचनाको आवश्यकता पर्छ, जसले मेहनत गर्न र जोखिम मोल्न उनीहरूलाई प्रेरित गरोस् र उनीहरूको प्रतिभालाई प्रस्फुटन हुने मौका देओस् । यस्ता संरचनाका आधारभूत तत्वहरू भनेका आर्थिक स्वतन्त्रता, सम्पत्तिको अधिकारको सम्मान र बजारको न्यायपूर्ण तथा विवेकपूर्ण नियमहरू सबैका लागि समान रूपमा लागू गर्नु हुन् ।

संसारको समस्या धेरै मानिस हुनु होइन, बरु राजनैतिक र आर्थिक स्वतन्त्रताको अभाव हुनु हो । सन् १९४०को दशकदेखि शुरु भएको ३ जोडी देशको असाधारण प्राकृतिक प्रयोगले यसको शक्तिशाली प्रमाण दिन्छ । ती देशहरूमा समान संस्कृति र इतिहास र दोस्रो विश्वयुद्धपछि टुक्रिँदा समानस्तरको जीवनस्तर पनि थियो । ती देशहरु पूर्व र पश्चिम जर्मनी, उत्तर र दक्षिण कोरिया, ताइवान र चीन हुन् । यी देशहरुमध्ये केन्द्रीय योजनामा आधारित देशहरुमा बजार निर्देशित अर्थतन्त्र भएका देशहरु भन्दा जनघनत्वको आधारमा हेर्दा जनसङ्ख्याको चाप कम थियो । साम्यवादी र गैर-साम्यवादी दुवै किसिमका देशहरूले समान जन्मदरबाट आफ्नो विकासयात्रा आरम्भ गरेका थिए ।

बजार निर्देशित अर्थतन्त्रहरुले आर्थिक रूपमा केन्द्रीय योजनाबाट चलेका देशहरूभन्दा धेरै राम्रो परिणाम दिएको छ । यी तिनै तुलनाहरूको परिणाममा आर्थिक, राजनैतिक प्रणाली स्पष्टसँग सबैभन्दा प्रमुख शक्तिका रूपमा देखिन्छ । यसले आर्थिक विकासको गतिको सम्भावित व्याख्या जनसङ्ख्याको न्यून वृद्धि हो भन्ने तर्कलाई निराधार ठहऱ्याउँदछ ।

## बौद्धिक वर्गको सर्वसम्मतिमा आएको आश्चर्यजनक परिवर्तन

अहिलेसम्म म तथ्यपूर्ण प्रमाणहरूबारे छलफल गरिरहेको छु । तर सन् १९९४ मा २० वर्ष अघि नभएको एउटा महत्वपूर्ण नयाँ कुरा रहेको छ । जनसङ्ख्याको अर्थशास्त्र विषयमा अध्ययन गर्ने विद्धान्हरूको वैज्ञानिक समुदायले अहिले माथि लेखिएका झण्डै सबै कुरामा सहमति जनाएका छन् । माथि व्यक्त गरिएका अभिव्यक्तिहरू एक्लो आवाज नभएर वर्तमान समयमा बौद्धिक क्षेत्रको सर्वसम्मति हो ।

कृषि र स्रोतहरू तथा जनसाङ्ख्यिकीय प्रवृत्तिका बारेमा माथि व्यक्त गरिएका निश्कर्षहरू उक्त क्षेत्रका अर्थशास्त्रीहरू बीचको सर्वसम्मति हो । जनसङ्ख्याका अर्थशास्त्रीबीचको सर्वसम्मति पनि यहाँ लेखिएको भन्दा पर छैन ।

सन् १९८६ मा संयुक्त राज्य राष्ट्रिय अनुसन्धान परिषद् र संयुक्त राज्य राष्ट्रिय विज्ञान प्रतिष्ठानले ख्याति प्राप्त बौद्धिक समूहद्वारा लिखित 'जनसङ्ख्या वृद्धि र आर्थिक विकास' सम्बन्धी पुस्तक प्रकाशित गर्‍यो। यो आधिकारिक प्रतिवेदनले लगभग सन् १९७१ को NAS प्रतिवेदनको निष्कर्षलाई पूर्ण रूपमा उल्ट्यायो । "जनसङ्ख्या वृद्धि एउटा गौण कारक..." नामक लेखले माथि उद्धृत गरिएजस्तै अतिरिक्त मानिसको लागतका साथसाथै लाभका विषयमा पनि निश्कर्ष निकाले ।

गत दशकमा विशिष्ट आर्थिक जनसाङ्ख्यिकी विशेषज्ञद्वारा लिखित लेखहरूले यस संशोधनवादी विचार वैज्ञानिक प्रमाणहरूसँग समानुरूप भएको पुष्टि गरेका छन् । यद्यपि सबै लेखकहरूले मैले जति नै जनसङ्ख्या वृद्धिको दीर्घकालिन सकारात्मक असरहरूलाई आत्मसात गरी बयान गर्दैनन्, यी लेखकहरूको झुकाव सर्वसम्मत रूपमा "तटस्थ" धारणाप्रति बढी छ । यो विगतको जनसङ्ख्या वृद्धि आर्थिक रूपमा हानिकारक हुन्छ भन्ने धारणाबाट ठूलो छलाङ भने हो ।

सन् १९९४ सम्म पनि जसले जनसङ्ख्या वृद्धिले अर्थतन्त्रलाई नकारात्मक असर पार्छ भन्ने कुरामा विश्वास गर्छ, उसले वैज्ञानिक प्रमाणहरूबाट आँखा चिम्लिनु पर्छ ।

## सारांश तथा निष्कर्ष

अल्पकालमा सबै स्रोतहरू सीमित हुन्छन् । यस्ता निश्चित स्रोतहरूको एउटा उदाहरण यहाँ मलाई विनियोजन गरिएको स्थान हो । दीर्घकालको कथा भने फरक छ । अभिलेख राख्न थालिएको समयको शुरुवातदेखि नै विश्वको जनसङ्ख्याको आकारसँगै मानिसहरुको जीवनस्तरमा पनि वृद्धि हुँदै आएको छ भने यो सुधारोन्मुख जीवनतिरको यात्रा अनिश्चित रूपमा अघि नबढ्ला भनेर शङ्का गर्न सकिने विश्वसनीय आर्थिक तर्क छैन ।

मुख्यतः सैद्धान्तिक धारणा यो हो कि जनसङ्ख्या र आम्दानीको वृद्धिले वास्तविक र आशातित अभावहरूको सिर्जना गर्छ र मूल्य वृद्धि गराउँछ । मूल्य वृद्धिले एउटा अवसरको प्रतिनिधित्व गर्छ, जसले नाफामुखी उद्यमीहरूलाई अभावको पूर्ति गर्न नयाँ उपायहरू पत्ता लगाउन प्रेरित गर्छ । केही असफल हुन्छन्, तर आफ्नै लागतमा । केही थोरै सफल हुन्छन् र अन्तिम परिणाम के हुन्छ भने ती समस्या नआएको अवस्थाभन्दा राम्रो अवस्थामा हामी पुग्दछौं । अर्थात् हामीलाई हाम्रा समस्याहरू आवश्यक हुन्छन्, तथापि यसको अर्थ आफ्ना लागि जानी जानी अतिरिक्त समस्याहरू सिर्जना गर्नुपर्छ भन्ने चाहिँ होइन ।

म आशा गर्छु कि अब तपाईं दीर्घकालमा संयुक्त राज्य र सारा संसारभर नै मानिसको जीवनमा भौतिक वस्तुको बढ्दो अभावभन्दा पनि प्रचुरताको सम्भावना बढी देखिनेछ भन्ने कुरामा सहमत हुनुहुनेछ । अवश्य नै, यस्तो प्रगति स्वतः आउँदैन । साथै मेरो सन्देश पनि अब सन्तोष मानेर हात बाँधेर बसौं भन्ने पनि होइन । यसमा म निराशावादीहरूसँग सहमत छु कि हाम्रो अवस्थामा सुधार गर्नका लागि विश्वमा मानवले गर्ने उत्कृष्ट प्रयासको आवश्यकता पर्छ । तर प्रयत्नका

बावजुद निराशामुखी परिणामको आशा गर्ने कुरामा चाहिँ उनीहरूसँग म असहमत छु । म मानवताको सफल प्रयत्नहरूको इतिहासले निरन्तरता पाउने कुरामा आशा गर्छु । म सोच्दछु कि उनीहरूको सन्देश स्वसिद्धकारी छ, किनकि यदि तपाईं आफ्नो प्रयत्न निदर्यी प्राकृतिक दायराले गर्दा विफल हुन्छ भन्ने सोच राख्नुहुन्छ भने तपाइँ निराश हुनुहुन्छ र साँच्चै नै प्रयत्न गर्न छोड्नुहुन्छ तर तपाईंले सफलताको सम्भावनालाई पहिचान गरेर अघि बढ्नुहुन्छ भने तपाईंले ऊर्जा र उत्साहको खानी नै पाउनु हुनेछ ।

अतिरिक्त जनसङ्ख्याका कारणले समस्याहरू खडा हुन्छन्, तर मानिसहरू नै ती समस्या समाधान गर्ने माध्यम पनि हुन् । संसारको प्रगतिलाई अगाडि बढाउने मुख्य इन्धन भनेको हाम्रो ज्ञानको भण्डार हो भने यसको मुख्य गतिरोधक चाहिँ हामीमा कल्पनाशक्तिको अभाव र यी क्रियाकलापमाथि अनावश्यक सामाजिक नियमनको अवस्था हो ।

वर्तमान विश्वमा मानिस नै सर्वश्रेष्ठ स्रोत हो, अझ विशेषगरी सीपालु, सजीव र आशाले भरिपूर्ण स्वतन्त्र र आफ्नो इच्छाशक्ति र कल्पनाशक्तिलाई आफ्नो हितका लागि प्रयोग गर्नसक्ने युवापुस्ता नै हुन् । अन्ततः यही स्रोतरूपी युवापुस्ताले आफ्नो हितका लागि इच्छाशक्ति तथा कल्पनाशक्ति प्रयोग गरी आफ्नो मात्र नभएर बाँकी सबै मानवजातिको नै हित गर्दछन् ।

*(जुलियन साइमन एक अर्थशास्त्री र जनसंख्यिकी विशेषज्ञ थिए । युनिर्भसिटी अफ मेरिल्याण्डमा अध्यापन गरेका साइमन 'द अल्टिमेट रिर्सोस' नामक प्रसिद्ध पुस्तकका लेखक पनि हुन् ।)*

# समृद्धि, द प्रोस्पेरिटी फाउन्डेसन
## एक परिचय

समृद्धि, द प्रोस्पेरिटी फाउन्डेसन एक स्वतन्त्र, गैर राजनीतिक, नाफा वितरण नगर्ने शैक्षिक तथा अनुसन्धानमूलक संस्था हो। काठमाँडौस्थित यस फाउन्डेसनले सार्वजनिक नीतिहरुमा सन् २००८ देखि अध्ययन तथा अनुसन्धान गर्दै आइरहेको छ।

लोकतान्त्रिक मूल्य तथा मान्यता प्रर्वद्धन र नेपालको आर्थिक वृद्धिका विषयमा सक्रिय भएर काम गर्दै आएको यस संस्थाले अर्थ-राजनीतिक सन्दर्भका निम्न चार विषयहरुमा अनुसन्धान तथा प्रकाशन, शिक्षण तथा तालिम लगायत बहस, पैरवी र सार्वजनिक सहभागिताका कार्यक्रमहरु संचालन गर्दछ :

१) उद्यमशीलता विकास

२) व्यवसायिक वातावरणमा सुधार

३) आर्थिक नीति सुधार

४) लोकतन्त्रका विषयमा छलफल तथा बहस

यस संस्थाले आर्थिक समृद्धि संभव बनाउने एक महत्वपूर्ण यन्त्रका रुपमा उद्यमशीलतालाई पहिचान गर्छ। तसर्थ, उद्यमशीलता लगायत माथि उल्लेखित अन्य विषयहरुमा हाते पुस्तक, विभिन्न पाकेटबुक, छलफल पत्रहरु, लेखहरु, सम्बद्ध नीतिहरुको विश्लेषण र उक्त विषलेषणमा आधारित नीति पत्रहरु लगायतका प्रकाशनहरु समृद्धि फाउन्डेसनले निकाल्ने गर्दछ। त्यसै गरी आर्थिक वृद्धिका क्षेत्रमा सन् २०११ मा नेपालको आर्थिक वृद्धि र निजी क्षेत्र तथा सन् २०१२ मा नेपालको आर्थिक वृद्धिका प्रमुख चुनौतीहरुमा केन्द्रित रहेर विभिन्न विज्ञहरुद्वारा विश्लेषण गरी लेखिएका लेखहरुको संग्रहको वार्षिक रुपमा यस संस्थाले प्रकाशन गदर्छ।

यसबाहेक समृद्धि फाउन्डेसनले नेपालको आर्थिक वृद्धिका विभिन्न पक्षरुमा पनि क्षेत्रगत अध्ययन तथा अनुसन्धान गर्दछ। हरेक वर्ष आर्थिक विकास तथा व्यवसायहरु सम्बन्धी तथ्याङ्कहरु

पनि सार्वजनिक गर्ने काम यस संस्थाले गर्दै आइरहेको छ। क्यानडाको फ्रेजर इन्सिटयुटले वार्षिक रुपमा प्रकाशन गर्ने आर्थिक स्वतन्त्रताको विश्व प्रतिवेदन तथा वासिङटन डिसि स्थित प्रपर्टी राइट अलायन्सले प्रकाशन गर्ने अन्तराष्ट्रिय सम्पत्तिको अधिकार सम्बन्धी सूचाङ्क तथा अन्य सान्दर्भिक प्रतिवेदन, लेख तथा तथ्याङ्कहरु वार्षिक रुपमा समृद्धि फाउन्डेसनले नेपालमा सार्वजनिक गर्दै आएको छ।

यी बाहेक सन् २००८ देखि संचालन भईरहेको अर्थतन्त्र तथा उद्यमशीलतासम्बन्धी पाँच दिने आवासीय विद्यालय "अर्थालय", सफल उद्यमीहरुको सफलताको यात्राको बारे सुन्दै उनीहरुको अनुभवबाट सिक्ने मौका प्रदान गर्ने मासिक कार्यक्रम "उद्यमीसँग महिनाको अन्तिम बिहिबार", वार्षिक रुपमा यस संस्थाले तयार पार्ने "नेपाल आर्थिक विकास एजेण्डा" आदि यस संस्थाका केही महत्वपूर्ण र परिचित कार्यक्रमहरु हुन्। यसका साथै समृद्धि फाउन्डेसनले "गरी खान देऊ" जस्तो अत्यन्त सफल राष्ट्रिय अभियानको सचिवालय पनि संचालन गर्दछ। विधिको शासन, जीउ धनको सुरक्षा र आफूले रोजेको उद्यम व्यवसायमा स्वतन्त्रतापूर्वक लाग्न पाउने तीन अवस्थालाई गरी खान पाउने देशको पूर्वावस्था मानी यस अभियानले व्यवसायीक वातावरण सुधार गर्नतर्फ जोड दिन्छ।

थप जानकारीका लागि :

समृद्धि, द प्रोस्पेरिटी फाउन्डेशन
४१६, भीमसेनगोला मार्ग, मीनभवन, खरिबोट
पोस्ट बक्स नं. : ८९७३, एन. पि. सी. ६७८
काठमाडौं, नेपाल

फोन : (+९७७ १) ४४६ ४६१६/४४८ ४०१६
फ्याक्स : (+९७७ १) ४४८ ५३९१

इमेल : info@samriddhi.org
वेबसाइट : www.samriddhi.org

## समृद्धिका अन्य प्रकाशनहरू

०१) Towards Enterprise Building in Nepal

०२) Towards Enterprise Building in Nepal (Vol. II)

०३) उद्यमशीलता विकासः हाते पुस्तिका

०४) Economic Growth: a pocketbook series

  क) आर्थिक स्वतन्त्रता

  ख) उद्यमशीलता विकासमा बजारको भूमिका

  ग) बजारका गुणहरु

  घ) Role of Rule of Law in Enterprise Building

  ङ) Role of Government in Enterprise Building (Vol. I)

  च) Role of Government in Enterprise Building (Vol. II)

०५) Economic Growth and The Private Sector of Nepal

०६) दासत्वको बाटो (Nepali Translation of "The Road to Serfdom")

०७) Nepal Economic Growth Agenda (NEGA), Report 2012

०८) Critical Constrains to Economic Growth of Nepal

०९) Investment Prospects and Challenges for Hydropower Development in Nepal

१०) Review & Overview of Economic Contribution of Education in Nepal

११) Private Sector Participation in Transport Infrastructure Development in Nepal

१२) Review & Overview of Economic Contribution of Tourism Sector in Nepal

१३) Reivew of Agriculture Sector & Policy Measures for Economic Development in Nepal

उल्लेखित प्रकाशनहरु समृद्धि, द प्रोस्पेरिटी फाउन्डेसन तथा विभिन्न पुस्तक पसलहरुमा उपलब्ध छन् ।

"स्वतन्त्र समाजका विचारहरू" अर्थराजनीतिक विषयका आधारभूत अवधारणाहरूमा लेखिएको दश अनुवादित लेखहरूको संग्रह हो । यस संग्रहका लेखहरू नोबेल पुरस्कार बिजेता अर्थशास्त्रीहरू, राजनीतिशास्त्रीहरू लगायत अन्य विज्ञहरूले अँग्रेजीमा लेखेका लेखहरू समावेश गरिएको "आइडियाज फर अ फ्रि सोसाइटी नामक" सिडीबाट लिई अनुवाद गरिएको हो । यहाँ संग्रहगत गरिएका १० लेखहरूले स्वतन्त्रता र मानव श्रृजनशीलता उजागर गर्न महत्वपूर्ण भूमिका खेल्ने राजनीतिक र आर्थिक व्यवस्थाहरूको चर्चा गर्दछन् ।

samriddhi
THE PROSPERITY FOUNDATION

समृद्धि, द प्रोस्पेरीटी फाउण्डेसन

पोष्ट बक्स नं: ८९७३, एन पि सि ६७८
४१६, भिम्सेनगोला मार्ग, मिनभवन खरीबोट
काठमाण्डौ, नेपाल

फोन: (९७७)-१-४४६-४६१६, ४४८-४०१६
फ्याक्स: (९७७)-१-४४८-५३९१

ईमेल: info@samriddhi.org
वेवसाईट: www.samriddhi.org